# कर्णाली प्रदेश ऐन सङ्ग्रह

## खण्ड - २

## २०७९

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

# कर्णाली प्रदेश ऐन सङ्ग्रह

## खण्ड - २

## २०७९

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

# कर्णाली प्रदेश ऐन सङ्ग्रह, खण्ड - २ २०७९

© असार, २०७९

**प्रकाशक :**

**कर्णाली प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत

# बिषय सूची


| क्र.स | बिषय | पृष्ठ |
|---|---|---|
| १ | कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ | १ |
| २ | कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६ | २२ |
| ३ | कर्णाली प्रदेश सुशासन ऐन, २०७६ | ३५ |
| ४ | प्रदेश वातावरण संरक्षण ऐन, २०७७ | ६० |
| ५ | खाद्य अधिकार तथा सम्प्रभुता  ऐन, २०७७ | ८९ |
| ६ | स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधासम्बन्धी ऐन, २०७७ | ११० |
| ७ | कर्णाली प्रदेश सार्वजनिक र निजी साझेदारी ऐन, २०७७ | १२१ |
| ८ | प्रदेश आद्योगिक व्यवसाय ऐन, २०७८ | १८० |
| ९ | कर्णाली प्रदेश स्वास्थय सेवा ऐन, २०७८ | २३८ |
| १० | प्रदेश व्यापार -व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८ | २७७ |
| ११ | कर्णाली प्रदेश बन ऐन, २०७८ | ३०९ |
| १२ | प्रदेश पर्यटन ऐन, २०७८ | ३६० |

# कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७६/०८/०१

सम्वत् २०७६ सालको ऐन नं.: ०९

## प्रदेशमा खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** खेलकुदको माध्यमबाट सामूहिक भावनाको विकास गरी कर्णाली प्रदेशका नागरिकलाई स्वस्थ, अनुशासित, मर्यादित र गतिशील बनाउन प्रदेशमा खेलकुदको विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानबमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

### संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ र सो शब्दले जिल्ला खेलकुद विकास समितिको अध्यक्षलाई समेत बुझाउँछ।

(ख) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ग) "परिषद्" भन्नाले दफा ६ बमोजिम गठन भएको कर्णाली प्रदेश खेलकुद परिषद् सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ङ) "संघसंस्था" भन्नाले यस ऐन वा प्रचलित कानूनबमोजिम दर्ता भएका संघसंस्था सम्झनु पर्छ।

(च) "सदस्य" भन्नाले परिषद् वा जिल्ला खेलकुद विकास समितिका सदस्य सम्झनुपर्छ र सो शब्दले परिषद् वा जिल्ला खेलकुद विकास समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ।

(छ) "सदस्य-सचिव" भन्नाले परिषद् वा समितिको सदस्य-सचिव सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा १६ बमोजिम गठन हुने जिल्ला खेलकुद विकास समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## परिषद्को स्थापना

३. **परिषद्को स्थापनाः** (१) खेलकुदको विकास, विस्तार र प्रवर्धन गरी खेलकुद सञ्चालन तथा व्यवस्थापन गर्नको लागि प्रदेशमा एक खेलकुद विकास परिषद्को स्थापना गरिनेछ।

(२) परिषद्को केन्द्रीय कार्यालय वीरेन्द्रनगर, सुर्खेतमा रहनेछ।

४. **परिषद् स्वशासित र सङ्गठित संस्था हुनेः** (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) परिषद्को काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) परिषद्ले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्थापन गर्न सक्नेछ।

तर परिषद्ले अचल सम्पत्ति बिक्री वा अन्य कुनै तरिकाले हक हस्तान्तरण गर्नुअघि प्रदेश सरकारको स्वीकृति लिनुपर्नेछ।

(४) परिषद्ले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र परिषद्उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) परिषद्ले व्यक्तिसरह करार गर्न र करारबमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

## परिच्छेद-३

## संरक्षक, परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

५. **संरक्षकः** (१) मुख्यमन्त्री परिषद्को संरक्षक हुनेछ।

(२) संरक्षकले परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) त्यस्तो निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ।

६. **परिषद्को गठनसम्बन्धी व्यवस्थाः** (१) प्रदेशमा खेलकुदको विकास गर्नको लागि एक खेलकुद विकास परिषद् रहनेछः-

(२) परिषद्मा देहायबमोजिमका सदस्यहरू रहनेछन्:-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) खेलकुद क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिमध्येबाट प्रदेश सरकारद्वारा नियुक्त एक जना -उपाध्यक्ष

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगत्मा प्रदेशबाट प्रतिभा आर्जन गरेका व्यक्तिहरूमध्ये समावेशी सिद्धान्तका आधारमा प्रदेश सरकारबाट मनोनित बढीमा चार जना -सदस्य

(ङ) खेलकुदमा सक्रिय अपाङ्गता भएका

व्यक्तिहरूमध्ये प्रदेश सरकारबाट
मनोनित एक जना -सदस्य
(च) प्रदेश सरकारबाट नियुक्त परिषद् -सदस्य-सचिव

७. **<u>पदावधिसम्बन्धी व्यवस्थाः</u>** (१) परिषद्को पदेन सदस्यबाहेक नियुक्त वा मनोनित पदाधिकारी/सदस्यको पदावधि चार वर्षको हुनेछ। निजहरूलाई बढीमा थप एक कार्यकालसम्म नियुक्ति गर्न सकिनेछ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ६ बमोजिम पदपूर्ति गरिनेछ।

(३) कुनै सदस्यले दिएको राजीनामा स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले इमानदारीपूर्वक आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा परिषद्को सिफारिसमा प्रदेश सरकारले जुनसुकै बखत हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउनुपर्ने अवस्था भएमा त्यस्तो सदस्यलाई सफाइ पेश गर्ने उचित मौका दिनुपर्नेछ।

८. **<u>सदस्यको अयोग्यतासम्बन्धी व्यवस्थाः</u>** देहायको कुनै व्यक्ति पदाधिकारी वा सदस्यमा नियुक्त वा मनोनित हुन र बहाल रहन सक्नेछैनः-

(क) गैर नेपाली नागरिक,

(ख) प्रदेश बाहिरको बासिन्दा,

(ग) परिषद्मा कार्यरत वैतनिक कर्मचारी,

(घ) भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी मुद्दाको आरोपमा अदालतमा मुद्दा विचाराधीन रहेको वा त्यस्तो अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(ङ) मनोनयन हुने वा बहाल रहेका समयमा होस ठेगानमा नभएको,

(च) पदेन सदस्यबाहेक अन्य सदस्य पच्चीस वर्ष उमेर पूरा नभएको।

९. **<u>पदाधिकार समाप्ति सम्बन्धी व्यवस्थाः</u>** देहायको अवस्थामा परिषद्को पदाधिकारी वा सदस्यको पदाधिकार समाप्त भएको मानिनेछः-

(क) दफा ८ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) राजीनामा स्वीकृत भएमा,

(ग) मृत्यु भएमा, वा

(घ) परिषद्लाई कारणसहितको सूचना नदिई लगातार तीन पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा।

१०. **<u>परिषद्को बैठक र निर्णयसम्बन्धी व्यवस्थाः</u>** (१) अध्यक्षको निर्देशन अनुसार सदस्य-सचिवले परिषद्को बैठक बोलाउनु पर्नेछ।

तर बैठकको सूचना तथा कार्यसूची सामान्यतया बैठकभन्दा कम्तीमा सात दिनअघि सदस्यहरूलाई दिनुपर्नेछ।

(२) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(३) परिषद्को कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) परिषद्को बैठक वर्षको कम्तीमा तीन पटक बस्नुपर्नेछ।

तर परिषद्का एकतिहाई सदस्यले बैठक बोलाउन लिखित अनुरोध गरेमा उपदफा (१) बमोजिम समितिको बैठक बोलाउनु पर्नेछ।

(५) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ, मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिको मत निर्णायक हुनेछ।

(६) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्य-सचिवउपर छानविनसम्बन्धी कारबाही चलिरहेको अवस्थामा सामाजिक

विकास मन्त्रालयको सचिव वा अध्यक्षले तोकेको सदस्यले सदस्य-सचिवको हैसियतले परिषदको बैठकसम्बन्धी कामकारबाही गर्न सक्नेछ।

(७) यस दफामा लेखिएदेखि बाहेक बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

११. **<u>परिषद्को काम, कर्तव्य र अधिकारः</u>** परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रदेश सरकारलाई खेलकुदसम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने तथा परिषद्को कार्ययोजना र बजेट पारित गर्ने,

(ख) जिल्ला, प्रदेश तथा अन्तर-प्रदेशस्तरका खेलकुद प्रतियोगिताको आयोजना गर्ने,

(ग) खेलाडीको क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने,

(घ) स्वदेश तथा विदेशमा हुने खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा खेलकुद सम्बद्ध व्यक्तिलाई पठाउने,

(ङ) परिषद्मा आबद्ध संघ संस्थाको वर्गीकरण गरी आर्थिक वा अन्य सहयोग प्रदान गर्ने र नियमन गर्ने,

(च) प्रदेशमा खेलकुदको पूर्वाधार तयार गरी उपयोग, संरक्षण तथा रेखदेख गर्ने,

(छ) खेलकुदको विकासको लागि जिल्लास्तरमा जिल्ला खेलकुद विकास समिति गठन गर्ने,

(ज) तोकिएबमोजिम खेलाडीहरूको वर्गीकरण गरी परिचयपत्र दिने तथा आर्थिक सहायता, छात्रवृत्ति, बीमा, स्वास्थ्योपचार लगायत अन्य सुविधा उपलब्ध गराउन सिफारिस गर्ने,

(झ) अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्ने, गराउने,

(ञ) साहसिक खेल पर्यटनको विकास तथा परम्परागत खेलहरूको संरक्षण र प्रवर्धन गर्ने,

(ट) खेलकुदको विकासको लागि आवश्यक अन्य व्यवस्था गर्ने, गराउने।

१२. **<u>सदस्य-सचिवको नियुक्ति, काम, कर्तव्य र अधिकारः</u>** (१) मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले सदस्य-सचिवको नियुक्ति गर्नेछ।

(क) मन्त्रालयले सदस्य-सचिवको पदमा नियुक्तिका लागि सिफारिस गर्न मन्त्रालयको सचिव र मन्त्रालयले तोकेको सम्बन्धित क्षेत्रका अन्य दुई जना विज्ञसमेत गरी तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ।

(ख) सिफारिस समितिबाट सिफारिस भएका कम्तिमा ३ जना व्यक्तिहरूमध्येबाट प्रदेश सरकारबाट उपयुक्त व्यक्तिलाई सदस्य-सचिवको पदमा नियुक्ति गरिनेछ।

(ग) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण भई खेलकुदको क्षेत्रमा अनुभवप्राप्त भएको हुनुपर्नेछ।

(२) यस ऐनको अन्य दफामा उल्लेख भएका अतिरिक्त सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्ः-

(क) परिषद्मा पेश हुने प्रस्तावहरू तयार गर्ने, गराउने,

(ख) परिषद्बाट भएका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ग) परिषद्को वार्षिक आयव्यय अनुमान (बजेट) र कार्यक्रम तयार गरी पेश गर्ने,

(घ) परिषद्को कोष परिचालन, सम्पत्तिको व्यवस्था, संरक्षण र सञ्चालनसम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

(ङ) परिषद्का कर्मचारीहरूको प्रशासनिक प्रमुख भई नियमानुसार कार्य गर्ने,

(च) खेलकुद पूर्वाधारहरूको अभिलेखीकरण गर्ने,

(छ) खेलकुदसम्बन्धी वार्षिक कार्यतालिका बनाई परिषद्मा पेश गर्ने,

(ज) परिषद्ले तोकेबमोजिम अन्य कार्य गर्ने।

(३) यस दफा बमोजिम सदस्य-सचिवले आफ्नो अधिकार र कर्तव्यको प्रयोग गर्दा अध्यक्षको निर्देशनमा रही गर्नुपर्नेछ।

**१३. <u>उपसमिति सम्बन्धी व्यवस्थाः</u>** (१) परिषद्ले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम आफूले गर्नुपर्ने कुनै काम गर्नका लागि आवश्यकतानुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार तथा उपसमितिका सदस्यको भत्ता वा अन्य सुविधा प्रदेश सरकारले तोकेबमोजिम हुनेछ।

**१४.<u>कोषसम्बन्धी व्यवस्थाः</u>** (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) सङ्घीय र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) खेलकुद पूर्वाधार वा संरचना भाडामा उपयोग गर्न दिएबापत लिने शुल्क,

(ग) खेलकुदसम्बन्धी प्रशिक्षण प्रदान गरेबापत लिने शुल्क,

(घ) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले प्रायोजन तथा सहायता स्वरुप प्रदान गरेको रकम,

(च) अन्तर्राष्ट्रिय संघसंस्था, विदेशी सरकार वा व्यक्तिबाट प्राप्त रकम,

(छ) खेलकुदसम्बन्धी संघसंस्था दर्ता वा नवीकरण गरेबापत लिने शुल्क,

(ज) दण्ड जरिवानाबापत प्राप्त रकम,

(झ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) को खण्ड (च) अन्तर्गत रकम प्राप्त गर्न समितिले नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(३) परिषद्को नामबाट गरिने सबै खर्च कोषबाट व्यहोर्नु पर्नेछ।

(४) परिषद्को कोषमा रहने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले तोकेको सरकारी कारोबार गर्ने बैंकमा खाता खोली राख्नुपर्नेछ।

(५) परिषद्को खाता सञ्चालन परिषद्का सदस्य-सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतमा हुनेछ।

(६) परिषद्का सदस्य काम विशेषले विदेश भ्रमण गर्नु परेमा प्रदेश सरकारले तोकेबमोजिम भ्रमण तथा दैनिक भत्ता पाउनेछन्।

**१५. <u>नेपाल सरकारको स्वीकृति लिनु पर्नेः</u>** परिषद्ले आफ्नो कार्य सञ्चालनको सिलसिलामा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्था वा विदेशी संस्था वा व्यक्तिसँग आर्थिक सहायता प्राप्त गर्दा प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ।

परिच्छेद-४

## जिल्ला खेलकुद विकास समिति गठनसम्बन्धी व्यवस्था

**१६. <u>जिल्ला खेलकुद विकास समिति गठनसम्बन्धी व्यवस्थाः</u>** (१) खेलकुदको विकास र विस्तार गर्नको लागि परिषद्ले प्रत्येक जिल्लामा जिल्ला खेलकुद विकास समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायबमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्ः-

(क) खेलकुदको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्तिमध्येबाट मन्त्रालयद्वारा मनोनित -अध्यक्ष

(ख) खेल क्षेत्रमा उल्लेख्य योगदान गरेका व्यक्तिहरू मध्येबाट समावेशी सिद्धान्तका आधारमा मन्त्रालयद्वारा मनोनित तीन जना -सदस्य

(ग) जिल्ला समन्वय समितिले तोकेको प्रतिनिधि -सदस्य

(घ) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि -सदस्य

(ङ) जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि -सदस्य

(च) सामाजिक विकास कार्यालयका प्रमुख वा प्रतिनिधि -सदस्य

(छ) कार्यालय सचिव -सदस्य-सचिव

१७. **समितिका पदाधिकारीहरूको पदावधिसम्बन्धी व्यवस्थाः** (१) पदेन सदस्यबाहेक परिषद्का अन्य सदस्यको पदावधि चार वर्षको हुनेछ, निजहरूलाई बढीमा थप एक कार्यकालसम्म नियुक्ति गर्न सकिनेछ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि पदपूर्ति गरिनेछ।

(३) कुनै सदस्यले पदबाट राजीनामा दिई स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले इमानदारीपूर्वक आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा जिल्ला खेलकुद विकास समितिको सिफारिसमा मन्त्रालयले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको उचित मौका दिनुपर्नेछ।

१८. **समितिका पदाधिकारीको अयोग्यतासम्बन्धी व्यवस्था:** देहायको कुनै व्यक्ति समितिको पदाधिकारी वा सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) सम्बन्धित जिल्लाको बासिन्दा नभएको,

(ग) बहालवाला कर्मचारी,

(घ) भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी मुद्दाको आरोपमा अदालतमा मुद्दा विचाराधीन रहेको वा त्यस्तो अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(ङ) मनोनयन हुने वा बहाल रहेका समयमा होस ठेगानमा नभएको,

(च) पदेनबाहेक अन्य पदाधिकारी वा सदस्यका लागि पच्चीस वर्ष उमेर पूरा नभएको।

१९. **समितिका पदाधिकारीको पदाधिकार समाप्ति सम्बन्धी व्यवस्था:** देहायको अवस्थामा समितिको पदाधिकारी वा सदस्यको पदाधिकार समाप्त भएको मानिनेछः-

(क) दफा १८ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) राजीनामा स्वीकृत भएमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारणसहितको सूचना नदिई लगातार तीन पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा,

(ङ) भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(च) निर्वाचन वा मनोनयनद्वारा नियुक्त हुने कुनै सार्वजनिक पदमा उम्मेदवार भएमा।

२०. **<u>समितिको बैठकसम्बन्धी व्यवस्था:</u>** (१) अध्यक्षको निर्देशनअनुसार सदस्य-सचिवले समितिको बैठक बोलाउनेछ।

तर बैठकको सूचना तथा कार्यसूची सामान्यतया बैठकभन्दा कम्तीमा पाँच दिनअघि सदस्यहरूलाई दिनु पर्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नुपर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नु पर्नेछ।

तर समितिका एकतिहाई सदस्यले बैठक बोलाउन लिखित अनुरोध गरेमा समितिको बैठक सात दिनभित्र बोलाउनु पर्नेछ।

(५) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ, मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिको मत निर्णायक हुनेछ।

(६) बैठकको प्रमाणित निर्णय पुस्तिका सदस्य-सचिवले सुरक्षितसाथ राख्नुपर्नेछ।

(७) बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

२१. **<u>समितिको काम, कर्तव्य र अधिकार:</u>** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्ः-

(क) जिल्लास्तरमा खेलकुदसम्बन्धी विकासको अध्ययन गरी परिषद्मा पेश गर्ने,

(ख) परिषद्लाई खेलकुद सम्बन्धमा आवश्यक सुझाव दिने,

(ग) खेलकुदसम्बन्धी जिल्लाको कार्ययोजना र बजेट पारित गर्ने,

(घ) जिल्लास्तर तथा अन्तर-पालिकास्तरका खेलकुद प्रतियोगिताहरूको आयोजना गर्ने,

(ङ) खेलाडीहरूको क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने,

(च) प्रदेशस्तरमा हुने खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा खेलकुद सम्बद्ध व्यक्तिहरूलाई पठाउने,

(छ) जिल्लाभित्रका स्थानीय तहमा गठित खेलकुद समितिहरुबीच समन्वय गर्ने,

(ज) जिल्लाभित्र रहेका संघसंस्थाको वर्गीकरण गरी आर्थिक वा अन्य सहयोग प्रदान गर्ने र नियमन गर्ने,

(झ) जिल्लामा खेलकुदको पूर्वाधार तयार गरी उपयोग, संरक्षण तथा रेखदेख गर्ने,

(ञ) जिल्लास्तरमा अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्ने, गराउने,

(ट) खेल पर्यटनको विकास गर्ने तथा परम्परागत खेलहरूको संरक्षण र प्रबर्धन गर्ने,

(ठ) परिषद्ले दिएको निर्देशन र परिषद्ले प्रत्यायोजन गरेको अधिकारबमोजिमका कार्य गर्ने,

(ड) जिल्लाभित्र भएका खेलकुदसम्बन्धी गतिविधिको वार्षिक प्रतिवेदन परिषद्समक्ष पेश गर्ने,

(ढ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरू गर्ने, गराउने।

२२. **<u>समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन:-

(क) समितिमा पेश हुने प्रस्ताव तयार गर्ने,

(ख) समितिबाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिको वार्षिक आयव्यय अनुमान (बजेट) र कार्यक्रम तयार गरी पेश गर्ने,

(घ) समितिको कोष परिचालन, सम्पत्तिको व्यवस्था, संरक्षण र सञ्चालनसम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

(ङ) समितिका कर्मचारीहरूको प्रशासनिक प्रमुख भई कार्य गर्ने,

(च) समितिको आवधिक प्रतिवेदन तयार गरी पेश गर्ने,

(छ) समितिले तोकेबमोजिमका अन्य कार्य गर्ने।

(२) यस दफाबमोजिम सदस्य-सचिवले आफ्नो अधिकार र कर्तव्यको प्रयोग गर्दा समितिका अध्यक्ष वा अध्यक्षले अधिकार प्रत्यायोजन गरेको सदस्यको निर्देशनमा रही गर्नु पर्नेछ।

परिच्छेद-५

## लेखा र भत्तासम्बन्धी व्यवस्था

२३. **लेखा र लेखापरीक्षणः** (१) परिषद् र समितिले आयव्ययको लेखा प्रदेश आर्थिक कार्यविधि ऐन तथा प्रचलित कानूनबमोजिम राख्नुपर्नेछ।

(२) परिषद्को अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(३) परिषद्ले चाहेमा समितिको आयव्ययको लेखा, तत्सम्बन्धी कागजात र अरू नगदी जिन्सीसमेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

२४. **सदस्यको भत्तासम्बन्धी व्यवस्थाः** परिषद् र समितिका सदस्यले बैठकमा भाग लिएबापत बैठक भत्ता र अन्य सुविधा तोकिएबमोजिम हुनेछ।

२५. **<u>कार्यालय सचिवको पारिश्रमिक र भत्ताः</u>** (१) कार्यालय सचिवले समितिमा पूरा समय काम गरेबापत प्रदेश सरकारको सहायक अधिकृतस्तर (छैठौं तह) को कर्मचारीसरह मासिक पारिश्रमिक पाउनेछ।

(२) कार्यालय सचिवको भ्रमण तथा दैनिक भत्ता र अन्य सुविधा प्रदेश सरकारको सहायक अधिकृत स्तरका कर्मचारी सरह हुनेछ।

२६. **<u>कर्मचारी सम्बन्धी व्यवस्थाः</u>** (१) परिषद्ले आफ्नो कोषबाट खर्च व्यहोर्ने गरी आवश्यकता अनुसार प्रचलित कानूनबमोजिम प्रदेश सरकारको स्वीकृति लिई कर्मचारीको नियुक्ति गर्न सक्नेछ।

(२) परिषद्का कर्मचारीको पारिश्रमिक र सेवाका शर्त परिषद्ले तोकेबमोजिम हुनेछ।

(३) समितिले आर्थिक स्रोतको अवस्था हेरी आवश्यकताअनुसार प्रदेश सरकारको स्वीकृति लिई कर्मचारी नियुक्ति गर्न सक्नेछ । त्यस्ता कर्मचारीको पारिश्रमिक र सेवाका शर्तहरु समितिले तोकेबमोजिम हुनेछ।

२७. **<u>सजाय र कारबाहीः</u>** परिषद् तथा समितिका कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ हानि नोक्सानी पुऱ्याएमा कर्मचारीसम्बन्धी नियमावली र अन्य प्रचलित कानूनबमोजिम सजाय हुनेछ।

## परिच्छेद-६

## <u>संघसंस्था दर्ता र आवद्धतासम्बन्धी व्यवस्था</u>

२८. **<u>संघसंस्था दर्ता र आवद्धतासम्बन्धी व्यवस्थाः</u>** (१) एउटै स्थानीय तहमा खेलकुदसम्बन्धी कार्य वा प्रतियोगिता सञ्चालन गर्ने संघसंस्था दर्ता, नवीकरण, खारेजी वा अन्य सम्बद्ध विषय स्थानीय तहको कानूनबमोजिम हुनेछ।

(२) एकभन्दा बढी स्थानीय तह वा जिल्लास्तरमा खेलकुदसम्बन्धी कार्य वा प्रतियोगिता सञ्चालन गर्ने खेलकुद संघसंस्था परिषद्मा दर्ता गर्नुपर्नेछ।

(३) एकभन्दा बढी जिल्लामा शाखा खोली खेलकुदसम्बन्धी कार्य वा प्रतियोगिता सञ्चालन गर्ने संघसंस्थाले परिषद्बाट आवद्धता लिनुपर्नेछ।

(४) दर्ता नगरी वा आवद्धता नलिई कुनै पनि संघसंस्थाले प्रदेशभित्र खेलकुदसम्बन्धी क्रियाकलाप सञ्चालन गर्न पाउने छैन।

(५) संघसंस्थाको दर्ता र नवीकरण गर्दा परिषद्ले तोकेबमोजिमको शुल्क बुझाउनु पर्नेछ।

२९. **<u>दरखास्त सम्बन्धी व्यवस्थाः</u>** (१) दफा २८ बमोजिम दर्ता गराउन चाहने संघसंस्थाले देहायका कुराहरू खुलाई परिषद्मा दरखास्त दिनु पर्नेछः-

(क) संघसंस्थाको नाम र ठेगाना,

(ख) कार्यकारिणी समितिका सदस्यहरूको नाम, ठेगाना, पेशा र नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) सञ्चालन गरिने खेलकुदको किसिम,

(घ) खेल प्रशिक्षकको संख्या,

(ङ) स्थानीय तहमा दर्ता गर्नको लागि वडाको सिफारिस र परिषद्मा दर्ता गर्नको लागि सम्बन्धित स्थानीय तहको सिफारिस।

(२) उपदफा (१) बमोजिम संघसंस्थाले दरखास्त दिंदा परिषद्ले तोकेको ढाँचाअनुसारको विधानको तीन प्रतिसमेत दरखास्त साथ संलग्न गरेको हुनुपर्नेछ।

३०. **<u>दर्ता गर्नेसम्बन्धी व्यवस्थाः</u>** (१) दफा २९ बमोजिम दरखास्त परेका संघसंस्थालाई दरखास्त परेको मितिले सामान्यतया एक महिनाभित्र आवश्यक जाँचबुझ गरी दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता गरिएको सूचना वा दर्ता गर्न नसकिने भएमा सोही व्यहोराको सूचना सम्बन्धित संघसंस्थालाई दिनु पर्नेछ।

(३) सम्बन्धित निकायमा दर्ता भएका संघसंस्थालाई दर्ता गर्ने निकायले तोकिएबमोजिम दर्ता प्रमाण-पत्र दिनु पर्नेछ।

३१. **हेरफेरको सूचनासम्बन्धी व्यवस्था:** (१) दफा २९ बमोजिम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्तसाथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारणसहितको सूचना पन्ध्र दिनभित्र दर्ता गर्ने निकायलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नुपर्ने कारण मनासिब देखेमा दर्ता गर्ने निकायले त्यस्तो हेरफेरको व्यहोरा जनाई लगत अद्यावधिक गर्नु पर्नेछ।

३२. **सघंसंस्थाको लेखा र अभिलेख सम्बन्धी व्यवस्था:** (१) संघसंस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको स्रेस्ता प्रचलित कानूनबमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(२) परिषद्ले उपदफा (१) बमोजिम संघसंस्थाले राखेको स्रेस्ताको जाँचबुझ जुनसुकै बखत गर्न गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाबकिताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा परिषद्ले अनियमित भएको हिसाबकिताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूलउपर गर्न गराउन आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिएको निर्देशन संघसंस्थाले पालन गर्नुपर्नेछ।

परिच्छेद-७

## विविध

३३. **निर्देशन दिने र आचार-संहिता जारी गर्ने:** (१) परिषद्ले खेलकुदको विकासको सम्बन्धमा समयसमयमा संघसंस्थालाई आवश्यक निर्देशन दिन

सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संघसंस्थाको कर्तव्य हुनेछ।

(२) संघसंस्थाले पालना गर्नु पर्ने आचार-संहिता परिषद्ले तोकेबमोजिम हुनेछ।

३४. **<u>स्वीकृति लिनुपर्ने:</u>** अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता वा अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै खेलाडी वा खेलसम्बद्ध व्यक्तिलाई विदेश पठाउन वा प्रदेशमा आयोजना हुने खेलकुद प्रतियोगिता वा अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा विदेशी खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

३५. **<u>कारबाही तथा दर्ता खारेजी सम्बन्धी व्यवस्था:</u>** (१) देहायको अवस्था उत्पन्न भएमा संघसंस्थालाई परिषद्ले नसिहत दिन सक्नेछः-

(क) परिषद्ले दिएको निर्देशन पालना नगरेमा वा आचारसंहिता बारम्बार उल्लङ्घन गरेमा,

(ख) आम्दानी खर्चको हिसाबको स्रेस्ता तोकिएको ढाँचामा नराखेमा,

(ग) संघसंस्थाले राखेको हिसाबको स्रेस्ताको जाँचबुझ गर्न गराउन सामान्य अवरोध गरेमा,

(घ) परिषद्ले उचित ठहऱ्याएको अन्य अवस्था उत्पन्न भएमा।

(२) देहायको अवस्था उत्पन्न भएमा संघसंस्थालाई परिषद्ले रु. बीस हजारदेखि रु. पचास हजारसम्म जरिवाना गर्न सक्नेछः-

(क) उपदफा (१) बमोजिम दुई पटकभन्दा बढी नसिहत पाएमा,

(ख) परिषद्मा दर्ता नगराई वा दर्ता गरेको भए पनि तोकिएबमोजिम परिषद्को स्वीकृति नलिई खेलकुद क्रियाकलाप सञ्चालन गरेमा,

(ग) संघसंस्थाले राखेको हिसाबको स्रेस्ताको जाँचबुझ गर्न गराउन नदिएमा,

(घ) संघसंस्थाको कार्यकारिणी समिति गठन गर्दा निर्वाचनसम्बन्धी प्रावधानको पालना नगरेमा,

(ङ) परिषद्ले जारी गरेको निर्देशन तथा आचारसंहिता बारम्बार उल्लङ्घन गरेमा।

(३) देहायको अवस्था उत्पन्न भएमा परिषद्ले संघसंस्थाको दर्ता खारेज गर्नेछः-

(क) संविधान वा प्रचलित कानूनले निषेध गरेको प्रावधानको गम्भीर उल्लङ्घन गरेमा,

(ख) लगातार चार वर्षसम्म कम्तीमा एउटा खेलकुद प्रतियोगिता आयोजना गर्न असमर्थ भएमा,

(ग) लगातार पाँच वर्षसम्म संघसंस्था नवीकरण नगरेमा,

(घ) संघसंस्था दर्ता गर्दा जानीजानी झुठो विवरण दिएको पुष्टि भएमा,

(ङ) परिषद्ले उचित ठहऱ्याएको अन्य गम्भीर अवस्था उत्पन्न भएमा।

(४) यस दफाबमोजिम संघसंस्थालाई कारबाही वा दर्ता खारेज गर्नुअघि सफाइको उचित मौका प्रदान गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिम कारवाही गर्नुअघि सम्बन्धित संस्थाले मनासिब सफाइ पेश गरेमा परिषद्ले कारवाहीमा पुनर्विचार गर्न सक्नेछ।

(६) यस दफामा उल्लेख भएको व्यवस्थाले सम्बन्धित संघसंस्थालाई प्रचलित कानूनबमोजिम कारबाही गर्न, मुद्दा चलाउन वा सजाय गर्न कुनै बाधा पर्नेछैन।

३६. **छानबिन सम्बन्धी व्यवस्था:** (१) दफा ३५ को उपदफा (३) बमोजिम कारबाही गर्नुअघि परिषद्ले तोके बमोजिम तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ।

(२) समितिलाई परिषद्ले तोकेको अवधिभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिनेछ।

(३) उपदफा (१) बमोजिम गठन हुने छानबिन समितिको कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(४) छानबिन समितिका सदस्यहरूले पाउने भत्ता वा अन्य सुविधा परिषद्ले तोकेबमोजिम हुनेछ।

३७. **पुनरावलोकन र पुनरावेदनसम्बन्धी व्यवस्था:** दफा ३५ बमोजिम प्रदेश परिषद्ले गरेको कारबाही सम्बन्धी निर्णयमा चित्त नबुझ्ने संघसंस्थाले कारबाहीको लिखित सूचना पाएको पैंतीस दिनभित्र प्रचलित कानूनबमोजिम उच्च अदालतसमक्ष पुनरावलोकनका लागि अनुरोध गर्न वा पुनरावेदन दिन सक्नेछ।

३८. **अधिकार प्रत्यायोजन:** यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम परिषद्लाई प्राप्त अधिकारहरूमध्ये सबै वा केही अधिकार आवश्यकतानुसार समिति, सदस्य, छानबिन समिति, उपसमिति वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३९. **मन्त्रालयले निर्देशन दिन सक्ने:** (१) मन्त्रालयले खेलकुदको विकास सम्बन्धमा प्रदेश परिषद्मार्फत समिति वा संघसंस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालन गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

४०. **शपथ ग्रहणसम्बन्धी व्यवस्था:** (१) परिषद्का मनोनित सदस्य तथा समितिका अध्यक्षले मन्त्रालयका मन्त्री समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुपर्नेछ।

(२) समितिका मनोनित सदस्यहरुले समितिका अध्यक्ष समक्ष पद तथा गोपनीयताको शपथग्रहण गर्नुपर्नेछ।

(३) खेलकुद प्रतियोगिताहरूमा जज, रेफ्री, अम्पायर र खेलाडीहरूले समेत शपथ ग्रहण गर्नुपर्नेछ।

(४) उपदफा (१) देखि (३) सम्मको शपथग्रहणको व्यहोरा मन्त्रालयले तोकेबमोजिम हुनेछ।

४१. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य पूर्तिका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

४२. **प्रदेश सरकारसँग सम्पर्कः** (१) परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत् राख्नुपर्नेछ।

(२) जिल्ला समितिले मन्त्रालयसँग सम्पर्क राख्दा परिषद्मार्फत् राख्नुपर्नेछ।

(३) परिषद् तथा समितिले कामकाज गर्दा कुनै पनि आर्थिक दायित्व थपिने वा सिर्जना हुने विषयमा प्रदेश सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ।

४३. **प्रचलित कानूनबमोजिम हुनेः** यस ऐनमा लेखिएको कुरामा यस ऐनबमोजिम र अन्य हकमा प्रचलित कानूनबमोजिम हुनेछ।

४४. **बचाउः** यस अघि प्रचलित काननबमोजिम दर्ता भएका संस्था यसै ऐनबमोजिम दर्ता भएको मानिनेछ।

# कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७६/०८/०१

सम्वत् २०७६ सालको ऐन नं.-१०

## <u>प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको ऐन</u>

**<u>प्रस्तावनाः</u>** गुणस्तरीय कृषिजन्य वस्तुको उपभोग मार्फत् नागरिकको संविधान प्रदत्त मौलिक हकलाई व्यवस्थित ढङ्गले उपयोग गर्न, मानव स्वास्थ्य तथा पर्यावरणीय सन्तुलन कायम राख्दै प्राङ्गारिक खाद्यवस्तुको संरक्षण, उत्पादन, बिक्री वितरण र प्रवर्धनमा टेवा पुऱ्याउन कृषि भूमिको उर्बरा शक्ति तथा उत्पादन क्षमतालाई दिगो राख्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेदः१

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६" रहेको छ।

(२) यो ऐन कर्णाली प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

(३) यो ऐन कर्णाली प्रदेशभर लागु हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्राङ्गारिक (अर्गानिक) कृषि" भन्नाले रसायन, रसायनमा आधारित विषादी, हर्मोन, नगल्ने प्लाष्टिक तथा रसायनमा

आधारित औषधिहरूको प्रयोग नगरी स्थानीय विशेषतामा आधारित दिगो कृषिका मापदण्ड अपनाई गरिएको कृषि वा कृषिजन्य उत्पादनलाई सम्झनु पर्छ र सो शब्दले पशुपंक्षी पालन तथा वनजन्य खानेकुरा र औषधिजन्य जडीबुटी उत्पादनको एकीकृत प्रणालीलाई समेत जनाउँदछ।

(ख) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ग) "निर्देशक समिति" भन्नाले ऐनको दफा ११ बमोजिम गठन भएको प्राङ्गारिक कृषि निर्देशक समिति सम्झनु पर्छ।

(घ) "प्रमाणीकरण" भन्नाले तोकिएको वैज्ञानिक प्रक्रिया अपनाई कुनै कृषि, वन तथा पशुपंक्षीजन्य उपजको निर्धारित गुणस्तर कायम गर्नको लागि पूरा गर्नुपर्ने शर्तहरू पूरा भएको सुनिश्चितताको लागि दिइने आधिकारिक प्रमाणपत्र वा मान्यतालाई सम्झनु पर्छ।

(ङ) "प्रमाणीकरण निकाय" भन्नाले तोकिएको वैज्ञानिक मापदण्डअनुसार उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, भण्डारण, ढुवानी र लेबलिङ्ग सुनिश्चित गर्ने निकायलाई सम्झनु पर्छ।

(च) "मापदण्ड" भन्नाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताबमोजिम तयार गरिएको प्राङ्गारिक कृषिका आधार सम्झनु पर्छ।

(छ) "खाद्य योगशील (फुड एडिटिभ)" भन्नाले खाद्य वस्तुको गुणस्तर (पोषण तत्व, बास्ना, स्वाद, एकरूपता, भण्डारण

क्षमता र आकर्षण) बढाउन प्रयोग गरिने खाद्य वस्तुको पूरक सम्झनु पर्छ।

(ज) “प्रतिबन्धित वस्तु” भन्नाले प्राङ्गारिक (अर्गानिक) उत्पादन, भण्डारण, प्रशोधन तथा वितरण प्रक्रियामा प्रयोग गर्न आधिकारिक निकायले प्रतिबन्ध लगाएको वस्तु सम्झनु पर्छ।

(झ) “सूचक-पत्र (लेबलिङ्ग)” भन्नाले सार्वजनिक जानकारी तथा बिक्री प्रवर्धन गर्ने उद्देश्यले लेखिएको वा प्रिन्ट गरी उत्पादित वा प्रशोधित वस्तुमा लगाइएको छाप वा पुर्जा वा विवरणलाई सम्झनु पर्छ।

(ञ) “प्रमाणीकरण चिन्ह” भन्नाले प्रमाणीकरण निकायले तय गरेको शर्तहरू पूरा गरेको भनी प्रमाणीकरणको लागि दिइने सङ्केत, चिन्ह वा प्रतीकलाई सम्झनु पर्छ।

(ट) “साझेदार निकाय” भन्नाले प्राङ्गारिक (अर्गानिक) कृषि विकासको लागि आर्थिक तथा प्राविधिक रुपमा सहयोग गर्ने सरकारी, गैरसरकारी, सहकारी, सामुदायिक र निजी कम्पनी समेतलाई सम्झनु पर्छ।

(ठ) “आनुवांशिक संशोधित गुण” भन्नाले आनुवांशिक प्रविधि प्रयोग गरी सविन्यास गरिएको गुणलाई सम्झनु पर्छ।

(ड) “प्राङ्गारिक (अर्गानिक) कृषि अनुसन्धान तथा विकास केन्द्र” भन्नाले दफा १४ बमोजिमको केन्द्र सम्झनु पर्छ।

(ढ) “प्रयोगशाला” भन्नाले दफा २० बमोजिम स्थापना भएको प्रयोगशाला सम्झनु पर्छ।

(ण) "रैथाने बाली" भन्नाले परम्परादेखि स्थानीयरूपमा उत्पादन भएको र सम्बन्धित स्थानमा मात्र उत्पादन हुने बाली सम्झनु पर्छ।

(त) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

## परिच्छेद - २

## भू-उपयोग तथा प्राङ्गारिक कृषि वस्तुको मापदण्ड

३. **भू-उपयोग सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारको स्वीकृतिमा मन्त्रालयले कृषियोग्य जमिनको वर्गीकरण गरी जैविक क्षेत्रको पहिचान र भू-उपयोग योजना तयार गर्नेछ।

(२) प्राङ्गारिक उत्पादनलाई संरक्षण र सम्वर्धन गर्नको लागि देहायका कामहरू गर्न प्रतिबन्ध लगाउन सक्नेछः-

(क) जुन प्रयोजनको लागि भूमिको वर्गीकरण गरिएको हो, सोही प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्ने,

(ख) भूमिको उत्पादकत्वमा असर पर्ने गरी प्राकृतिक स्वरूप परिवर्तन गर्न नपाइने,

(ग) जग्गाको खण्डीकरण गर्न नपाइने।

४. **प्राङ्गारिक कृषि उपजमा विषादीको प्रयोग गर्न नहुनेः** प्राङ्गारिक कृषि उपजमा कुनै किसिमको रसायनिक वा हानिकारक जैविक विषादी प्रयोग गर्नु हुनुहुँदैन।

५. **प्राङ्गारिक कृषिका मापदण्ड तोक्न सक्नेः** प्राङ्गारिक कृषि उत्पादनका लागि भू-उपयोग, कृषि, बिउबिजन, चरन, घाँस, जैविकी, दानालगायत अन्य उत्पादन सामग्री, कृषि उपजको बजारीकरण, प्याकेजिङ्ग, भण्डारण, प्रशोधन, लेबलिङ्ग तथा गुणस्तर नियन्त्रणसम्बन्धी मापदण्ड तोकिएबमोजिम हुनेछ।

परिच्छेद - ३

## **प्राङ्गारिक कृषिको प्रवर्धन**

६. **प्राङ्गारिक कृषिको व्यावसायीकरण, विविधिकरण र बजारीकरणः** (१) प्राङ्गारिक कृषिलाई व्यवस्थित तवरले सञ्चालन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको व्यवस्था गरिनेछः-

(क) प्राङ्गारिक कृषिको लागि आवश्यक पर्ने प्रदेश नीति तथा योजना तयार गर्ने,

(ख) सहकारी, सामुदायिक, निजी क्षेत्रसमेतको सहभागितामा उत्पादित प्राङ्गारिक कृषि वस्तुको ब्राण्ड प्रवर्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बजारीकरण गर्ने,

(ग) कृषि भूमिको उर्बरा शक्ति र बाली उत्पादन क्षमताको आधारमा विशिष्टीकृत प्राङ्गारिक कृषि उत्पादन क्षेत्रलाई वर्गीकरण गर्ने,

(घ) उन्नत र गुणस्तरीय प्राङ्गारिक बिउबिजन उत्पादन प्रबर्धन र प्रसार गर्ने,

(ङ) कृषि जैविक विविधताको दिगो उपयोगका लागि एकीकृत खेती प्रणालीमा आधारित प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्ने,

(च) प्राङ्गारिक कृषिको लागि बीमा तथा सर्वसुलभ कर्जा प्रवाह गर्ने,

(छ) प्राङ्गारिक मल, बिउ र विषादीसम्बन्धी उद्यम सञ्चालन गर्न पूँजीगत अनुदान उपलब्ध गराउने,

(ज) प्राङ्गारिक कृषि वस्तुहरूको उत्पादन र भण्डारणका लागि सङ्कलन केन्द्रहरूको पूर्वाधार निर्माण एवम् विस्तार गर्ने,

(झ) प्राङ्गारिक कृषि खेतीको नीति तथा योजनाको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने,

(ञ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

(२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डका आधारमा प्राङ्गारिक कृषिको मापदण्ड निर्धारण गरिनेछ।

(३) प्रदेशभित्र आयातित खाद्यान्न, पशुजन्य उत्पादन, कृषिजन्य उत्पादन सामग्री, रसायन तथा रसायनमा आधारित विषादी नियन्त्रणसम्बन्धी आवश्यक कामकारबाही गर्दा सङ्घीय तथा स्थानीय तहसँग समन्वयमा गरिनेछ।

७. **सङ्घीय तथा स्थानीय तह र अन्य निकायसँगको समन्वय तथा सहकार्यः** (१) प्राङ्गारिक कृषि प्रवर्धनको लागि सङ्घीय सरकार, स्थानीय तह र साझेदार निकायसँग आवश्यकता अनुसार समन्वय, सहकार्य र साझेदारी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको समन्वय, सहकार्य र साझेदारीको प्रक्रिया तोकिएबमोजिम हुनेछ।

८. **प्राङ्गारिक कृषि क्षेत्र पहिचान र नक्साङ्कन गर्न सकिनेः** (१) स्थानीय विशेषताका आधारमा प्राङ्गारिक कृषि क्षेत्रको पहिचान तथा नक्साङ्कन गरी सो ठाउँलाई वस्तु विशेष प्राङ्गारिक पकेट क्षेत्रको रूपमा घोषणा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्य स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा गरिनेछ।

(३) उपदफा (१) बमोजिम घोषणा भएको क्षेत्रबाट तोकिएबमोजिमको दुरीसम्म रसायनमा आधारित कृषि उत्पादन गर्न र अन्य उद्योग, कलकारखाना सञ्चालन गर्न प्रतिबन्ध लगाउन सकिनेछ।

९. **प्राङ्गारिक कृषि उपजको प्रवर्धन गरिनेः** (१) प्राङ्गारिक कृषिजन्य उपजको प्रवर्धन तोकिएबमोजिम गरिनेछ।

(२) प्रमाणीकरण नभएका तथा रूपान्तरणको अवधिमा रहेका प्राङ्गारिक कृषि वस्तुको हकमा आवश्यकता अनुसार कार्यविधि बनाई प्रवर्धन गरिनेछ।

१०. **बौद्धिक सम्पत्तिको संरक्षणः** यस ऐन बमोजिम प्राङ्गारिक कृषिको प्रवर्धन गर्दा रैथाने बाली संरक्षण र जर्मप्लाज्म संरक्षण, स्थानीय प्राविधिक ज्ञान, बौद्धिक सम्पत्ति र कृषकको अधिकारसमेतको संरक्षण हुने गरी गरिनेछ।

परिच्छेद - ४

## समिति सम्बन्धी व्यवस्था

११. **प्राङ्गारिक (अर्गानिक) कृषि निर्देशक समितिको गठनः** (१) प्राङ्गारिक कृषिलाई विकास र विस्तार गर्ने विषयमा नीति तथा कार्यक्रम निर्माण, प्रभावकारी कार्यान्वयन तथा मार्गनिर्देशन गर्न एक प्राङ्गारिक कृषि निर्देशक समितिको गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरू रहने छन्:

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) सदस्य, कर्णाली प्रदेश योजना आयोग (कृषि हेर्ने) -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) एक जना महिलासहित दुई जना कृषक प्रतिनिधि - सदस्य

(ङ) कृषि विज्ञ एक जना - सदस्य

(च) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य-सचिव

(३) खण्ड (घ) र (ङ) बमोजिमका सदस्यहरूको नियुक्ति मन्त्रालयले तोकेबमोजिम हुनेछ। यसरी नियुक्त सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ।

(४) समितिले आवश्यक ठानेमा बैठकमा उपयुक्त व्यक्ति वा विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

१२. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्राङ्गारिक कृषिको लागि आवश्यक पर्ने नीति तथा योजना तयार गर्ने तथा प्राङ्गारिक कृषिजन्य वस्तुको उत्पादन, प्रशोधन र बजारीकरण प्रवर्धन गर्न प्राङ्गारिक कृषि कार्यकारी समितिलाई मार्गदर्शन तथा निर्देशन दिने,

(ख) प्राङ्गारिक कृषि उत्पादन, प्रवर्धन र बजारीकरणको लागि नीतिगत व्यवस्था गर्ने,

(ग) प्राङ्गारिक कृषि कार्यक्रम कार्यान्वयनमा आइपरेका नीतिगत समस्या समाधान गर्ने,

(घ) अन्तर निकाय समन्वयको लागि आवश्यक व्यवस्था तथा सहजीकरण गर्ने,

(ङ) प्राङ्गारिक कृषिसम्बन्धी अध्ययन, अनुसन्धान तथा विकास क्षेत्रको प्राथमिकता तथा कार्यक्षेत्र हेरफेर गर्ने,

(च) कृषि प्रवर्धनको लागि सञ्चालित आयोजना तथा कार्यक्रमको अनुगमन, मूल्याङ्कन र समिक्षाको व्यवस्था गर्ने, प्राङ्गारिक कर्णाली प्रदेश निर्माणको लागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना निर्माणको लागि सुझाव दिने,

(छ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

१३. **निर्देशक समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) बैठकसम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-५
## प्राङ्गारिक कृषि कार्यक्रम कार्यान्वयन

१४. **प्राङ्गारिक कृषि अनुसन्धान तथा विकास केन्द्रको स्थापनाः** (१) प्राङ्गारिक कृषिसम्बन्धी अध्ययन, अनुसन्धान तथा विकासको लागि मन्त्रालय मातहत कर्णाली प्रदेश प्राङ्गारिक कृषि अनुसन्धान तथा विकास केन्द्र स्थापना गरिनेछ।

(२) प्राङ्गारिक कृषि अनुसन्धान केन्द्रको सङ्गठन संरचना, दरबन्दी र कार्यदिश तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम स्थापना हुने केन्द्रले सङ्घीय सरकार र स्थानीय तहसँग समन्वय गरी काम गर्नेछ।

१५. **प्राङ्गारिक कृषि प्रमाणीकरण निकायसम्बन्धी व्यवस्थाः** प्राङ्गारिक कृषि तथा पशुपन्छीजन्य उपजको प्रमाणीकरण, प्राङ्गारिक कृषिका मापदण्ड र प्रक्रियाको नियमन गर्न प्राङ्गारिक वस्तुको प्रमाणीकरण गर्न, प्राङ्गारिक कृषि वस्तुको प्रमाणीकरण गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था, कम्पनी वा निजी क्षेत्रलाई मान्यता र इजाजत प्रदान गर्नको लागि प्राङ्गारिक प्रमाणीकरण इकाइको व्यवस्था गरिनेछ।

१६. **प्राङ्गारिक वस्तुको प्रमाणीकरण गराई सङ्केत, छाप/चिन्ह वा लोगो लिनुपर्नेः** (१) प्राङ्गारिक कृषि उत्पादन गर्ने सरकारी, सहकारी, सामुदायिक, कृषक समूह तथा निजी फर्महरूले प्रमाणीकरण भएको मान्यता प्राप्त प्रमाणपत्र,

छाप, चिन्ह वा प्रतीक चिन्ह (लोगो) लिएर मात्र आफ्नो व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणीकरण गर्ने निकायको प्रमाणीकरण प्रक्रिया तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको फर्म, कृषक, समूह तथा सहकारीले प्रत्येक वर्ष तोकिएबमोजिम नवीकरण गर्नु पर्नेछ।

१७. **<u>प्राङ्गारिक कृषि प्रमाणीकरण निकायको काम, कर्तव्य र अधिकारः</u>** प्राङ्गारिक कृषि प्रमाणीकरण निकायको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्राङ्गारिक कृषिको मापदण्ड तथा स्तर निर्धारण गर्ने,

(ख) प्राङ्गारिक कृषि उपजको मापदण्ड जाँच गरी स्तर पुगेका उपजहरूलाई प्रदेश सरकारले प्रमाणपत्र, छाप, चिन्ह वा प्रतीक चिन्ह (लोगो) प्रदान गर्ने,

(ग) कुनै कृषि उपजको बजारीकरणको सुनिश्चिततासहित प्रमाणीकरण गर्न चाहने कुनै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था वा निजी कम्पनीहरूलाई प्रमाणीकरण मान्यता दिन सक्नेछ,

(घ) प्राङ्गारिक कृषिको मापदण्ड प्रमाणीकरण प्रक्रिया पूरा गरेका कृषक, कृषक समूह, सहकारी, आपूर्तिकर्ता, निजी फर्म तथा प्राङ्गारिक क्षेत्रको प्रमाणीकरण गरी प्रमाणपत्र प्रदान गर्ने,

(ङ) प्राङ्गारिक कृषि उपज उत्पादक, व्यवसायी तथा सञ्चालकहरू सूचीकृत गर्ने,

(च) अन्तर्राष्ट्रिय प्राङ्गारिक प्रमाणीकरण गर्ने निकायहरूसँग सहकार्य र समन्वय गरी समय सापेक्ष प्राङ्गारिक कृषिको मापदण्ड अद्यावधिक गर्ने,

(छ) तोकिएबमोजिमका अन्य काम गर्ने।

१८. **<u>प्राङ्गारिक कृषि निरीक्षकसम्बन्धी व्यवस्थाः</u>** यस ऐनको प्रयोजनको लागि आवश्यकताअनुसार तोकिएबमोजिमको योग्यता पुगेका कृषि प्राविधिक वा निरीक्षकहरूमध्येबाट प्राङ्गारिक कृषि निरीक्षकहरू तोक्न सकिनेछ।

१९. **<u>प्राङ्गारिक कृषि निरीक्षकको काम, कर्तव्य र अधिकारः</u>** प्राङ्गारिक कृषि निरीक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) तोकिएको मापदण्डबमोजिम उत्पादकले काम गरे वा नगरेको निरीक्षण गर्ने,

(ख) उत्पादनस्थल निरीक्षण गरी कृषि तथा पशुपंक्षीजन्य उत्पादनका लागि अवलम्बन गरिएका विधि, प्रक्रिया तथा प्रयोग गरिएका सामग्रीहरूको अवलोकन तथा मूल्याङ्कन गर्ने,

(ग) प्राप्त हुन आएका उजुरीहरूउपर अनुसन्धान तथा कारबाहीको लागि सिफारिस गर्ने,

(घ) उत्पादकहरूलाई समयसमयमा क्षमता विकाससम्बन्धी ज्ञान र सीपको जानकारी गराउने,

(ङ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

२०. **<u>प्राङ्गारिक कृषि उपज गुणस्तर परीक्षण तथा प्रमाणीकरण प्रयोगशाला स्थापनाः</u>** (१) प्राङ्गारिक कृषि उपजको गुणस्तर परीक्षण गर्नको लागि अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको बहुउपयोगी प्रयोगशाला स्थापना गरिनेछ।

(२) हाल कायम रहेका मल तथा माटो परीक्षण प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला, बिउबिजन प्रयोगशालाहरूलाई जैविक मल, बिउ, विषादी उत्पादन तथा गुणस्तर नियन्त्रणका लागि स्तरोन्नति र रूपान्तरण गरिनेछ।

## परिच्छेद - ६

## कसूर, सजाय तथा पुनरावेदनसम्बन्धी व्यवस्था

२१. **प्राङ्गारिक कृषिसम्बन्धी कसूरजन्य कार्यः** कसैले देहायबमोजिमको काम गरेमा यस ऐन अन्तर्गत कसूर गरेको मानिनेछः-

(क) प्राङ्गारिक कृषि उपजमा विषादी प्रयोग गरेमा,

(ख) प्राङ्गारिक कृषि वस्तुमा रसायन वा रासायनिक पदार्थको मिसावट गरेमा,

(ग) प्राङ्गारिक कृषि वस्तुमा अन्य पदार्थ वा वस्तु मिसावट गरेमा,

घ) अनुमति नलिई प्रयोगशाला सञ्चालन गरेमा र नवीकरण नगरी सञ्चालन गरेमा,

(ङ) गैर प्राङ्गारिक वस्तुलाई प्राङ्गारिक भनी उत्पादन वा बिक्री वितरण गरेमा।

२२. **मुद्दाको अनुसन्धान तथा दायरीः** (१) यस ऐनअन्तर्गतको मुद्दाको अनुसन्धान दफा १८ बमोजिमको प्रदेश सरकार वा तोकिएको निकायले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको मुद्दाको अनुसन्धान गर्दा उजुरी प्राप्त भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

२३. **सजायः** यस ऐनको दफा २१ बमोजिम काम कारबाही गर्ने गराउनेलाई कसूरको मात्रा हेरी प्रचलित कानूनबमोजिम सजाय हुनेछ।

२४. **पुनरावेदनः** मुद्दा हेर्ने अधिकारीले गरेको जरिवानासम्बन्धी निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र माथिल्लो निकायमा पुनरावेदन गर्न सक्नेछ।

२५. **क्षतिपूर्ति:** (१) यस ऐन अन्तर्गतको कुनै कसूर गरेको कारणबाट कसैलाई कुनै प्रकारको हानी नोक्सानी हुन गएमा त्यस्तो हानी नोक्सानीको क्षतिपूर्ति भराई पाउन मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्तिसम्बन्धी मापदण्ड तोकिएबमोजिम हुनेछ।

## परिच्छेद - ७

## **विविध**

२६. **अधिकार प्रत्यायोजन:** यस ऐनबमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

२७. **सहयोग लिन सक्ने:** (१) समितिले आफ्नो कार्य सम्पादन गर्ने सम्बन्धमा कुनै निकाय वा संस्थासँग सहयोग लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम समितिले सहयोग माग गरेमा सम्बन्धित निकाय वा संस्थाले त्यस्तो सहयोग दिनुपर्नेछ।

२८. **नियम बनाउने अधिकार:** प्रदेश सरकारले यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियमहरू बनाउन सक्नेछ।

२९. **बचाउ:** यस ऐनको विषयसँग सम्बन्धित प्रचलित नेपाल कानूनबमोजिम यस प्रदेशभित्र भए गरेका कार्यहरू यसै ऐनबमोजिम भएको मानिनेछ।

# कर्णाली प्रदेश सुशासन ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७६/०८/०१

सम्वत् २०७६ सालको ऐन नं. ११

## कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: आम जनतालाई दिनुपर्ने सेवा छिटो, छरितो, मितव्ययी तथा सर्वसुलभ रूपमा प्रदान गरी सुशासनको प्रत्याभूति गर्न र प्रशासन संयन्त्रलाई सेवामूलक, जनउत्तरदायी र कार्यमूलक तुल्याई कर्णाली प्रदेशमा सुशासन कायम राख्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "कर्णाली प्रदेश सुशासन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ख) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ग) "मन्त्री" भन्नाले प्रदेश मुख्यमन्त्री, प्रदेश मन्त्री, प्रदेश राज्यमन्त्री र प्रदेश सहायक मन्त्री सम्झनु पर्छ।

(घ) "प्रमुख सचिव" भन्नाले प्रदेश सरकारको प्रमुख सचिव सम्झनु पर्छ।

(ङ) "सचिव" भन्नाले प्रदेश मन्त्रालयको सचिव सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ।

(छ) "तोकिएको" वा" तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

३. **<u>प्रदेश सरकारले काम गर्ने</u>**: प्रदेश सरकारले प्रदेशमा सुशासन कायम गर्नको लागि आवश्यकता अनुसार प्रदेश तथा स्थानीय तहमा प्रशासनिक कार्य सम्पादन गर्नेछ।

४. **<u>विषयगत मन्त्रालय रहने</u>**: (१) प्रदेश सरकारले संविधानको प्रतिकूल नहुने गरी प्रदेशको कार्य सम्पादन गर्नका लागि आवश्यक संख्यामा विषयगत मन्त्रालयहरू राख्न सक्नेछ।

(२) मन्त्रालयको कार्य विभाजन प्रदेश सरकारको कार्य विभाजन नियमावली बमोजिम हुनेछ।

(३) प्रदेश सरकारको प्रमुख प्रशासनिक निकायको रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहनेछ।

(४) मन्त्रालय मातहतमा आवश्यक संख्यामा कार्यालय तथा निकाय रहन सक्नेछन्।

५. **<u>आवश्यक निकाय गठन गर्न सक्ने</u>**: (१) प्रशासनिक कार्य सम्पादन गर्न मन्त्रालय तथा कार्यालयको अतिरिक्त प्रदेश सरकारले आवश्यकता अनुसार सचिवालय, आयोग, बोर्ड, केन्द्र, समिति वा यस्तै प्रकृतिका अन्य निकाय गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएका सचिवालय, आयोग, बोर्ड, केन्द्र, समिति वा अन्य यस्तै निकायको काम, कर्तव्य, अधिकार तथा अन्य कार्य क्षेत्रगत शर्तहरू प्रदेश सरकारले तोकेबमोजिम हुनेछ।

६. **<u>प्रशासनिक कार्य सञ्चालनका आधार</u>**: प्रदेशमा सुशासन कायम गर्नका लागि यस ऐन वा अन्य प्रचलित कानून बमोजिम प्रशासनिक कार्य सम्पादन गर्दा त्यस्तो कार्य सम्पादन गर्ने पदाधिकारीले संविधान तथा अन्य प्रचलित कानूनका अतिरिक्त देहायका आधारमा कार्य सम्पादन गर्नुपर्नेछः-

(क) कर्णाली प्रदेश र जनताको वृहत्तर हित,

(ख) समन्याय र समावेशीकरण,

(ग) कानूनको शासन,

(घ) मानव अधिकारको प्रत्याभूति,

(ङ) पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दारिता,

(च) आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन,

(छ) प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता,

(ज) प्रशासनिक संयन्त्र र निर्णयमा सर्वसाधारणको पहुँच,

(झ)जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग।

७. **<u>प्रदेश सरकारले अख्तियार गर्ने नीतिहरू</u>**: (१) संविधान तथा अन्य प्रचलित कानूनमा व्यवस्था भएका नीति एवं समय-समयमा अख्तियार गरिएका नीतिका साथै प्रदेशको प्रशासनिक कार्य सम्पादन गर्दा प्रदेश सरकारले देहायका नीति अख्तियार गर्नेछः-

(क) आर्थिक समृद्धि,

(ख) गरिबी निवारण,

(ग) सामाजिक न्याय,

(घ) प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दीगो तथा कुशल व्यवस्थापन,

(ङ) महिला सशक्तीकरण तथा लैङ्गिक न्यायको विकास,

(च) वातावरणीय संरक्षण,

(छ) जनजाति, दलित, अपाङ्गता भएका तथा आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्गको उत्थान,

(ज) दुर्गम र पिछडिएका क्षेत्रको विकास तथा सन्तुलित प्रादेशिक विकास,

(झ) शिक्षा, स्वास्थ्य, रोजगारी, चेतनास्तर समेतका सामाजिक क्षेत्रको समग्र विकास,

(ञ) सडक, सञ्चार, विद्युत, खानेपानी, सिँचाइ समेतका भौतिक पूर्वाधारको पहुँच र विस्तार।

(२) उपदफा (१) बमोजिम अख्तियार गरेका नीतिलाई कार्यान्वयन गर्न प्रदेश सरकारले समय-समयमा आवश्यक कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गर्नेछ।

८. **सुशासन कायम गर्नु सम्बन्धित पदाधिकारीको कर्तव्य हुने**: प्रदेशमा सुशासन कायम गर्ने र सर्वसाधारणलाई समयमा नै त्यसको प्रतिफल उपलब्ध गराउने उद्देश्यले यस ऐन वा अन्य प्रचलित कानून बमोजिम प्रदेश सरकारको प्रशासनिक कार्य छिटो,छरितो र पारदर्शी ढङ्गले सञ्चालन गर्नु गराउनु सम्बन्धित पदाधिकारीको कर्तव्य हुनेछ।

९. **मन्त्रीको जिम्मेवारी**: (१) संविधान तथा अन्य प्रचलित कानूनमा उल्लिखित जिम्मेवारीका अतिरिक्त आफूले सम्हालेको मन्त्रालयबाट सम्पादन हुने कार्यसम्बन्धी नीतिगत विषय लगायतका कार्य निर्धारित समयमा नै सम्पादन गर्ने, गराउने समग्र जिम्मेवारी सम्बन्धित मन्त्रीको हुनेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय र अन्तर्गतका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको समयमै पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ।

१०. **<u>प्रमुख सचिव तथा निजको जिम्मेवारी</u>**: (१) प्रमुख सचिव प्रदेश सरकारको प्रमुख प्रशासकीय अधिकारी हुनेछ र सोही हैसियतमा निजले आफ्नो जिम्मेवारी बहन गर्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी यस ऐन वा अन्य प्रचलित कानूनमा व्यवस्था भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख सचिवको काम, कर्तव्य, अधिकार र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्रीको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासकीय प्रमुखको रूपमा सो कार्यालयको कार्य सम्पादन गर्ने वा गराउने,

(ख) प्रदेश सरकारको सचिव तथा अन्य प्रथम श्रेणीका अधिकृतको सुपरीवेक्षकको हैसियतले निजहरूले सम्पादन गरेका कार्यको सुपरीवेक्षण गर्ने तथा सचिवले सम्पादन गर्नुपर्ने प्रशासनिक कार्यका सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) प्रदेश मन्त्रालय तथा अन्य सम्बद्ध निकायहरूको प्रशासनिक काम कारबाहीलाई समन्वय गर्ने वा गराउने,

(घ) शासकीय सुधारलाई प्रदेश प्रशासनको अभिन्न अङ्गको रूपमा कार्यान्वयन गर्न वा गराउन प्रदेश मन्त्रालय र अन्य केन्द्रीय निकायबीच समन्वय गर्ने,

(ङ) प्रदेश सरकार (मन्त्रिपरिषद्) का निर्णयलाई प्रमाणित गर्ने वा गराउने,

(च) प्रदेश सरकार, मन्त्रिपरिषद्का निर्णय कार्यान्वयन गर्न, गराउन सम्बन्धित मन्त्रालयहरूलाई परिचालन गर्ने वा

गराउने र ती निर्णय कार्यान्वयन स्थितिको अनुगमन र सुपरीवेक्षण गर्ने,

(छ) प्रदेश सरकारको काम कारबाहीलाई प्रभावकारी बनाउन समय-समयमा सचिव बैठक आयोजना गर्ने र सचिव बैठकबाट भएका निर्णय कार्यान्वयन स्थितिको सुपरीवेक्षण गर्ने वा गराउने,

(ज) विभिन्न मन्त्रालय तथा प्रदेश तहका कार्यालयहरूको प्रशासनिक काम कारबाहीको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने वा गराउने,

(झ) प्रदेश सरकारको निर्णयको लागि पेश हुन आएका प्रस्तावमा संविधान, प्रचलित कानून र क्षेत्राधिकार समेतका आवश्यक कुराहरू पुगे नपुगेको जाँची प्रस्तावलाई प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्ने र अङ्ग नपुगेको पाइएमा सम्बन्धित सचिव समक्ष फिर्ता पठाउने वा पठाउन लगाउने,

(ञ) कार्यसम्पादनको आधारमा उत्कृष्ट काम गर्ने मन्त्रालयका सचिवलाई पुरस्कृत गर्ने,

(ट) संघीय सरकारले तोकेका निर्णय तथा परिपत्रहरू कार्यान्वयन गर्ने वा गराउने,

(ठ) तोकिएबमोजिमका अन्य कार्य गर्ने वा गराउने।

११. **<u>सचिवको जिम्मेवारी</u>**: (१) सचिव सम्बन्धित मन्त्रालय वा प्रदेशस्तरका कार्यालयको प्रमुख प्रशासकीय अधिकारी हुनेछ र सोही हैसियतमा निजले जिम्मेवारी निर्वाह गर्न आवश्यक कार्य सम्पादन गर्नु पर्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी यस ऐन वा अन्य प्रचलित कानूनमा व्यवस्था भएको काम, कर्तव्य र

अधिकारको अतिरिक्त सचिवको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारले प्रतिपादन गर्नुपर्ने नीतिका सम्बन्धमा सम्बन्धित मन्त्रीलाई सघाउने,

(ख) सम्बन्धित मन्त्रीको निर्देशन तथा सुपरीवेक्षणको अधीनमा रही आफू बहाल रहेको मन्त्रालय वा प्रदेशस्तरका कार्यालयको कार्य सम्पादन गर्ने,

(ग) आफू बहाल रहेको मन्त्रालय वा प्रदेशस्तरका कार्यालय अन्तर्गतका नीतिगत विषयमा कुनै सुधार गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रीसमक्ष सो को प्रस्ताव पेश गर्ने,

(घ) आफू बहाल रहेको मन्त्रालय वा प्रदेशस्तरका कार्यालय र मातहतका निकायको व्यवस्थापन, दैनिक कार्य सञ्चालन, कर्मचारीउपर नियमन, सहजीकरण तथा सुपरीवेक्षण गर्ने र काम कारबाहीउपर आवश्यक निर्देशन दिने,

(ङ) प्रदेश सरकारले स्वीकृत गरेका नीति र कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(च) आफू बहाल रहेको मन्त्रालय वा प्रदेशस्तरका कार्यालय तथा सोसँग सम्बन्धित अन्य निकायले प्रत्येक महिना सम्पादन गरेको कामको प्रतिवेदन तोकिएबमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेश गर्ने,

(छ) मन्त्रालय वा प्रदेशस्तरका कार्यालयको वार्षिक कार्यक्रम तर्जुमा गरी मन्त्रीसमक्ष पेश गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका साथै प्रगति समिक्षा गर्ने वा गराउने,

(ज) मन्त्रालय वा प्रदेशस्तरका कार्यालयबाट वर्ष भरिमा सम्पादन गरिएका प्रमुख काम कारबाहीका बारेमा वार्षिक प्रतिवेदन तयार गरी मन्त्रीसमक्ष पेश गर्ने,

(झ) वैदेशिक अध्ययन, तालिम, अध्ययन भ्रमण वा अन्य सरकारी कामको सिलसिलामा विदेश भ्रमणका लागि प्रदेश सरकारको तर्फबाट राजपत्राङ्कित तृतीय श्रेणीसम्मका कर्मचारीको मनोनयन गर्ने र वैदेशिक भ्रमण काज स्वीकृत गर्ने,

(ञ) सचिव बैठकबाट भएको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ट) उत्कृष्ट कार्य गर्ने मातहतका कर्मचारीहरूलाई पुरस्कृत गर्ने,

(ठ) मन्त्रालय वा प्रदेशस्तरका कार्यालय वा आयोजना प्रमुखले सञ्चालन गरेका आयोजनाको समय-समयमा निरीक्षण गरी आवश्यक निर्देशन दिने,

(ड) खण्ड (ठ) बमोजिम निरीक्षण गर्दा सञ्चालन भएका आयोजना समयमा पूरा हुन नसकेको पाइएमा वा पूरा भएको आयोजनाको गुणस्तर न्यून देखिएमा त्यसको आवश्यक छानबिन गरी दोषी देखिएका सम्बन्धित आयोजना प्रमुखलाई आवश्यक कारबाही गर्ने,

(ढ) तोकिएबमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने वा गराउने।

(३) उपदफा (२) को खण्ड (झ) र (ञ) बमोजिम भए गरेको कामको जानकारी सचिवले सम्बन्धित मन्त्रीलाई तत्काल गराउनु पर्नेछ।

(४) उपदफा (२) मा उल्लेख भएका कामका सम्बन्धमा प्रदेश सरकार प्रति सचिव जिम्मेवार रहनेछ र आफू बहाल रहेको मन्त्रालय वा प्रदेशस्तरका कार्यालयसँग सम्बन्धित प्रदेश सरकारले मागेको कुनै पनि विषयमा अद्यावधिक जानकारी दिने निजको जिम्मेवारी र कर्तव्य हुनेछ।

१२. **कार्यालय प्रमुखको जिम्मेवारी**: प्रचलित कानूनमा उल्लेख भएको काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यालय प्रमुखको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफू बहाल रहेको कार्यालयको व्यवस्थापन, दैनिक कार्य सञ्चालन तथा सो कार्यालयमा कार्यरत कर्मचारीको सुपरीवेक्षण तथा नियमन गर्ने,

(ख) आफू बहाल रहेको कार्यालय र अन्तर्गतका कार्यालयका कर्मचारीलाई काममा खटाउने,

(ग) आफू बहाल रहेको कार्यालय अन्तर्गत सञ्चालित आयोजनाहरूको काम निश्चित समयभित्र सम्पन्न गर्ने, गर्न लगाउने,

(घ) आफू बहाल रहेको कार्यालयबाट सर्वसाधारणलाई प्रदान गरिने सेवालाई प्रभावकारी बनाउने,

(ङ) तोकिएबमोजिमको अन्य काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने वा गराउने।

१३. **निश्चित कार्यविधि अवलम्बन गर्नुपर्ने**: यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानूनमा कुनै कार्यविधिको व्यवस्था भएको रहेछ भने त्यस्तो कार्यविधि र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नुपर्ने विषयको प्रकृति हेरी उपयुक्त कार्यविधि अपनाउनु पर्नेछ।

१४. **निश्चित समयावधि भित्र निर्णय गर्नुपर्ने**: (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानून बमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नुपर्ने रहेछ भने सोही समयावधि भित्र र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नुपर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले बढीमा पैंतीस दिनभित्र निर्णय गर्नु पर्नेछ।

(२) आवश्यक तथ्य, सूचना वा प्रमाण उपलब्ध नभएको कारणले उपदफा (१) बमोजिमको अवधिभित्र निर्णय गर्न नसकिने रहेछ भने निर्णय गर्न पाउने अधिकारीले सो को कारण खुलाई निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कारण खुलाई निर्णय भएकोमा निर्णय गर्न पाउने अधिकारीले सो को जानकारी आफूभन्दा एक तह माथिको पदाधिकारीलाई यथाशीघ्र दिनु पर्नेछ।

१५. **निर्णय गर्दा पारदर्शिता कायम गर्नुपर्ने**: (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा पारदर्शी ढङ्गबाट गर्नु पर्नेछ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि"पारदर्शिता"भन्नाले निश्चित मापदण्डको आधारमा निर्णय गर्नुपर्ने प्रक्रिया सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने कुरालाई प्रतिकूल असर पार्ने छैन।

(२) उपदफा (१) बमोजिम पारदर्शिता कायम गर्न निर्णय गर्ने अधिकारीले निर्णय गर्नुपर्ने विषयमा आफ्ना मातहतका कर्मचारीको राय तथा परामर्शलाई ध्यान दिनुपर्नेछ।

(३) निर्णय गर्नुपर्ने विषयको कारबाही एक तहबाट प्रारम्भ भई अर्को तहबाट निर्णय गर्नुपर्ने रहेछ भने प्रत्येक तहमा संलग्न रहने

पदाधिकारीले सो विषयमा आफ्नो स्पष्ट राय ठहरसहित निर्णय गर्नुपर्ने विषय निर्णय गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निर्णय गर्ने प्रक्रियामा संलग्न रहेका प्रत्येक तहका पदाधिकारीले पेश गरेको रायमा कुनै प्रश्न उठेको देखिएमा निर्णय गर्ने अधिकारीले निर्णय गर्दा त्यस्तो प्रश्नको पनि सम्बोधन गर्नु पर्नेछ।

(५) कुनै निर्णय गर्दा कानूनी वा प्राविधिक प्रश्नको पनि निरूपण गर्नुपर्ने रहेछ र त्यस्तो विषयमा कुनै कानूनविज्ञ वा प्राविधिकको राय लिन निर्णय गर्ने अधिकारीले मनासिब ठानेमा त्यस्तो राय लिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम राय लिएकोमा त्यस्तो रायलाई समेत आधार मानी निर्णय गर्न सकिनेछ र त्यस्तो रायलाई मान्नुपर्ने नदेखिएमा सो को कारण खुलाई निर्णय गर्नुपर्नेछ।

(७) पारदर्शिता सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१६. **निर्णय गर्दा आधार र कारण खुलाउनुपर्ने**: यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्दा सम्बन्धित पदाधिकारीले गरेको निर्णय कुन-कुन कुरामा आधारित छ र त्यस्तो निर्णय किन गर्नु परेको हो सो को स्पष्ट आधार र कारण खुलाई निर्णय गर्नुपर्नेछ।

१७. **स्वार्थ बाझिएमा निर्णय गर्न नहुने**: (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने पदाधिकारीले निर्णय गर्नुपर्ने विषयमा प्रत्यक्ष रूपमा आफ्नो कुनै हित, सरोकार वा स्वार्थ रहेको भएमा वा निजले गरेको निर्णयबाट निजको हकमा अपुताली खान पाउने व्यक्ति वा नजिकको अन्य नातेदार प्रत्यक्ष प्रभावित हुने भएमा वा निजको एकासगोलको व्यक्ति र नजिकका नातेदारहरूले सञ्चालन गरेको व्यापार, व्यवसायमा प्रत्यक्ष फाइदा पुग्ने गरी स्वार्थ बाझिने भएमा त्यस्तो पदाधिकारीले त्यस्तो विषयमा निर्णय गर्न सक्ने छैन।

**स्पष्टीकरण**: यस उपदफाको प्रयोजनको लागि निर्णय गर्न पाउने पदाधिकारीले बृहत् सार्वजनिक हितको लागि गरेको निर्णयलाई स्वार्थ बाझिएको मानिने छैन।

(२) उपदफा (१) बमोजिमको अवस्था परी निर्णय गर्ने अधिकारीले निर्णय गर्न नहुने भएमा सो को कारण खुलाई आफू सरहको पदाधिकारी सोही कार्यालयमा भएमा निजलाई र नभएमा आफूभन्दा एक तह माथिको पदाधिकारीलाई सो विषयमा निर्णय गर्न दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको पदाधिकारी सम्बन्धित कार्यालयमा नभएमा वा भएमा पनि उपदफा (१) बमोजिमको अवस्था परी निर्णय गर्न नहुने भएमा निर्णय गर्ने अधिकारी सचिव भएकोमा प्रमुख सचिवसमक्ष र अन्य पदाधिकारी भएमा एक तह माथिको पदाधिकारीसमक्ष पेश गरी निकासा भए बमोजिम निर्णय गर्नु गराउनु पर्नेछ। तर प्रमुख सचिव निर्णय गर्ने अधिकारी भएकोमा सो विषय प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नु पर्नेछ।

(४) कुनै क्षेत्र वा उपक्षेत्रको नीति निर्माण गर्ने वा कानून कार्यान्वयन गर्ने निकायमा वा कुनै क्षेत्र वा उपक्षेत्र नियमन गर्ने नियमनकारी निकायमा कार्यरत अधिकृतले आफूले पदमा बहाल रहँदा गरेको निर्णयसँग सम्बन्धित कुनै गैरसरकारी वा निजीस्तरको सोही क्षेत्र वा उपक्षेत्र अन्तर्गत कुनै वस्तु वा सेवा उत्पादन गर्ने, कुनै व्यवसाय गर्ने वा त्यस्तो वस्तु वा सेवा उत्पादन गर्ने फर्म, कम्पनी वा अन्य कुनै प्रतिष्ठानको व्यवस्थापनमा आफूले पदमा बहाल रहँदासम्म र जुनसुकै कारणले त्यस्तो पदबाट अवकाश प्राप्त गरेपछि पनि कम्तीमा एक वर्षसम्म प्रत्यक्ष वा परोक्षरूपमा संलग्न हुन सक्ने छैन।

(५) यस दफाको प्रतिकूल हुने गरी कुनै काम गर्ने व्यक्ति आफ्नो सेवामा बहाल रहेको व्यक्ति भए निजलाई सोही आधारमा

कानून बमोजिम विभागीय कारबाही गर्न र सेवाबाट अवकाश पाइसकेको व्यक्ति भए सम्बन्धित मन्त्रालयको सचिवले कानून बमोजिम आवश्यक कारबाही गर्ने आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम दिएको आदेशउपर चित्त नबुझ्ने व्यक्तिले पैंतिस दिनभित्र सम्बन्धित प्रशासकीय अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(७) यस दफाको प्रतिकूल हुने गरी सेवामा बहाल रहेको पदाधिकारीले गरेका काम स्वतः बदर हुनेछ।

१८. **कार्य सम्पादन करार गर्न सकिने**: (१) प्रदेश सरकारले सम्पादन गर्नुपर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन (परफरमेन्स कन्ट्राक्ट) गरिसक्नुपर्ने वा निश्चित परिमाणको उपलब्धि हुने गरी सम्पादन गर्नुपर्ने भएमा वा प्रदेश सरकारको प्राथमिकता प्राप्त कुनै कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा कुनै पदाधिकारीसँग कार्य सम्पादन करार गरी त्यस्तो कार्य सम्पादन गर्ने जिम्मेवारी निजलाई दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको करारमा अन्य कुराको अतिरिक्त जिम्मेवारी पाएको पदाधिकारीले गर्नुपर्ने कामको विवरण, कार्य सम्पादन गरिसक्नुपर्ने समयावधि र कार्य सम्पादनको गुणस्तर वा परिमाण समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम करार भएकोमा सो करार बमोजिम जिम्मेवारी पाएको व्यक्तिले त्यस्तो करार बमोजिम कार्य सम्पादन गर्नु पर्नेछ।

(४) काबुबाहिरको कुनै परिस्थिति उत्पन्न भई उपदफा (३) बमोजिम सम्पादन गर्नुपर्ने कार्य सो कार्य सम्पादन गर्नुपर्ने अवधिभित्र पूरा गर्न नसकिने भएमा सो को कारण सहितको विवरण खुलाई सम्बन्धित मन्त्रालयको सचिव समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको विवरण मनासिब देखिएमा काबु बाहिरको परिस्थिति उत्पन्न भई जति अवधि काम गर्न नसकिएको हो सो अवधि कटाई थप अवधिभित्र कार्य सम्पादन गर्न कार्य सम्पादन करार संशोधन गर्न सकिनेछ।

(६) मनासिब कारण विना उपदफा (३) वा (५) बमोजिमको अवधिभित्र कार्य सम्पादन गर्न नसक्ने पदाधिकारी उपर विभागीय कारबाही गर्नु पर्नेछ।

(७) यस दफा बमोजिम जिम्मेवारी पाएको व्यक्तिले बदनियत चिताई वा लापरबाही वा हेलचेक्र्याइँ गरी कार्य सम्पादन नगरेको कारणले प्रदेश सरकारलाई हानि नोक्सानी भएमा वा आयोजनाको लागत बृद्धि हुने भएमा त्यस्तो हानि नोक्सानी वा बृद्धि भएजतिको लागतको क्षतिपूर्ति निजबाट तोकिएबमोजिम भराउन सकिनेछ।

(८) कार्य सम्पादन करार सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१९. **<u>परामर्श गर्न सकिने</u>**: (१) प्रदेश सरकारले आवश्यकता अनुसार सार्वजनिक चासोका कुनै विषय कार्यान्वयन गर्नु अघि सरोकारवाला तथा नागरिक समाजसँग आवश्यक परामर्श गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्श गर्दा कार्यान्वयन गर्न प्रस्ताव गरिएको विषयको सकारात्मक तथा नकारात्मक पक्षहरूको समग्र विश्लेषण गरी त्यसबाट प्राप्त हुन सक्ने सम्भावित प्रभावको मूल्याङ्कन गर्नु पर्नेछ।

(३) प्रदेश सरकारले सार्वजनिक चासोको विषय कार्यान्वयन गर्दा उपदफा (१) वा (२) बमोजिम सरोकारवाला तथा नागरिक समाजसँग गरेको परामर्शबाट प्राप्त सुझावलाई उचित ध्यान दिनेछ।

**<u>स्पष्टीकरण</u>**: यस दफाको प्रयोजनका लागि “सार्वजनिक चासोको विषय” भन्नाले देहायका कुनै विषय सम्झनु पर्नेछः–

(क) आधारभूत रूपमा नयाँ पद्धति स्थापना गर्ने वा भइरहेको पद्धतिलाई आधारभूत रूपमा खारेज गर्ने कुनै विषय,

(ख) सार्वजनिक महत्त्वको कुनै विकास कार्यक्रम वा आयोजना सञ्चालन गर्ने विषय,

(ग) तोकिएबमोजिमको अन्य विषय।

२०. **आफ्नो जिम्मेवारी पञ्छाउन नहुने**: (१) यस ऐन वा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्नुपर्ने पदाधिकारीले आफूलाई सुम्पिएको वा यस ऐन वा प्रचलित कानून बमोजिम आफूले सम्पादन गर्नुपर्ने काम निर्धारित शर्त तथा अवधिभित्र सम्पादन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य सम्पादन गर्नुपर्ने पदाधिकारीले दफा २१ को अवस्थामा बाहेक आफ्नो जिम्मेवारी पञ्छाउन वा आफूले गर्नुपर्ने काम अरु कसैलाई गर्न लगाउन हुँदैन।

(३) उपदफा (२) को प्रतिकूल हुनेगरी अरूलाई काम लगाउने वा अन्य कुनै किसिमले जिम्मेवारी पञ्छाउन वा जिम्मेवारी पञ्छाउन बदनियतले निर्धारित अवधिभित्र कार्य सम्पादन नगर्ने वा कार्य सम्पादन सूचक बमोजिम उपलब्धि हासिल नगर्ने पदाधिकारीलाई प्रमुख सचिव भए प्रदेश सरकार, मन्त्रिपरिषद्, सचिव भए सम्बन्धित मन्त्री, मन्त्रालय अन्तर्गतका पदाधिकारी भए सम्बन्धित मन्त्रालयको सचिवले चेतावनी दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम चेतावनी दिँदा पनि त्यस्तो पदाधिकारीको आचरण तथा काम कारबाहीमा सुधार नआएमा त्यस्तो पदाधिकारी उपर कार्यक्षमताको अभावको आधारमा प्रचलित कानून बमोजिम कारबाही गर्नु पर्नेछ।

२१. **अधिकार प्रत्यायोजन गर्न सक्ने**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारीले यस ऐन वा प्रचलित कानून बमोजिम आफूले सम्पादन गर्नुपर्ने काम आफू सरहको वा आफ्नो

मातहतको अन्य कुनै पदाधिकारीले सम्पादन गर्न सक्ने गरी प्रचलित कानून बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ । तर अधिकार प्रत्यायोजन गरेको कारणले मात्र निजले आफ्नो पदीय जिम्मेवारीबाट छुट पाएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम प्रत्यायोजन भएको अधिकार जुनसुकै बखत फिर्ता गर्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक रोहमा निर्णय गर्नुपर्ने अधिकार प्रत्यायोजन हुन सक्ने छैन।

२२. **पदीय वा पेशागत आचरण सम्बन्धी व्यवस्था**: (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले आफू पदमा बहाल रहँदा वा नरहँदा तोकिएबमोजिमको पदीय वा पेशागत आचरण पालना गर्नु पर्नेछ।

(२) कुनै मन्त्रालय वा सो अन्तर्गतका निकायमा बहाल रहेका कर्मचारीले पालना गर्नुपर्ने कर्तव्यको प्रकृतिलाई विचार गरी त्यस्ता कर्मचारीले पालना गर्नुपर्ने पदीय वा पेशागत आचरण त्यस्तो मन्त्रालय वा प्रदेश निकायले नै बनाउन सक्ने गरी प्रदेश सरकारले अख्तियारी दिन सक्नेछ।

(३) यस दफा बमोजिम बनाएको पदीय वा पेशागत आचरण पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ र त्यस्तो आचरण उल्लङ्घन गर्ने व्यक्तिलाई उल्लङ्घनको मात्रा अनुसार निजउपर कर्मचारी भए विभागीय कारबाही गरी अभिलेख राखिनेछ र अन्य पदाधिकारी भए निजको लागि पदीय वा पेशागत आचरण बनाउने अधिकारीले निजको त्यस्तो अभिलेख राख्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदीय वा पेशागत आचरण पालना नगरेको वा उल्लङ्घन गरेको कुनै कुरा प्रचलित कानून

बमोजिम कसूर मानिने रहेछ भने सो सम्बन्धमा निजउपर कानून बमोजिम कारबाही गर्न बाधा पर्ने छैन।

२३. **<u>पदीय उत्तरदायित्वको निर्वाह</u>**: यस ऐन वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्ने जिम्मेवारी भएको पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा कर्तव्य पालना गर्दा देहायको विषयमा ध्यान दिनु पर्नेछः-

(क) आफूले सम्पादन गर्ने काम निर्धारित समयमा नै सम्पादन गर्न आफैंले पहल गर्ने,

(ख) सरकारी वा सार्वजनिक स्रोतको प्रयोग गर्दा मितव्ययी ढङ्गबाट अधिकतम सदुपयोग र उत्पादनशील हुने गरी प्रयोग गर्ने,

(ग) सरकारी वा सार्वजनिक कार्यालयलाई सेवा प्रदायक संस्था, सम्बन्धित पदाधिकारी, प्रदेशको सेवक तथा सर्वसाधारण सेवाग्राही सेवा पाउने अधिकार भएको व्यक्ति हो भन्ने कुरामा ध्यान दिने,

(घ) कार्य सम्पादनमा ढिलासुस्ती र विलम्ब हुनु भनेको स्रोत र साधनको दुरूपयोग हुनु हो र मुलुकको थप स्रोत र साधन खर्च हुनु हो भन्ने भावना राख्ने,

(ङ) कार्य सम्पादन गर्दा कुनै अपरिहार्य कारण परी तत्काल कार्य सम्पादन गर्न नसकिने भएमा त्यसको जानकारी माथिल्लो निकायलाई दिने । तर सार्वजनिक सेवाको विषयमा वा सेवाग्राहीसँग सम्बन्धित विषय भएमा त्यस्तो विषय सम्बन्धित कार्यालयको सूचना पाटीमा टाँसी आवश्यकता अनुसार प्रचारप्रसार समेत गरी गराई सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ,

(च) आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषयमा जिम्मेवार पदाधिकारी स्वयंले निर्णय गर्नुपर्ने र कुनै किसिमको कानूनी जटिलता वा द्विविधा भएको सामान्य विषयमा माथिल्लो निकायको निर्देशन माग नगर्ने,

(छ) सरकारी वा सार्वजनिक कामको सिलसिलामा सार्वजनिक पद धारण गरेको व्यक्तिले सेवाग्राहीसँग प्रचलित मूल्य, मान्यता र संस्कृति अनुरूप शिष्ट व्यवहार गर्ने।

२४. **<u>नागरिक बडापत्र राख्नु पर्ने</u>**: (१) सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रदेशका प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा तोकिएबमोजिम नागरिक बडापत्र (फ्लेक्स, डिस्प्ले बोर्ड आदि) राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको नागरिक बडापत्रमा अन्य कुराको अतिरिक्त देहायका कुराहरू उल्लेख भएको हुनु पर्नेछः-

(क) सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,

(ख) सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,

(ग) सेवा प्रदान गर्न लाग्ने समयावधि,

(घ) सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण,

(ङ) सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सो को विवरण।

(३) उपदफा (१) मा उल्लेख भएका कुराहरू सम्बन्धित कार्यालयलाई बाध्यात्मक हुनेछन् र सोबमोजिम कार्य सम्पादन गरी सर्वसाधारणलाई सेवा प्रदान गर्नु सम्बन्धित कार्यालय प्रमुख तथा अन्य कर्मचारीको कर्तव्य हुनेछ।

(४) मनासिब कारणबिना उपदफा (१) बमोजिमको नागरिक बडापत्र बमोजिम कार्य सम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेमा सम्बन्धित कार्यालयको प्रमुख तथा सो को जिम्मेवार कर्मचारी उपर विभागीय कारबाही हुन सक्नेछ।

(५) मनासिब कारण बिना उपदफा (१) बमोजिमको नागरिक बडापत्र बमोजिम कार्य सम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकी सेवाग्राहीलाई कुनै हानिनोक्सानी हुन गएकोमा सो हानि नोक्सानी बापतको क्षतिपूर्ति सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(६) नागरिक बडापत्र सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२५. **घुम्ती सेवा सञ्चालन गर्न सकिने**: सर्वसाधारणको सामूहिक वा सार्वजनिक सरोकार रहने कुनै सेवालाई सम्बन्धित सेवाग्राही रहे बसेको स्थानीय तहमा नै सेवा उपलब्ध गराउनु पर्ने गरी प्रदेश सरकारले समय-समयमा तोकेका कार्यालयले तोकिएबमोजिम घुम्ती सेवा सञ्चालन गर्ने व्यवस्था गर्न सक्नेछ।

२६. **न्यायोचित सेवा शुल्क निर्धारण सम्बन्धी व्यवस्था**: (१) सरकारी सेवा उपलब्ध गराए बापत् प्रदेश सरकार वा अन्य सरकारी निकायलाई सेवाग्राहीले बुझाउनु पर्ने सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा फरकफरक सेवा शुल्क निर्धारण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क निर्धारण गर्दा दुर्गम वा पिछडिएका क्षेत्रका बासिन्दालाई अन्य इलाकाका बासिन्दालाई भन्दा सहुलियत हुने गरी तोकिएबमोजिम सेवा शुल्क निर्धारण गरिनेछ।

२७. **जनताको सहभागिता र स्वामित्व सम्बन्धी व्यवस्था**: (१) प्रदेश सरकारले कुनै परियोजना वा आयोजना जनताको प्रत्यक्ष सहभागिता र स्वामित्वमा सञ्चालन हुने व्यवस्था मिलाउन सक्नेछ।

(२) परियोजना वा आयोजनामा जनताको प्रत्यक्ष सहभागिता र स्वामित्व सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

२८. **<u>शासकीय सुधार इकाइको स्थापना सम्बन्धी व्यवस्था</u>**: (१) प्रत्येक मन्त्रालयमा शासकीय सुधार इकाइको गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठित शासकीय सुधार इकाइको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

२९. **<u>सार्वजनिक सुनुवाइ गराउनुपर्ने</u>**: (१) सर्वसाधारणलाई सेवा प्रदान गर्ने जिल्ला वा स्थानीय तहमा कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न तोकिएबमोजिम सार्वजनिक सुनुवाइ गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गराउनुपर्ने सार्वजनिक सुनुवाइ गर्दा विषयसँग सम्बन्धित विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा स्थानीय तहका पदाधिकारी समेतलाई आमन्त्रण गर्नुपर्नेछ।

(३) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक रोहमा निर्णय गर्नुपर्ने विषयमा सार्वजनिक सुनुवाइ गर्न आवश्यक हुने छैन।

३०. **<u>गुनासो व्यवस्थापन</u>**: (१) प्रत्येक मन्त्रालय तथा सरकारी निकाय एवं कार्यालयमा सो मन्त्रालय तथा सरकारी निकाय एवं कार्यालयले सम्पादन गरेको काम कारबाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा गुनासो सुन्न सबैले देख्ने ठाउँमा गुनासो तथा सुझाव पेटिका राख्नु पर्नेछ । साथै, मन्त्रालय तथा निकायहरूले वेबसाईट, एस्.एम.एस्. समेतका सूचना प्रविधि मार्फत् सेवाग्राहीको गुनासो सुन्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गुनासो तथा सुझाव पेटिका र सूचना प्रविधि मार्फत् गुनासो पेश गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम पेश भएका गुनासो व्यवस्थापन गर्नका लागि सम्बन्धित मन्त्रालय, सरकारी निकाय एवं कार्यालयका गुनासो सुन्ने अधिकारीले प्रत्येक दिन कार्यालय प्रमुखको रोहवरमा गुनासो तथा सुझाव पेटिका र सूचना प्रविधि मार्फत् प्राप्त भएका गुनासा र सुझावहरू हेरी मनासिब रहेको पाइएमा त्यसको यथाशीघ्र सुनुवाइ गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएका गुनासो सम्बन्धित मन्त्रालय, सरकारी निकाय एवं कार्यालयको कार्यसँग सम्बन्धित नभई त्यस्तो मन्त्रालय, सरकारी निकाय एवं कार्यालय प्रमुखको वैयक्तिक आचरणसँग सम्बन्धित रहेछन् भने सो को विवरण माथिल्लो निकायमा पठाउनु पर्नेछ।

(५) उपदफा (३) वा (४) बमोजिम गरिएको कारबाहीको जानकारी सम्बन्धित पक्षलाई दिनुपर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित मन्त्रालय, सरकारी निकाय एवं कार्यालयको काम कारबाहीसँग असम्बन्धित विषयको गुनासो प्राप्त भएमा गुनासो दिने सम्बन्धित व्यक्ति पहिचान भएको रहेछ भने निजलाई सो जानकारी दिई फिर्ता गर्ने र पहिचान भएको रहेनछ भने सो विवरण सम्बन्धित मन्त्रालय, सरकारी निकाय एवं कार्यालयको आधिकारिक माध्यम मार्फत सार्वजनिक गरिनेछ।

(७) गुनासो व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३१. **<u>विदेशस्थित बैङ्कमा खाता खोल्दा स्वीकृति लिनुपर्ने</u>**: (१) कुनै पनि पदाधिकारी वा प्रदेश सरकारको सेवामा कार्यरत कर्मचारीले

तोकिएबमोजिमको अवस्थामा बाहेक अन्य अवस्थामा विदेशस्थित बैङ्कमा खाता खोल्नु पर्दा प्रदेश सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ।

(२) विदेशस्थित बैङ्कमा खाता खोल्नु पर्दा प्रदेश सरकारको पूर्व स्वीकृति लिने सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

३२. **अरुको अधिकारमा हस्तक्षेप गर्न नहुने**: (१) यस ऐन वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्दा एक पदाधिकारीले अर्को पदाधिकारीको अधिकार, जिम्मेवारी वा कर्तव्य उपर हस्तक्षेप गर्नु हुँदैन।

(२) उपदफा (१) को प्रतिकूल काम गर्ने पदाधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही हुन सक्नेछ।

३३. **सल्लाहकार नियुक्ति गर्न सक्ने**: (१) निजामती सेवाको पदबाट कार्य सम्पादन हुन नसक्ने सम्बन्धित विषयमा सेवा प्राप्त गर्नुपर्दा विशेषज्ञता हासिल गरेको व्यक्तिलाई प्रदेश सरकारले विषयगत सल्लाहकारको रूपमा नियुक्ति गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने सल्लाहकारको संख्या, निजको योग्यता र नियुक्तिको कार्यविधि तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त हुने सल्लाहकारले सम्पादन गर्ने काम, निजको पदावधि तथा निजको अधिकार, कर्तव्य र जिम्मेवारी तथा निजले पाउने पारिश्रमिक तथा अन्य सुविधा निजलाई नियुक्ति गर्दाका बखत प्रदेश सरकारले स्वीकृत गरेको कार्य क्षेत्रगत शर्तहरूमा उल्लेख भएबमोजिम हुनेछ।

(४) सल्लाहकारले सो हैसियतमा कार्य सम्पादन गर्दा पालना गर्नुपर्ने आचरण तोकिएबमोजिम हुनेछ।

३४. **प्रवक्ता वा सूचना अधिकारी तोक्नु पर्ने**: (१) प्रत्येक मन्त्रालय, सरकारी निकाय एवं कार्यालयले आफ्नो मन्त्रालय, सरकारी निकाय एवं कार्यालयको काम कारबाहीको विषयमा सरोकारवालालाई सार्वजनिक

रूपमा जानकारी दिन मन्त्रालयमा प्रवक्ता र अन्य सरकारी निकाय एवं कार्यालयको कुनै अधिकारीलाई प्रवक्ता वा सूचना अधिकारी तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको प्रवक्ता वा सूचना अधिकारीको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

३५. **स्थानीय तहले ऐन पालना गर्नुपर्ने**: संविधान वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्नुपर्ने स्थानीय तह नियमनकारी निकाय वा प्रदेश सरकारको क्षेत्राधिकार भित्र पर्ने पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको सार्वजनिक संस्थाले तथा त्यस्तो निकाय वा संस्थामा बहाल रहेका पदाधिकारीले आफ्नो कार्य सम्पादन गर्दा दफा ६, ७, १२, १३, १४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २७ र २९ मा उल्लेख भएका व्यवस्थाहरू आवश्यक हेरफेर सहित लागू गर्नु गराउनु पर्नेछ।

३६. **सूचना प्रविधिलाई व्यवहारमा ल्याउनु पर्ने**: (१) प्रत्येक मन्त्रालय, सरकारी निकाय एवं कार्यालयले सूचना प्रविधिलाई व्यवहारमा ल्याउनु पर्नेछ।

(२) सूचना प्रविधिलाई व्यवहारमा ल्याउनेसम्बन्धी अन्य कुरा तोकिएबमोजिम हुनेछ।

३७. **अनुगमन तथा मूल्याङ्कन समिति** : (१) सरकारी सेवा र सुविधालाई प्रभावकारी बनाई प्रशासन संयन्त्रलाई सेवा प्रदायकको रूपमा रूपान्तरण गर्न तथा प्रचलित कानून बमोजिम अधिकारप्राप्त अधिकारीले सम्पादन गर्नुपर्ने काम कारबाहीलाई प्रभावकारी तथा गुणस्तरीय ढङ्गबाट सम्पादन भए वा नभएको कुराको अनुगमन तथा मूल्याङ्कन गर्न प्रमुख सचिवको संयोजकत्वमा तोकिएबमोजिमको एक प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन समिति गठन हुनेछ।

(२) जिल्लास्तरमा अनुगमन तथा मूल्याङ्कन समिति तोकिएबमोजिम गठन गर्न सकिनेछ।

(३) प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिलाई सहयोग गर्न प्रत्येक मन्त्रालयमा तोकिएबमोजिमको मूल्याङ्कन तथा अनुगमन संयन्त्र रहनेछ।

(४) प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

३८. **सरकारी कार्य फछ्र्यौट र सरकारी कार्यालयको निरीक्षण**: यस ऐन वा अन्य प्रचलित कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त सरकारी कार्य फछ्र्यौट तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३९. **सुविधा तोकेबमोजिम हुने**: प्रचलित कानूनमा व्यवस्था भएको सुविधाका अतिरिक्त प्रमुख सचिव, सचिव वा कार्यालय प्रमुखले सो हैसियतमा उपभोग गर्न पाउने सुविधा तथा सो हैसियतले कार्य सम्पादन गरेबापत् पाउने अन्य सुविधा प्रदेश सरकारले तोकेबमोजिम हुनेछ।

४०. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने**: (१) मन्त्रालय तथा प्रदेशस्तरका सरकारी निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पहिलो चौमासिकभित्र आफूले सो आर्थिक वर्षभरि सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम र त्यस्तो काम तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरू समेत समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी तोकिएको निकायमा पेश गर्नु पर्नेछ। त्यस्तो प्रतिवेदन आफूभन्दा माथिल्लो निकायको स्वीकृति लिई आवश्यकता अनुसार सार्वजनिक रूपमा प्रकाशन गर्न समेत सकिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा लेखिएको कुराको अतिरिक्त सम्बन्धित मन्त्रालय वा निकायले त्यस्तो मन्त्रालय वा निकाय वा सो अन्तर्गतका कार्यालयहरूमा सुशासन कायम गर्न गरेका सुधार कार्यक्रम र त्यसबाट प्राप्त परिणामको विवरण उल्लेख गर्नु पर्नेछ।

(३) मुख्यमन्त्रीले आवश्यक देखेमा उपदफा (१) बमोजिमको प्रतिवेदनको आधारमा प्रत्येक वर्ष शासकीय सुधार र सुशासन सम्बन्धमा भए गरेका उल्लेखनीय प्रगति सम्बन्धी प्रतिवेदन प्रदेश सभासमक्ष पेश गर्नेछ।

४१. **कार्य सम्पादन सूचक**: यस ऐन बमोजिम कुनै पदाधिकारीले सम्पादन गर्नुपर्ने कामको कार्यसम्पादन सूचक तोकिएबमोजिम हुनेछ।

४२. **असल नियतले गरेको कामको बचाउ**: यस ऐन वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्ने पदाधिकारीले यस ऐन वा प्रचलित कानून बमोजिम आफ्नो कार्य सम्पादन गर्दा वा प्रशासनिक कार्य सञ्चालन गर्दा निजले असल नियतले गरेको काम कारबाहीको विषयलाई लिएर निजउपर कुनै कारबाही हुने छैन।

४३. **नियम बनाउने अधिकार:** प्रदेश सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमहरू बनाउन सक्नेछ।

४४. **निर्देशिका, कार्यविधि वा दिग्दर्शन बनाउन सक्ने**: प्रदेश सरकारले सरकारी कार्यालयको काम कारबाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययी रूपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यक निर्देशिका, कार्यविधि, दिग्दर्शन वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

४५. **ऐन बमोजिम हुने**: यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ।

# प्रदेश वातावरण संरक्षण ऐन, २०७७

प्रमाणीकरण र प्रकाशन मिति

२०७७/०३/१८

सम्वत् २०७७ सालको ऐन नं. १

## प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

प्रस्तावनाः स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको संरक्षण गर्न, वातावरण र विकास बीच सन्तुलन कायम गर्न, वातावरणीय ह्रासबाट हुनसक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्दै जलवायु परिवर्तनका चुनौतीको सामना गर्न, वातावरणीय प्रदूषणबाट जनस्वास्थ्यमा पर्न सक्ने असर न्यून गरी त्यस्ता असरबाट हुने क्षतिको क्षतिपूर्ति पाउने हक स्थापित गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश वातावरण संरक्षण ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अनुकूलन” भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर र जोखिमको आकलन गरी थप हानि नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ।

(ख) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस, धुवाँ वा धुलो निष्कासन हुने कार्य सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा ३१ बमोजिमको वातावरण संरक्षण कोष सम्झनु पर्छ।

(घ) "जलवायु परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रूपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमशः देखा पर्ने परिवर्तनलाई सम्झनु पर्छ।

(ङ) "जोखिमपूर्ण पदार्थ" भन्नाले जोखिमपूर्ण पदार्थको सीमापार ओसार पसार, नियन्त्रण र विसर्जनसम्बन्धी वासेल महासन्धिमा सूचीकृत पदार्थ तथा मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्ने विस्फोटक, ज्वलनशील, चिरस्थायी तथा संक्षारक (कोरोसिभ) गुण भएका र पुनः प्रयोग नगरिएका कच्चा पदार्थबाट प्रशोधन भई पहिलो पटक प्रयोगमा आउन लागेका पदार्थ सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(छ) "नदीजन्य पदार्थ" भन्नाले नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाएर ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्रमा थिग्रिएको ढुङ्गा, ग्राभेल, बालुवा, गिट्टी, भष्कट, मिस्कट, गेग्रान, माटो सम्झनु पर्छ।

(ज) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको वातावरण सम्बन्धी विषय हेर्ने निर्देशनालय सम्झनु पर्छ।

(झ) "निष्कासन" भन्नाले ध्वनि, ग्याँस वा फोहरमैला फाल्ने, थुपार्ने वा निष्कासन गर्ने कार्य सम्झनु पर्छ।

(ञ) "न्यूनीकरण" भन्नाले मानवीय क्रियाकलापको कारणबाट हुने हरितगृह ग्याँसको उत्सर्जनलाई घटाउने वा रोक्ने कार्य सम्झनु पर्छ।

(ट) "प्रदूषण" भन्नाले फोहोरमैला, रसायन, ताप, ध्वनि, विद्युतीय, विद्युत्-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्‍याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुर्‍याउने कार्य सम्झनु पर्छ।

(ठ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ड) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार सम्झनु पर्छ।

(ढ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ण) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा प्रतिकूल परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, औद्योगिक प्रतिष्ठान, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ।

(त) “प्रस्तावक” भन्नाले प्रस्ताव स्वीकृतिका लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृतिप्राप्त व्यक्ति वा सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संस्था सम्झनु पर्छ।

(थ) “प्रारम्भिक वातावरणीय परीक्षण” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रतिकूल प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रूपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(द) “फोहरमैला” भन्नाले वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धुवाँ, धुलो, विकिरणयुक्त तत्त्व वा पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनु पर्छ।

(ध) “वातावरण” भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरू तथा ती अवयवहरूको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनु पर्छ।

(न) “वातावरणीय अध्ययन प्रतिवेदन” भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ।

(प) “वातावरणीय प्रभाव मूल्याङ्कन” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक, वातावरणीय क्षेत्रमा उल्लेखनीय

प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रतिकूल प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न र अनुकूल प्रभावलाई बढावा दिनका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रूपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(फ) "सम्बन्धित निकाय" भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा कारबाही र निर्णय गर्ने दफा ३ को उपदफा (२) बमोजिमको निकाय सम्झनु पर्छ।

(ब) "सम्पदा" भन्नाले प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिकोणबाट मानवजातिका लागि महत्त्वपूर्ण मानिने वातावरणसँग सम्बन्धित कुनै वस्तु, स्थल, संरचना, वनस्पति तथा जीवजन्तु सम्झनु पर्छ।

(भ) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रूपमा गरिने अध्ययन सम्झनु पर्छ।

(म) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

परिच्छेद-२

## वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था

३. **वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेः** (१) प्रस्तावकले तोकिएबमोजिमको प्रस्तावको तोकिएबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि तोकिएबमोजिमको प्रक्रिया पूरा गरी देहायको निकाय समक्ष पेश गर्नु पर्नेछः-

(क) प्रदेश सरकारका प्राथमिकता प्राप्त विकास आयोजना, लगानी बोर्डबाट स्वीकृति भई प्रदेशभित्र कार्यान्वयन गरिने आयोजना, प्रदेश गौरवका आयोजना, औद्योगिक प्रतिष्ठान, प्रचलित कानूनबमोजिम प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना, एक भन्दा बढी स्थानीय तहमा निर्माण कार्य गर्नु पर्ने आयोजना वा प्रदेश सरकारले तोकेको कुनै आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण भए तोकिएको निकायसमक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन भए मन्त्रालयसमक्ष,

(ख) स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण भए सम्बन्धित स्थानीय कानूनले तोकेको निकायसमक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन भए मन्त्रालय समक्ष।

तर वनक्षेत्र प्रयोग गर्नु पर्ने प्रस्ताव स्वीकृत गर्नुअघि सम्बन्धित स्थानीय तहले मन्त्रालयको सहमति लिनुपर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राचीन स्मारक सम्बन्धी कानून बमोजिम प्राचीन स्मारक मानिने सम्पदाको सोही रूपमा पुनर्निर्माण गर्दा वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने छैन।

(४) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावका बारेमा तोकिएबमोजिम सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ।

(५) वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्नेसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४. **विकल्पको विस्तृत विश्लेषण गर्नुपर्नेः** (१) प्रस्तावकले दफा ३ बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणका लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विश्लेषण गरी त्यस्ता विकल्पहरूमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारणसहित सिफारिस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको उपयुक्त विकल्पको कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने तत्कालीन, मध्यकालीन एवं दीर्घकालीन प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणका लागि अवलम्बन गर्नुपर्ने विधि तथा प्रक्रियासमेत उल्लेख गर्नुपर्नेछ।

५. **क्षेत्र निर्धारण तथा कार्यसूचीः** (१) यस ऐनबमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व सम्बन्धित निकायले त्यस्तो प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यसूचीको हकमा पेश भएको मितिले बढीमा सात दिनभित्र र क्षेत्र निर्धारण सहितको कार्यसूची भएमा बढीमा पन्ध्र दिनभित्र स्वीकृत वा अस्वीकृत भएको जानकारी दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यसूची र क्षेत्र निर्धारण गर्नेसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

६. **मापदण्ड एवं गुणस्तर कायम गर्नुपर्ने:** (१) प्रस्तावकले यस ऐनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले तोकेको वा प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुने गरी तोकिएबमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड वा गुणस्तर विपरीत वा त्यस्तो मापदण्ड पालना नगरी प्रतिवेदन पेश भएमा त्यस्तो प्रतिवेदन तयार गर्ने परामर्शदाताले बढीमा पाँच वर्षसम्म वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न पाउने छैन।

तर यस दफाबमोजिम निर्णय गर्नुपूर्व सम्बन्धित परामर्शदातालाई सफाइ पेश गर्ने मौका दिनुपर्नेछ ।

७. **वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने:** (१) दफा ३ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा सम्बन्धित निकायले सो उपर आफैंले वा आवश्यक भएमा आफ्नो प्रतिनिधि, प्रस्तावकको प्रतिनिधि र आवश्यकताअनुसार विषयविज्ञसमेत रहेको समितिको राय सुझाव लिई जाँचबुझ गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको सम्बन्धमा थप वातावरणीय अध्ययन गर्नुपर्ने देखिएमा सम्बन्धित निकायले प्रस्तावकलाई संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न गराउन आदेश दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दिएको आदेशबमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (१) वा उपदफा (३) बमोजिम प्राप्त अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखिएमा सम्बन्धित निकायले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ।

(५) उपदफा (४) बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको हकमा पेश भएको मितिले सात दिनभित्र, प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको हकमा पन्ध्र दिनभित्र र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा तीस दिनभित्र निर्णय गर्नुपर्नेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको सिमानाभित्र पर्ने तर संघको अधिकार क्षेत्रमा परेका विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी निर्णय प्रचलित संघीय वातावरण संरक्षण ऐनबमोजिम हुनेछ।

(७) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

८. **प्रस्ताव कार्यान्वयन गर्न नहुने:** कसैले पनि यस ऐनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन।

९. **रणनीतिक वातावरणीय विश्लेषण:** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका नीति, कार्यक्रम वा प्रदेश महत्त्वको आयोजना कार्यान्वयन गर्नुअघि त्यस्तो नीति, कार्यक्रम वा आयोजनाको सम्बन्धमा रणनीतिक वातावरणीय विश्लेषण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको रणनीतिक वातावरणीय विश्लेषणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१०. **वातावरणीय व्यवस्थापन योजनाः** (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नुअघि वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्नेछ। त्यस्तो योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरूमध्ये कुन कुन उपायहरू आयोजना निर्माणको क्रममा र कुन कुन उपायहरू आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सोसमेत उल्लेख गर्नुपर्नेछ। वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको प्रगति प्रत्येक छ महिनामा सम्बन्धित निकायसमक्ष पेश गर्नुपर्नेछ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरेका वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरू प्रभावकारी भएको नदेखिएमा सम्बन्धित निकायले अन्य प्रभावकारी उपाय अवलम्बन गर्न आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन कार्यान्वयन गर्दा लाग्ने खर्च सम्बन्धित प्रस्तावकले बेहोर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजनाको प्रभाव न्यूनीकरण कार्यक्रम कार्यान्वयन गर्दा प्रतिकूल प्रभावको जोखिममा रहेका स्थानीय समुदायमार्फत् कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनुपर्नेछ।

११. **पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्नेः** (१) दफा ७ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको डिजाइन वा स्वरूपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वनक्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने यकिन गर्न प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम वनक्षेत्र थप गर्नु परेमा मन्त्रालयले जाँचबुझ गरी स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित कुल वनक्षेत्रको वा कुल रुख विरुवाको संख्याको दश प्रतिशत भन्दा कम क्षेत्र थप गर्नुपर्ने र त्यसले वातावरणमा उल्लेख्य प्रतिकूल असर नपर्ने देखिएमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गरिरहनुपर्ने छैन।

१२. **<u>वातावरणीय परीक्षण गर्ने</u>:** (१) मन्त्रालय वा तोकिएको निकायले यस ऐनबमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आकंलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सोसमेत विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अद्यावधिक रूपमा राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गरी मन्त्रालय वा तोकिएको निकायले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न अपनाइने उपाय प्रयाप्त भएको नदेखेमा त्यस्तो प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम मन्त्रालय वा तोकिएको निकायले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ।

१३. **<u>रोक लगाउन सक्ने</u>:** (१) यस ऐनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन भन्दा विपरीत आयोजना कार्यान्वयन गरेमा सम्बन्धित निकायले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक लगाइएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सोबापत क्षतिपूर्तिको दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनबमोजिम कार्यान्वयनमा सुधार गरेमा यसरी लगाएको रोक सम्बन्धित निकायले फुकुवा गर्न सक्नेछ।

१४. **<u>प्रदेश सरकारले वातावरणीय अध्ययन गर्न सक्ने:</u>** (१) प्रदेश सरकारले कुनै क्षेत्र वा स्थानको नक्साङ्कन गरी सो क्षेत्रको वातावरणीय अध्ययन गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अध्ययनबाट प्राप्त विवरणको आधारमा सम्बन्धित निकायले त्यस्तो क्षेत्रमा भविष्यमा सञ्चालन गर्न सकिने विकास निर्माणका कार्य वा आयोजना र त्यस्तो क्षेत्रमा सञ्चालन गर्न उपयुक्त नहुने कार्य सम्बन्धी विवरण तयार गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको अध्ययनबाट प्राप्त विवरण तथा उपदफा (२) बमोजिमको विवरणको सम्बन्धित निकायले अभिलेख राख्नुपर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको विवरण सम्बन्धित निकायले सार्वजनिक गर्नुपर्नेछ र कुनै पनि प्रस्ताव पेश वा कार्यान्वयन गर्दा सम्बन्धित प्रस्तावक, निकाय तथा सरोकारवाला पक्षले सो अनुरूप कार्य गर्नुपर्नेछ।

(५) उपदफा (२) बमोजिम सिफारिस भएका विकास निर्माणका आयोजनाहरू सञ्चालन गर्नु पर्दा वातावरणमा उल्लेख्य प्रभाव पर्ने नदेखिए पुनः वातावरण अध्ययन गरिरहनु पर्ने छैन।

परिच्छेद-३

## <u>प्रदूषण रोकथाम तथा नियन्त्रणसम्बन्धी व्यवस्था</u>

१५. **<u>प्रदूषण गर्न नहुने:</u>** कसैले पनि वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले भूमि, जल, वायु, ध्वनि, फोहरमैला वा अन्य कुनै पनि किसिमको प्रदूषण श्रृजना गर्न वा गराउन हुँदैन।

१६. **<u>प्रदूषण रोकथाम तथा नियन्त्रण:</u>** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै स्थान, औद्योगिक प्रतिष्ठान, व्यक्ति वा व्यवसायका सवारी साधन, यन्त्र, उपकरण, मालवस्तु वा कुनै क्रियाकलापबाट हुने जोखिमपूर्ण पदार्थ निष्कासन वा उत्सर्जनबाट सहर, गाउँ, बस्ती, पर्यटक पदमार्ग, नदी वा खोला, सार्वजनिक स्थल, पर्वतारोहण क्षेत्रमा भएको वा हुनसक्ने वातावरणीय प्रदूषण र यसबाट हुने वा हुन सक्ने असर न्यूनीकरण, निराकरण वा रोकथाम गर्नको लागि आवश्यक मापदण्ड निर्धारण गरी सर्वसाधारणमा जानकारी गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी गरेको सूचना र निर्धारित मापदण्ड विपरीत कुनै कार्य गर्न गराउन हुँदैन। मापदण्ड विपरीत कार्य गरी वातावरणमा प्रतिकूल प्रभाव पारेको पाइएमा सम्बद्ध व्यक्ति, समूह वा संस्थालाई प्रदूषण न्यूनीकरण वा निराकरणका उपाय अवलम्बन गर्न निर्देशन दिन, आवश्यक शर्त तोक्न वा वातावरणमा प्रतिकूल असर पार्ने कुनै कार्य गर्न नपाउने गरी मन्त्रालय वा सम्बन्धित निकायले रोक लगाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्धारित मापदण्ड पालना भए नभएको सम्बन्धमा मन्त्रालय वा निर्देशनालय वा तोकिएको निकायले अनुगमन, मूल्याङ्कन गरी सम्बन्धितलाई पृष्ठपोषण गर्नुपर्नेछ।

(४) प्रदूषण नियन्त्रणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१७. **<u>प्लाष्टिकजन्य पदार्थ प्रयोगमा नियन्त्रण:</u>** (१) प्लाष्टिकजन्य पदार्थबाट हुने प्रदूषण नियन्त्रण गर्न प्रदेश सरकारले प्लाष्टिक प्रयोगको मापदण्ड तोकी निर्धारित मापदण्ड विपरीतका प्लाष्टिकजन्य पदार्थको प्रदेशभित्र ओसारपसार, उत्पादन, प्रयोग र फोहरमैला निष्कासन गर्न रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक लगाउन प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको आदेश उल्लङ्घन गर्ने व्यक्ति वा संस्थालाइ तोकिएको निकायले कसुरको मात्रा हेरी देहायबमोजिमको जरिवाना गर्न सक्नेछ:-

(क) मापदण्ड विपरीतका प्लाष्टिकजन्य पदार्थको प्रयोग गरेमा एक हजारदेखि दश हजार रुपैयाँसम्म,

(ख) प्लाष्टिकजन्य पदार्थको प्रदेशभित्र उत्पादन, ओसारपसार र फोहरमैला निष्कासन गरेमा दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म।

१८. **<u>जोखिमपूर्ण पदार्थको व्यवस्थापन:</u>** (१) प्रचलित कानूनबमोजिम जोखिमपूर्ण पदार्थको उत्पादन, आयात तथा निर्यात गर्ने अनुमति प्राप्त कुनै व्यक्ति वा संस्थाले प्रदेशभित्र उत्पादन, आयात तथा निर्यात गर्दा मन्त्रालयबाट तोकिएबमोजिमको अनुमति लिनुपर्नेछ।

(२) जोखिमपूर्ण पदार्थको व्यवस्थापन गर्ने दायित्त्व त्यस्तो जोखिमपूर्ण पदार्थ उत्पादन गर्ने व्यक्ति वा संस्थाको हुनेछ।

(३) उपदफा (२) बमोजिम जोखिमपूर्ण पदार्थ व्यवस्थापन गर्दा सम्बन्धित व्यक्ति वा संस्थाले आफ्नै खर्चमा गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको जोखिमपूर्ण पदार्थको सङ्कलन, भण्डारण, प्रशोधन, बिक्री वितरण, विसर्जन वा ओसारपसार गर्दा सम्बन्धित संस्था वा व्यक्तिले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी तोकिएबमोजिम व्यवस्थापन गर्नुपर्नेछ।

१९. **प्रयोगशाला स्थापना गर्न सक्नेः** (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी जाँच वा परीक्षण गर्न मन्त्रालयले आवश्यकता अनुसार प्रयोगशाला स्थापना गर्न वा सञ्चालनमा रहेको कुनै प्रयोगशालालाई वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी जाँच वा परीक्षण गर्ने गरी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशालाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

२०. **परीक्षणका नमूना सङ्कलन सम्बन्धमाः** (१) सम्बन्धित निकायले कुनै उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणबाट निष्कासन वा उत्सर्जित पदार्थ वा फोहरमैलाको प्रदूषण अवस्थाको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण गर्न चाहेमा सम्बन्धित धनी वा सम्बद्ध व्यक्तिले त्यस्तो उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणबाट निष्कासित वा उत्सर्जन भएको पदार्थ वा फोहरमैलाको नमूना सङ्कलन गर्न दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम नमूना संकलन, सोको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२१. **वातावरण निरीक्षकः** (१) वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको, दफा ७ र दफा ३ को खण्ड (ख) बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरू प्रभावकारी रूपले भए नभएको वा प्रदूषण रोकथाम, नियन्त्रण वा निराकरण सम्बन्धमा अनुगमन, निरीक्षण गर्न मन्त्रालयले वातावरण निरीक्षक नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण निरीक्षक नियुक्त नभएको अवस्थामा उपदफा (१) बमोजिमको कार्य गर्न गराउन मन्त्रालयले अधिकृतस्तरको कर्मचारीलाई वातावरण निरीक्षक तोकी खटाउन सक्नेछ।

(३) वातावरण निरीक्षक सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२२. **<u>वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकारः</u>** (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिम प्रस्ताव कार्यान्वयन गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका शर्तबमोजिम काम भए, नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत प्रदूषण रोकथाम, नियन्त्रण र निराकरण गर्ने कार्य भए, नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(ग) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत जोखिमपूर्ण पदार्थ वा फोहरमैला निष्कासन भए, नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेसिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम निरीक्षण गर्दा वातावरण निरीक्षकले माग गरेका विवरण वा जानकारी उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ।

(४) वातावरण निरीक्षकले निरीक्षण गर्न जाँदा कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा, निजले माग गरेका विवरण वा जानकारी नदिएमा, झुट्टा विवरण दिएमा, निरीक्षणको क्रममा बाधा विरोध उत्पन्न गरेमा वा निरीक्षणमा सहयोग नगरेमा त्यस्तो व्यक्ति वा संस्थालाई वातावरण निरीक्षकले तत्काल देहायबमोजिमको जरिवाना गर्न सक्नेछः(

(क) निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा बीस हजार रुपैयाँसम्म,

(ख) निरीक्षणको क्रममा मागेका विवरण वा जानकारी नदिएमा वा झुट्टा विवरण दिएमा वा निरीक्षणमा सहयोग नगरेमा पन्ध्र हजार रुपैयाँ सम्म।

(५) उपदफा (४) बमोजिम वातावरण निरीक्षकले सजाय गरेकोमा चित्त नबुझे जानकारी पाएको मितिले पन्ध्र दिनभित्र मन्त्रालयमा उजुरी गर्न सक्नेछ। त्यस्तो उजुरीमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

(६) वातावरण निरीक्षकले अनुगमन निरीक्षणको प्रतिवेदन सम्बन्धित निकाय तथा मन्त्रालयमा पेश गर्नुपर्नेछ।

## परिच्छेद-४

## जलवायु परिवर्तनको अनुकूलन तथा न्यूनीकरण सम्बन्धी व्यवस्था

२३. **जलवायु परिवर्तनको अवस्था सार्वजनिक गर्नेः** (१) मन्त्रालयले प्रदेश क्षेत्रभित्र जलवायु परिवर्तनबाट स्थानीय समुदाय, पारिस्थितिकीय प्रणाली, जैविक विविधतामा परेको प्रतिकूल असर तथा जोखिमको विषयमा मन्त्रालय आफैंले गरेको अध्ययन वा नेपाल सरकारले सार्वजनिक

गरेको आवधिक अध्ययन विवरणको आधारमा विकास आयोजना तर्जुमा गर्दा जलवायु परिवर्तनबाट हुने प्रतिकूल असर वा जोखिम न्यूनीकरणको लागि गर्नुपर्ने उपाय सम्बन्धी जानकारी सार्वजनिक गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सार्वजनिक सूचनाको आधारमा प्रदेश सरकार र स्थानीय तहले विकास योजनाको प्राथमिकता निर्धारण गर्नुपर्नेछ।

(३) जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक निकाय एवं निजी क्षेत्रबाट कार्यान्वयन गरिने क्षेत्रगत नीति, रणनीति, योजना वा कार्ययोजनामा जलवायु परिवर्तनको प्रतिकूल असर र जोखिम न्यूनीकरणको लागि अवलम्बन गर्ने उपायलाई प्राथमिकता तोकी समावेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको व्यवस्था कार्यान्वयन गर्न प्रदेश सरकारले सार्वजनिक सूचना जारी गरी आदेश दिनुपर्नेछ र त्यस्तो आदेशको कार्यान्वयन प्रदेश सरकार र अन्तर्गतका कृषि, वन, जलस्रोत, ऊर्जा, भौतिक पूर्वाधार, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने सम्बन्धित विषयगत निकाय र स्थानीय तहले गर्नुपर्नेछ।

२४. **अनुकूलन योजना बनाउन सक्नेः** (१) जलवायु परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्नका लागि प्रदेशस्तरमा मन्त्रालयले र स्थानीयस्तरमा स्थानीय तहले अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुकूलन योजना बनाउँदा कृषि, वन, जलस्रोत, ऊर्जा, भौतिक पूर्वाधार, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन जस्ता सम्बन्धित विषयगत क्षेत्रहरू तथा उपल्लो तटीय क्षेत्र र तल्लो तटीय क्षेत्रमा वातावरणमा पर्न सक्ने प्रतिकूल असरलाइ न्यून गर्ने उपायहरूसमेत समेटिएको हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुकूलन योजना बनाउँदा जलवायु परिवर्तनको असरबाट बढी जोखिममा पर्ने महिला, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, आर्थिक रूपमा विपन्न समुदाय र जलवायु परिवर्तनबाट बढी जोखिममा परेका भौगोलिक क्षेत्रका बासिन्दालाई विशेष प्राथमिकता दिनुपर्नेछ।

२५. **<u>न्यूनीकरणका कार्यहरू गर्न सक्नेः</u>** (१) मन्त्रालय आफैंले वा स्थानीय तहसँगको सहकार्यमा नेपाल सरकारले तय गरेको हरितगृह ग्याँस उत्सर्जन गर्ने क्षेत्र र तिनको राष्ट्रिय आधार तह (रिफरेन्स लेभल) बमोजिम न्यूनीकरणका आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) प्रदेश सरकारले हरितगृह ग्याँस उत्सर्जनको राष्ट्रिय आधार तह अनुगमन गरी उत्सर्जनका क्षेत्रहरूको पहिचान र प्रदेशस्तरको आधार तह निर्धारण गर्न र न्यूनीकरणका लागि आवश्यक योजना तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) न्यूनीकरण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२६. **<u>जलवायु परिवर्तनबाट हुने असर तथा जोखिमको व्यवस्थापनः</u>** प्रदेश सरकार, स्थानीय तह तथा अन्य सार्वजनिक निकाय एवं निजी क्षेत्रले जलवायु परिवर्तनबाट हुने असर तथा जोखिमको व्यवस्थापनका लागि गरिने क्षेत्रगत नीति, रणनीति वा कार्ययोजनामा नेपाल सरकारले जारी गरेको जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्नुपर्नेछ।

## परिच्छेद-५

## **<u>सम्पदाको संरक्षण सम्बन्धी व्यवस्था</u>**

२७. **<u>सम्पदाको संरक्षणः (</u>**१) प्रदेशभित्र रहेका सम्पदाको संरक्षण एवं संवर्धन गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(२) स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका सबै सम्पदाको पञ्जीकरण गरी त्यसको जानकारी मन्त्रालयमा पठाउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको सम्पदाको विवरण मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको सूचनामा समावेश गरिएका सम्पदाहरूको संरक्षण तथा व्यवस्थापन तोकिएबमोजिम हुनेछ।

२८. **वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रदेश सरकारले स्थानीय तहसँगको समन्वयमा कुनै क्षेत्र वा स्थान विशेषको जैविक विविधता, प्राकृतिक सौन्दर्य, साँस्कृतिक एवं ऐतिहासिक महत्त्वका स्थल वा कुनै विशेष क्षेत्र वा स्थानमा प्राकृतिक स्रोतको दोहनका कारण वातावरणमा प्रतिकूल असर परेको वा पर्ने सम्भावना देखिएमा त्यस्ता स्थान वा क्षेत्रको सीमाङ्कन गरी जैविक विविधता वा वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कायम गरिएको क्षेत्रभित्र तोकिएबमोजिमको कुनै काम गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(३) कुनै सडक, भवन, नदी व्यवस्थापन, सहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा सरोकारवाला निकायसँगको समन्वयमा प्रदेश सरकारले कुनै क्षेत्र विशेषको वातावरण संरक्षण गर्ने उद्देश्यले हरियाली क्षेत्र तोक्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन तोकिएबमोजिम हुनेछ।

२९. **नदी संरक्षण सम्बन्धी व्यवस्थाः** (१) कसैले पनि नदीको वहाव परिवर्तन वा भू-स्खलन वा अत्यधिक गहिराइ वा अत्यधिक दोहन हुनेगरी नदीजन्य पदार्थ उत्खनन् वा संकलन गर्न गराउन हुँदैन।

(२) नदीजन्य पदार्थको अत्यधिक दोहन रोक्न र अत्यधिक दोहनबाट वातावरणमा पर्नसक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि

प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै नदीको भाग वा सम्पूर्ण भागबाट निश्चित अवधिभरि नदीजन्य पदार्थ संकलन गर्न नपाउने गरी रोक लगाउन सक्नेछ र त्यस्तो सूचनाको म्याद थपघट गर्नसमेत सक्नेछ।

(३) उपदफा (२) बमोजिम रोक लगाएको नदीमा नदीजन्य पदार्थ बिक्री वितरणगर्न कसैले ठेक्का लगाएमा क्षतिपूर्ति असुल उपर गरी त्यस्तो ठेक्का स्वतः रद्द हुनेछ।

३०. **<u>वातावरण संरक्षण शुल्क लगाउन सक्ने:</u>** प्रदेश सरकारले वातावरणमा हरितगृह ग्याँस उत्सर्जन र अन्य प्रदूषणलाइ निरुत्साहित गर्न तोकिएबमोजिम वातावरण संरक्षण शुल्क लगाउन सक्नेछ।

३१. **<u>कोषको स्थापना तथा सञ्चालन:</u>** (१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलवायु परिर्वतनका असर तथा जोखिमको व्यवस्थापन, प्रदेशका ऐतिहासिक तथा साँस्कृतिक सम्पदा संरक्षण व्यवस्थापनका लागि कर्णाली वातावरण संरक्षण कोष नामको एउटा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्ः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारले तोकेको वातावरणसंरक्षण शुल्कवापतको रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(घ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम लिनु अघि नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(५) कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ।

३२. **<u>परिषद् गठनः</u>** (१) वातावरण संरक्षण तथा जलवायु परिर्वतन अनुकूलन तथा न्यूनीकरणका कार्यहरू प्रदेश स्तरमा प्रभावकारी रूपमा सञ्चालन गर्न मुख्यमन्त्रीको अध्यक्षतामा एक वातावरण संरक्षण तथा जलवायु परिर्वतन व्यवस्थापन परिषद् रहनेछ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहायका अध्यक्ष तथा सदस्य रहनेछन्।

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री | -अध्यक्ष |
| (ख) | प्रदेश सरकारको वातावरण सम्बन्धी विषय हेर्ने मन्त्री | - सदस्य |
| (ग) | प्रदेश सरकारको कृषि र भौतिक योजना सम्बन्धी विषय हेर्ने मन्त्रीहरू | -सदस्य |
| (घ) | अध्यक्षले तोकेका स्थानीय तहका प्रमुख वा अध्यक्ष मध्ये एक जना महिला सहित तिन जना | - सदस्य |
| (ङ) | प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष | -सदस्य |
| (च) | वन तथा वातावरण विज्ञमध्ये मन्त्रालयबाट मनोनीत एकजना महिला र एक जना दलित सहित तीन जना | -सदस्य |
| (छ) | इतिहास, संस्कृति, जैविक विविधता | |
| (ज) | तथा जलवायुका क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरू मध्येबाट मन्त्रालयले मनोनीत | |

गरेका एक जना -सदस्य

(झ) सचिव, प्रदेश सरकारको

(ञ) वातावरण हेर्ने मन्त्रालय -सदस्य-सचिव

(३) परिषद्को बैठक सम्वन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

(४) परिषद्ले बैठकमा आवश्यकता अनुसार प्रदेश सभाका सम्बन्धित विषयगत समितिका अध्यक्ष, प्रदेश सभाका सदस्य तथा वातावरण विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

३३. **परिषद्को काम, कर्तव्य र अधिकारः** (१) दफा ३२ बमोजिम गठन भएको परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) वातावरण र जलवायु परिवर्तन सम्बन्धी विषयलाई नीति योजना र कार्यक्रममा एकीकृत गर्न निर्देशन दिने,

(ख) प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन, सम्पदाको संरक्षणका लागि नीति तय गर्ने,

(ग) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी योजना कार्यान्वयनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने,

(घ) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यको मूल्याङ्कन गर्ने।

## परिच्छेद-६

## जरिबाना तथा क्षतिपूर्ति

३४. **जरिबानाः** (१) कसैले देहायको कार्य गरे वा गराएमा सम्बन्धित निकायले देहायबमोजिम जरिबाना गर्नेछः-

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनुपर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा

स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाख रुपैयाँसम्म,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा दश लाख रुपैयाँसम्म,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनुपर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पचास लाख रुपैयाँसम्म।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा सम्बन्धित निकायले त्यस्तो कार्य तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन विपरीतको कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ । यसरी दिइएको आदेश बमोजिम कार्य नभएमा सम्बन्धित निकायले उपदफा (१) बमोजिम गरिएको जरिबानाको तेब्बर जरिबाना गर्नेछ।

(३) उपदफा (१) मा उल्लिखित विषय बाहेक कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा सम्बन्धित निकायले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिबाना गरी दुई महिनाभित्र यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डबमोजिमका कार्य गर्न आदेश दिन सक्नेछ। यसरी दिइएको आदेश बमोजिम कार्य नभएमा यसै उपदफा बमोजिम गरिएको जरिबानाको तेब्बर जरिबाना गरिनेछ।

(४) उपदफा (२) वा (३) बमोजिम दिएको आदेश बमोजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संस्था वा आयोजनालाई कालोसूचीमा राख्ने सम्बन्धमा आवश्यक कारवबाही गर्न सम्बन्धित निकायले सिफारिस सहित मन्त्रालयमा पठाउनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस भई आएमा मन्त्रालयले आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिव देखेमा त्यस्तो व्यक्ति वा संस्था वा आयोजनालाई एक वर्ष देखि पाँच वर्षसम्म कालोसूचीमा राख्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम कालोसूचीमा राखिएकोमा त्यस्तो व्यक्ति वा संस्था वा आयोजनाले कालोसूचीमा राखिएको अवधिभर आफ्नो नाममा वा त्यस्तो व्यक्ति वा संस्था वा आयोजनासँग सम्बन्धित जुनसुकै नाममा कुनै पनि प्रस्ताव पेश गर्न पाउने छैन।

(७) यस दफा बमोजिमको जरिबाना गर्नुअघि जरिबाना गर्न लागिएको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

३५. **निवेदन दिन सक्नेः** (१) कसैले यस ऐन विपरीत वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरीत हुने अन्य कुनै कार्य गरेमा वा गर्न लागेमा सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ।

(२) कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण पदार्थ निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति, संस्था वा स्थानीय समुदायलाई हानि नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति, संस्था वा स्थानीय समुदायले आफूलाई पुग्न गएको क्षतिवापत सम्बन्धित निकाय समक्ष क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम परेको निवेदनका सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानि नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुर्‍याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडित व्यक्ति, संस्था वा स्थानीय समुदायलाई मनासिब क्षतिपूर्ति भराइ दिनुपर्नेछ।

(४) प्रदेश सरकार वा स्थानीय सरकारको कुनै निकाय वा प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न प्रदेश सरकारले तीनजना विज्ञ रहेको समितिको गठन गरी सो समितिको सिफारिसको आधारमा उपदफा (३) बमोजिम क्षतिपूर्ति भराई दिनुपर्नेछ।

(५) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३६. **पुनरावेदनः** (१) दफा १७ तथा दफा ३४ बमोजिम भएको जरिबानाउपर चित्त नबुझ्ने पक्षले स्थानीय तहबाट भएको जरिबानाउपर सम्बन्धित जिल्ला अदालत र प्रदेश सरकारका निकायहरूबाट भएको जरिबानाउपर सम्बन्धित उच्च अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

(२) दफा ३५ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णयउपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

परिच्छेद-७

## विविध

३७. **वातावरण संरक्षण योजना तर्जुमा गर्ने:** (१) स्वच्छ र स्वस्थ वातावरण कायम गरी सोको संरक्षण तथा प्रवर्धन गर्ने उद्देश्यले नेपाल सरकारले तयार गरेको वातावरण संरक्षण योजना समेतको आधारमा प्रदेश सरकार तथा स्थानीय तहले वातावरण संरक्षणका लागि योजना बनाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको योजना तर्जुमा गर्दा वातावरण संरक्षण, संवर्धन, दिगो उपयोग र वातावरणीय स्रोतहरूको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणसँग सम्बन्धित परम्परागत र स्थानीय अभ्यासलाई योजनामा समावेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको योजनामा तोकिएबमोजिमका अन्य विषयहरू समावेश गरिनेछ।

३८. **अनुगमन तथा निरीक्षण गर्ने:** (१) यो ऐन वा यसअन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि, वा मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले अनुगमन तथा निरीक्षण गर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३९. **सहुलियत तथा सुविधा प्रदान गर्नसक्ने:** वातावरण संरक्षणमा सकारात्मक प्रभाव पार्ने, प्लाष्टिकजन्य सामाग्रीको पुन:प्रयोग (रिसाइकिलिङ्ग) तथा वैकल्पिक उत्पादन गर्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न प्रदेश सरकारले खास सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ।

४०. **वार्षिक प्रतिवेदन तयार गर्नु** पर्ने: (१) प्रदेश मन्त्रालयले देहायका विषयहरू समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेछः

(क) दफा ३८ बमोजिम गरिएको अनुगमन तथा निरीक्षणबाट प्राप्त विवरण,

(ख) जलवायु परिवर्तन विषयमा भएका प्रदेशस्तरीय क्रियाकलाप सम्बन्धी विवरण,

(ग) अन्य आवश्यक विवरण।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र प्रदेश वातावरण परिषद्समक्ष पेश गर्नुपर्नेछ।

४१. **आदेश जारी गर्न सक्ने:** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षणका दृष्टिले पूर्व सावधानी अपनाउनु पर्ने विषयका सम्बन्धमा आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश उल्लङ्घन गर्ने व्यक्ति वा संस्थालाई मन्त्रालयले एक लाख रुपैंयाँसम्म जरिबाना गर्न सक्नेछ।

४२. **वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्नुपर्ने:** (१) वातावरणीय अध्ययन प्रतिवेदनको प्रावधान लागू हुनुअघि स्थापित हाल प्रदेश सरकारको अधिकार क्षेत्रभित्र परेका कुनै पनि वातावरणीय अध्ययन नगरेका औद्योगिक प्रतिष्ठान, व्यवसायसम्बद्ध संघ, संस्था वा व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४३. **अधिकार प्रत्यायोजन:** मन्त्रालयले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार निर्देशनालय,

वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारी वा कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

४४. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा लेखिएको कुरा यसैबमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

४५. **नियम बनाउने अधिकार:** यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

४६. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने:** यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

# खाद्य अधिकार तथा सम्प्रभुता ऐन, २०७७

प्रमाणीकरण र प्रकाशन मिति

२०७७/०३/२९

सम्वत् २०७७ सालको ऐन नं.०३

## खाद्य अधिकार तथा सम्प्रभुता सुनिश्चित गर्न बनेको ऐन

**प्रस्तावना:** कर्णाली प्रदेशमा स्थानीय उत्पादनको संरक्षण र प्रवर्धन गर्दै व्यक्ति तथा नागरिकलाई गुणस्तरीय खाद्यान्नमा सहज उपलब्धता, पर्याप्तता र पहुँच स्थापित गरी खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको सुनिश्चितताका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधान बमोजिम,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "खाद्य अधिकार तथा सम्प्रभुता ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो ऐन कर्णाली प्रदेशभर लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "खाद्य वस्तु" भन्नाले जैविक स्रोतबाट प्राप्त प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित मानव उपभोग्य पदार्थ सम्झनु पर्छ र सो शब्दले त्यस्तो पदार्थको तयारी, प्रशोधन वा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ साथै तयारी वस्तु समेत जनाउँदछ।

(ख) “किसान” भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै जीविकोपार्जन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो व्यक्तिमा आश्रित परिवारका सदस्य तथा भूमिहीन किसान र कृषि मजदुरलाई समेत जनाउँदछ।

(ग) “खाद्य अधिकार” भन्नाले व्यक्तिको पर्याप्त, गुणस्तरीय तथा पोषणयुक्त खाद्यान्नमा नियमित उपलब्धता र सहज पहुँचको सुनिश्चिततालाई जनाउँदछ।

(घ) “खाद्य सम्प्रभुता” भन्नाले खाद्य उत्पादन तथा वितरण प्रणालीमा किसानले उपभोग, अभ्यास, स्वामित्व, उत्पादनका साधन र स्रोतमाथिको पहुँच तथा नियन्त्रण कायम गर्ने दफा ५ बमोजिमका अधिकार सम्झनु पर्छ।

(ङ) “खाद्य प्रविधि” भन्नाले खाद्यान्नको उत्पादन, प्रशोधन, वितरण तथा उपभोगको सन्दर्भमा प्रयोग हुने प्रविधि सम्झनु पर्छ र सो शब्दले स्थानीय, परम्परागत वा आधुनिक रूपमा प्रयोग हुन सक्ने खाद्यसम्बन्धी सबै किसिमका प्रविधिलाई समेत जनाउँदछ।

(च) “खाद्य सुरक्षा” भन्नाले सक्रिय र स्वस्थ मानव जीवनयापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्ति तथा नागरिकको भौतिक तथा आर्थिक पहुँच सम्झनु पर्छ।

(छ) “कृषियोग्य भूमि” भन्नाले कृषि प्रयोजनमा प्रयोग हुने भूमिलाई सम्झनु पर्छ।

(ज) “दूषित खाद्य पदार्थ” भन्नाले उपभोगको लागि अयोग्य हुने दफा २१ बमोजिमका खाद्य पदार्थ सम्झनु पर्छ।

(झ) "न्यून गुणस्तर" भन्नाले कुनै खाद्य पदार्थको स्वभाविक गुण भन्दा कमसल हुने गरी प्रमुख तत्त्वको परिमाण घटाइएको वा अर्को कुनै पदार्थ मिश्रण गरिएको खाद्य पदार्थ सम्झनुपर्दछ र सो शब्दले दफा २५ बमोजिम वा यस ऐन अन्तर्गत बनेको नियम वा आदेशमा तोकिएको न्यूनतम आवश्यक गुणस्तरभन्दा घटेको वा अधिकतम गुणस्तर तोकिएकोमा सोभन्दा बढी भएको खाद्य पदार्थ समेतलाई सम्झनु पर्छ।

(ञ) "पोषण" भन्नाले स्वास्थ्यप्रद, पौष्टिक तत्त्व समावेश भएको खाद्य पदार्थ सम्झनुपर्दछ।

(ट) "प्रयोगशाला" भन्नाले खाद्य पदार्थ तथा पोषणको शुद्धता, पूर्णता वा गुणस्तर परीक्षण गर्ने सम्बन्धमा दफा २० बमोजिमको स्थापना भएको प्रयोगशाला सम्झनु पर्छ।

(ठ) "प्रदेश खाद्य परिषद्" भन्नाले नेपालको संविधान बमोजिम प्रदत्त व्यक्ति तथा नागरिकको खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्न र त्यसका लागि उपयुक्त संयन्त्र निर्माण गर्न प्रदेशस्तरमा दफा ३३ बमोजिम गठन हुने परिषद् सम्झनु पर्छ।

(ड) "खाद्य सुरक्षा सूचना केन्द्र" भन्नाले प्रदेश अन्तर्गत दफा ३६ बमोजिम खाद्य सुरक्षा अनुगमन तथा प्रवर्धनको लागि स्थापित सूचना केन्द्रलाई सम्झनु पर्छ।

(ढ) "स्थानीय खाद्य समन्वय समिति" भन्नाले स्थानीय तहमा स्थापित हुने दफा ३५ बमोजिमको समन्वय समितिलाई जनाउँदछ।

(ण) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद-२

## खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी व्यवस्था

**३. खाद्य अधिकारः** (१) प्रदेशमा रहेका प्रत्येक व्यक्ति तथा नागरिकलाई खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकार हुनेछ।

(२) प्रदेशमा रहेका प्रत्येक व्यक्ति तथा नागरिकलाई विना भेदभाव पर्याप्त पोषणयुक्त तथा गुणस्तरीय खाद्यान्नमा नियमित, सहज र सर्वसुलभ पहुँचको व्यवस्था हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिमका अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्तिको लागि प्रदेश सरकार तथा स्थानीय तहले समन्वय गरी आवश्यक व्यवस्था मिलाउनेछ।

**४. खाद्य सुरक्षा सम्बन्धी अधिकारः** (१) प्रदेशमा रहेका प्रत्येक व्यक्ति तथा नागरिकलाई देहाय बमोजिमको खाद्य सुरक्षाको हक हुनेछः-

(क) खाद्यान्नको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने,

(ख) भोकबाट मुक्त हुने,

(ग) भोकमरी वा खाद्य सुरक्षाको जोखिममा रहेका नागरिक वा परिवारले खाद्यमा दिगो पहुँच र पोषण सहायता प्राप्त गर्ने।

(२) प्रदेश तथा स्थानीय सरकारले भोकमरीको रोकथाम र त्यसको नियन्त्रणको लागि आपसी समन्वयमा देहायका कामहरू गर्नेछन्ः-

(क) भोकमरी तथा खाद्य सुरक्षाको जोखिममा रहेका नागरिक, परिवार, समुदाय र क्षेत्रको नियमित रूपमा पहिचान गर्ने र त्यसको अभिलेख राख्ने,

(ख) भोकमरीको जोखिम नियन्त्रणको लागि आवश्यक खाद्यान्न सञ्चिति र न्यायोचित वितरणको व्यवस्था गर्ने,

(ग) भोकमरी रोकथाम तथा नियन्त्रणको लागि तत्कालीन, अल्पकालीन तथा दीर्घकालीन योजनाहरू निर्माण तथा कार्यान्वयन गर्ने।

(३) प्रदेश सरकार वा स्थानीय तहले लक्षित घर परिवारलाई तोकिएबमोजिमको मापदण्ड अनुसार सहुलियत मूल्यमा वा निःशुल्क खाद्य सहायता उपलब्ध गराउनु पर्नेछ। सोको लागि स्थानीय तहले लक्षित घर परिवारको अद्यावधिक विवरणको आधारमा तोकिएको ढाँचामा खाद्य सहायता परिचयपत्र जारी गर्नुपर्नेछ।

(४) प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा खाद्य तथा पोषण सुरक्षामा कुनै कारणले पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न तथा आपत्कालीन अवस्थामा यथाशीघ्र खाद्य पदार्थ उपलब्ध गराउन आवश्यक उपायहरू अवलम्बन गर्नेछ।

(५) यस ऐन बमोजिम खाद्य तथा पोषणको प्रबन्ध गर्दा स्थानीय स्तरमा उत्पादन भएको खाद्यान्नलाई प्राथमिकता दिई वितरण गरिने छ।

**५. <u>खाद्य सम्प्रभुता सम्बन्धी अधिकारः</u>** (१) खाद्य सम्प्रभुता सम्बन्धमा प्रत्येक किसानले देहायका अधिकारहरू पाउनेछन्:-

(क) प्रदेशस्थित प्रत्येक किसान वा खाद्य उत्पादकले पहिचान र सम्मान पाउने,

(ख) खाद्यसम्बन्धी ऐन, कानून, नीति, कार्यक्रम निर्माण प्रक्रियामा अर्थपूर्ण रूपमा सहभागी हुने,

(ग) खाद्य पदार्थको उत्पादनतथा वितरण प्रणालीसँग सम्बन्धित कुनैपनि व्यवसाय छनौट गर्ने,

(घ) कृषि पेशाबाट वञ्चित गर्ने कार्य विरुद्ध संरक्षण प्राप्त गर्ने,

(ङ) कृषियोग्य भूमि, श्रम, बीउ बिजन, प्रविधि तथा औजार आदिको छनौट गर्ने,

(च) चरन क्षेत्र र कृषि भूमिको संरक्षण र स्वामित्व निर्धारण वा कायम गर्ने,

(छ) आफूले उत्पादन गरेको वस्तुको मूल्य निर्धारण र बजारीकरण गर्न पाउने,

(ज) किसानद्वारा उत्पादित परम्परागत तथा रैथाने खाद्य पदार्थको संरक्षण गर्ने तथा खाद्य वस्तुको निर्वाध रूपमा पहुँच र स्वामित्व कायम गर्न पाउने।

(२) खाद्य सम्प्रभुताको लागि प्रदेश सरकार र स्थानीय तहले आपसी समन्वयमा नीति, कार्यक्रम र योजना तर्जुमा गरी लागु गर्नेछन्।

(३) खाद्य सम्प्रभुता सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

६. **<u>खाद्य प्रविधि सम्बन्धी अधिकारः</u>** (१) खाद्य प्रविधिको छनौट र प्रयोग सम्बन्धमा प्रत्येक किसान तथा उपभोक्ताहरूको अधिकार हुनेछ।

(२) प्रदेश तथा स्थानीय तहले आपसी समन्वयमा खाद्य प्रविधिको गुण मापन तथा नियन्त्रण गर्नेछन्। उक्त कार्यको लागि प्रविधिको उपयोग र नियमन तोकिएबमोजिम हुनेछ।

७. **<u>किसानको पहिचान र सम्मानः</u>** (१) प्रदेश सरकारले किसानको अवस्था पहिचान गरी वर्गीकरण गर्नेछ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिमको वर्गीकरणको आधारमा परिचयपत्र जारी गर्नेछ।

(३) उपदफा (१) बमोजिमको वर्गीकरणको आधारमा किसानलाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत उपलब्ध गराइने छ।

(४) उपदफा (२) बमोजिम जारी हुने परिचयपत्रको अवधि वर्गीकरण तथा तत्सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

८. **<u>कृषि पेशाको संरक्षण र किसानको जीवनस्तरको प्रवर्धनः</u>** प्रदेश सरकार र स्थानीय तहले आपसी समन्वयमा कृषि पेशाको संरक्षण र सम्बर्द्धन गरी किसानको जीवनस्तर माथि उठाउन उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ।

९. **<u>कृषियोग्य भूमिको दिगो उपयोगः</u>** कृषियोग्य भूमिको संरक्षण तथा दिगो उपयोगको लागि प्रदेश सरकार र स्थानीय तहले आपसी समन्वयमा देहाय बमोजिमको कार्य गर्नेछन्ः-

(१) प्रचलित कानून बमोजिम पहिचान गरिएका कृषियोग्य भूमिमा खेती गर्न प्रोत्साहन गर्ने। कृषि प्रयोजनको लागि वर्गीकरणमा परेको भूमिमा मनासिब कारणविना खेती नलगाउने जग्गाधनीलाई सरकारले दिने सहयोग, सुविधा र अनुदानमा कटौती गर्ने,

(२) सहकारी खेती, कबुलियती खेती, करार खेती, बगर खेती वा सामुहिक खेतीलाई प्रवर्धन गरी बाँझो रहेको उत्पादनशील भूमिको अधिकतम उपयोगको व्यवस्था गर्ने,

(३) कृषियोग्य भूमिको पहिचान गरी वर्गीकरण गर्ने,

(४) कृषियोग्य भूमिलाई बाँझो राख्न तथा भूमिको उपयोगको सम्बन्धमा प्रचलित कानून बमोजिम तोकिएको प्रयोजन बाहेक अन्य प्रयोजनको लागि उपयोग गर्न वा गराउन नदिने,

(५) कृषियोग्य भूमिलाई खण्डीकरण गर्नबाट रोक लगाउने।

१०. **<u>कृषियोग्य भूमिको दिगो व्यवस्थापनः</u>** प्रदेश तथा संघीय कानूनको अधीनमा रही कृषियोग्य भूमिको दिगो व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ।

१**१.<u>स्थानीय कृषि तथा पशुजन्य उत्पादनको प्रवर्धनः</u>** स्थानीय कृषि तथा पशुजन्य उत्पादनको प्रवर्धन गर्न प्रदेश सरकार र स्थानीय तहले देहाय बमोजिमका उपायहरू अवलम्बन गर्नेछन्ः-

(क) स्थानीय कृषि तथा पशुजन्य उत्पादन, प्रशोधन तथा बजारीकरणलाई प्रवर्धन गर्ने,

(ख) स्थानीय कृषि तथा पशुजन्य उत्पादनमा उपभोक्ताको सरल र सहज पहुँच सुनिश्चित गर्ने,

(ग) कृषि बजार, कृषि फर्म वा खेतबारीबाट नै किसानले उपभोक्तालाई आफ्नो उत्पादन बिक्री गर्न सक्ने वातावरणको सृजना गर्ने,

(घ) परम्परागत कृषि बजार तथा हाट बजारको प्रवर्धन गर्ने,

(ङ) कृषि उत्पादनसँग सम्बन्धित स्थानीय ज्ञान तथा परम्परागत खाद्य संस्कृतिको संरक्षण गर्ने,

(च) स्थानीयस्तरमा उत्पादित खाद्य पदार्थको उपयोग गरी कृषि पर्यटन प्रवर्धन गर्ने।

**१२.<u>लक्षित समुदाय विशेष कृषि विकास कार्यक्रम सञ्चालन गर्नेः</u>** प्रदेश सरकार तथा स्थानीय तहले महिला, गरिब, दलित, पिछडिएको क्षेत्र, लोपोन्मुख, आदिवासी, किसान वा भूमिहीन किसानको हक हितको संरक्षणको लागि लक्षित समुदाय कृषि विकास कार्यक्रम तयार गरी लागु गर्नेछ।

**१३.<u>खाद्य पदार्थ तथा पोषण सम्बन्धी अधिकार</u>**ः (१) प्रदेशभित्र रहेका हरेक नेपाली नागरिकलाई पोषण सम्बन्धी हक हुनेछ।

(२) पोषणयुक्त खाद्य पदार्थको अभावमा प्रत्येक नागरिकको जीवन जोखिममा पर्ने अवस्था भएमा प्रदेश सरकारले तोकिएबमोजिम आवश्यक व्यवस्था गर्नेछ।

(३) प्रदेश सरकार तथा स्थानीय तहले खाद्य पदार्थ तथा पोषणसम्बन्धी कार्यलाई नियमित तथा व्यवस्थित तवरले सञ्चालन गरी खाद्य सम्प्रभुता तथा पोषण सम्बन्धी हकको सुनिश्‌चतताको लागि देहाय बमोजिमको कार्य गर्न सक्नेछः-

(क) कृषि तथा पशुजन्य उत्पादन वृद्धि गरी आधारभूत आपूर्ति बढाई खाद्य पदार्थ तथा पोषण उपभोग स्थितिमा सुधार गर्ने,

(ख) खाद्य पदार्थको दृष्टिले जोखिममा रहेका क्षेत्र र समुदायको पहिचान गरी गुणस्तरयुक्त खाद्य वस्तुमा पहुँच बढाउँदै खाद्य पदार्थको सुनिश्चितता प्रदान गर्ने,

(ग) गरिब तथा खाद्य सुरक्षाका दृष्टिकोणबाट जोखिममा रहेका महिला, दलित, आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा बालबालिकाहरूको समूह गठन गरी विशेष खाद्य पदार्थ कार्यक्रम सञ्चालन गर्ने,

(घ) समानुपातिक तथा समन्यायिक खाद्य पदार्थ तथा पोषणको वितरण प्रणालीलाई व्यवस्थित तथा स्थापित गर्ने,

(ङ) कृषिमैत्री भौतिक पूर्वाधारको विकास र पौष्टिकयुक्त दैनिक उपभोग्य एवं उच्च मूल्यका कृषि वस्तु उत्पादन गर्न प्रोत्साहन गर्ने,

(च) स्थानीय तहमा उत्पादन हुने बालीनाली तथा खाद्य पदार्थका विभिन्न परिकारको विकास तथा प्रवर्धन गर्ने,

(छ) खाद्य पदार्थको गुणस्तरको परीक्षण, प्रमाणीकरण एवं नियमन प्रक्रियालाई प्रभावकारी बनाउन प्रयोगशालाको सेवालाई व्यवस्थित गर्ने,

(ज) खाद्य पदार्थ तथा पोषण वस्तुको उपयोगबारे अद्यावधिक स्थितिको आकलन गर्न खाद्य तथा पोषण उपभोग सर्वेक्षण गर्ने,

(झ) खाद्य तथा पोषण सुरक्षालाई सुरक्षित गर्नका लागि चालिनु पर्ने कदमहरू र आवश्यक लगानी सहितको प्रदेश खाद्य तथा पोषण सुरक्षा कार्य योजना तयारी गर्ने,

(ञ) खाद्य असुरक्षित क्षेत्रमा मौसम अनुकूल हुने किसिमका बालीनालीको विकास र विस्तार गर्ने,

(ट) व्यावसायिक कृषकलाई प्रोत्साहन गर्न सहुलियत ऋणको व्यवस्था गर्ने,

(ठ) तोकिएबमोजिमका अन्य कार्य गर्ने।

(४) प्रदेश सरकारले आर्थिक, सामाजिक तथा भौगोलिक रूपमा पछाडि परेका वर्ग तथा समुदायका लागि पोषणयुक्त खाद्य पदार्थको सुनिश्चितताको लागि विशेष व्यवस्था गर्न सक्नेछ।

**१४.** **खाद्य पदार्थ तथा पोषण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न सक्नेः** प्रदेश सरकारले खाद्य सम्प्रभुता तथा पोषणसम्बन्धी हकको उपयोगका लागि खाद्य पदार्थ तथा पोषणसम्बन्धी तोकिएबमोजिमका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

**१५.** **प्राङ्गारिक (अर्गानिक) उत्पादनः** प्रदेश सरकारले प्राङ्गारिक (अर्गानिक) खाद्य पदार्थको उत्पादनमा वृद्धि गरी त्यस्तो उत्पादनलाई प्रवर्धन गर्न तोकिएबमोजिमको कार्य गर्नेछ।

**१६.** **स्थानीय तथा रैथाने जातका खाद्य बालीको संरक्षणः** प्रदेश सरकारले प्रदेशभित्र उत्पादन हुने विभिन्न किसिमका स्थानीय तथा रैथाने जातका खाद्य बालीको आवश्यक संरक्षण तथा सम्बर्द्धन गर्नेछ।

१७. **बीमाको व्यवस्थाः** कृषि तथा पशुजन्य व्यवसायको संरक्षण तथा सम्बर्द्धनको लागि प्रदेश सरकार र स्थानीय तहको सहभागितामा प्राकृतिक विपद्बाट हुने क्षति समेतलाई समेट्ने गरी बीमाको व्यवस्था गरिनेछ।

१८. **जलवायु परिवर्तनबाट हुनसक्ने असर न्यूनीकरणः** प्रदेश सरकारले जलवायु परिवर्तनका कारण खाद्य उत्पादनमा पर्न सक्ने प्रतिकूल प्रभाव वा त्यसबाट हुन सक्ने जोखिम न्यूनीकरणका लागि संघीय सरकारसँगको सहकार्यमा निवारणात्मक उपायहरू अपनाउन आवश्यक व्यवस्था गर्नेछ।

१९. **क्षतिपुर्ति सम्बन्धी व्यवस्थाः** कुनै सरकारी निकाय, संघ, संस्था वा कम्पनी वा फर्मले सिफारिस गरेको बिउबिजन, मल तथा औषधि सिफारिस गरेको क्षेत्र र समयमा सिफारिस गरेको विधि, प्रक्रिया बमोजिम गरेको खेती तथा वस्तुभाउ पालनमा यस्तो बिउ वा बिजन प्रयोग गरेको कारणबाट कुनै किसिमको क्षति भएमा त्यस्तो सिफारिसकर्ता सरकारी निकाय, संघसंस्था, कम्पनी वा फर्मले तोकिएबमोजिम पीडितलाई क्षतिपूर्ति दिनुपर्नेछ।

## परिच्छेद-३

## खाद्य पदार्थ तथा पोषण सम्बन्धी प्रयोगशाला तथा बिक्री वितरण

२०. **खाद्य पदार्थ तथा पोषणको जाँचः** (१) कुनै खाद्य पदार्थ पोषणयुक्त र गुणस्तरीय छ वा छैन भन्ने कुराको आवश्यक जाँच र परीक्षण गर्नको लागि प्रदेशभित्र रहेको आधिकारिक प्रयोगशाला मार्फत् जाँच र परीक्षण गरिने छ।

(२) उपदफा (१) बमोजिम रहेको प्रयोगशालाको रेखदेख, समन्वय र सहकार्य संघीय सरकारसँगको सहकार्य र समन्वयमा प्रदेश सरकारले गर्नेछ।

(३) कुनै नागरिक वा संस्थाले निजी क्षेत्रमा प्रयोगशाला स्थापना र सञ्चालन गर्न चाहेमा अनुमतिका लागि तोकिएबमोजिमको दस्तुरसहित तोकिएबमोजिमको ढाँचामा तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनउपर छानबिन गरी उपयुक्त देखेमा तोकिएबमोजिमका शर्तको अधीनमा रही प्रदेशभित्रको कुनै जिल्लामा प्रयोगशाला स्थापना र सञ्चालन गर्न तोकिएको अधिकारीले अनुमतिपत्र दिन सक्नेछ।

(५) उपदफा (३) बमोजिम स्थापना हुने प्रयोगशालाको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

(६) यस ऐनबमोजिम स्थापना भएका निजी प्रयोगशालाको तोकिएबमोजिम प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ।

(७) उपदफा (४) बमोजिम स्थापना भएका प्रयोगशालाले तोकिएको अवधिभित्र अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ।

**२१. <u>दूषित खाद्य पदार्थः</u>** दूषित खाद्य पदार्थ अन्तर्गत देहायका पदार्थ पर्दछन्ः-

(क) स्वास्थ्यलाई हानि हुने गरी सडेगलेको, गुणस्तरहीन, म्याद नाघेको वा फोहर मैला वा विषाक्त अवस्थामा राखिएको वा तयार गरिएको खाद्य पदार्थ र दूषित पानी,

(ख) मानिसको उपभोगको लागि अनुपयुक्त हुने गरी केही वा सम्पूर्ण भाग कुनै रोगी वा रोगकारक पशु पन्छी वा हानिकारक वनस्पतिबाट बनेको खाद्य पदार्थ,

(ग) कुनै खाद्य योगशील (फुड एडिटिभ), रङ्ग परिरक्षी (प्रिजर्वेटिभ), अन्तर्विकसित वा बहिर्मिश्रित रसायन वा कीटनाशक औषधिको लागि तोकिएको अधिकतम सीमा भन्दा बढी हुन गई स्वास्थ्यलाई हानि हुन सक्ने खाद्य पदार्थ,

(घ) स्वास्थ्यलाई हानी हुने किसिमले मिसावट गरिएको खाद्य वा अखाद्य पर्दाथ वा उक्त मिसावटबाट बनेको कुनै पदार्थ।

२२. **दूषित खाद्य पदार्थ वा न्यून गुणस्तरको खाद्य पदार्थको उत्पादन तथा बिक्री वितरण गर्न प्रतिबन्ध गर्न सक्नेः** प्रदेशभित्र कुनै नागरिकले दूषित खाद्य पदार्थ वा न्यून गुणस्तरको खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न वा सोमध्ये कुनै कामका लागि त्यस्तो खाद्य पदार्थ राख्नको लागि प्रदेश सरकारले तोकिएबमोजिम प्रतिबन्ध लगाउन सक्नेछ।

२३. **ढाँटी, झुक्याई खाद्य पदार्थ बिक्री गर्न नहुनेः** कसैले कुनै खाद्य पदार्थलाई अर्को कुनै खाद्य पदार्थ हो भनि वा कुनै न्यून गुणस्तरको खाद्य पदार्थलाई उच्चतम गुणस्तरको खाद्य पदार्थ हो भनि ढाँटी वा झुक्याई बिक्री वा वितरण गर्न हुँदैन।

२४. **खाद्य पदार्थ रोक्का राख्न सकिनेः** (१) कुनै खाद्य पदार्थ दूषित वा न्यून गुणस्तरको हो भन्ने शंका लागेमा तोकिएको अधिकारीले त्यस्तो खाद्य पदार्थ सिलबन्दी गरी रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्का रहेको खाद्य पदार्थ दूषित वा न्यून गुणस्तरको हो भन्ने कुराको निर्णय अन्तिम रूपमा भइसकेपछि दोषको मात्रा, प्रकृति र त्यसबाट हुनसक्ने हानिको समेत विचार गरी तोकिएको अधिकारीले प्रचलित कानूनबमोजिम सजाय गर्न सक्नेछ।

२५.**<u>खाद्य पदार्थ तथा पोषणको गुणस्तर तोक्ने अधिकारः</u>** (१) कुनै खाद्य पदार्थ वा पोषणमा सो पदार्थको गुणस्तर तथा मात्रा कुन परिधिभित्रको हुनुपर्ने भन्ने व्यवस्थाको सम्बन्धमा प्रदेश सरकारले समयसमयमा राजपत्रमा सूचना प्रकाशित गरी गुणस्तर तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खाद्य पदार्थ तथा पोषण तत्त्वको गुणस्तर तोक्दा देहायका कुराहरूसमेत समावेश गर्नुपर्नेछः-

(क) खाद्य पदार्थ तथा पोषण तत्त्वको किसिम, जात र अवस्था,

(ख) खाद्य पदार्थ तथा पोषण तत्त्वको न्यूनतम गुणस्तरको सीमा,

(ग) रासायनिक पदार्थ प्रयोग गरी उपचार गरिएको भए सोको विवरण,

(घ) तोकिएबमोजिमका अन्य कुराहरू।

परिच्छेद - ४

## <u>खाद्यको उपलब्धता, आपूर्ति, वितरण प्रणाली तथा अधिकारको कार्यान्वयन</u>

२६.**<u>प्रादेशिक तथा स्थानीय तहको खाद्य तथा पोषण सुरक्षा योजना सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश सरकार तथा स्थानीय तहले खाद्यसँग सम्बन्धित संघ र स्थानीय तहसँग समन्वय गरी प्रादेशिक तथा स्थानीय तहको खाद्य तथा पोषण सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ।

(२) उपदफा (१) बमोजिम समन्वय गर्दा आवश्यकता अनुसार सरोकारवालाहरूसँग समन्वय गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रादेशिक खाद्य योजना तर्जुमा गर्दा खाद्य अधिकारको कार्यान्वयनमा भएको प्रगति मापन तथा अनुगमनका सूचकाङ्कलाई आधार मान्नु पर्नेछ।

(४) प्रदेशको खाद्य सुरक्षाको अवस्थाका सम्बन्धमा तथ्यमा आधारित सूचनाका आधारमा निर्माण गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको सूचना सङ्कलन गर्न आवश्यक तथ्य तथा जानकारी सङ्कलन तथा विश्लेषण गर्न प्रदेशस्तरमा एक खाद्य सुरक्षा सूचना प्रणालीको व्यवस्था गरिनेछ।

(६) प्रदेश सरकारले खाद्य अधिकार, खाद्य तथा पोषण सुरक्षा तथा खाद्य सम्प्रभुता अधिकारको प्रवर्धनका विषयलाई आवधिक रूपमा विकास योजनामा समावेश गर्नुपर्नेछ।

(७) नियमित रूपमा खाद्य सुरक्षाको अवस्थाबारे जानकारी लिन प्रदेश र स्थानीय तहमा खाद्य सुरक्षा अनुगमन प्रणालीको व्यवस्था गरिनेछ।

२७. **खाद्य तथा पोषण शिक्षाः** प्रदेश सरकार र स्थानीय तहले समय समयमा खाद्य अधिकारसँग सम्बन्धित सूचना तथा शिक्षामूलक जानकारी प्रवाह गर्नुपर्नेछ। उक्त कार्य गर्दा प्रदेशस्तरको माध्यमिक तहको शिक्षाको पाठ्यक्रममा समावेश गर्ने तथा सो सम्बन्धमा आवश्यक अन्य प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्नेछ।

२८. **अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकासः** प्रदेश सरकार र स्थानीय तहले कृषिको दिगो विकास, खाद्य उत्पादनको अभिवृद्धि वा खाद्य तथा पोषण सुरक्षाको प्रवर्धन गर्न आवश्यक अध्ययन, अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकासको लागि तोकिएबमोजिम व्यवस्था मिलाउनेछ।

२९. **खाद्यको भण्डारण तथा सञ्चितिः** प्रदेश सरकारले यस ऐनबमोजिम खाद्यान्न उपलब्ध गराउन तथा संकटमा आवश्यकता पूरा गर्न खाद्य भण्डारण र

सञ्चिति गरी खाद्य वितरण प्रक्रियालाई तोकिएबमोजिम व्यवस्था गर्न सक्नेछ।

३०. **<u>खाद्य पदार्थ खरिदः</u>** (१) दफा २९ बमोजिम भण्डारण तथा सञ्चित गर्नको लागि आवश्यक हुने खाद्य पदार्थ यथासम्भव आन्तरिक रूपमा खरिद गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक खरिदबाट पर्याप्त उपलब्ध हुन नसक्ने अवस्था भएमा अन्यत्रबाट पैठारी गर्न सकिनेछ।

३१. **<u>खाद्य वितरणको व्यवस्थाः</u>** प्रदेश सरकार तथा स्थानीय तहले सुपथ मूल्यको पसल वा सार्वजनिक खाद्य वितरण केन्द्र वा तोकिएबमोजिमका अन्य माध्यम मार्फत् खाद्य वितरणको व्यवस्था तोकिएबमोजिम मिलाउनेछ।

३२. **<u>विवरण सार्वजनिक गर्नुपर्नेः</u>** (१) प्रदेश सरकार वा स्थानीय तहले यस परिच्छेद बमोजिम वितरण हुने खाद्य पदार्थको सम्बन्धमा देहायका विवरणहरू तयार गरी अद्यावधिक गर्नुपर्नेछः-

(क) खाद्य सञ्चितिको अवस्था,

(ख) सञ्चित खाद्यान्नको परिमाण,

(ग) खाद्यान्नको मूल्य,

(घ) खाद्यान्नको वितरण प्रणाली,

(ङ) खाद्यान्नको किसिम।

(२) उपदफा (१) बमोजिम तयार भएको विवरण सर्वसाधारणको जानकारीको लागि समय समयमा सार्वजनिक गर्नुपर्नेछ।

परिच्छेद-५

## कर्णाली प्रदेश खाद्य परिषद् तथा स्थानीय खाद्य समन्वय समिति सम्बन्धी व्यवस्था

**३३. प्रदेश खाद्य परिषद् सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक व्यक्ति तथा नागरिकको खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतासम्बन्धी मौलिक हक र अधिकारलाई संरक्षण, प्रवर्धन तथा परिपूर्ति गर्न संघीय खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ अन्तर्गत रही प्रदेश मन्त्रालयको मन्त्रीको अध्यक्षतामा एक कर्णाली प्रदेश खाद्य परिषद् गठन हुनेछ।

(२) प्रदेश खाद्य परिषद्सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरेबमोजिम हुनेछ।

(३) प्रदेश खाद्य परिषद्को काम, कर्तव्य र अधिकार प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

**३४. उप-समिति वा विज्ञ समूहको गठनः** यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यकता अनुसार विशेषज्ञ सेवा लिन सक्नेछ।

**३५. स्थानीय खाद्य समन्वय समितिः** (१) स्थानीय तहमा खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकारको संरक्षण एवं सम्बर्द्धन गर्ने कामसमेतको लागि तथा स्थानीयस्तरमा खाद्य आपूर्ति तथा वितरण प्रणालीलाई सहज बनाउन स्थानीय तहमा एक खाद्य समन्वय समिति गठन हुनेछ।

(२) यस ऐनको कार्यान्वयनको प्रयोजनको लागि प्रदेश सरकारले स्थानीय तहसँगको समन्वय र सहकार्यमा योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ।

३६. **खाद्य सुरक्षा सूचना केन्द्रः** (१) प्रदेश सरकारले प्रदेश तथा स्थानीय तहमा खाद्य सुरक्षा अनुगमन प्रणालीलाई नियमित तथा प्रवर्धन गर्न सूचना केन्द्रहरूको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको केन्द्रको संख्या, मापदण्ड र सञ्चालन तोकिएबमोजिम हुनेछ।

३७. **निरीक्षण अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेः** खाद्य पदार्थ तथा पोषण सम्बन्धी आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाई नागरिकलाई उचित मूल्यमा स्तरयुक्त खाद्य पदार्थ तथा पोषणयुक्त वस्तु उपलब्ध गराउने कार्यको अनुगमन गर्न र यस ऐन अन्तर्गतका मुद्दाको अनुसन्धान तथा दायरी गर्न प्रदेश सरकारले तोकिएबमोजिम निरीक्षण अधिकृतहरू नियुक्ति गर्न वा निरीक्षण अधिकृतको रूपमा काम गर्न कुनै अधिकृत कर्मचारीलाई तोक्न सक्नेछ।

३८. **कर्मचारी सम्बन्धी व्यवस्थाः** यस ऐनको प्रयोजनको लागि आवश्यक पर्ने कर्मचारी वा विषय विज्ञको व्यवस्था प्रदेश सरकारले मिलाउनेछ।

३९. **अनुगमन, मूल्याङ्कन र पृष्ठपोषणः** (१) यस ऐनको प्रभावकारी कार्यान्वयन भए नभएको मुल्याङ्कन गरी नियमित पृष्ठपोषणका लागि स्वतन्त्र तथा समावेशी अनुगमन तथा मुल्याङ्कन समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा मूल्याङ्कनको लागि प्रदेश तथा स्थानीय तहमा खाद्य अधिकार अनुगमनका सूचकाङ्क तयार पारी उक्त सूचकाङ्कका आधारमा अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित गरिनेछ।

परिच्छेद-६

## कसुर, सजाय तथा पुनरावेदन सम्बन्धी व्यवस्था

४०. **कसुरजन्य कार्यः** कसैले देहाय बमोजिमको काम गरेमा यस ऐन अन्तर्गत कसुर गरेको मानिनेछः

(क) कसैलाई अत्यावश्यक खाद्यको पहुँचबाट वञ्चित गरी गम्भीर हानी पुर्‍याउने वा भोकमरीको स्थिति सिर्जना गर्ने काम गरेमा,

(ख) अल्पकालीन सहायताको प्रयोजनको लागि संकलित तथा सञ्चित खाद्यवस्तुलाई कब्जा वा नष्ट गर्ने वा दुरूपयोग गर्ने कार्य गरेमा,

(ग) आपत्कालीन खाद्य सहायता वितरण कार्यमा अवरोध गरेमा,

(घ) आधारभूत खाद्य वस्तुको ढुवानी, आपुर्ति, वितरण तथा बजारीकरणमा सङ्गठित वा असङ्गठित रूपले बाधा वा विरोध गरेमा,

(ङ) जीविकोपार्जनको आधारबाट विमुख पार्ने गरी वासस्थान विहिन बनाएमा,

(च) वितरण गर्नुपर्ने खाद्य पदार्थ लक्षित वा पिछडिएको वर्गलाई वितरण नगरेमा,

(छ) तोकिएको मापदण्ड विपरीत मानव स्वास्थ्यमा प्रतिकूल असर पर्ने गुणस्तरहीन वस्तुको उत्पादन, बिक्री, वितरण वा म्याद नाघेका खाद्य वस्तुको बिक्री वितरण गरे वा गराएमा,

(ज) कालोबजारी, कृत्रिम अभाव र मूल्य वृद्धि गरी आपूर्तिमा बाधा पुर्‍याएमा,

(झ) यस ऐन वा यस ऐन बमोजिम बनेको नियम विपरीतका अन्य कुनै कार्य गरेमा।

**४१.** **<u>मुद्दाको अनुसन्धान तथा दायरीः</u>** (१) यस ऐन अन्तर्गतको मुद्दाको अनुसन्धान दफा (३७) बमोजिमको निरीक्षण अधिकृतले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको निरीक्षण अधिकृतले मुद्दाको अनुसन्धान गर्दा उजुरी प्राप्त भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम मुद्दा दायर गर्दा अनुसन्धान अधिकृतले जिल्ला न्यायाधिवक्ताको राय लिनुपर्नेछ।

**४२.** **<u>पुनरावेदनः</u>** मुद्दा हेर्ने अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**४३.** **<u>सजायः</u>** यस ऐनको वर्खिलाप गर्ने गराउनेलाई प्रचलित कानून बमोजिम दण्ड र सजाय गरिनेछ।

**४४.** **<u>क्षतिपूर्तिः</u>** (१) यस ऐन अन्तर्गतको कुनै कसुर गरेको कारणबाट कसैलाई कुनै प्रकारको हानि, नोक्सानी हुन गएमा त्यस्तो हानि, नोक्सानीको क्षतिपूर्ति भराई पाउन मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति सम्बन्धी मापदण्ड तोकिएबमोजिम हुनेछ।

परिच्छेद-७

## विविध

४५. **अनुमतिपत्र लिनुपर्नेः** (१) तोकिएको खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, सञ्चय वा प्रशोधन गर्न चाहने नागरिक वा संस्थाले तोकिएबमोजिम अनुमतिपत्र लिनुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुद्रा बिक्रेताले यस दफा बमोजिमको अनुमतिपत्र लिनुपर्ने छैन।

४६. **समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्वको व्यवस्था गर्नेः** यस ऐनको कार्यान्वयनका सम्बन्धमा गठन गरिने परिषद्, समिति, उप-समिति वा विज्ञ समूहमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

४७. **निकासी तथा पैठारीमा रोक लगाउन सक्नेः** राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश सरकारले जनसरोकारको स्वास्थ्यमा हानि वा प्रतिकूल प्रभाव पुर्‍याउने कुनै खास जातको खाद्य पदार्थ, बाली उत्पादन तथा वस्तुभाउमा प्रयोग हुने पदार्थको निकासी तथा पैठारी गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

४८. **नियम बनाउने अधिकारः** प्रदेश सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ।

**बचाउः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम कर्णाली प्रदेशमा स्थापना भएका निजी क्षेत्रका प्रयोगशालाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र यस ऐन बमोजिम अनुमतिपत्र लिइसक्नु पर्नेछ।

# स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी ऐन, २०७७

प्रमाणीकरण र प्रकाशन मिति

२०७७/०३/३०

सम्वत् २०७७ सालको ऐन नं. ४

## स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन

**प्रस्तावना**: नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले नेपालको संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपप्रमुख" भन्नाले नेपालको संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले नेपालको संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगरकार्यपालिका सम्झनु पर्छ।

(ङ) "कार्यपालिका सदस्य" भन्नाले नेपालको संविधानको धारा २१५ को उपधारा (४) तथा धारा २१६ को उपधारा (४) बमोजिमको कार्यपालिकाको सदस्य सम्झनु पर्छ।

(च) "पदाधिकारी" भन्नाले अध्यक्ष, प्रमुख, समन्वय समिति प्रमुख, उपाध्यक्ष, उपप्रमुख वा समन्वय समिति उपप्रमुख तथा वडा अध्यक्ष सम्झनु पर्छ।

(छ) "प्रमुख" भन्नाले नेपालको संविधानको धारा २१६ को उपधारा (१) बमोजिमको नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ।

(ज) "वडा" भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सम्झनु पर्छ।

(झ) "वडा अध्यक्ष" भन्नाले नेपालको संविधानको धारा २१५ को उपधारा (२) तथा धारा २१६ को उपधारा (२) बमोजिमको वडा अध्यक्ष सम्झनु पर्छ ।

(ञ) "सदस्य" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (२)तथा धारा २२३ को उपधारा (२) बमोजिमको सदस्य सम्झनुपर्छ र सो शब्दले नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको सदस्यसमेतलाई सम्झनु पर्छ।

(ट) "समन्वय समितिको प्रमुख" भन्नाले नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको प्रमुख सम्झनु पर्छ।

(ठ) "समन्वय समितिको उपप्रमुख" भन्नाले नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको उपप्रमुख सम्झनु पर्छ।

(ड) "सभा" भन्नाले गाउँ पालिकाको हकमा गाउँसभा, नगरपालिकाको हकमा नगरसभा र जिल्ला समन्वय समितिको हकमा जिल्ला सभा सम्झनु पर्छ।

(ढ) "सभाका सदस्य" भन्नाले नेपालकोसंविधानको धारा २२२ र धारा २२३ बमोजिमको गाउँसभा वा नगरसभाका सदस्य सम्झनु पर्छ।

(ण) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका वा जिल्ला सभा सम्झनु पर्छ।

३. **सुविधाः** (१) पदाधिकारी र सदस्यले आफू निर्वाचित भई काम कारबाही शुरु गरेको मितिदेखि अनुसूची-१ र २ मा उल्लेख भएबमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोतसमेतका आधारमा सुविधा पाउनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि कायम रहेको "कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५" बमोजिमको सुविधा नपाएका पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मिति देखिमात्र यस ऐनबमोजिमको सुविधा पाउनेछन्।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि चरम आर्थिक विश्रृंखलता वा प्राकृतिक विपद वा महामारीको कारणले गम्भीर

सङ्कट उत्पन्न भई सङ्कटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागु हुनेछैन।

४. **<u>सुविधा कम हुने गरी निर्णय गर्न सक्ने</u>**: यस ऐनको दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनले पदाधिकारी वा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा सम्बन्धित स्थानीय तहको अन्तरिक स्रोत तथा क्षमताका आधारमा कम हुने गरी सम्बन्धित सभाले निर्णय गर्न सक्नेछ।

५. **<u>सञ्चालन, पत्रपत्रिका तथा इन्टरनेट सुविधा</u>**: (१) स्थानीय तहले पदाधिकारीलाई स्थानीय तहको आन्तरिक स्रोतसमेतको आधारमा अनुसूची-१ मा उल्लेख भएबमोजिमको रकममा नबढ्ने गरी पत्रपत्रिका तथा इन्टरनेट सुविधा बापतको रकम दिनेछ।

(२) पदाधिकारी तथा सदस्यहरूलाई अनुसूची-१ बमोजिमको टेलिफोन तथा सञ्चालन सुविधा उपलब्ध गराइनेछ।

६. **<u>अतिथि सत्कार सुविधा</u>**: पदाधिकारीले अनुसूची-१ बमोजिमको रकम अतिथि सत्कार सुविधाबापत पाउनेछन्।

७. **<u>अनुगमन खर्च</u>**: पदाधिकारीलाई आफ्नो क्षेत्रभित्र विकास आयोजना र कार्यक्रमको अनुमगनका लागि अनुसूची-१ मा तोकिएबमोजिमको अनुगमन खर्च उपलब्ध हुनेछ।

८. **<u>खानेपानी, बिजुली तथा सरसफाइ खर्च</u>**: पदाधिकारीले अनुसूची-१ बमोजिमको रकम खानेपानी तथा सरसफाइ र विद्युत् तथा ऊर्जा खर्चबापत पाउनेछन्।

९. **<u>सवारी तथा यातायात सुविधा</u>**: (१) समन्वय समितिको प्रमुख, नगरपालिकाको प्रमुख र अध्यक्षलाई सम्बन्धित स्थानीय तहले हलुका सवारी साधन र त्यस्तो सवारी साधनलाई अनुसूची-१ बमोजिमको इन्धन उपलब्ध गराउनेछ।

(२) समन्वय समितिको उपप्रमुख, नगरपालिकाको उपप्रमुख र उपाध्यक्षलाई सम्बन्धित स्थानीय तहको आन्तरिक आय र राजस्व अवस्था एवं कार्यबोझसमेतलाई दृष्टिगत गरी सम्बन्धित सभाको निर्णयबमोजिम हलुका सवारी साधन र त्यस्तो सवारी साधनलाई अनुसूची-१ बमोजिमको इन्धन उपलब्धगराउन सकिनेछ।

(३) वडा अध्यक्षलाई सम्बन्धित स्थानीय तहको आन्तरिक आय र राजस्व अवस्था एवं कार्यबोझ समेतलाई दृष्टिगत गरी सम्बन्धित सभाको निर्णय बमोजिम अधिकतम एकसय पचास सी. सी. क्षमताको मोटरसाइकल र त्यस्तो मोटरसाइकललाई अनुसूची-१ बमोजिमको इन्धन उपलब्ध गराउन सकिनेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको सवारी साधन उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले अनुसूची-२ बमोजिमको यातायात खर्च पाउनेछन्।

(५) उपदफा (१), (२) र (३) बमोजिम सवारी साधन उपलब्ध गराएकोमा यस दफा बमोजिम को अन्य यातायात सुविधा उपलब्ध गराइने छैन।

**१०. <u>चाडपर्व खर्च</u>**ः पदाधिकारी तथा सदस्यले अनुसूची-२ बमोजिम वर्षको एक पटक चाडपर्व खर्च पाउनेछन्।

**११. <u>बैठक भत्ता</u>**ः (१) पदाधिकारी तथा सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा न्यायिक समितिलगायत स्थानीय तहको अन्य कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची-२ बमोजिमको रकम बैठक भत्ताबापत पाउनेछन्।

**<u>स्पष्टीकरण</u>**ः यस दफाको प्रयोजनको लागि "न्यायिक समिति" भन्नाले नेपालको संविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनु पर्छ।

(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि एक महिनामा तीनवटा भन्दा बढी बैठकको भत्ता लिन पाइनेछैन।

तर, गाउँ तथा नगरपालिकाका न्यायिक समितिको हकमा त्यस्ता समितिका सदस्यहरूले प्रतिमहिना बढीमा दुईवटा बैठकको लागि प्रतिबैठक पाँचसय रूपैयाँका दरले इजलास भत्ता पाउने छन। त्यसैगरी विधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यले बढीमा वार्षिक बाह्रवटा बैठकको लागि प्रतिबैठक पाँचसय रूपैयाँका दरले समिति भत्ता पाउनेछन्।

१२. **<u>दैनिक तथा भ्रमण भत्ता</u>**: (१) पदाधिकारी तथा सदस्यहरूले स्थानीय तहसँग सम्बन्धित कामको सिलसिलामा नेपालभित्र वा नेपालबाहिर भ्रमण गर्नुपर्दास्थानीय तहको आन्तरिक स्रोतसमेतको आधारमा अनुसूची-२ बमोजिमको दरमा नबढ्ने गरी दैनिक भ्रमण भत्ता पाउनेछन्।

(२) उपदफा (१)बमोजिम प्रदेशका हुम्ला,मुगुर डोल्पा जिल्लामा भ्रमण गर्नुपर्दा अनुसूचीमा उल्लिखित दैनिक भत्ताको दरमा आवश्यकताअनुसार प्रदेश सरकारको निर्णयबाट बढीमा बीस प्रतिशतसम्म रकम थप हुन सक्नेछ।

**<u>स्पष्टीकरण:</u>** विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँबाहेक अन्य स्थानमा रात बिताउनु पर्दा अनुसूचीमा उल्लेखित दरको पचास प्रतिशत रकम मात्र पाउनेछन्। अन्य मुलुकको हकमा अनुसूचीमा उल्लिखित दररेटअनुसार नै हुनेछ।

(३) विदेश भ्रमण गर्दा भ्रमण गर्ने मुलुकको सरकार वा कुनै संस्थाबाट आमन्त्रण भइ दैनिक तथा भ्रमण भत्ताबापतको रकमसमेत उपलब्ध गराएको अवस्थामा यस दफाबमोजिमको दैनिक तथा भ्रमण भत्ताबापतको रकम उपलब्ध हुने छैन।

(४) उपदफा (१) बमोजिम भ्रमण गर्दा लाग्ने यातायात खर्चबापत टिकट वा बिलबमोजिमको रकम भुक्तानी पाउनेछन्।

(५) सदस्यहरूले उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको लागि अनुसूची-२ मा उल्लेख भएबमोजिमको रकम बराबर दुर्घटना बीमा गर्दा लाग्ने बीमा शुल्क बापत बिलबमोजिमको रकम पाउनेछन्।

१३. **भत्ता तथा सुविधाबापतको रकम भुक्तानी**ः (१) पदाधिकारी वा सदस्यले यस ऐनबमोजिम पाउने सुविधा, भत्ता तथा अन्य सुविधाबापतको रकम सम्बन्धित सभाको सचिवालय वा गाउँकार्यपालिका, नगरकार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयले सम्बन्धित पदाधिकारी वा सदस्यको बैंक खाता खोली सोमार्फत भुक्तानी गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्यको बैंकमा खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने भत्ता वा अन्य सुविधाबापतको त्यस्तो रकम सम्बन्धित सभाको सचिवालय वा गाउँकार्यपालिका, नगरकार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयबाट उपलब्ध गराउन सकिनेछ।

१४. **भत्ता नपाउने**ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पदाधिकारी वा सदस्य वा सभाका सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभरर फौजदारी अभियोगमा अदालतको आदेशबमोजिम थुना, कैद वा धरौटीमा रहेमा त्यसरी थुना, कैद वा धरौटीमा रहेको अवधिभरको लागि निजले यस ऐनबमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता पाउने छैन।

तर त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाइ पाएमा निजले यस ऐनबमोजिमको सुविधा पाउनेछ।

१५. **पारिश्रमिक तथा अन्य सुविधा नपाउने**ः (१) पदाधिकारी तथा सदस्यले पारिश्रमिक बापत कुनै रकम पाउने छैनन्।

(२) पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा पाउने छैनन्।

१६. **<u>सुविधाको दुरुपयोग गर्न नहुने</u>**ः यस ऐनका विभिन्न दफाहरूमा उल्लेख भएका सुविधाहरू सम्बन्धित पदाधिकारी तथा सदस्य स्वयम्ले मात्र उपयोग गर्न पाउनेछन्। सम्बन्धित पदाधिकारी तथा सदस्यहरूले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानूनबमोजिम कारबाही हुनेछ।

<u>स्पष्टीकरण</u>ः यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले यस ऐनमा तोकिएभन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलाई सुविधा दिलाइदिने, योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने र सरकारी धनमालको हानि नोक्सानी पुर्‍याउने लगायतका कार्यलाई बुझाउनेछ।

१७. **<u>सार्वजनिक गर्नुपर्ने</u>**ः पदाधिकारी तथा सदस्यले यस ऐनबमोजिम प्राप्त गरेका सुविधाहरूको विवरण प्रत्येक तीन महिनामा सम्बन्धित स्थानीय तहले सार्वजनिक गर्नुपर्नेछ।

१८. **<u>खारेजी र बचाउ</u>**ः (१) "कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५" खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको ऐन खारेज हुनुअघि सो ऐनबमोजिम भएको काम कारबाही यसै ऐनबमोजिम भएको मानिनेछ।

# अनुसूची-१

(दफा ५ को उपदफा (१) र (२), दफा ६,७,८ र दफा ९ को उपदफा (१), (२) र (३) सँग सम्बन्धित)

## <u>मासिक रूपमा पाउने सुविधाको विवरण</u>

| क्र. सं. | निकाय | पदाधिकारी/ सदस्य | पत्रपत्रिका/ इन्टरनेट | टेलिफोन संचार | अतिथि सत्कार | अनुगमन खर्च | खानेपानी तथा सरसफाई | विद्युत् तथा ऊर्जाखर्च | सवारी इन्धन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जि.स.स. | प्रमुख | ३००० | ३००० | ५००० | २०००० | ५००० | ४००० | १०० लि. डिजेल | |
| २ | | उपप्रमुख | ३००० | ३००० | ४००० | १८००० | ४००० | ३००० | ९० लि. डिजेल | |
| ३ | | सदस्य | १५०० | १५०० | १५०० | ६००० | १५०० | ५०० | - | |
| ४ | नगरपालिका | प्रमुख | ३००० | ३००० | ५००० | १८००० | ५००० | ४००० | ८० लि. डिजेल | |
| ५ | | उपप्रमुख | ३००० | ३००० | ५००० | १४००० | ४००० | ३००० | ७० लि. | |
| ६ | | वडा अध्यक्ष | ३००० | ३००० | ५००० | ८००० | २००० | १००० | २५ लि. पेट्रोल | |
| ७ | | कार्यपालिका सदस्य | १५०० | १५०० | १५०० | ५००० | १५०० | ५०० | - | |
| ८ | | सभाका सदस्य | १००० | १००० | १००० | २५०० | ५०० | ५०० | - | |
| ९ | गाउँपालिका | अध्यक्ष | ३००० | ३००० | ५००० | १५००० | ४००० | ३००० | ७० लि | |
| १० | | उपाध्यक्ष | ३००० | ३००० | ४००० | १२००० | ३००० | ३००० | ६० लि. | |
| ११ | | वडा अध्यक्ष | ३००० | ३००० | ४००० | ८००० | १००० | १००० | १५ लि. पेट्रोल | |
| १२ | | कार्यपालिका सदस्य | १००० | १००० | १००० | ५५०० | १००० | १००० | - | |
| १३ | | सभाका सदस्य | ५०० | १००० | १००० | २००० | ५०० | ५०० | - | |

द्रस्टव्यः -

(१) सवारी साधन प्रयोग गर्ने पदाधिकारीको हकमा मात्र सवारी साधनको अभिलेख राखी इन्धन सुविधा उपलब्ध हुनेछ।

## अनुसूची-२

(दफा ९ को उपदफा (४) र (६), दफा १०, ११ को उपदफा (१) र दफा १२ को उपदफा (१), (३) र (४) सँग सम्बन्धित)

**<u>अन्य सुविधाको विवरण</u>**

| क्र.सं. | निकाय | पदाधिकारी /सदस्य | यातायात खर्च (मासिक) | चाडपर्व खर्च | बैठक भत्ता | दैनिक भ्रमण भत्ता | विदेश भ्रमणको दैनिक भ्रमण भत्ता | यात्रा बिमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जि.स.स. | प्रमुख | १२००० | १५००० | १५०० | २००० | १५० अमेरिकी डलर | १० लाख | |
| २ | | उपप्रमुख | १२००० | १५००० | १५०० | १८०० | १२५ अमेरिकी डलर | १० लाख | |
| ३ | | सदस्य | ० | १५००० | १५०० | १६०० | १२५ अमेरिकी डलर | १० लाख | |
| ४ | नगरपालिका | प्रमुख | १२००० | १५००० | १५०० | २००० | १५० अमेरिकी डलर | १० लाख | |
| ५ | | उपप्रमुख | १२००० | १५००० | १५०० | १८०० | १४० अमेरिकी डलर | १० लाख | |
| ६ | | वडा अध्यक्ष | ० | १५००० | १५०० | १६०० | १२५ अमेरिकी डलर | १० लाख | |
| ७ | | कार्यपालिका सदस्य | ० | १५००० | १५०० | १६०० | १२५ अमेरिकी डलर | १० लाख | |
| ८ | | सभाकासदस्य | ० | १५००० | १५०० | १६०० | १२५ अमेरिकी डलर | १० लाख | |
| ९ | गाउँपालिका | अध्यक्ष | १२००० | १५००० | १५०० | १८०० | १५० अमेरिकी डलर | १० लाख | |
| १० | | उपाध्यक्ष | १२००० | १५००० | १५०० | १६०० | १४० अमेरिकी डलर | १० लाख | |

| क्र.सं. | निकाय | पदाधिकारी /सदस्य | यातायात खर्च (मासिक) | चाडपर्व खर्च | बैठक भत्ता | दैनिक भ्रमण भत्ता | विदेश भ्रमणको दैनिक भ्रमण भत्ता | यात्रा बिमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | | वडा अध्यक्ष | ० | १५००० | १५०० | १५०० | १२५ अमेरिकी डलर | १० लाख | |
| १२ | | कार्यपालिका सदस्य | ० | १५००० | १५०० | १५०० | १२५ अमेरिकी डलर | १० लाख | |
| १३ | | सभाका सदस्य | ० | १५००० | १५०० | १५०० | १२५ अमेरिकी डलर | १० लाख | |

**द्रस्टव्यः-**

सरकारी सवारी साधन प्रयोग गर्नेजि.स.स. प्रमुख, उपप्रमुख, नगरपालिकाका प्रमुख, उपप्रमुख र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षकोहकमा यातायात खर्चबापतको मासिक रु. १२,०००।- उपलब्ध हुने छैन

१. नेपाल सरकारको स्वीकृति विना वैदेशिक भ्रमण गर्ने पदाधिकारीको हकमा यस अनुसूची बमोजिमको विदेश भ्रमणबापतको दैनिक भ्रमण भत्ताउपलब्ध हुने छैन।

२. सरकारी कामकाजको लागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र यस अनुसूचीबमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुनेछ।

३. द्रष्टव्यको क्रमसङ्ख्या ३ बमोजिम भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ।

# कर्णाली प्रदेश सार्वजनिक र निजी साझेदारी ऐन, २०७७

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७७/०४/०८

सम्वत् २०७७ सालको ऐन नं. ०७

## <u>सार्वजनिक र निजी क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**प्रस्तावनाः** सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि गर्ने राज्यको निर्देशक सिद्धान्तलाई मध्यनजर गरी प्रदेशको विकासको गतिलाई तीव्रता दिन र प्रदेश सरकारले आम नागरिक र लक्षित वर्गलाई दिनुपर्ने पूर्वाधारलगायतका सेवा सुविधाहरू सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा प्रदान गर्ने संवैधानिक भावना समेतलाई समेटी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>ः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश सार्वजनिक र निजी साझेदारी ऐन, २०७७" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा सूचना प्रकाशित भएको मितिबाट लागू हुनेछ।

२. **<u>परिभाषा</u>ः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “आयोजना” भन्नाले यस ऐनबमोजिम कार्यान्वयन गरिने आयोजनालाई जनाउँछ।

(ख) “उपभोक्ता” भन्नाले साझेदारी आयोजनाको सेवा सुविधा उपभोग गर्ने व्यक्ति, समूह, संस्था, कम्पनी वा निकाय सम्झनुपर्छ।

(ग) “जोखिम न्यूनीकरण कोष” भन्नाले पहिले अनुमान नगरिएका वा बीमाले समेट्न नसकेका वा समेट्न नसक्ने जोखिमहरू बहन गर्नको लागि प्रदेश सरकार वा प्रदेश सरकार र स्थानीय तहले स्थापना गरेको कोषलाई जनाउँछ।

(घ) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐनअन्तर्गत बनेको नियम वा यस ऐन वा नियमअन्तर्गत गरिएको अन्य लिखतमा तोकिएको वा तोकिएबमोजिमको कुरालाई सम्झनु पर्छ।

(ङ) “नागरिक समाज” भन्नाले यस ऐनको हकमा सार्वजनिक र निजी क्षेत्रको साझेदारी आयोजना कार्यान्वयनको लागि अनुकूल वातावरण बनाउने, सुझाव दिने, सहयोग, समन्वय र सहजीकरण गर्ने गैरनाफामुखी संगठन, संस्था, व्यक्ति वा उनीहरूको समूहलाई जनाउँछ।

(च) “निजी साझेदार” भन्नाले प्रचलित कानूनअनुसार दर्ता भएको निजी कम्पनी वा तिनीहरूको संयुक्त उपक्रम वा सहकारी संस्था वा तिनीहरूको संयुक्त उपक्रमलाई जनाउँछ।

(छ) “निर्माण तथा हस्तान्तरण” भन्नाले कुनै पूर्वाधार संरचनाको सञ्चालन र व्यवस्थापन प्रदेश सरकारले नै बढी प्रभावकारी रूपमा गर्न सक्ने वा कुनै कारणले

गर्नुपर्ने भएमा त्यस्ता पूर्वाधार संरचनाको निर्माण निजी क्षेत्रको पूरा वा आंशिक लगानीमा सम्पन्न गरी त्यसको सञ्चालन र व्यवस्थापनको आवश्यक ज्ञान र सीपसहित प्रदेश सरकारलाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई जनाउँछ।

(ज) "निर्माण, सञ्चालन तथा हस्तान्तरण" भन्नाले कुनै एक पूर्वाधार संरचना वा त्यसको कुनै हिस्सा निजी वा सहकारी साझेदारको सम्पूर्ण वा अधिकतम लगानीमा निर्माण गरी निश्चित अवधिसम्म सञ्चालन गरी उचित मुनाफासहित आफ्नो लगानी फिर्ता भैसकेपछि उक्त पूर्वाधार संरचना र त्यसमा प्रयोग भएका सम्पूर्ण सम्पत्ति चालु हालतमा सामान्यतः विना मुआब्जा प्रदेश सरकारलाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई जनाउँछ।

(झ) "निर्माण, स्वामीत्वकरण, सञ्चालन तथा हस्तान्तरण" भन्नाले कुनै सेवा प्रदान गर्नको लागि आवश्यक पर्ने सम्पूर्ण प्रणाली स्थापनार्थ चाहिने सम्पूर्ण लगानी सामान्यतः निजी वा सहकारी साझेदारबाट हुने र सम्झौता अवधिसम्म आफूले विकास गरेको संरचनाको स्वामित्वसमेत आफैंमा राखी निर्माण र सञ्चालन गरी उचित मुनाफासहित आफ्नो लगानी फिर्ता भैसकेपछि उक्त संरचना र त्यसमा प्रयोग भएका सम्पूर्ण सम्पत्तिको स्वामित्वसहित चालु हालतमा सामान्यतः विना मुआब्जा प्रदेश सरकारलाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई जनाउँछ।

(ञ) “निर्माण, स्वामीत्वकरण तथा सञ्चालन” भन्नाले कुनै खास सेवा प्रदान गर्नको लागि आवश्यक पर्ने पूर्वाधार संरचनाको निर्माण, सञ्चालन र व्यवस्थापन गर्न आवश्यक पर्ने सम्पूर्ण वा आंशिक लगानी निजी वा सहकारी साझेदारले गरी त्यसको स्वामित्वसमेत आफैंमा राखी निरन्तर सञ्चालन गरिरहने गरी गरिएको करारीय व्यवस्थालाई जनाउँछ। निजी वा सहकारी साझेदारले चाहेसम्म वा टाट नपल्टिएसम्म वा कुनै कारणले असक्षम नभए वा कानूनी अस्तित्व समाप्त नभएसम्म सम्झौताबमोजिमको कार्य गरिरहन सक्दछ।

(ट) “निर्माण, हस्तान्तरण तथा सञ्चालन” भन्नाले कुनै पूर्वाधार संरचनाको विकासको लागि आवश्यक पर्ने अधिकांश वा आंशिक लगानी निजी वा सहकारी क्षेत्रबाट हुने गरी त्यसको निर्माण सम्पन्न भए पश्चात संरचनाको सुरक्षा, प्रचलित कानूनी व्यवस्था वा अन्य कुनै कारणले प्रदेश सरकारले तत्कालै त्यसको जिम्मेवारी लिई निजी वा सहकारी साझेदारलाई उचित मुनाफासहित आफ्नो लगानी फिर्ता लिन निश्चित अवधिसम्म त्यसको सञ्चालनको जिम्मेवारी दिने गरी गरिएको करारीय व्यवस्थालाई जनाउँछ।

(ठ) “पूर्वाधार आयोजना” भन्नाले सडक, सुरुङ्ग मार्ग, पुल, अस्पताल, नहर, विद्युत् उत्पादन गृह, विद्युत् प्रसारण लाइन, केबुलकार लाइन, रेल्वे लाइन, सार्वजनिक यातायात सेवा, ट्रलीबस संरचना, ट्रामवे, सुख्खा बन्दरगाह, जलमार्ग, परिवहन बिसौनी स्थल, प्रदर्शनी स्थल, पार्क, ताल तलैया, पोखरी, जलाशय, बाँध, ढल

निकास, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, ऊर्जा उत्पादन तथा वितरण, रङ्गशाला, सार्वजनिक सभागृह, बहुआवासीय भवन वा सार्वजनिक गोदामघर र यस्तै प्रकृतिका अन्य पूर्वाधार आयोजनालाई जनाउँछ।

(ड) "बजारीकरण करार" भन्नाले विपन्न, सीमान्तकृत समुदाय, दलित, महिला र अपाङ्गता भएका व्यक्तिलगायतका नागरिकहरूको सामाजिक-आर्थिक सशक्तीकरणका कार्यहरूमार्फत् निजी वा सहकारी साझेदारले सामाजिक दायित्व भएको व्यावसायिक वस्तु वा सेवा(सोसियली रेस्पोन्सिबल बिजनेस प्रोडक्टस् एण्ड सर्भिसेस) को बजारीकरण आफ्नो लगानी र प्रदेश सरकार वा स्थानीय तहसँगको  सहकार्यमा गर्ने गरी गरिएको करारीय व्यवस्थालाई जनाउँछ।

(ढ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालयलाई सम्झनुपर्छ।

(ण) "लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण" भन्नाले कुनै पूर्वाधार संरचना पट्टा(लिज) मा लिई निजी वा सहकारी साझेदारको सम्पूर्ण वा अधिकतम लगानीमा निर्माण गरी निश्चित अवधिसम्म सञ्चालन गरी उचित मुनाफासहित आफ्नो लगानी फिर्ता भैसकेपछि उक्त पूर्वाधार संरचना र त्यसमा प्रयोग भएका सम्पूर्ण सम्पत्ति चालु हालतमा सामान्यतः विना मुआब्जा प्रदेश सरकारलाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई जनाउँछ।

(त) "लिज, निर्माण, स्वामीत्वकरण, सञ्चालन तथा हस्तान्तरण" भन्नाले कुनै पूर्वाधार संरचना पट्टा(लिज) मा लिई निजी वा सहकारी साझेदारको सम्पूर्ण वा

अधिकतम लगानीमा निर्माण गरी सम्झौता अवधिसम्म आफूले विकास गरेको संरचनाको स्वामित्व आफैमा राखेर सञ्चालन गरी उचित मुनाफासहित आफ्नो लगानी फिर्ता भैसकेपछि उक्त पूर्वाधार संरचना र त्यसमा प्रयोग भएका सम्पूर्ण सम्पत्ति चालु हालतमा सामान्यतः विना मुआब्जा प्रदेश सरकारलाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई जनाउँछ।

(थ) "लिज, सञ्चालन तथा हस्तान्तरण" भन्नाले चालु अवस्थामा रहेको कुनै पूर्वाधार संरचना निजी वा सहकारी साझेदारले पट्टा(लिज) मा लिई निश्चित अवधिसम्म सञ्चालन गरी चालु अवस्थामा प्रदेश सरकारलाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई जनाउँछ।

(द) "विकास, सञ्चालन तथा हस्तान्तरण" भन्नाले भैरहेको कुनै पूर्वाधार संरचनामा निजी वा सहकारी क्षेत्रको लगानीमा कुनै संरचना थप वा क्षमता विस्तार गरी सञ्चालन गर्ने र निश्चित अवधिमा उचित मुनाफासहित आफ्नो लगानी फिर्ता भएपछि सम्पूर्ण संरचना वा सम्पत्ति सामान्यतः विना मुआब्जा प्रदेश सरकारलाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई जनाउँछ।

(ध) "विकास साझेदार" भन्नाले आयोजना कार्यान्वयन गर्न द्विपक्षीय वा बहुपक्षीय सम्झौताअन्तर्गत आर्थिक तथा प्राविधिक सहयोग र सहजीकरण गर्ने दातृ निकाय वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थालाई जनाउँछ।

(न) “विशेषज्ञ सेवा करार” भन्नाले विपन्न, सीमान्तकृत समुदाय, दलित, महिला र अपाङ्गता भएका व्यक्ति लगायतका नागरिकहरूको सामाजिक-आर्थिक सशक्तीकरणका लागि आवश्यक कृषि, भेटनरी, बीमा, व्यावसायिक तालिमलगायतका विशेषज्ञ सेवाहरू निजी वा सहकारी साझेदारमार्फत् प्रदान गर्न विशेषज्ञ सेवा प्रदायक निजी वा सहकारी साझेदार र प्रदेश सरकार वा स्थानीय तहबीच गरिएको करारीय व्यवस्थालाई जनाउँछ।

(प) "सम्बन्धित मन्त्रालय" भन्नाले प्रदेश सरकारको कार्यविभाजन नियमावलीअनुसार आफ्नो कार्यक्षेत्रभित्रको आयोजनासँग सम्बन्धित मन्त्रालयलाई सम्झनुपर्छ।

(फ) “सम्भाव्यता न्यून परिपूर्ति कोष” भन्नाले निजी वा सहकारी साझेदारले आयोजनामा गरेको लगानी सेवाग्राहीबाट संकलित सेवा शुल्क र अन्य आम्दानीबाट जति लगानी उठाउन सकिदैन त्यति लगानी बराबरको रकम सार्वजनिक साझेदारले निजी वा सहकारी साझेदारलाई उपलब्ध गराउनको लागि स्थापना गरेको कोषलाई जनाउँछ।

(ब) “साझेदार” भन्नाले सार्वजनिक र निजी क्षेत्रबीच हुने साझेदारी आयोजनाको करारका पक्षहरूलाई जनाउँछ र सो शब्दले सार्वजनिक र सहकारी क्षेत्र वा सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच हुने करार सम्झौताका पक्षहरूलाई समेत जनाउँछ।

(भ) “सामाजिक-आर्थिक आयोजना” भन्नाले शिक्षा, स्वास्थ्य, सरसफाई, कृषि, पशुपन्छीपालन, माछापालन,

मौरीपालन, रोजगार सिर्जना, आय आर्जन र यस्तै प्रकृतिका अन्य क्रियाकलापहरूको माध्यमबाट लक्षित वर्ग वा आम नागरिकको सामाजिक-आर्थिक सशक्तीकरणका लागि कार्यान्वयन गरिने आयोजनालाई जनाउँछ।

(म) "सामाजिक सेवा करार" भन्नाले सामाजिक सेवाको उद्देश्यले विपन्न, सीमान्तकृत समुदाय, दलित, महिला र अपाङ्गता भएका व्यक्तिलगायतका नागरिकहरूको सामाजिक-आर्थिक सशक्तीकरणका कार्यहरू निजी वा सहकारी साझेदारले आफ्नो लगानी र प्रदेश सरकार वा स्थानीय तहसँगको सहकार्यमा सञ्चालन गर्ने गरी गरिएको करारीय व्यवस्थालाई जनाउँछ।

(य) "सार्वजनिक निजी साझेदारी" वा "साझेदारी" भन्नाले पूर्वाधार र सामाजिक-आर्थिक विकासका आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा सार्वजनिक र निजी क्षेत्रबीच भएको आपसी करार सम्झौतालाई जनाउँछ। यसले सार्वजनिक, निजी, सहकारी र सेवा प्रदायक साझेदारबीच भएको करारसम्बन्धी व्यवस्थासमेतलाई जनाउँछ।

(र) "सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समिति" भन्नाले दफा ७५ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्छ।

(ल) "सार्वजनिक साझेदार" भन्नाले प्रदेश सरकार वा प्रदेश सरकार र स्थानीय तहको संयुक्त उपक्रम(ज्वाइन्ट भेन्चर) लाई जनाउँछ।

(व) "सेवा प्रदायक साझेदार" भन्नाले करारको एक पक्ष भई सार्वजनिक साझेदार, निजी साझेदारी, लाभग्राही वर्ग र सरोकारवालाहरूबीच साझेदारी आयोजना कार्यान्वयन गर्न अनुकूल वातावरण निर्माण गर्ने, समन्वय, सहजीकरण र उत्प्रेरित गर्ने प्रचलित कानूनअनुसार दर्ता भएको गैरनाफामूलक संगठन, संस्था वा तिनीहरूको संयुक्त उपक्रमलाई जनाउँछ।

(श) "सेवा शुल्क" भन्नाले साझेदारले सेवा सुविधा उपलब्ध गराएबापत उपभोक्तासँग लिन पाउने सेवा शुल्क जनाउँछ।

(ष) "संयुक्त कम्पनी" वा "कम्पनी" भन्नाले सार्वजनिक, निजी क्षेत्र वा सार्वजनिक, निजी, सहकारी वा सार्वजनिक सहकारी क्षेत्रले कुनै आयोजना कार्यान्वयन गर्नको लागि दफा ३१ बमोजिम स्थापना गरेको संयुक्त कम्पनीलाई जनाउँछ।

३. **<u>साझेदारीको उद्देश्यः</u>** सार्वजनिक निजी साझेदारीका प्रमुख उद्देश्य निम्नानुसार रहेका छन्ः-

(क) प्रदेशको विकासमा निजी वा सहकारी क्षेत्रको पूँजी, प्रविधि, उद्यमशीलता र व्यवस्थापकीय दक्षतालाई आकर्षित गरी उपयोग गर्ने,

(ख) प्रदेशको विकास र सेवा सुविधा प्रवाहको दायरा फराकिलो बनाउने,

(ग) सेवा सुविधा प्रवाहको गुणस्तरमा सुधार ल्याउने।

## परिच्छेद-२

## साझेदारीको क्षेत्र, ढाँचा र आयोजना छनौटसम्बन्धी व्यवस्था

४. **साझेदारीका क्षेत्रहरूः** (१) पूर्वाधार आयोजनामा साझेदारीको क्षेत्र देहायबमोजिम हुनेछः-

(क) सडक, पुल, सुरुङ्ग मार्ग, रेल्वे लाइन, सुख्खा बन्दरगाह र जलमार्ग,

(ख) अस्पताल र स्वास्थ्य केन्द्र,

(ग) खानेपानी, सिँचाइ, जलाधार क्षेत्र, ताल तलैया, पोखरी र जलाशयको संरक्षण र व्यवस्थापन,

(घ) जलविद्युत्, शौर्य ऊर्जा र वायो ऊर्जाको उत्पादन र वितरण,

(ङ) विद्युतीय बस सेवा, सार्वजनिक यातायात सेवा, ट्रली बस सेवा, मेट्रो सेवा, केबुलकार र रोप वे,

(च) मनोरञ्जन स्थल, पार्क, गढी, पर्यटकीय क्षेत्र, रङ्गशाला, सभागृह र प्रदर्शनीस्थल,

(छ) बहुआवासीय भवन, सार्वजनिक गोदामघर, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, फोहोरबाट वायो ग्याँस र विद्युत् उत्पादन प्लान्ट,

(ज) कृषि बजार, पशुपन्छी बजार, पशु वधशाला, औद्योगिक र विशेष आर्थिक क्षेत्रहरूको विकास र व्यवस्थापन,

(झ) प्रदेश सरकारलाई उपयुक्त लागेको अन्य पूर्वाधार संरचनाहरू।

(२) सामाजिक-आर्थिक आयोजनामा साझेदारीको क्षेत्र देहायबमोजिम हुनेछः-

(क) जनस्वास्थ्य, सरसफाई, पोषण, गर्भवती तथा नवजात शिशु स्याहार, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्यसम्बन्धी जनचेतना विस्तार र सेवा प्रवाह कार्यक्रम,

(ख) पशुपन्छीको स्वास्थ्य जाँच, उपचार र खोप सेवा,

(ग) जडीबुटी, तरकारी, फलफूल, पशुपालन, माछा, मौरी, रेशमखेती, र यस्तै अन्य क्षेत्रको पकेट क्षेत्रको विकास र व्यवस्थापन,

(घ) लघु उद्यम प्रवर्धन, लघु वित्त र लघु बीमा सेवाको विस्तार,

(ङ) विद्यालय जाने अवसर नपाएका, बीचैमा विद्यालय छाडेका, मौसमी बसाइसराइका कारण पठनपाठनमा बाधा पुगेका र अपाङ्गता भएका बालबालिकाको शिक्षा, स्वास्थ्य र सरसफाइको व्यवस्था,

(च) वित्तीय साक्षरता विस्तार,

(छ) बजार मागमा आधारित रोजगारमूलक सीप विकासका कार्यक्रम,

(ज) प्रदेश सरकारलाई उपयुक्त लागेको सामाजिक-आर्थिक विकासका अन्य आयोजनाहरू।

**५.** **<u>साझेदारीको ढाँचा</u>:** (१) पूर्वाधार आयोजनामा साझेदारीको ढाँचा(मोडेल) देहायबमोजिम हुनेछः-

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) निर्माण, स्वामित्वकरण र सञ्चालन,

(झ) यस्तै प्रकृतिका अन्य ढाँचाहरू।

(२) सामाजिक-आर्थिक विकासका आयोजनामा साझेदारीको ढाँचा देहायबमोजिम हुनेछः-

(क) सामाजिक सेवा करार,

(ख) बजारीकरण करार,

(ग) विशेषज्ञ सेवा करार,

(घ) यस्तै प्रकृतिका अन्य ढाँचाहरू।

६. **लगानीको ढाँचाः** (१) साझेदारी आयोजना सामान्यतः निजी क्षेत्रको एकल लगानीमा कार्यान्वयन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको प्राथमिकतामा परेको कुनै खास आयोजना प्रदेश सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा कार्यान्वयन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको आयोजनामा स्थानीय तहसमेत साझेदार बन्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको आयोजनामा प्रदेश सरकार वा स्थानीय तहबाट गरिने लगानीको मात्रा आयोजनाको प्रकृतिअनुसार फरक हुन सक्नेछ।

(५) प्रदेश सरकार वा स्थानीय तहले आफ्नो हिस्सा बिक्री गर्न चाहेमा प्रचलित मूल्यमा बिक्री गर्न सक्नेछन्।

(६) उपदफा (५) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले आफ्नो हिस्सा बिक्री गर्दा पहिलो प्राथमिकता आयोजनाको विद्यमान साझेदारलाई दिनुपर्नेछ।

७. **कार्यान्वयनको ढाँचाः** (१) साझेदारी आयोजनाको कार्यान्वयन एकल र संयुक्तमध्ये कुनै एक तरिकाबाट गरिनेछ।

(२) निजी क्षेत्रको सम्पूर्ण लगानी भएको आयोजना निजी क्षेत्रको एकल व्यवस्थापनमा कार्यान्वयन हुनेछ।

(३) सार्वजनिक क्षेत्रको आंशिक लगानी भए तापनि निजी क्षेत्रको व्यवस्थापन प्रभावकारी हुने आयोजनाको कार्यान्वयन निजी क्षेत्रको एकल व्यवस्थापनमा हुनेछ।

(४) सार्वजनिक र निजी क्षेत्र दुवैको उल्लेख्य लगानी भएको वा आयोजनाको कार्यान्वयनमा संयुक्त भूमिका आवश्यक भएको आयोजना संयुक्त कम्पनीको व्यवस्थापनमा कार्यान्वयन हुनेछ।

८. **आयोजनाको सूची तयार गर्नेः** (१) प्रदेश सरकारले योजना तर्जुमाको नियमित प्रक्रियाअन्तर्गत पहिचान भएका साझेदारी आयोजनाहरूको प्राथमिकताअनुसार छुट्टै सूची तयार गर्नुपर्नेछ।

(२) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय र मातहतका निकायहरूले आफ्नो मातहत साझेदारीमा सञ्चालन गर्न सकिने आयोजनाहरूको सूची तयार गर्नुपर्नेछ।

(३) प्रदेश सभा, प्रदेश सभाका समिति वा उपसमिति र सांसदहरूबाट सिफारिस भएका आयोजनाहरूमध्ये साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजनाको सूची सम्बन्धित मन्त्रालयले तयार गर्नुपर्नेछ।

(४) कर्णाली प्रदेश योजना आयोगले पहिचान गरेका वा आयोगमा प्राप्त भएका आयोजनाको सूची सम्बन्धित मन्त्रालयमा पठाउनुपर्नेछ।

(५) जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकाहरूबाट माग भई आएका साझेदारी आयोजनाहरू सम्बन्धित

मन्त्रालय वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नुपर्नेछ।

(६) कुनै कम्पनी वा संस्थाले सार्वजनिक निजी साझेदारीअन्तर्गत कुनै आयोजना सञ्चालन गर्न चाहेमा सम्बन्धित मन्त्रालयमा निवेदन पेश गर्न सक्नेछ।

(७) प्रदेश सरकारले सार्वजनिक सूचना प्रकाशित गरी साझेदारी आयोजनाहरू माग गर्न सक्नेछ।

(८) प्रदेश सरकारले निजी क्षेत्र, प्राज्ञिक वर्ग, विषयगत विज्ञ, स्थानीय तह र सरोकारवालाहरूसँग अन्तरक्रिया वा गोष्ठी गरी साझेदारी आयोजनाहरू पहिचान गर्न सक्नेछ।

(९) प्रदेश सरकारलाई उपयुक्त लागेको अन्य विधिबाट साझेदारी आयोजनाहरू पहिचान गर्न सक्नेछ।

(१०) उपदफा (१), (२), (३), (४), (५), (६), (७), (८) र (९) बमोजिम प्राप्त सबै आयोजनाहरूको सूची सम्बन्धित मन्त्रालयले आफ्नो रायसहित सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समितिमा छलफलका लागि पेश गर्नुपर्नेछ।

(११) उपदफा (१०) बमोजिम प्राप्त सूचीमा सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समितिले आवश्यक छलफल गरी परिमार्जन वा थपघट गर्न सक्नेछ।

(१२) उपदफा (११) बमोजिम सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समितिले तयार गरेको सूची प्रदेश सरकारको आयोजना बैंक (प्रोजेक्ट बैंक) मा समावेश गर्नु पर्नेछ।

९. **आयोजनाको प्राथमिकीकरण**: (१) आयोजना बैंकमा समावेश भएका साझेदारी आयोजनाको सूचीलाई सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समितिले सम्बन्धित मन्त्रालय र सरोकारवालाहरूसँग

छलफल गरी उनीहरूको सुझाव र प्रतिबद्धतासमेतलाई ध्यानमा राखी आयोजनाहरूको प्राथमिकीकरण गर्नु पर्नेछ।

**<u>स्पष्टीकरण</u>**: यस दफाको प्रयोजनको लागि "सरोकारवालाहरू" भन्नाले सम्बन्धित गाउँपालिका वा नगरपालिका, आयोजनाबाट लाभ प्राप्त गर्ने पक्ष, हानि वा नकारात्मक प्रभाव पर्न जाने पक्ष र आयोजनासँग सरोकार भएका क्रियाशील संघ, संस्था वा व्यक्तिहरूमध्ये केही वा सबैलाई जनाउँछ।

(२) साझेदारी आयोजनाको प्राथमिकीकरण उपदफा (१) मा उल्लिखित आधारको अतिरिक्त देहायको आधारमा हुनेछः-

(क) आधारभूत सेवा सुविधा विस्तार हुने,
(ख) आर्थिक विकासमा योगदान गर्ने,
(ग) विपन्न र सीमान्तकृत समुदायलाई फाइदा पुग्ने,
(घ) बढी जनसङ्ख्या लाभान्वित हुने,
(ङ) आर्थिक, सामाजिक र वातावरणीय जोखिम कम हुने,
(च) निजी क्षेत्रको लगानी र व्यवस्थापन हुने,
(छ) सरकारको लगानी र दीर्घकालीन दायित्व कम हुने,
(ज) प्रत्यक्ष वा अप्रत्यक्ष लाभहरू बढी प्राप्त हुने,
(झ) आयोजना सम्पन्न हुने अवधि छोटो हुने,
(ञ) रोजगारी सिर्जना गर्ने लगायतका अन्य आधारहरू।

(३) उपदफा (१) बमोजिम सरोकारवालाहरूसँग गरिने छलफलको विधि र प्रक्रिया सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समितिले निर्धारण गरेबमोजिम हुनेछ। उक्त छलफल कार्यक्रम आवश्यकता हेरी एकै पटक वा पटक-पटक र सामूहिक वा आयोजनाअनुसार छुट्टाछुट्टै गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम आयोजनाको प्राथमिकीकरण गर्दा देहायबमोजिमका आधारमा विभाजन गरी छुट्टाछुट्टै प्राथमिकीकरण गर्नुपर्नेछः-

(क) राजस्व वृद्धि गर्ने आयोजना,

(ख) व्ययभार बढी हुने आयोजना,

(ग) राजस्व वृद्धि नगर्ने र व्ययभार नबढाउने आयोजना।

**<u>स्पष्टीकरणः</u>** यस उपदफाको प्रयोजनको लागि,-

(क) "राजस्व वृद्धि गर्ने आयोजना" भन्नाले शेयर लगानी, सम्भाव्यता न्यून परिपूर्ति कोष (भायाविलिटी ग्याप फन्ड), जोखिम न्यूनीकरण कोष (रिस्क मिटिगेशन फन्ड) र यस्तै अन्य शीर्षकअन्तर्गत सरकारले गर्ने लगानीभन्दा रोयल्टी, लाभांश वा यस्तै अन्य शीर्षकअन्तर्गत सरकारले प्राप्त गर्ने राजस्व बढी हुने आयोजनालाई बुझाउँछ।

(ख) "व्ययभार बढी हुने आयोजना" भन्नाले रोयल्टी, लाभांश वा यस्तै अन्य शीर्षकअन्तर्गत सरकारले कुनै रकम प्राप्त नगर्ने वा त्यस्तो रकम प्राप्त गरे पनि प्राप्त गर्ने राजस्वभन्दा शेयर लगानी, सम्भाव्यता न्यून परिपुर्ति कोष, जोखिम न्यूनीकरण कोष र यस्तै अन्य शीर्षकअन्तर्गत सरकारले गर्ने लगानी बढी हुने आयोजनालाई बुझाउँछ।

(ग) "राजस्व वृद्धि नगर्ने र व्ययभार नबढाउने आयोजना" भन्नाले सरकारले लगानी गर्न नपर्ने र सरकारको राजस्व वृद्धिमा पनि प्रत्यक्ष योगदान नगर्ने आयोजनालाई बुझाउँछ।

(५) साझेदारी आयोजनाहरूको सूचीमा थपघट हुँदा वा नयाँ परिस्थिति उत्पन्न भएमा उपदफा (१) बमोजिम तयार भएको प्राथमिकीकरणको सूचीलाई आवश्यकताअनुसार परिमार्जन र पुनः प्राथमिकीकरण गर्न सकिनेछ।

१०. **<u>आयोजनाको छनौट</u>**ः (१) दफा ९ बमोजिम तयार भएको प्राथमिकीकरण सूचीबाट सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समितिले सम्बन्धित मन्त्रालयको सहभागितामा उत्कृष्ट आयोजनाहरू छनौट गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट भएका आयोजनाहरू सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नको लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(३) सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका आयोजनाहरू प्रदेशको परियोजना बैंकमा उल्लेख गर्नुपर्नेछ।

११. **<u>सामान्य विवरण तयार गर्नुपर्ने</u>**ः (१) साझेदार छनौटको प्रक्रिया शुरु हुनु अगावै सम्बन्धित मन्त्रालयले साझेदारीको औचित्य स्थापित गर्न आयोजनाको सामान्य विवरण तयार गर्नुपर्नेछ।

(२) आयोजनाको सामान्य विवरणमा देहायका केही वा सबै विषय समावेश हुन सक्नेछः-

(क) आयोजनाको पृष्ठभूमि,
(ख) आयोजनाको औचित्य,
(ग) लाभान्वित वर्ग,
(घ) आयोजनाको अवधि,
(ङ) साझेदारी गर्दा र नगर्दा बीचको भिन्नताको पहिचान,
(च) आयोजनाको लगानी,
(छ) आयोजनाको ढाँचा,
(ज) आयोजनाको कार्यान्वयन ढाँचा,

(झ) साझेदारको किसिम,

(ञ) साझेदारहरूको प्रमुख जिम्मेवारी,

(ट) साझेदार र लाभान्वित वर्गको हित संरक्षण गर्ने उपायहरू,

(ठ) आयोजनाका जोखिमहरू,

(ड) विवाद व्यवस्थापनका तरिकाहरू,

(ढ) जोखिम व्यवस्थापनका उपायहरू,

(ण) समीक्षा र समायोजनको प्रक्रिया,

(त) सम्झौताका आधारभूत रूपरेखा (मुख्य-मुख्य शर्त वन्देजहरू, समयावधि, लगानी, सेवा शुल्क निर्धारण इत्यादि),

(थ) आयोजनाको प्रकृतिअनुसारका आवश्यक अन्य पक्षहरू।

(३) आयोजनाको सामान्य विवरण तयार गर्नको लागि आवश्यकताअनुसार निम्नमध्ये कुनै वा केही कार्य गरेको हुनुपर्नेछः-

(क) प्रारम्भिक वस्तुस्थिति विश्लेषण,

(ख) पूर्व सम्भाव्यता अध्ययन,

(ग) प्रारम्भिक वातावरण परीक्षण,

(घ) प्रारम्भिक लागत र लाभ विश्लेषण,

(ङ) विज्ञमत सर्वेक्षण,

(च) जनमत सर्वेक्षण,

(छ) गोष्ठी वा अन्तरक्रिया,

(ज) आवश्यक देखिएका अन्य अध्ययन वा विश्लेषणहरू।

(४) आयोजनाको विवरण तयार गर्न वाह्य परामर्श सेवा लिनु परेमा प्रचलित कानूनअनुसार त्यस्तो सेवा लिन सकिनेछ।

(५) कुनै निकाय वा संस्थाले निःशुल्क परामर्श सेवा उपलब्ध गराउने भएमा वा कुनै निकाय वा संस्थाको आर्थिक तथा प्राविधिक

सहयोगमा परामर्श सेवा प्राप्त गर्न सकिने अवस्था भएमा वार्ताद्वारा आपसी सहमतिमा सम्झौता गरी त्यस्तो सेवा सोझै प्राप्त गर्न सकिनेछ। तर त्यस्तो सेवा स्वीकार गर्नु अघि प्रदेश सरकारको नीति तथा मापदण्ड अनुकूल भए नभएको यकिन गर्न मन्त्रालयको सहमति लिनुपर्नेछ। मन्त्रालयले त्यस्तो परामर्श सेवा सरकारको चालू आर्थिक वर्षको बजेट तथा कार्यक्रममा आबद्ध भए नभएको हेरी सहमति प्रदान गर्नुपर्नेछ।

## परिच्छेद-३

## पूर्वाधार आयोजनाको साझेदार छनौटसम्बन्धी व्यवस्था

**१२. आशयपत्र आह्वान गर्न सक्नेः** (१) यस ऐनबमोजिम कुनै आयोजना कार्यान्वयन गर्न उपयुक्त छ भनी प्रदेश सरकारबाट निर्णय भएमा सम्बन्धित मन्त्रालयले तोकिएका कुराहरू खुलाई सार्वजनिक रूपमा सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आशयपत्र पेश गर्न चाहने कम्पनी वा संस्थाले सोही उपदफाबमोजिम प्रकाशित सूचनामा उल्लिखित विवरणहरू खुलाई तोकिएको समयावधिभित्र सम्बन्धित मन्त्रालयसमक्ष आशयपत्र पेश गर्नुपर्नेछ।

**१३. संक्षिप्त सूची तयार गर्नेः** सम्बन्धित मन्त्रालयले आशयपत्र प्राप्त भएको मितिले एक महिनाभित्र तोकिएको मूल्याङ्कनका आधारमा आशयपत्रदाताहरूको मूल्याङ्कन गरी संक्षिप्त सूची तयार गरी प्रकाशित गर्नुपर्नेछ।

**१४. प्रस्ताव आह्वान गर्न सक्नेः** (१) दफा १३ बमोजिम संक्षिप्त सूचीमा परेका आशयपत्रदाताहरूमध्येबाट आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरू खुलाई सार्वजनिक रूपमा सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले देहायका विवरणहरू खुलाई सोही उपदफाबमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र सम्बन्धित मन्त्रालयसमक्ष प्रस्ताव पेश गर्नुपर्नेछः-

(क) प्रारम्भिक सम्भाव्यता अध्ययन,

(ख) प्रारम्भिक इञ्जिनियरिङ्ग प्रारूप,

(ग) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन,

(घ) प्रस्तावकको आर्थिक हैसियत झल्काउने विवरणहरू,

(ङ) प्रस्तावकको प्राविधिक क्षमता झल्काउने विवरणहरू,

(च) आयोजनाको अनुमानित लागत,

(छ) प्रस्तावित वित्तीय स्रोत,

(ज) प्रदेश सरकार वा स्थानीय तहलाई बुझाउने प्रस्तावित रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकम,

(झ) प्रदेश सरकार वा स्थानीय तहसँग माग गरिएको शेयर लगानी, सम्भाव्यता न्यून परिपूर्ति कोष, जोखिम न्यूनीकरण कोष वा यस्तै अन्य रकम,

(ञ) उपभोक्तासँग लिने प्रस्तावित सेवा शुल्क,

(ट) आयोजना कार्यान्वयनसम्बन्धी प्रक्रिया र विवरण,

(ठ) आयोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरू,

(ड) तोकिएबमोजिमका अन्य विवरण।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आयोजनाको पहिले नै सर्वेक्षण भइसकेको भए प्रदेश सरकारको निर्णयमा सम्बन्धित मन्त्रालयले दफा १३ बमोजिम सूचीमा परेका आशयपत्रदाताबाट आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका

कुराहरू खुलाई सार्वजनिक रूपमा सूचना प्रकाशन गरी सोझै प्रस्ताव आह्वान गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव पेश गर्न चाहने प्रस्तावकले तोकिएका विवरणहरू खुलाई सोही उपदफाबमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र सम्बन्धित मन्त्रालय समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ।

**१५. <u>प्रस्ताव छनौट गर्ने</u>:** (१) दफा १४ बमोजिम प्रस्ताव प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले प्रस्ताव प्राप्त भएको मितिले साठी दिनभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नुपर्नेछः-

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता,

(ग) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन,

(घ) आयोजनाको अनुमानित लागत,

(ङ) प्रदेश सरकार वा स्थानीय तहलाई बुझाउने प्रस्तावित रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकम,

(च) प्रदेश सरकार वा स्थानीय तहसँग माग गरिएको शेयर लगानी, सम्भाव्यता न्यून परिपूर्ति कोष, जोखिम न्यूनीकरण कोष वा यस्तै अन्य रकम,

(छ) उपभोक्तासँग लिने प्रस्तावित सेवा शुल्क,

(ज) आयोजनाको प्रकृतिअनुसारका अन्य आधारहरू।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौटसम्बन्धी आधार प्रस्ताव पेश गर्नुअघि सम्बन्धित सबै प्रस्तावकहरूलाई उपलब्ध गराउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव छनौट भएपछि छिटो साधनद्वारा छनौट भएको प्रस्तावकलाई त्यसको जानकारी दिनु पर्नेछ र

सम्बन्धित सबै प्रस्तावकको जानकारीका लागि राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(४) उपदफा (१) को खण्ड (घ), (ङ) र (च) मा उल्लिखित रकमको गणना वर्तमान मूल्यमा गर्नुपर्नेछ।

(५) वर्तमान मूल्य निर्धारणको लागि प्रयोग गरिने बट्टादर (डिस्काउन्ट रेट) प्रस्ताव आव्हान सूचनामा तोकिएको हकमा सोहीबमोजिम र नतोकिएको हकमा दश प्रतिशत हुनेछ।

१६. **<u>वार्ताद्वारा आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्नेः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कम्पनी वा संस्थाले विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि सम्बन्धित मन्त्रालयसमक्ष निवेदन दिन सक्नेछ। यस्तो निवेदन पेश गर्दा त्यस्तो अध्ययन गर्न लाग्ने आवश्यक खर्च रकमको अनुमानसमेत पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनउपर आवश्यक जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिब छ भन्ने लागेमा प्रदेश सरकारले सम्बन्धित मन्त्रालयलाई निवेदकसँग वार्ता गर्न अनुमति दिन सक्नेछ। वार्ताबाट त्यस्तो सम्भाव्यता अध्ययन गर्न उपयुक्त देखिएमा निर्णयका लागि आवश्यक रायसहित प्रदेश सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नुपर्नेछ। प्रदेश सरकार मन्त्रिपरिषद्बाट त्यस्तो प्रस्ताव स्वीकृत भएमा सम्बन्धित मन्त्रालयले सम्भाव्यता अध्ययन गर्ने अनुमति प्रदान गर्नेछ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने कम्पनी स्वयंले व्यहोर्नु पर्नेछ। सम्भाव्यता अध्ययन भइसकेपछि अध्ययन गर्दा भएको वास्तविक व्ययको चार्टर एकाउण्टेण्टबाट प्रमाणित विवरण संलग्न राखी अध्ययन प्रतिवेदन पेश गर्नुपर्नेछ।

(४) यस दफाबमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै आयोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउँदा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने कम्पनी कुनै कारणले छनौट हुन नसकेमा निजले सो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो आयोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने कम्पनीले व्यहोर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम व्यहोरिने रकम प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयमा आवश्यकताअनुसार समिति गठन गरी वास्तविक खर्च रकम यकिन गर्नुपर्नेछ। त्यस्तो खर्च रकम यकिन गर्दा सम्भाव्यता अध्ययन गर्ने समयको मूल्यलाई आधार मूल्य मान्नुपर्नेछ। यस्तो गणना गर्दा आधार मूल्यबाहेक मूल्यवृद्धिलगायत अतिरिक्त खर्चहरू गणना गर्न पाइने छैन।

**१७. <u>वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न सक्नेः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा कुनै आयोजना वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछः-

(क) यस ऐनबमोजिम कम्तीमा दुईपटक आशयपत्र वा प्रस्ताव आह्वान गर्दा पनि आवश्यक संख्यामा आशयपत्र वा प्रस्ताव छनौट हुन नसकेको, वा

(ख) प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको, वा

(ग) नयाँ अवधारणा वा प्रविधि समावेश भएको, वा

(घ) सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समितिले वार्ताद्वारा कार्यान्वयन गर्न सिफारिस गरेको, वा

(ङ) कुनै कारणले यस ऐनबमोजिमको अन्य कार्यविधि अवलम्बन गर्न उपयुक्त नदेखिएको।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम कुनै कारणले यस ऐनबमोजिमको अन्य कार्यविधि अवलम्बन गर्न उपयुक्त नदेखिएको हो भने सोको कारण खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कुनै आयोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने कम्पनीले दफा १४ को उपदफा (२) मा उल्लिखित विवरण र तोकिएका कुराहरू खुलाई निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा वार्ताद्वारा सो आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सम्बन्धित मन्त्रालयको प्रस्तावमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयले निवेदकसँग वार्ता गरी कार्यान्वयन गर्न अनुमति प्रदान गर्नेछ।

१८. **समझदारीपत्रमा हस्ताक्षर गर्न सक्ने**: दफा १५ बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा १७ को उपदफा (४) बमोजिम आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सम्बन्धित मन्त्रालयले प्रस्तावकसँग आयोजनाको कार्यान्वयन गर्ने सम्बन्धमा समझदारीपत्र हस्ताक्षर गर्न सक्नेछ।

१९. **आयोजनाको विस्तृत विवरण पेश गर्नुपर्ने**: (१) दफा १८ बमोजिम समझदारीपत्र गरेकोमा सो समझदारीपत्रमा उल्लिखित समयावधि भित्र र समझदारी पत्र सम्झौता नगरेकोमा आयोजनाको प्रकृति हेरी छ महिनामा नबढ्ने गरी सम्बन्धित मन्त्रालयले तोकेको समयावधिभित्र प्रस्तावकले आयोजना कार्यान्वयनसम्बन्धी देहायका विवरणहरूसहित विस्तृत आयोजना विवरण (डिटेल प्रोजेक्ट रिपोर्ट) सम्बन्धित मन्त्रालयसमक्ष पेश गर्नुपर्नेछः-

(क) आयोजनाको विवरण,

(ख) विस्तृत सम्भाव्यता अध्ययन,

(ग) विस्तृत इञ्जिनियरिङ्ग डिजाइन,

(घ) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(ङ) चरणबद्ध रूपमा कार्यान्वयन गर्ने भए सोको विवरण,

(च) कार्यान्वयन तरिका,

(छ) कार्यान्वयन अवधिको खर्च तथा आम्दानीको प्रक्षेपण,

(ज) कार्यान्वयनको संस्थागत व्यवस्था,

(झ) उपभोक्तासँग लिइने प्रस्तावित शुल्क,

(ञ) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा अन्य व्यक्तिसँग कुनै सम्झौता गरेको भए त्यसको विवरण,

(ट) आयोजना सञ्चालन गर्दा प्रदेश सरकार वा स्थानीय तहलाई बुझाउने प्रस्तावित रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकम,

(ठ) आयोजना सञ्चालन गर्दा प्रदेश सरकार वा स्थानीय तहसँग माग गरिएको शेयर लगानी, सम्भाव्यता न्यून परिपूर्ति कोष, जोखिम न्यूनीकरण कोष वा यस्तै अन्य रकम,

(ड) लगानीका सम्भाव्य स्रोतसम्बन्धी विवरण,

(ढ) आयोजनाको बीमासम्बन्धी व्यवस्था,

(ण) आयोजना कार्यान्वयन हुने क्षेत्र,

(त) आयोजनाको कार्यान्वयन सम्बन्धमा प्रस्तावकले अवलम्बन गर्ने आर्थिक कार्यविधिसम्बन्धी व्यवस्था,

(थ) तोकिएबमोजिमका अन्य विवरण।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले सो उपदफाबमोजिमको विवरण पेश गर्न नसक्ने कुनै मनासिब कारण देखाई म्याद थपको लागि सम्बन्धित मन्त्रालयसमक्ष निवेदन दिएमा सम्बन्धित मन्त्रालयले बढीमा पैंतालिस दिन म्याद थप गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र प्रस्तावकले उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको विवरण पेश गर्न नसक्ने कारण देखाई सम्बन्धित मन्त्रालयसमक्ष दिएको निवेदन जाँचबुझ

गर्दा सो मनासिब देखिएमा सम्बन्धित मन्त्रालयले कुनै खास आयोजनाको हकमा त्यस्तो प्रस्तावकलाई सम्झौता भएपछि सो विवरण पेश गर्न पाउने गरी छुट दिन सक्नेछ।

२०. **<u>रद्द गर्न सक्ने</u>**: (१) प्रस्तावकसँग समझदारी पत्रमा आयोजना सम्झौता गरेको भए त्यस्तो समझदारी पत्र वा सो नभएको भए निम्न अवस्थामा प्रस्तावकको प्रस्ताव रद्द गर्न सकिनेछः-

(क) दफा १९ को उपदफा (१) वा (२) बमोजिमको समयावधिभित्र प्रस्तावकले विवरण पेश नगरेमा वा त्यसरी पेश गरिएको विवरण अध्ययन गर्दा आयोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा, र

(ख) प्रस्तावमा प्रदेश सरकार वा स्थानीय तहसँग माग गरिएको शेयर लगानी, सम्भाव्यता न्यून परिपूर्ति कोष, जोखिम न्यूनीकरण कोष वा यस्तै अन्य रकमभन्दा प्रदेश सरकार वा स्थानीय तहलाई रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकमबापत बढी राजस्व बुझाउने गरी गरिएको प्रस्तावको प्रतिकूल प्रस्ताव प्राप्त भएमा।

(२) उपदफा (१) को खण्ड (ख) को अवस्था रहेको वा नरहेको थाहा पाउनको लागि प्रदेश सरकार वा स्थानीय तहसँग माग गरिएको शेयर लगानी, सम्भाव्यता न्यून परिपूर्ति कोष, जोखिम न्यूनीकरण कोष वा यस्तै अन्य रकमबापतको लगानी र प्रस्तावकले प्रदेश सरकार वा स्थानीय तहलाई रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकमबापतको राजस्व दुवैलाई वर्तमान मूल्यमा गणना गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम वर्तमान मूल्य निर्धारणको लागि प्रयोग गरिने बट्टादर (डिस्काउन्ट रेट) प्रस्ताव आव्हान सूचनामा

तोकिएको हकमा सोहीबमोजिम र नतोकिएको हकमा दश प्रतिशत हुनेछ।

(४) उपदफा (१) बमोजिम समझदारी पत्र वा प्रस्ताव रद्द भएमा प्रस्तावकले प्रदेश सरकारसँग कुनै किसिमको हानि नोक्सानीबापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन।

२१. **सम्झौता गर्नुपर्ने**: (१) दफा १९ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा वा दफा २० बमोजिम समझदारी पत्र वा प्रस्ताव रद्द नभएमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयमा सम्बन्धित मन्त्रालयले प्रस्तावकसँग आवश्यकतानुसार वार्ता गरी सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समितिको सुझाव लिई सम्झौता गर्नेछ।

(२) कुनै आयोजनामा स्थानीय तहसमेत साझेदार भएमा उपदफा (१) बमोजिम गरिने सम्झौतामा स्थानीय तहसमेतले हस्ताक्षर गर्नुपर्नेछ।

२२. **सम्झौता स्वतः रद्द हुने**: (१) प्रस्तावकले दफा १९ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको विवरण तोकेको समयावधिभित्र पेश गर्नुपर्नेछ। सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसँग गरेको सम्झौता स्वतः रद्द भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता स्वतः रद्द भएमा सम्बन्धित पक्षलाई पत्र पठाई वा सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराउनुपर्नेछ।

२३. **सम्झौतामा खुलाउनु पर्ने कुराहरू**: सम्झौतामा देहायका कुराहरू खुलाउनुपर्नेछः-

(क) आयोजनाको विवरण,

(ख) आयोजना कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) आयोजनाको निर्माण वा सञ्चालन गर्दा साझेदारले पाउने सुविधा तथा सहुलियतसम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) आयोजना कार्यान्वयनको चरणबद्ध विवरण र कार्यान्वयन तालिका,

(च) आयोजनाको प्राविधिक गुणस्तर तथा मानक (स्टाण्डर्ड),

(छ) आयोजना सञ्चालनसम्बन्धी विवरण,

(ज) आयोजना लिजमा दिइएको भए सोको विवरण र लिजका शर्तहरू,

(झ) आयोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त,

(ञ) आयोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्कसम्बन्धी व्यवस्था,

(ट) आयोजनाको बीमासम्बन्धी व्यवस्था,

(ठ) आयोजनामा जडित मेशिन तथा आयोजना हस्तान्तरणका बखत हुनुपर्ने अवस्था र गुणस्तर,

(ड) प्रदेश सरकारलाई बुझाउनु पर्ने रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकम र भुक्तानी विधि,

(ढ) आयोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौताबमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ण) विवाद व्यवस्थापनसम्बन्धी व्यवस्था,

(त) प्रगति प्रतिवेदनसम्बन्धी व्यवस्था,

(थ) अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्था,

(द) आवधिक समीक्षा र समायोजनसम्बन्धी व्यवस्था,

(ध) सार्वजनिक साझेदारको तर्फबाट लगानी, सम्भाव्यता न्यून परिपूर्ति कोष र जोखिम न्यूनीकरण कोष आवश्यक भए सोसम्बन्धी व्यवस्था,

(न) सार्वजनिक साझेदारको विशेष जिम्मेवारीहरू भए सोसम्बन्धी व्यवस्था,

(प) अन्य आवश्यक कुराहरू।

परिच्छेद-४

## <u>सामाजिक-आर्थिक आयोजनाको साझेदार छनौटसम्बन्धी व्यवस्था</u>

२४. **<u>आशयपत्र आह्वान गर्न सक्ने</u>**: (१) प्रदेश सरकारले कुनै सामाजिक-आर्थिक आयोजना कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिएका विवरण खुलाई सम्बन्धित मन्त्रालयमार्फत् सार्वजनिक रूपमा सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आशयपत्र पेश गर्न चाहने कम्पनी, सहकारी संस्था वा तिनीहरूको संयुक्त उपक्रमले प्रकाशित सूचनामा उल्लिखित विवरणहरू खुलाई तोकिएको समयावधिभित्र सम्बन्धित मन्त्रालयसमक्ष आशयपत्र पेश गर्नुपर्नेछ।

२५. **<u>सोझै आशयपत्र पेश गर्न सक्ने</u>**: (१) प्रदेश सरकारको कुनै सामाजिक-आर्थिक आयोजना कार्यान्वयन गर्न चाहने कम्पनी, सहकारी संस्था वा तिनीहरूको संयुक्त उपक्रमले सम्बन्धित मन्त्रालयसमक्ष सोझै आशयपत्र पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आशयपत्र पेश गर्न चाहने कम्पनी, सहकारी संस्था वा तिनीहरूको संयुक्त उपक्रमले तोकेको विवरणहरू खुलाई आशयपत्र पेश गर्नुपर्नेछ।

२६. **<u>आशयपत्रदाताको सूची तयार गर्ने</u>**: (१) सम्बन्धित मन्त्रालयले दफा २४ र २५ बाट प्राप्त आशय पत्रदाताहरूको सूची तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीमा परेका कम्पनी, सहकारी संस्था वा तिनीहरूको संयुक्त उपक्रमको सूची प्रकाशित गर्नुपर्नेछ।

२७. **<u>प्रस्ताव माग गर्ने</u>**: (१) सम्बन्धित मन्त्रालयले दफा २६ बमोजिमको सूचीमा भएका उत्कृष्ट आशयपत्रदाताबाट आयोजना कार्यान्वयनको लागि प्रस्ताव माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्ने आशयपत्रदाताले तोकिएको ढाँचामा माग गरिएको विवरण खुलाई सम्बन्धित मन्त्रालयसमक्ष प्रस्ताव पेश गर्नुपर्नेछ।

२८. **<u>प्रस्ताव छनौट गर्ने</u>**: (१) दफा २७ बमोजिम प्रस्ताव प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले प्रस्ताव प्राप्त भएको मितिले साठी दिनभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नुपर्नेछः-

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता,

(ग) प्रस्तावकको लगानी र जिम्मेवारीहरू,

(घ) प्रदेश सरकारको तर्फबाट गर्नुपर्ने लगानी र भूमिका,

(ङ) लाभग्राही वर्गले प्राप्त गर्ने लाभहरू,

(च) तोकिएबमोजिमका अन्य आधारहरू।

(२) प्रस्ताव पेश गर्नुअघि उपदफा (१) बमोजिम प्रस्ताव छनौटसम्बन्धी आधार प्रस्तावकलाई उपलब्ध गराउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि त्यसको जानकारी छिटो साधनद्वारा छनौट भएको प्रस्तावकलाई दिनुपर्नेछ।

२९. **<u>सेवा प्रदायक संस्था छनौट गर्नुपर्ने</u>**: (१) सामाजिक-आर्थिक आयोजना कार्यान्वयन गर्न आवश्यकताअनुसार सेवा प्रदायक संस्था छनौट गर्न सकिने छ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदायक संस्था छनौटको लागि आशयपत्र माग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आशयपत्र पेश गर्न चाहने सामाजिक संस्थाले सूचनामा माग गरेबमोजिमको कागजात र विवरण खुलाई आशयपत्र पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त आशयपत्रको मूल्याङ्कन देहायको आधारमा गर्नुपर्नेछः-

(क) आशयपत्रदाता संस्थाको सम्बन्धित कार्य अनुभव,

(ख) संस्थाको संगठनात्मक क्षमता,

(ग) प्रस्तावित जनशक्तिको योग्यता, अनुभव र क्षमता,

(घ) तोकिएबमोजिमका अन्य आधारहरू।

**३०. त्रिपक्षीय सम्झौता गर्नुपर्नेः** (१) सेवा प्रदायक संस्थासमेत छनौट भएको सामाजिक-आर्थिक आयोजना कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालय, छनौट भएको प्रस्तावक र सेवा प्रदायक संस्थाबीच त्रिपक्षीय सम्झौता गर्नुपर्नेछ।

(२) कुनै आयोजना कार्यान्वयनमा स्थानीय तहसमेत साझेदार भएमा उपदफा (१) बमोजिम स्थानीयतहबीचसमेत सम्झौता गर्नुपर्नेछ।

## परिच्छेद-५
## संयुक्त कम्पनी स्थापना र सञ्चालनसम्बन्धी व्यवस्था

**३१. संयुक्त कम्पनी स्थापना गर्न सक्नेः** (१) कुनै आयोजना कार्यान्वयन गर्न सार्वजनिक र निजी क्षेत्र दुवैको लगानी र भूमिका आवश्यक भएमा उक्त आयोजना कार्यान्वयन गर्नको लागि सार्वजनिक र निजी क्षेत्र दुवैले एक संयुक्त कम्पनीको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कम्पनी प्रचलित कानूनअनुसार दर्ता गर्नुपर्नेछ।

३२. **<u>कम्पनीको शेयर संरचना</u>**: (१) दफा ३१ बमोजिम स्थापित कम्पनीको शेयर संरचना आयोजनाको साझेदारहरूबीच भएको सहमतिबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम शेयर संरचना निर्धारण गर्दा देहायबमोजिमको सीमालाई ध्यान दिनुपर्नेछः-

(क) प्रदेश सरकारको शेयर लगानी कुल पूँजीको तीस प्रतिशतभन्दा बढी हुने छैन।

(ख) स्थानीय तहको शेयर लगानी कुल शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने छैन।

(ग) निजी क्षेत्रको शेयर लगानी कुल शेयर पूँजीको सत्तरी प्रतिशतभन्दा बढी हुने छैन।

(घ) सहकारी क्षेत्रको शेयर लगानी कूल शेयर पुँजीको पन्ध्र प्रतिशतभन्दा बढी हुने छैन।

(ङ) सर्वसाधारणको शेयर लगानी कुल शेयर पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी हुने छैन।

तर सर्वसाधारण शेयर धनीबाट छनौट हुने सदस्यबाहेक पन्ध्र प्रतिशतभन्दा कम लगानी गर्ने साझेदारले सञ्चालक समितिको सदस्य हुन पाउने छैन।

३३. **<u>सञ्चालक समितिको गठन</u>**: (१) कम्पनी सञ्चालनको लागि एक सञ्चालक समितिको गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने सञ्चालक समितिको स्वरूप देहायबमोजिम हुनेछः-

(क) साझेदारहरू मध्येबाट सबैभन्दा बढी शेयर लगानी गर्ने साझेदार -अध्यक्ष

(ख) प्रदेश सरकारले तोकेको उपसचिव वा नवौं/दशौं तहको अधिकृत एकजना -सदस्य

(ग) स्थानीय तहको शेयर धनीमध्येबाट प्रतिनिधि दुईजना -सदस्य

(घ) निजी शेयर धनीहरूमध्येबाट तीनजना -सदस्य

(ङ) सहकारी क्षेत्रले शेयर लगानी गरेको अवस्थामा सहकारी क्षेत्रबाट प्रतिनिधि एकजना -सदस्य

(च) सर्वसाधारण शेयर धनीहरूमध्येबाट एकजना -सदस्य

(छ) निजी साझेदारी कम्पनीको कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (क) बमोजिमको सञ्चालक समितिको अध्यक्ष चयन हुनको लागि विदेशी नागरिकको हकमा प्रचलित कानूनबमोजिमको प्रक्रिया पुरा गरेको हुनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम गठन हुने सञ्चालक समितिको सदस्य-सचिवलाई समितिको निर्णयमा मतदानको अधिकार हुने छैन।

(५) सञ्चालक समितिले आयोजनाको उद्देश्य वा प्रारम्भिक शेयर संरचना वा कार्यक्षेत्र वा क्षमता विस्तार वा आधारभूत विषयहरूमा परिवर्तन गर्नुपर्ने अवस्था भए सम्पर्क मन्त्रालयमार्फत् प्रदेश सरकारको अनुमति लिनुपर्नेछ।

(६) उपदफा (१) बमोजिम गठन हुने सञ्चालक समितिको पदाधिकारी हुन शेयर लगानी गरी साझेदार भएको हुनुपर्नेछ।

(७) सञ्चालक समितिको निर्णय बहुमतको आधारमा हुनेछ।

(८) सञ्चालक समितिले विषयगत विज्ञ, कुनै कर्मचारी वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

३४. **<u>सञ्चालक समितिको कार्यकाल</u>**: (१) कम्पनीको सञ्चालक समितिको कार्यकाल चार वर्षको हुनेछ।

(२) आफ्नो कार्यकाल पूरा गरेका सञ्चालकहरू कम्पनीको सञ्चालक समितिमा पुनः चयन हुन सक्नेछन्।

(३) कम्पनी स्थापना हुँदा कायम रहेको सञ्चालक समिति अर्को सञ्चालक समिति गठन नभए सम्मको लागि कायम रहनेछ।

३५. **<u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकार</u>**: (१) सञ्चालक समितिको मूल कार्य कम्पनीलाई नीतिगत नेतृत्व प्रदान गर्नु हुनेछ।

(२) उपदफा (१) का अतिरिक्त सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) कम्पनीको योजना, नीति र रणनीति स्वीकृत गर्ने,

(ख) कम्पनीको नियमावली, निर्देशिका, संगठनात्मक संरचना, प्रमुख कर्मचारीहरूको दरबन्दी स्वीकृत गर्ने,

(ग) कम्पनीको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्ने,

(घ) प्रमुख कार्यकारी अधिकृतको कार्यसम्पादन मूल्याङ्कन गर्ने,

(ङ) अनुगमन र मूल्याङ्कन गर्ने,

(च) कम्पनीको प्रगति समीक्षा गर्ने,

(छ) लेखापरीक्षक नियुक्त गर्ने,

(ज) तोकिएका अन्य कार्यहरू गर्ने।

३६. **<u>सञ्चालकहरूको नियुक्ति</u>**: (१) प्रदेश सरकारको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने व्यक्तिहरूको निर्वाचन हुने छैन। निजहरूको नियुक्ति र पदमुक्ति प्रदेश सरकारको निर्णयअनुसार हुनेछ।

(२) स्थानीय तहबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको नियुक्ति र पदमुक्ति शेयर धनी नगरपालिका र गाउँपालिकाहरूको सर्वसम्मत वा बहुमतको निर्णयको आधारमा हुनेछ।

(३) निजी शेयर धनीहरूको सर्वसम्मत वा बहुमतको निर्णयको आधारमा निजी सञ्चालकहरूको नियुक्ति हुनेछ।

(४) सर्वसाधारण शेयर धनीहरूबीच भएको निर्वाचनबाट निर्वाचित व्यक्ति सर्वसाधारण शेयर धनीहरूको तर्फबाट सञ्चालकको रूपमा नियुक्त हुनेछ।

(५) सहकारी क्षेत्रबाट प्रतिनिधित्व गर्ने सञ्चालकको नियुक्ति सहकारी संस्थाको साधारण सभाबाट छनौट हुनेछ।

३७. **<u>कम्पनीको व्यवस्थापनः</u>** (१) कम्पनीको दैनिक कार्यको व्यवस्थापन प्रतिस्पर्धाको माध्यमबाट छनौट भएको प्रमुख कार्यकारी अधिकृतको नेतृत्वमा विज्ञ कर्मचारीहरूको समूहबाट हुनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृतलाई व्यवस्थापकीय स्वतन्त्रता हुनेछ।

(३) कम्पनीको व्यवस्थापनको लागि उपयुक्त संगठनात्मक संरचना तयार गर्नुपर्नेछ।

३८. **<u>प्रमुख कार्यकारी अधिकृतको योग्यता र पद रिक्त हुने अवस्थाः</u>** (१) कम्पनीको प्रमुख कार्यकारी अधिकृतको नियुक्ती हुन देहायबमोजिमको योग्यता हुनुपर्नेछः-

(क) सिभिल, मेकानिकल, आर्किटेक्चर, व्यवस्थापन, अर्थशास्त्र, शहरी र क्षेत्रीय योजनामा स्नातकोत्तर वा सोभन्दा माथिको शिक्षा प्राप्त गरेको,

(ख) किर्ते, जालसाजी र सरकारी सम्पत्तिको हिनामिना गरेको अभियोगमा सजाय नपाएको,

(ग) पूर्वाधार संरचना विकाससम्बन्धी कार्यमा कम्तीमा आठ वर्षको अनुभव भएको र सोमध्ये कम्तीमा पछिल्लो चार वर्ष कुनै कम्पनी वा संस्थाको प्रमुख कार्यकारी वा उच्च तहमा रही कार्य गरेको अनुभव भएको,

(घ) तोकिएका अन्य योग्यता।

(२) देहायको अवस्थामा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट दिएको राजिनामा सञ्चालक समितिमार्फत् प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएमा,

(ख) वार्षिक कार्य सम्पादन मूल्याङ्कनमा तोकिएबमोजिमको न्यूनतम अङ्क प्राप्त गर्न नसकेको भनी सञ्चालक समितिको सिफारिसमा प्रदेश सरकार मन्त्रिपरिषद्ले हटाएमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(घ) निजको उमेर पैसठ्ठी वर्ष पुरा भएमा,

(ङ) निजको मृत्यु भएमा।

**३९. <u>प्रमुख कार्यकारी अधिकृतको छनौटका आधारः</u>** (१) दफा ३८ मा उल्लिखित न्यूनतम योग्यता पुगेको व्यक्ति प्रमुख कार्यकारी अधिकृत छनौटको लागि निवेदन दिन योग्य हुनेछ।

(२) प्रमुख कार्यकारी अधिकृतको छनौटका आधार र अङ्कभार देहायबमोजिम हुनेछः-

(क) कार्यक्षमता -बीस प्रतिशत

(ख) कम्पनीको लागि प्रस्तावित व्यावसायिक योजना तथा कार्यअनुभव -पचास प्रतिशत

(ग) परिणाममुखी व्यवस्थापनप्रतिको प्रतिबद्धता -दश प्रतिशत

(घ) कम्पनीको लागि प्रस्तुत रचनात्मक सुझावहरू -दश प्रतिशत

(ङ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय खोज, अनुसन्धान र तालिम -दश प्रतिशत

४०. **प्रमुख कार्यकारी अधिकृतको छनौट प्रक्रियाः** (१) प्रमुख कार्यकारी अधिकृत छनौटको लागि सञ्चालक समितिले तोकिएबमोजिमको एक पदपूर्ति समितिको गठन गरी जिम्मेवारी दिनेछ।

(२) पदपूर्ति समितिले सार्वजनिक सूचना प्रकाशित गरी निवेदन माग गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदकहरूमध्येबाट तोकिएको मापदण्डको आधारमा संक्षिप्त सूची प्रकाशित गर्नेछ।

(४) संक्षिप्त सूचीमा रहेका निवेदकहरूमध्येबाट बाँकी प्रक्रिया पूरा गरी सफल उम्मेदवारलाई प्रमुख कार्यकारी अधिकृतमा नियुक्तिको लागि पदपूर्ति समितिले सञ्चालक समिति समक्ष सिफारिश गर्नुपर्नेछ।

४१. **प्रमुख कार्यकारी अधिकृतको कार्यकालः** (१) प्रमुख कार्यकारी अधिकृतको कार्यकाल चार वर्षको हुनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृतको पुनः नियुक्ति हुन सक्नेछ।

४२. **प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकारः** (१) प्रमुख कार्यकारी अधिकृतको मुख्य कार्य कम्पनीलाई व्यावसायिक नेतृत्व प्रदान गर्नु हुनेछ।

(२) उपदफा (१) का अतिरिक्त प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) नीति र योजना तर्जुमा तथा कार्यान्वयन,

(ख) कम्पनीको संस्थागत क्षमता विकास,

(ग) कर्मचारी व्यवस्थापन,

(घ) वित्त व्यवस्थापन,

(ङ) सम्पत्ति व्यवस्थापन,

(च) आन्तरिक नियन्त्रण,

(छ) अनुगमन तथा मूल्याङ्कन,

(ज) अन्तरनिकाय सहकार्य,

(झ) कम्पनीको कारोबारको हिसाब किताब र विवरणहरू तयार,

(ञ) समितिको निर्देशन र निर्णयको कार्यान्वयन,

(ट) तोकिएका अन्य कार्यहरू।

४३. **<u>प्रमुख कार्यकारी अधिकृतको कार्यसम्पादन मूल्याङ्कनः</u>** (१) प्रमुख कार्यकारी अधिकृतको कार्यसम्पादन मूल्याङ्कनको लागि सञ्चालक समितिले एक कार्यसम्पादन मूल्याङ्कन समितिको गठन गरी जिम्मेवारी तोक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिले तोकिएको सूचकहरूको आधारमा प्रमुख कार्यकारी अधिकृतको कार्य सम्पादन मूल्याङ्कन गरी सञ्चालक समितिसमक्ष पेश गर्नेछ।

४४. **<u>प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र सुविधाः</u>** (१) प्रमुख कार्यकारी अधिकृतको आधारभूत पारिश्रमिक र सुविधा तोकिएबमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लेख भएकाको अतिरिक्त प्रमुख कार्यकारी अधिकृतको थप पारिश्रमिक र सुविधा कम्पनीको समग्र उपलब्धिको आधारमा तोकिएबमोजिम हुनेछ।

४५. **<u>कर्मचारीसम्बन्धी व्यवस्थाः</u>** (१) कम्पनीले नियुक्त गरेका कर्मचारीहरू कम्पनीको कर्मचारी हुनेछन्।

(२) कम्पनीका कर्मचारीहरूको पारिश्रमिक र सेवा सुविधा कम्पनीको नियमानुसार हुनेछ।

(३) सम्भव भएसम्म कर्मचारीहरूको नियुक्ति गर्दा योग्यता पुगेका स्थानीय बासिन्दाहरूलाई प्राथमिकता दिनुपर्नेछ।

४६. **कम्पनीको प्रबन्धपत्र र नियमावलीअनुसार हुने**: (१) कम्पनीको सञ्चालन कम्पनीको प्रबन्धपत्र र नियमावलीअनुसार हुनेछ।

(२) कम्पनीको प्रबन्धपत्र र नियमावली तर्जुमा गर्दा प्रचलित कम्पनी कानूनअनुसार हुनुपर्नेछ।

## परिच्छेद-६
## सम्भाव्यता न्यूनीकरण कोषसम्बन्धी व्यवस्था

४७. **सम्भाव्यता न्यून परिपूर्ति कोषको स्थापना**: निजी साझेदारले गरेको लगानी सेवाग्राहीबाट संकलित सेवा शुल्क वा आयोजनाको आम्दानीबाट उठाउन वा आयोजना कार्यान्वयन गर्न नसकिने आयोजनाको दिगो कार्यान्वयनको लागि प्रदेश सरकारले एक सम्भाव्यता न्यून परिपूर्ति कोषको स्थापना गर्न सक्नेछ।

४८. **सम्भाव्यता न्यूनताको अनुमान**: आयोजनाको सम्भाव्यता न्यूनताको अनुमान आयोजनाको प्रारम्भिक र विस्तृत विवरण तयार गर्दा अनुमान गर्नुपर्नेछ।

४९. **सम्भाव्यता न्यूनता मूल्याङ्कन समिति**: (१) कार्यान्वयनमा रहेको आयोजनाको वास्तविक सम्भाव्यता न्यूनताको मूल्याङ्कन गर्न प्रदेश सरकारलाई सिफारिस गर्नको लागि देहायबमोजिमको एक सम्भाव्यता न्यूनता मूल्याङ्कन समितिको गठन गर्न सकिनेछः-

(क) अर्थ, वित्त, इन्जिनियरिङ्ग वा कानून क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको र सम्बन्धित विषयमा कम्तीमा

स्नातकोत्तर तह शैक्षिक योग्यता प्राप्त प्रदेश सरकारद्वारा नियुक्त व्यक्ति -अध्यक्ष

(ख) सम्बन्धित आयोजनाको निजी साझेदारको प्रतिनिधि एकजना -सदस्य

(ग) प्रदेश सरकारद्वारा नियुक्त सम्बन्धित विषयको विज्ञहरू दुईजना -सदस्य

(घ) प्रदेश सरकारले खटाएको अधिकृत कर्मचारी -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख) मा उल्लिखित निजी साझेदारको प्रतिनिधि सम्भाव्यता न्यूनता मूल्याङ्कन गरिने आयोजनाअनुसार फरक हुन सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ग) मा उल्लिखित सम्बन्धित विषयको विज्ञ सदस्यहरू सम्भाव्यता न्युनतामा मूल्याङ्कनमा विश्लेषण गर्नुपर्ने विषयको प्रकृतिअनुसार फरक हुन सक्नेछ।

(४) सम्भाव्यता न्यूनता भएका आयोजनाहरू कार्यान्वयनमा रहेसम्म यस्तो सम्भाव्यता न्यूनता मूल्याङ्कन समिति कायम रहनेछ।

५०. **<u>सम्भाव्यता न्यूनता मूल्याङ्कन गर्दा ध्यान दिनुपर्ने पक्षहरूः</u>** सम्भाव्यता न्यूनता मूल्याङ्कन समितिले आयोजनाको सम्भाव्यता न्यूनताको मूल्याङ्कन गर्दा देहायको बुँदाहरूमा ध्यान दिनुपर्नेछः-

(क) आयोजनाको प्रारम्भिक र विस्तृत प्रतिवेदनमा अनुमान गरिएको सम्भाव्यता न्यूनता,

(ख) मूल्याङ्कन अवधिसम्ममा निजी साझेदारले गरेको लगानी,

(ग) मूल्याङ्कन अवधिसम्ममा संकलित सेवा शुल्क र अन्य आम्दानी,

(घ) तोकिएका अन्य विषयहरू।

५१. **<u>सम्भाव्यता न्यूनता मूल्याङ्कन समितिले सिफारिस गर्दा ध्यान दिनुपर्ने पक्षहरू</u>:** सम्भाव्यता न्यूनता मूल्याङ्कन समितिले प्रदेश सरकारलाई सम्भाव्यता न्यूनताबापत निजी साझेदारलाई उपलब्ध गराउनु पर्ने रकम सिफारिस गर्दा देहायको बुँदाहरूमा ध्यान दिनुपर्नेछः-

(क) सम्भाव्यता न्यूनताबापत निजी साझेदारलाई उपलब्ध गराउनु पर्ने रकम,

(ख) सम्भाव्यता न्यूनतालाई कम गर्न सकिने आधार र तरिकाहरू,

(ग) मूल्याङ्कन समितिलाई लागेका अन्य विषयहरू।

५२. **<u>सम्भाव्यता न्यूनता बहन</u>:** सम्भाव्यता न्यूनता मूल्याङ्कन समितिको सिफारिसको आधारमा प्रदेश सरकारले सम्भाव्यता न्यूनताबापत उपलब्ध गराउनु पर्ने रकम सम्भाव्यता न्यून परिपूर्ति कोषबाट बहन गर्नुपर्नेछ।

## परिच्छेद-७

## <u>जोखिम न्यूनीकरण कोष (रिस्क मिटिगेशन फन्डिङ) सम्बन्धी व्यवस्था</u>

५३. **<u>जोखिम न्यूनीकरण कोषको स्थापना</u>:** (१) आयोजना कार्यान्वयनका क्रममा उत्पन्न जोखिमहरूलाई सम्बोधन गरी आयोजनालाई दिगो रूपमा कार्यान्वयन गर्नका लागि सार्वजनिक साझेदारले एक जोखिम न्यूनीकरण कोषको स्थापना गर्न सक्नेछ।

(२) जोखिम न्यूनीकरण कोषबाट देहायबमोजिमका जोखिमहरू बहन गर्न सकिनेछः

(क) अनुमान गर्न नसकिने जोखिमहरू,

(ख) पहिले अनुमान नगरिएका जोखिमहरू,

(ग) बीमा गर्न नसकिने वा बीमा नगरिएका जोखिमहरू,

(घ) राजनीतिक र नयाँ कानूनी व्यवस्थाका कारण सिर्जित जोखिमहरू।

५४. **<u>जोखिम मूल्याङ्कन समितिः</u>** (१) दफा ५३ (२) मा उल्लिखित जोखिम उत्पन्न भएको अवस्थामा त्यसबाट उत्पन्न क्षतिको मूल्याङ्कन गरी सिफारिश गर्न देहायबमोजिमको एक जोखिम मूल्याङ्कन समितिको गठन गर्न सकिनेछः-

(क) अर्थ, वित्त, इन्जिनियरिङ्ग वा कानून क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको र सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक योग्यता प्राप्त प्रदेश सरकारद्वारा नियुक्त व्यक्ति -अध्यक्ष

(ख) आयोजना सञ्चालन भएका सम्बन्धित स्थानीय तहका प्रमुख/अध्यक्ष वा उपप्रमुख/उपाध्यक्ष -सदस्य

(ग) सम्बन्धित आयोजनाको निजी साझेदारको प्रतिनिधि एकजना -सदस्य

(घ) आयोजनासँग प्रत्यक्ष सम्बन्ध नभएको सम्बन्धित विषयको विज्ञ एकजना -सदस्य

(ङ) प्रदेश सरकारले तोकेको अधिकृत कर्मचारी -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ग) मा उल्लिखित निजी साझेदारको प्रतिनिधि जोखिम मूल्याङ्कन गरिने आयोजनाअनुसार फरक हुन सक्नेछ।

(३) उपदफा (१) को खण्ड (घ) मा उल्लिखित सम्बन्धित विषयको विज्ञ सदस्यहरू जोखिमको प्रकृतिअनुसार फरक हुन सक्नेछ।

(४) जोखिम मूल्याङ्कन गरी सिफारिस गरेपछि जोखिम मूल्याङ्कन समितिको विघटन हुनेछ।

**५५. <u>जोखिम मूल्याङ्कन समितिको कार्यविधिः</u>** (१) जोखिम मूल्याङ्कन समितिको कार्यविधि समिति गठन हुँदा तोकिदिएको भए सोहीबमोजिम हुनेछ र नतोकिएको अवस्थामा समिति आफैले तोकेबमोजिम हुनेछ।

(२) जोखिम मूल्याङ्कनका सम्बन्धमा समितिले सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समितिको सुझावसमेत लिनुपर्नेछ।

**५६. <u>कोषबाट जोखिम बहनः</u>** जोखिम मूल्याङ्कन समितिको सिफारिसको आधारमा प्रदेश सरकारले जोखिम न्यूनीकरण कोषबाट सिफारिस गरिएको जोखिम बहन गर्नु पर्नेछ।

## परिच्छेद-८

## <u>अनुमतिपत्रसम्बन्धी व्यवस्था</u>

**५७. <u>अनुमतिपत्र दिनेः</u>** यस ऐनबमोजिम सम्झौता गरेपछि प्रदेश सरकारले प्रस्तावकलाई आयोजनाको कार्यान्वयन गर्न अनुमतिपत्र दिनेछ।

**५८. <u>अन्य कम्पनीलाई अनुमतिपत्र नदिइनेः</u>** आयोजनाको कार्यान्वयन गर्नको लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अनुमतिपत्र दिई सकेपछि सोही क्षेत्रमा सो आयोजनालाई प्रतिकूल असर पर्ने गरी त्यस्तै किसिमको आयोजनाको कार्यान्वयन गर्न अन्य कम्पनीलाई अनुमतिपत्र दिइने छैन।

**५९. <u>अनुमतिपत्रको अवधिः</u>** (१) अनुमतिपत्रको अवधि सामान्यतः सम्झौतामा लेखिएबमोजिम हुनेछ।

(२) सम्झौताको अवधि घटे वा बढेमा अनुमतिपत्रको अवधि पनि घट्ने वा बढ्नेछ।

**६०. <u>अनुमतिपत्र रद्द गर्न सक्नेः</u>** (१) अनुमतिपत्र प्राप्त साझेदारले सम्झौताबमोजिम आयोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेमा प्रदेश सरकारले सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द भएमा निजी साझेदारसँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ।

(३) यस दफाबमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त साझेदारले प्रदेश सरकारसँग कुनै किसिमको दाबी गर्न पाउने छैन।

## परिच्छेद-९
## निजी साझेदारको अधिकार

६१. **अन्य फर्म, कम्पनी वा व्यक्तिसँग सम्झौता गर्न सक्ने**: (१) निजी साझेदारले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा प्रदेश सरकारको स्वीकृति लिई अन्य फर्म, कम्पनी वा व्यक्तिसँग सम्झौता गर्न सक्नेछ।

तर त्यसरी सम्झौता भएको कारणले आयोजना कार्यान्वयन गर्ने दायित्वबाट निजी साझेदारले छुटकारा पाउने छैन।

(२) उपदफा (१) बमोजिम निजी साझेदारले कुनै सम्झौता गरेको भए त्यस्तो सम्झौता भएको मितिले पन्ध्र दिनभित्र सो सम्झौताको प्रतिलिपि प्रदेश सरकारसमक्ष पेश गर्नुपर्नेछ।

६२. **घरजग्गा आदिमा प्रवेश गर्न सक्ने**: (१) आयोजना कार्यान्वयनको सिलसिलामा निजी साझेदारले कुनै घर, जग्गा, उद्योग, कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्शा गर्न, माटोलगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न, त्यसको लागि आवश्यकतानुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनको लागि सम्बन्धित धनीलाई अग्रीम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्न बाली वा हुर्केका रुख बिरुवा काट्नु, उखेल्नु

परेमा वा जग्गामा रहेका कुनै भौतिक संरचना, कुनै मेशिनरी औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिब क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई निजी साझेदारले सो गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितिमा प्रवेश गर्नुपर्नेछ।

## परिच्छेद-१०

## निजी साझेदारलाई उपलब्ध गराइने सुविधा

**६३. घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्न सक्नेः** (१) आयोजना कार्यान्वयनको सिलसिलामा आयोजना स्थल र त्यसको निश्चित दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने व्यवस्था गर्न आवश्यक भएमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा त्यस्तो घर जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन निजी साझेदारले प्रदेश सरकारसमक्ष निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा प्रदेश सरकार (मन्त्रिपरिषद्)को निर्णयबाट सम्बन्धित मन्त्रालयले त्यस्तो घर जग्गा प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ।

तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानि नोक्सानीबापतको क्षतिपूर्ति निजी साझेदारले व्यहोर्नुपर्नेछ।

(२) उपदफा (१) वा दफा ६२ को उपदफा (२) बमोजिम दिइने क्षतिपूर्ति निर्धारण गर्नको लागि स्थानीय उपभोक्ताको प्रतिनिधित्व हुने गरी तोकिएबमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति गठन गरिनेछ

र सो समितिले सम्बन्धित व्यक्तिलाई वास्तविक रूपमा पर्न गएको हानि नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैंतीस दिनभित्र सम्बन्धित मन्त्रालय समक्ष उजुरी गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम परेको उजुरी उपर सम्बन्धित मन्त्रालयमार्फत् प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेश गरी तीन महिनाभित्र निर्णय गरिसक्नुपर्नेछ र सो उजुरीका सम्बन्धमा प्रदेश सरकारले गरेको निर्णय अन्तिम हुनेछ।

६४. **घर जग्गा प्राप्त गरिदिने**: (१) निजी साझेदारले आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा आफैंले खरिद गर्नुपर्नेछ। त्यसरी खरिद गर्न नसकेमा र सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नुपर्ने उल्लेख भएमा प्रदेश सरकारले निजी साझेदारको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानूनबमोजिम प्रक्रिया पूरा गरी घर जग्गा प्राप्त गरिदिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गाधनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित निजी साझेदारले व्यहोर्नुपर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा आयोजना कार्यान्वयनको लागि आवश्यक भएमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयले त्यस्तो जग्गा सम्झौतामा लेखिएबमोजिम लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ।

६५. **आयोजनाको सुरक्षा गर्न सक्ने**: (१) आयोजनाको सुरक्षा निजी साझेदार आफैंले गर्नुपर्नेछ।

(२) निजी साझेदारले विशेष कारण देखाई आयोजनाको खास किसिमको सुरक्षाको लागि अनुरोध गरेमा सो बापत लाग्ने खर्च निजी

साझेदारले नै व्यहोर्ने गरी प्रदेश सरकारले त्यस्तो आयोजनाको सुरक्षाको व्यवस्था गर्न सक्नेछ।

६६. **<u>सहयोग उपलब्ध गराउनुपर्ने</u>:** (१) आयोजना कार्यान्वयन गर्ने सिलसिलामा प्रदेश सरकारको तर्फबाट सम्बन्धित मन्त्रालयले निजी साझेदारलाई उपलब्ध गराउनुपर्ने सहयोग, दिनुपर्ने स्वीकृति वा गरिदिनु पर्ने काम सम्झौतामा उल्लिखित तरिका र अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनुपर्नेछ।

(२) आयोजना कार्यान्वयन गर्ने सिलसिलामा निजी साझेदारले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानूनबमोजिम उपलब्ध गराउन सकिने भएमा सोबापत व्यहोर्नुपर्ने खर्च र दायित्व निजी साझेदारले व्यहोर्ने गरी प्रदेश सरकारको तर्फबाट सम्बन्धित मन्त्रालयले त्यस्तो सहयोग उपलब्ध गराउन सक्नेछ।

६७. **<u>विदेशी विनिमयको सुविधा</u>:** आयोजनाको कार्यान्वयनको लागि ऋण वा शेयर पूँजीको रूपमा विदेशी मुद्रा लगानी भएमा निजी साझेदारलाई त्यस्तो ऋणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानूनबमोजिम उपलब्ध गराउन सम्बन्धित मन्त्रालयको प्रस्तावमा प्रदेश सरकार (मन्त्रिपरिषद्)को निर्णयले नेपाल सरकारसँग सिफारिस गर्नुपर्नेछ।

६८. **<u>प्रवेशाज्ञासम्बन्धी सुविधा</u>:** विदेशी लगानीकर्ताले आयोजना कार्यान्वयनको लागि यस ऐनबमोजिम अनुमतिपत्र प्राप्त गरेमा निजलाई प्रचलित कानूनबमोजिम आवाशीय प्रवेशाज्ञा(भिसा) उपलब्ध गराउन सम्बन्धित मन्त्रालयको प्रस्तावमा प्रदेश सरकार (मन्त्रिपरिषद्)को निर्णयले नेपाल सरकारसँग सिफारिस गर्नुपर्नेछ।

६९. **<u>विस्फोटक पदार्थको प्रयोग</u>:** आयोजनाको कार्यान्वयनको लागि विस्फोटक पदार्थको प्रयोग गर्नु परेमा प्रदेश सरकारले निजी साझेदारको अनुरोधमा

निजलाई प्रचलित कानूनबमोजिम त्यस्तो विस्फोटक पदार्थ प्रयोग गर्न आवश्यक व्यवस्था मिलाउने छ।

७०. **<u>आयकरसम्बन्धी व्यवस्था</u>:** निजी साझेदार र संयुक्त कम्पनी वा संयन्त्रलाई लाग्ने आयकर प्रचलित कानूनअनुसार हुनेछ।

परिच्छेद-११

## <u>सेवा शुल्क र सेवा शुल्क पुनरावलोकन बोर्डसम्बन्धी व्यवस्था</u>

७१. **<u>शुल्क उठाउन पाउने</u>:** निजी साझेदारले सेवा सुविधा उपलब्ध गराएबापत सम्झौतामा उल्लेख भएबमोजिम उपभोक्तासँग सेवा शुल्क उठाउन सक्नेछ।

७२. **<u>सेवा सुविधाका शर्त तोक्न सक्ने</u>:** निजी साझेदारले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन वा सम्झौताको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ।

७३. **<u>सेवा शुल्क पुनरावलोकन बोर्डको गठन</u>:** (१) निजी साझेदारले आयोजना सञ्चालन गर्दा यस ऐनबमोजिम लिन पाउने शुल्क पुनरावलोकन गर्नको लागि प्रदेश सरकार (मन्त्रिपरिषद्)ले निजी साझेदार र उपभोक्तासमेतको प्रतिनिधित्व रहने गरी तोकिएबमोजिमको एक पूर्वाधार संरचना सेवा शुल्क पुनरावलोकन बोर्ड गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने बोर्डका सदस्यहरूको योग्यता, नियुक्ति, निजले पाउने सुविधा तथा बोर्डको कार्यविधि तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम बोर्डले शुल्क पुनरावलोकन गर्दा निजी साझेदारले आयोजना कार्यान्वयनको लागि गरेको वास्तविक खर्च र सोबापत प्राप्त गर्न सक्ने मनासिब प्रतिफलको आधारमा तोकिएबमोजिम गर्नेछ।

(४) सेवा शुल्क पुनरावलोकन गर्न बोर्डलाई कुनै सहयोग चाहिएमा सम्बन्धित मन्त्रालयले त्यस्तो सहयोग उपलब्ध गराउनेछ।

(५) उपदफा (३) बमोजिम बोर्डले पुनरावलोकन गरेको शुल्कको दर प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

७४. **सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समितिले सेवा शुल्क पुनरावलोकन गर्न सक्नेः** (१) सेवा शुल्क पुनरावलोकन बोर्ड गठन नभएको अवस्थामा वा कुनै कारणले बोर्डले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समितिले सेवा शुल्कको पुनरावलोकन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क पुनरावलोकन गर्न समितिलाई कुनै सहयोग चाहिएमा सम्बन्धित मन्त्रालयले त्यस्तो सहयोग उपलब्ध गराउनेछ।

(३) उपदफा (१) बमोजिम समितिले पुनरावलोकन गरेको शुल्कको दर प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

## परिच्छेद-१२

## सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समिति र अन्य समितिसम्बन्धी व्यवस्था

७५. **सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समितिको गठनः** (१) आयोजना कार्यान्वयनका सम्बन्धमा प्रदेश सरकारलाई आवश्यक सहयोग र सुझाव दिनको लागि प्रदेशमा एक सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समिति रहनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिको स्वरूप देहायबमोजिम हुनेछः-

(क) उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग -अध्यक्ष

(ख) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(च) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(छ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य

(ज) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(झ) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य

(ञ) प्रदेश स्थित सहकारी महासंघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ट) प्रतिनिधि, प्रदेश उद्योग वाणिज्य महासंघ -सदस्य

(ठ) प्रदेश सरकारबाट मनोनित सार्वजनिक निजी साझेदारी विज्ञ, महिला सहित दुईजना -सदस्य

(ड) कर्णाली प्रदेश योजना आयोगको प्रशासकीय प्रमुख -सदस्य-सचिव

(३) समितिको सचिवालय कर्णाली प्रदेश योजना आयोगमा रहनेछ।

(४) समितिले मुख्यमन्त्री, मन्त्री, कर्णाली प्रदेश योजना आयोगको सदस्य, अन्य मन्त्रालयका सचिव र सम्बन्धित विषयका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) सेवा शुल्क पुनरावलोकनसम्बन्धी बैठकमा निजी साझेदार र सेवाग्राहीहरूको प्रतिनिधिलाई समेत आमन्त्रण गर्न सकिनेछ।

७६. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>ः** यस ऐनमा अन्यत्र उल्लेख भएकोमा बाहेक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) साझेदारी आयोजनाहरूको पहिचान, प्राथमिकीकरण र आयोजना बैंक तयार गर्ने,

(ख) आयोजनाको अध्ययन, विश्लेषण र सामान्य विवरण तयार गर्न प्रदेश सरकारलाई सहयोग गर्ने,

(ग) आयोजनाको बोलपत्र लिखत, प्रस्ताव मूल्याङ्कनका आधार र सम्झौतापत्र तयार गर्न प्रदेश सरकारलाई सहयोग गर्ने,

(घ) सञ्चालित आयोजनाहरूको अनुगमन र प्रभाव मूल्याङ्कन गर्ने गराउने,

(ङ) आयोजना कार्यान्वयनका सम्बन्धमा सम्बन्धित मन्त्रालयलाई आवश्यक निर्देशन दिने,

(च) साझेदारहरूबीच भएको सम्झौता विपरीत वा प्रदेश सरकारलाई हानि नोक्सानी हुने गरी दफा ३३ को उपदफा (१) बमोजिमको सञ्चालक समितिले कुनै निर्णय गरेमा वा काम कारबाही गरेमा सो निर्णय वा काम कारबाही बदर गर्ने,

(छ) विवाद व्यवस्थापन गर्न सहयोग गर्ने,

(ज) तोकिएका अन्य कार्यहरू गर्ने।

७७. **<u>समितिको बैठक र निर्णय</u>ः** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल गरिने विषयहरूको सूची बैठक बस्नुभन्दा तीन दिन अगावै समितिका सदस्यलाई उपलब्ध गराउनुपर्नेछ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरूको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफूहरूमध्येबाट छानेको सदस्यले समितिको बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नुपर्नेछ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

७८. **<u>समितिले उपसमिति वा कार्यदल गठन गर्न सक्नेः</u>** (१) आयोजनाको कार्यान्वयन सम्बन्धमा समितिले कुनै खास कार्य सम्पादन गर्नको लागि आवश्यकताअनुसार एक वा एकभन्दा बढी उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यदलको कार्यविवरण र कार्य सम्पादन विधि समितिले तोकेबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यदल आफ्नो कार्य सम्पन्न गरिसकेपछि स्वतः विघटन हुनेछ।

७९. **<u>प्राविधिक समितिः</u>** (१) पूर्वाधार आयोजनाको कार्यान्वयन सम्बन्धमा प्रदेश सरकारलाई प्राविधिक सुझाव दिनको लागि प्रदेश सरकारले सम्बन्धित मन्त्रालयको सचिवको अध्यक्षतामा सम्बन्धित विषयको विशेषज्ञसमेत रहने गरी बढीमा पाँच सदस्य रहेको एक प्राविधिक समिति गठन गर्न सक्नेछ।

(२) प्राविधिक समितिको अध्यक्षले तोकेको सम्बन्धित मन्त्रालयको कुनै अधिकृत कर्मचारीले प्राविधिक समितिको सचिव भई काम गर्नेछ।

(३) प्राविधिक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(४) प्राविधिक समितिको कार्यहरू तोकेबमोजिम हुनेछ।

८०. **<u>प्रस्ताव मूल्याङ्कन समितिः</u>** (१) पूर्वाधार आयोजना र सामाजिक-आर्थिक आयोजनाको आशयपत्र र प्रस्ताव मूल्याङ्कन गरी सम्बन्धित मन्त्रालयसमक्ष सिफारिस गर्नको लागि सम्बन्धित विषयको एकजना विज्ञसहित भएको छुट्टाछुट्टै प्रस्ताव मूल्याङ्कन समितिको गठन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको मूल्याङ्कन समितिको काम कारबाही तोकिएबमोजिम हुनेछ।

## परिच्छेद - १३

## <u>विवादको समाधान र क्षतिपूर्तिसम्बन्धी व्यवस्था</u>

८१. **<u>विवादको समाधानः</u>** (१) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा प्रदेश सरकार र निजी साझेदारबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट समाधान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान नभएमा विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोहीबमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ।

(३) उपदफा (२) बमोजिम मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोहीबमोजिम र उल्लेख नभएकोमा प्रचलित कानूनबमोजिम हुनेछ।

८२. **विवादको कारण आयोजनाको कार्य रोक्न नहुने**: (१) साझेदारहरूबीच कुनै विवाद उत्पन्न भएको वा विवाद समाधानको प्रक्रिया अघि बढेको वा विवाद समाधान गर्न समय लागेको कारणले साझेदारहरूले पूर्ववत् जिम्मेवारी बहन नगर्ने वा आयोजनाको दैनिक कार्य बन्द गर्न गराउन पाइने छैन।

(२) उपदफा (१) बमोजिम कुनै साझेदारले पूर्ववत् जिम्मेवारी बहन नगर्ने वा आयोजनाको दैनिक कार्य बन्द गर्ने गराउने कार्य गरेमा सोबाट उत्पन्न क्षति सम्बन्धित साझेदारले व्यहोर्नुपर्नेछ।

८३. **क्षतिपूर्तिसम्बन्धी व्यवस्था**: (१) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानीबापतको मनासिब रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपूर्तिबापत बुझाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति प्रदेश सरकारबाट व्यहोर्नु पर्ने भएमा त्यस्तो क्षतिपूर्तिबापतको रकम हिसाब गरी प्रदेश सरकारले निजी साझेदारबाट पाउनु पर्ने रकमबाट कट्टा गरी बाँकी रकम निजी साझेदारलाई उपलब्ध गराउनुपर्नेछ।

परिच्छेद-१४

## विविध

८४. **<u>बोलपत्र जमानतसम्बन्धी व्यवस्था</u>:** (१) प्रस्तावकले प्रस्ताव पेश गर्दा सूचनामा तोकिएको भन्दा कम नहुने गरी बोलपत्र जमानत (बीड वण्ड) बापतको रकम वा सो बराबरको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

(२) बोलपत्र जमानत आवश्यक नपर्ने प्रकृतिको कामको सम्बन्धमा बोलपत्र आवश्यक नपर्ने भनी प्रदेश सरकारबाट निर्णय भएमा प्रस्ताव आह्वान गर्दा जमानत आवश्यक नपर्ने भनी सूचनामा खुलाउनुपर्नेछ।

८५. **<u>कार्य सम्पादन जमानतसम्बन्धी व्यवस्था</u>:** (१) प्रस्तावकले कार्य सम्पादन जमानत (परफर्मेन्स वण्ड) बापत आयोजनाको कूल लागतको एक प्रतिशत भन्दा कम नहुने गरी सम्झौतामा लेखिएबमोजिमको रकम वा सो बराबरको बैंक ग्यारेन्टी सम्झौतामा उल्लिखित समयावधिभित्र प्रदेश सरकारसमक्ष दाखिला गर्नुपर्नेछ।

(२) कार्यसम्पादन जमानत बराबरको रकम पूर्वाधार संरचना वा हस्तान्तरणयोग्य सम्पत्तिमा प्रस्तावकले लगानी गरिसकेपछि कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछैन।

८६. **<u>राष्ट्रियकरण नगरिने</u>:** अनुमतिपत्रको अवधिभर कुनै पनि आयोजना र सोसँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना राष्ट्रियकरण गरिने छैन।

८७. **<u>रोयल्टी, लाभांश वा अन्य रकम बुझाउनु पर्ने</u>:** अनुमतिपत्र प्राप्त कम्पनीले सम्झौतामा उल्लिखित तरिकाबाट प्रदेश सरकारलाई रोयल्टी, लाभांश वा अन्य रकम बुझाउनुपर्नेछ।

८८. **आयोजना हस्तान्तरण गर्नुपर्नेः** (१) अनुमतिपत्र प्राप्त कम्पनीले सम्झौतामा लेखिएबमोजिम प्रदेश सरकारलाई आयोजना हस्तान्तरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना हस्तान्तरण हुँदा त्यस्तो आयोजनामा जडित मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिएबमोजिमको क्षमता, अवस्था र चालु हालतमा हुनुपर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण, स्वामित्वकरण र सञ्चालन ढाँचामा सञ्चालित आयोजना निम्न अवस्थामा मात्र हस्तान्तरण हुनेछः-

(क) अनुमतिपत्र प्राप्त कम्पनी टाट पल्टेमा,

(ख) कुनै कारणले अनुमतिपत्र प्राप्त कम्पनीको कानूनी हैसियत समाप्त भएमा,

(ग) अनुमतिपत्र प्राप्त कम्पनीले हस्तान्तरण गर्न चाहेमा,

(घ) अनुमतिपत्र प्राप्त कम्पनीको अनुमतिपत्र रद्द भएमा,

(ङ) यस्तै अन्य विशेष परिस्थिति उत्पन्न भएमा।

८९. **आयोजना हस्तान्तरण हुन नसक्नेः** (१) कुनै कम्पनीले सार्वजनिक सम्पत्ति प्रयोग नगरी आफ्नै निजी सम्पत्ति र लगानीमा निर्माण, स्वामित्वकरण र सञ्चालन ढाँचामा कुनै साझेदारी आयोजना सञ्चालन गरेको रहेछ भने उक्त आयोजना हस्तान्तरण हुने छैन।

तर प्रदेश सरकारले आयोजना सञ्चालनको लागि कुनै जग्गा, भवन, यन्त्र वा उपकरण प्रदान गरेको रहेछ भने अनुमति प्राप्त कम्पनीले उक्त जग्गा, भवन र आयु बाँकी भएका यन्त्र वा उपकरण चालु अवस्थामा हस्तान्तरण गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि साझेदारले आयोजना हस्तान्तरण गर्न चाहेमा आवश्यक प्रक्रिया पूरा गरी हस्तान्तरण गर्न सक्नेछ।

९०. **<u>प्रदेश सरकारको स्वामित्व हुने</u>**: (१) दफा ८८ बमोजिम हस्तान्तरण भएको आयोजना र सोसँग सम्बन्धित जग्गा, घर, संरचना, यन्त्र, उपकरण र फर्निचरलगायतको सम्पत्तिको स्वामित्व प्रदेश सरकारको हुनेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण भएको आयोजनाको सम्पत्ति र संरचनाहरू प्रदेश सरकारलाई उचित लागेमा आवश्यकताअनुसार स्थानीय तहलाई प्रयोग गर्न वा हस्तान्तरण गर्न सक्नेछ।

९१. **<u>लिज वा भाडामा दिन वा बेचबिखन गर्न सक्ने</u>**: (१) प्रदेश सरकारले निजी साझेदारलाई आफ्नो वा प्रदेश सरकारको स्वामित्वमा रहेको संस्थाको स्वामित्व वा अधीनमा रहेको कुनै घर वा जग्गा लिज वा भाडामा दिन, कुनै मेशिन, औजार वा पूर्वाधार संरचना बिक्री गर्न वा लिज वा भाडामा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लिज वा भाडामा दिँदाका शर्तहरू सम्झौतामा लेखिएबमोजिम हुनेछन्।

९२. **<u>स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नुपर्ने</u>**: निजी साझेदारले आयोजना कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नुपर्नेछ।

९३. **<u>अध्ययन प्रतिवेदन र लिखतमाथि अधिकार कायम रहने</u>**: (१) दफा १४ बमोजिम प्रस्तावकले प्रस्ताव साथ पेश गरेको अध्ययन प्रतिवेदनसम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ। प्रस्तावकको लिखित स्वीकृतिबिना त्यस्तो अध्ययन प्रतिवेदनसम्बन्धी कागजातहरू अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गरिने छैन।

(२) दफा १४ बमोजिम प्रस्ताव पेश गर्नको लागि प्रदेश सरकारले तयार गरेको अध्ययन प्रतिवेदन र लिखतउपर प्रदेश

सरकारको पूर्ण अधिकार कायम रहनेछ। प्रदेश सरकारको लिखित स्वीकृतिबिना त्यस्तो अध्ययन प्रतिवेदन र लिखतहरू अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गर्न पाइने छैन।

९४. **<u>नागरिक समाज र विकासका साझेदार सहभागी हुन सक्ने</u>**: (१) कुनै आयोजना कार्यान्वयन गर्न सहकारी वा नागरिक समाज वा विकास साझेदारको सहयोग, समन्वय वा सहजीकरण आवश्यक भएमा प्रदेश सरकारको स्वीकृतिले मात्र त्यस्तो सहकारी, नागरिक समाज वा विकास साझेदारलाई सहयोगी, समन्वयकर्ता वा सहजकर्ताको रूपमा सहभागी गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम सहभागी हुने सहकारी वा नागरिक समाजको भूमिका देहायको मध्ये कुनै वा सबै हुन सक्नेछः-

(क) लाभग्राही वर्गलाई आयोजनाको लाभबारे सूचित गर्ने र उनीहरूको हक, अधिकार र आवाजलाई सम्बन्धित तहमा पुऱ्याउने,

(ख) आयोजनालाई लक्षित वर्ग उन्मुख, गरिबमुखी र वातावरण मैत्री बनाउन सहयोग गर्ने,

(ग) सामाजिक निगरानीकर्ताको भूमिका निर्वाह गर्ने,

(घ) तोकिएका अन्य कार्यहरू गर्ने ।

(३) उपदफा (१) बमोजिम सहभागी हुने विकास साझेदारको भूमिका देहायबमोजिममध्ये कुनै वा सबै हुन सक्नेछः-

(क) लाभग्राही वर्गलाई आयोजनाको लाभबारे सूचित गर्ने र उनीहरूको हक, अधिकार र आवाजलाई सम्बन्धित तहमा पुऱ्याउने,

(ख) आयोजनालाई लक्षित वर्ग उन्मुख, गरिबमुखी र वातावरणमैत्री बनाउन सहयोग गर्ने,

(ग) आयोजनाको अध्ययन, विश्लेषण र विकासमा सहयोग गर्ने,

(घ) आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,

(ङ) तोकिएका अन्य कार्यहरू गर्ने।

९५. **नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउने अधिकार**: यस ऐनलाई कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउन सक्नेछ।

# प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७८

प्रमाणीकरण र प्रकाशन मितिः
२०७८/१२/०६

संम्वत् २०७८ सालको ऐन नं. ०३

## प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** प्रदेशको औद्योगिक वातावरणलाई लगानी मैत्री बनाई उत्पादकत्व र रोजगारीका अवसरमा अभिवृद्धि गर्न, प्रदेशमा उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय स्रोतको सन्तुलित तथा अधिकतम उपयोग गरी उद्यमशीलता तथा लगानी प्रवर्धन एवम् दिगो औद्योगिक विकासको माध्यमबाट उत्पादनशील, प्रतिस्पर्धी र दिगो अर्थतन्त्र निर्माणका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उद्योग" भन्नाले दफा १७ बमोजिमको उद्योग सम्झनु पर्छ।

(ख) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले उद्योगसम्बन्धी विषय हेर्ने निर्देशनालय वा कार्यालय सम्झनु पर्छ।

(ग)"एकल बिन्दु सेवा केन्द्र" भन्नाले दफा ४८ बमोजिमको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ।

(घ) "कारोबार" भन्नाले उद्योगले आफ्नो उद्देश्यबमोजिम वस्तु वा सेवाको उत्पादन तथा वितरण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो उत्पादन तथा वितरणसँग सम्बन्धित अन्य कारोबारलाई समेत जनाउँछ।

(ङ) "कार्यालय" भन्नाले यस ऐनबमोजिमको कामका लागि तोकेको निकाय सम्झनु पर्छ।

(च) "घरेलु उद्योग" भन्नाले दफा १७ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्छ।

(छ) "ठूला उद्योग" भन्नाले दफा १७ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको उद्योग सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(झ) "निर्देशनालय" भन्नाले जुनसुकै नामबाट भए पनि यस ऐनबमोजिम काम गर्न प्रदेश सरकारले स्थापना गरेको निर्देशनालय सम्झनु पर्छ।

(ञ) "निर्यातमूलक उद्योग" भन्नाले ऊर्जामूलकबाहेक आफ्नो उत्पादनको कम्तीमा साठी प्रतिशत निर्यात गर्ने उद्योग सम्झनु पर्छ।

(ट) "प्रदेश प्राथमिकता प्राप्त उद्योग" भन्नाले दफा १९ बमोजिमको उद्योग सम्झनु पर्छ।

(ठ) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकारलाई सम्झनु पर्छ।

(ड) "बोर्ड" भन्नाले दफा २० बमोजिम गठित प्रदेश औद्योगिक तथा लगानी प्रवर्धन बोर्ड सम्झनु पर्छ।

(ढ) "बौद्धिक सम्पत्ति" भन्नाले पेटेन्ट, डिजाइन, ट्रेडमार्क, सेवा मार्क, भौगोलिक सङ्केत चिन्ह, व्यापारिक गोपनीयता लगायत सो सँग सम्बन्धित अन्य बौद्धिक सम्पत्ति सम्झनु पर्छ र सो शब्दले प्रचलित कानूनले प्रतिलिपि अधिकारको रूपमा परिभाषित गरेको विषयलाई समेत जनाउँछ।

(ण) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(त) "मझौला उद्योग" भन्नाले दफा १७ को उपदफा (१) को खण्ड (घ) बमोजिमको उद्योग सम्झनु पर्छ।

(थ) "रुग्ण उद्योग" भन्नाले आफ्ना व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेको मितिदेखि न्यूनतम पाँचवर्ष सञ्चालनमा रही नियतवश वा व्यवस्थापकीय कमजोरीका कारणले नभई काबु बाहिरको परिस्थिति परी लगातार पछिल्ला तीन वर्षसम्म उद्योगको जडित क्षमताभन्दा तीस प्रतिशत वा सो भन्दा कम क्षमतामा सञ्चालन भई सो तीन वर्षको अवधिमा लगातार घाटामा सञ्चालनमा रहेको उद्योगलाई सम्झनु पर्छ।

(द) "लघु उद्यम" भन्नाले दफा १७ को उपदफा (१) को खण्ड (क) बमोजिमको उद्यम सम्झनु पर्छ।

(ध) "वातावरणीय अध्ययन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा गरिएको अध्ययन सम्झनु पर्छ।

(न) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले खण्ड (ध) बमोजिम वातावरणीय परीक्षण गरी तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ।

(प) "विद्युतीय माध्यम" भन्नाले उद्योग दर्ताका समयमा उद्यमीले उल्लेख गरेको आधिकारिक इमेल ठेगानाबाट उद्योग दर्ता गर्ने निकायको आधिकारिक इमेल ठेगानामा पठाइएको सूचना वा अभिलेख सम्झनु पर्छ।

(फ) "साना उद्योग" भन्नाले दफा १७ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्छ।

(ब) "समिति" भन्नाले दफा २२ बमोजिम गठन भएको जिल्ला उद्योग प्रवर्धन विकास समिति सम्झनु पर्छ।

(भ) "स्थिर पूँजी" भन्नाले दफा १८ बमोजिमको सम्पत्ति सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>उद्योग दर्ता तथा नियमनसम्बन्धी व्यवस्था</u>

३. <u>**उद्योग दर्ता गराउनुपर्ने:**</u> (१) कसैले यस ऐनबमोजिम दर्ता नगराई प्रदेशमा उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित सङ्घीय कानूनबमोजिम स्थापना भई सञ्चालनमा रहेका प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने उद्योग यस ऐनबमोजिम स्वतः दर्ता भएको मानिनेछ। यस्ता उद्योगले यस प्रदेशको उद्योग दर्ता गर्ने निकायमा अभिलेखीकरण गरी प्रदेश सरकारले तोकेबमोजिम प्रमाणपत्र अद्यावधिक गर्नुपर्नेछ र सो प्रमाणपत्र अद्यावधिक गर्दा कुनै शुल्क लाग्ने छैन।

(३) उपदफा (२) बमोजिम स्थापना भई सञ्चालनमा रहेका उद्योगले प्रदेशको उद्योग दर्ता गर्ने निकायमा यो ऐन प्रारम्भ भएका मितिले एक वर्षभित्रमा अद्यावधिक गरी प्रदेश सरकारले तोके बमोजिमको प्रमाण-पत्र लिनुपर्नेछ।

(४) प्रदेश सरकारले संघ वा स्थानीय तहमा विधिवत रूपमा दर्ता भएका उद्योगहरूलाई दोहोरो दर्ता गर्नु नपर्ने व्यवस्था मिलाउनेछ।

यस दफाको प्रयोजनको लागि स्थानीय तह र संघीय सरकारका निकायमा दर्ता भएका उद्योगहरूको विवरण माग गर्न बाधा पर्ने छैन।

(५) यो ऐन प्रारम्भ हुनुअघि प्रदेशभित्र शाखा उद्योगको रूपमा स्थापना भएका उद्योगले तोकिएको म्यादभित्र यस ऐनबमोजिमको प्रक्रिया पूरा गरी छुट्टै उद्योगको रूपमा यस ऐनबमोजिम दर्ता गराउनु पर्नेछ।

(६) कुनै उद्योगले आफ्नो उत्पादन वा त्यसको कुनै भाग साबिकको उद्योग रहेको स्थानभन्दा फरक स्थानबाट उत्पादन गर्न चाहेमा वा उपदफा (५) बमोजिम छुट्टै उद्योगको रूपमा दर्ता हुन नचाहेमा त्यस्तो शाखा उद्योगलाई यस ऐनबमोजिम दर्ताबाहेक नयाँ उद्योग स्थापना गरेसरहको प्रक्रिया पूरा गरी इकाई उद्योगको रूपमा स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमको इकाइबाट हुने उत्पादन तथा कारोबारको अभिलेख सम्बन्धित इकाइले तयार गरी राख्नुपर्नेछ र त्यस्तो अभिलेख उद्योगको मुख्य कार्यालयमा समेत पठाउनु पर्नेछ।

४. <u>उद्योग दर्ता गर्न निवेदन दिनुपर्नेः</u> (१) यस ऐनबमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले तोकिएबमोजिमको विवरण र कागजातसहित तोकिएको ढाँचामा दर्ताको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम उद्योग दर्ता गर्दा उद्योग दर्ता गर्ने निकायले संघीय ऐनको व्यवस्था अनुरूप अनुमति लिनुपर्ने भए अनुमति लिएर मात्र उद्योग दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका उद्योगहरू प्रदेशमा दर्ता गरिने छैनः-

(क) नेपालको संविधानको अनुसूची-५ मा उल्लिखित विषयसँग सम्बन्धित उद्योग,

(ख) विदेशी लगानीमा स्थापना हुने उद्योग,

(ग) दुई वा दुई भन्दा बढी प्रदेशको कार्यक्षेत्र भएको उद्योग,

(घ) कूटनीतिक मामिलासम्बन्धी शैक्षिक परामर्श सेवाहरूसँग सम्बन्धित उद्योग।

(४) उपदफा (१) बमोजिम निवेदन दिंदा निवेदनसाथ संलग्न गर्नुपर्ने विवरण वा कागजात विद्युतीय माध्यम (अनलाइन) बाट समेत पेश गर्न सकिनेछ र तत्सम्बन्धी कागजातको प्रमाणीकरण प्रदेश सरकारले व्यवस्था गरेमा विद्युतीय हस्ताक्षरको माध्यमबाट गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले नपुग विवरण वा कागजात पेश गर्न बढीमा नब्बे दिनको अवधि तोकी निवेदकलाई जानकारी दिनुपर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लघु तथा घरेलु उद्योगको हकमा त्यस्तो उद्योग सञ्चालन भएको मितिबाट छ महिनाभित्र उद्योग दर्ता गर्ने निकायमा उद्योग दर्ता गर्न निवेदन दिन सकिनेछ।

५. **निवेदन अस्वीकृत गर्न सक्नेः** (१) दफा ४ को उपदफा (५) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा

यस ऐनअन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले आधार र कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अस्वीकृत गर्ने निर्णय भएकोमा निर्णय भएको मितिले सात दिनभित्र आधार र कारण खुलाई सोको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको निर्णयउपर चित्त नबुझ्ने पक्षले उक्त निर्णयको जानकारी पाएको मितिले तीस दिनभित्र मन्त्रालयमा उजुरी गर्न सक्नेछ र सो उजुरीको जाँचबुझ गरी मन्त्रालयले उजुरी परेको मितिले पन्ध्र दिनभित्र सो सम्बन्धमा आवश्यक निर्णय गर्नेछ।

(४) उजुरीसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

६. **उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्नेः** (१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण वा कागजात पूरा भएको देखिएमा वा उद्योग दर्ताका लागि नपुग देखिएको विवरण वा कागजात दफा ४ को उपदफा (५) मा तोकिएको अवधिमा निवेदकले पेश गरेमा त्यस्तो विवरण वा कागजात प्राप्त भएको पाँच दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदकको मागबमोजिमको उद्योग दर्ता गरी तोकिएको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरणीय अध्ययन गर्नुपर्ने उद्योगको हकमा वातावरणीय अध्ययन प्रतिवेदन तोकिएको निकायबाट स्वीकृत नगराई उद्योग दर्ताको प्रमाणपत्र दिइने छैन।

(३) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिंदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरू समेत सो प्रमाणपत्रमा खुलाउनु पर्नेछः-

(क) उद्योगको पूँजी,

(ख) प्रमाणपत्र जारी भएको मिति,

(ग) उद्योगको उत्पादन क्षमता,

(घ) व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(ङ) उद्योगले पालना गर्नुपर्ने शर्तहरू,

(च) प्रकृतिअनुसार उद्योग दर्ता गर्ने निकायले निर्णय गरी तोकेका अन्य शर्तहरू।

(४) उपदफा (१) बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरूको पालना गर्नुपर्नेछ।

७. **वातावरणीय अध्ययन गर्नुपर्ने:** (१) दफा ६ बमोजिम वातावरणीय अध्ययन नगराई दर्ता भएको उद्योगले प्रचलित प्रदेश तथा संघीय कानूनबमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने देखिएमा आफ्नो व्यावसायिक उत्पादन र कारोबार बन्द गरी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएपछि मात्र त्यस्तो उद्योग सञ्चालन, व्यावसायिक उत्पादन र कारोबार प्रारम्भ गर्नुपर्नेछ।

(२) दफा ६ बमोजिम स्थापना भएका उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप, उद्देश्य परिवर्तन, उद्योगको ठाउँसारी वा स्थानान्तरण गर्नुपर्दा प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भएमा सो समेत गर्नुपर्नेछ।

(३) उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको न्यूनीकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ।

(४) यस दफाबमोजिम वातावरणीय प्रभावको न्यूनीकरण गरे नगरेको सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले आवश्यकताअनुसार

अनुगमन गरी निर्देशन दिन, कारबाही गर्न वा कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउन सक्नेछ।

(५) वातावरणीय अध्ययन गर्नु नपर्ने उद्योगले उद्योग दर्ता गर्न निवेदन दिँदा वातावरणीय अध्ययन गर्नु नपर्नाको आधार र कारणसहित आफ्नो उद्योग स्थापना तथा सञ्चालन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्न आवश्यक उपाय अवलम्बन गर्ने स्वघोषणा गर्नुपर्नेछ।

८. **<u>उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्नेः</u>** (१) यस ऐनबमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्नेछ र सोको जानकारी तीस दिनभित्र उद्योग दर्ता गर्ने निकायलाई गराउनुपर्नेछ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै त्यस्तो अवधि थपको लागि उद्योग दर्ता गर्ने निकायसमक्ष तोकिएबमोजिम निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेमा सोको आधार र कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधिभित्र वा सो अवधि समाप्त भएको मितिले छ महिना भित्र उक्त अवधि बढाउनका लागि तोकिएबमोजिमको विलम्ब शुल्क बुझाई उद्योग दर्ता गर्ने निकायसमक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गरी उद्योग स्थापनाको लागि गर्नुपर्ने निर्माण कार्य लगायतका कामको प्रगति र उद्योगको प्रकृति हेरी उद्योग दर्ता गर्ने निकायले त्यस्तो

उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिएबमोजिम थप गर्न सक्नेछ।

तर, कुनै उद्योगको सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तीन पटक भन्दा बढी थप्न पाइने छैन।

(५) उपदफा (४) बमोजिम अवधि थपिएकोमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन, आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्नेछ।

(६) उपदफा (४) बमोजिम कुनै उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप हुन नसकेकोमा त्यस्तो निर्णय भएको सात कार्य दिनभित्र सोको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ।

(७) उपदफा (४) बमोजिम कुनै उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप हुन नसकेमा त्यस्तो उद्योगलाई दिइएको दर्ता अनुमति स्वतः निष्क्रिय भएको मानिनेछ।

९. **अनुगमन तथा निरीक्षण गर्नेः** (१) यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमावली र उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरूको पालना गरे नगरेको सम्बन्धमा मन्त्रालय वा उद्योग दर्ता गर्ने निकायले समय-समयमा उद्योगको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उद्योगको अनुगमन तथा निरीक्षण गर्न खटिएको कर्मचारी वा पदाधिकारीले अनुगमन तथा निरीक्षणको सिलसिलामा सम्बन्धित उद्योग परिसरमा प्रवेश गर्न, आवश्यकताअनुसार श्रव्य-दृश्य तथा अन्य सूचना तथा तथ्याङ्क सङ्कलन गर्न, आवश्यक कागजात जाँच गर्न र अन्य कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ।

तर प्रचलित कानूनबमोजिमको बौद्धिक सम्पत्तिको संरक्षणको विषय समावेश भई गोपनीयता कायम राख्नुपर्ने अवस्थामा बौद्धिक सम्पत्ति सम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम माग गरिएको त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई आवश्यक सहजीकरण गरिदिन सक्नेछ।

१०. **उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने:** (१) प्रदेशको कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले प्रदेशभित्र अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा सोको कारण खुलाई उद्योग दर्ता गर्ने निकायसमक्ष उद्योग स्थानान्तरणका लागि तोकिएबमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भएमा सोसमेत सम्पन्न गरी उद्योग दर्ता गर्ने निकायले स्थानान्तरण भई जाने सम्बन्धित स्थानीय तहको सिफारिसमा उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ। त्यसरी उद्योग स्थानान्तरणको लागि प्रदान गरिएको स्वीकृतिको जानकारी मन्त्रालय र सम्बन्धित स्थानीय तहलाई समेत दिनुपर्नेछ।

(३) उद्योग स्थानान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

११. **उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनुपर्ने:** (१) कुनै उद्योगले आफ्नो विद्यमान पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न चाहेमा

सोको स्वीकृतिको लागि उद्योग दर्ता गर्ने निकायसमक्ष तोकिएबमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनउपर जाँचबुझ गरी उद्योग दर्ता गर्ने निकायले तोकिएबमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो उद्योगको पूँजी वृद्धि गर्न, क्षमता वृद्धि गर्न, उद्देश्यमा थप, परिवर्तन वा हेरफेर गर्न साठी दिनभित्र स्वीकृत दिनुपर्नेछ। त्यसरी पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गरेको कारणले उद्योगको वर्गीकरणमा परिवर्तन हुने भएमा सम्बन्धित उद्योगले सोको अभिलेख अद्यावधिक गराई दर्ता प्रमाणपत्रमा जनाउन लगाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यम वा अनुमति लिनु नपर्ने एक करोडसम्म स्थिर पूँजी भएका घरेलु तथा साना उद्योगले पूँजी वृद्धि वा क्षमता वृद्धि गर्दा उद्योग दर्ता गर्ने निकायको स्वीकृति लिन आवश्यक पर्ने छैन।

तर त्यस्तो पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेरबाट वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने भएमा प्रचलित कानूनबमोजिम सोको प्रतिवेदन स्वीकृत गराउनुपर्नेछ।

(४) यस दफाको प्रयोजनका लागि कुनै उद्योगले साबिकमा जडित यन्त्र उपकरणमा फेरबदल नगरी व्यवस्थापकीय दक्षता अभिवृद्धि गरी प्रक्षेपित उत्पादनभन्दा बढी उत्पादन गरेकोमा क्षमता वृद्धि गरेको मानिने छैन।

१२. **विवरण उपलब्ध गराउनुपर्नेः** (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिएबमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकायसमक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिएबमोजिम विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योग एक आर्थिक वर्षभन्दा बढी बन्द भएमा वा कुनै कारणले उत्पादन वा कारोबार नभए पनि उक्त अवधिको शून्य विवरण बुझाउनु पर्नेछ।

तर त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायलाई सो उद्योग बन्द भएको जानकारी गराई अभिलेखमा जनाएपछि बन्द भएको अवधिभरको विवरण बुझाउन आवश्यक पर्ने छैन।

**१३. <u>उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने:</u>** (१) यस ऐनबमोजिम दर्ता भएको उद्योग सम्बन्धित उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले पैतिस दिनभित्र त्यसको जानकारी उद्योग दर्ता गर्ने निकायलाई तोकिएबमोजिमको ढाँचामा दिनुपर्नेछ।

(२) उद्योगको उत्पादन वा कारोबारमा कुनै अवरोध वा बाधा उत्पन्न भएमा त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायमा जानकारी गराएमा सोको निराकरणका लागि उद्योग दर्ता गर्ने निकायले प्रदेश सरकार, स्थानीय तह र अन्य सम्बद्ध पक्षहरूवीच आवश्यक पहल र सहजीकरण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम बन्द वा स्थगन भएको उद्योग पुनः सञ्चालनमा आएमा सोको एक महिनाभित्र उद्योग दर्ता गर्ने निकायमा जानकारी दिनुपर्नेछ।

**१४. <u>उद्योग दर्ता खारेज गर्न निवेदन दिन सकिने:</u>** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकायसमक्ष तोकिएबमोजिमको विवरण वा कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सकिनेछ।

तर प्रचलित कानूनबमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानूनबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले बुझाउनुपर्ने कर लगायतको सरकारी दायित्व तथा अन्य दायित्व फरफारक गरेको देखिएमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी उद्योग दर्ता खारेज गरिदिनु पर्नेछ। त्यसरी गरिएको दर्ता खारेजीको जानकारी सम्बन्धित निवेदक र सबै सरोकारवाला सरकारी निकायलाई दिनुपर्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनबमोजिम दामासाहीको प्रक्रियामा गएको कम्पनीअन्तर्गतको उद्योगहरूको हकमा सोही बमोजिम हुनेछ र त्यसरी उद्योग खारेज भएकोमा सोको जानकारी लिक्विडेटरले सम्बन्धित उद्योग दर्ता गर्ने निकायलाई उपलब्ध गराउनुपर्नेछ।

**१५. <u>अभिलेख व्यवस्थित गर्नुपर्नेः</u>** (१) उद्योग दर्ता, नवीकरण, नामसारी, नाम परिवर्तन, स्थानान्तरण, क्षमता वृद्धि, पूँजी वृद्धि, उद्देश्य थप वा परिवर्तन वा उद्योग खारेजी लगायतका उद्योग प्रशासनसँग सम्बन्धित अभिलेख सुरक्षित राख्ने दायित्व उद्योग दर्ता गर्ने निकायको हुनेछ।

(२) कुनै उद्योग वा त्यस्तो उद्योगमा स्वामित्व भएको व्यक्तिले आफूसँग सम्बन्धित उद्योगको उपदफा (१) बमोजिमको कागजात वा अभिलेख आवश्यक भएको खण्डमा तोकिएबमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकायसमक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन पर्न आएमा उद्योग दर्ता गर्ने निकायले तोकिएको दस्तुर लिई सो निकायमा रहेको कागजात वा अभिलेख प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ।

(४) कुनै कारणले उद्योग दर्ता गर्ने निकायमा रहेको अभिलेख नष्ट भएको वा फेला पर्न नसकेको अवस्थामा उद्योग दर्ता गर्ने

निकायले सरोकारवाला अन्य सरकारी निकायमा रहेको कागजात वा अभिलेख तथा सम्बन्धित उद्योगले पेश गरेका अन्य कागजातलाई आधार मानी अभिलेख कायम गरी उपदफा (३) बमोजिमको प्रतिलिपि उपलब्ध गराउन सक्नेछ।

(५) उद्योग दर्ता गर्ने निकायले उपदफा (४) बमोजिम प्रतिलिपि जारी गरे पश्चात सो उद्योगको अभिलेख सम्बन्धी विवरण पछि अन्यथा प्रमाणित हुन आएमा उद्योग दर्ता गर्ने निकायले निर्णय गरी त्यस्तो प्रतिलिपि रद्द गर्न सक्नेछ।

(६) उद्योग दर्ता गर्ने निकायमा रहेको कुनै उद्योगसँग सम्बन्धित कागजात वा अभिलेख सम्बन्धित उद्योग वा त्यस्तो उद्योगमा स्वामित्व भएको व्यक्ति बाहेक अन्य कसैलाई उपलब्ध गराउन हुँदैन।

तर, अनुसन्धान वा सरकारी काम कारबाहीको सिलसिलामा कुनै अदालत, सरकारी कार्यालय वा निकायबाट माग भएको अवस्थामा त्यस्तो अदालत, सरकारी कार्यालय वा निकायलाई अभिलेख उपलब्ध गराउन बाधा पुऱ्याएको मानिने छैन।

**१६. दर्ता नियमन प्रक्रिया निर्धारण गर्नुपर्ने:** उद्योग दर्ता गर्ने निकायले सेवा प्रवाहमा एकरूपता तथा प्रक्रियागत पारदर्शिता कायम गर्न उद्योग दर्ता प्रक्रियामा लाग्ने समय, लागत, निर्णयमा संलग्न हुने तह तथा सेवाग्राहीले प्राप्त गर्ने सेवासम्बन्धी प्रक्रिया तथा मापदण्ड तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-३

## उद्योगको वर्गीकरण तथा स्थिर पूँजी

**१७. उद्योगको वर्गीकरण:** (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरूको वर्गीकरण देहायबमोजिम गरिएको छः-

(क) **लघु** उद्यमः देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछः-

(१)घर जग्गाबाहेक बढीमा बीस लाख रुपैयाँसम्मको स्थिर पूँजी रहेको,

(२)उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमीसहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार एक करोड रुपैयाँभन्दा कम रहेको,

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिनको क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको।

तर यस खण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित संघीय कानूनले तोकेबमोजिम अनुमति लिनुपर्ने उद्योगलाई लघु उद्यम मानिने छैन।

(ख) **घरेलु** उद्योगः देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछः-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाट सम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको,

(४) अनुसूची-१ मा उल्लेख भएबमोजिमका उद्योगहरू।

(ग) **साना उद्योगः** लघु उद्यम र घरेलु उद्योग बाहेकको पन्ध्र करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग।

(घ) **मझौला उद्योगः** पन्ध्र करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग।

(ङ) **ठूला** उद्योगः पचास करोड रुपैयाँभन्दा बढी स्थिर पूँजी भएको उद्योग।

(२) उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहायबमोजिम वर्गीकरण गरिएको छः-

(क) **ऊर्जामूलक उद्योगः** ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची-२ मा उल्लिखित उद्योगहरू,

(ख) उत्पादनमूलक **उद्योगः** कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, वा अर्धप्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरू,

(ग) **कृषि तथा वन पैदावारमा आधारित उद्योगः** कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित अनुसूची-३ मा उल्लिखित उद्योगहरू,

(घ) **खनिज उद्योगः** प्रचलित कानूनले तोकेअनुसारको प्रदेशको क्षेत्राधिकार भित्रका खनिज उत्खनन् वा प्रशोधन गरी

कुनै धातु वा धातुबाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरू,

(ङ) पूर्वाधार **उद्योग:** भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची-४ मा उल्लेख गरिएका उद्योगहरू,

(च) **पर्यटन** उद्योगः पर्यटन सेवासँग सम्बन्धित अनुसूची-५ मा उल्लिखित उद्योगहरू,

(छ) **सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग:** प्रचलित कानूनले तोकेअनुसारको प्रदेशको क्षेत्राधिकारभित्रका सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रसारण प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-६ मा उल्लिखित उद्योगहरू,

(ज) **सेवामूलक उद्योग:** सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची-७ मा उल्लिखित उद्योगहरू।

(३) कुनै उद्योगले दफा ११ बमोजिम पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्यमा थप, परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग उपदफा (१) बमोजिम जुन वर्गमा पर्ने हो सोही वर्गमा स्वतः वर्गीकृत भएको मानिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डको सिफारिसमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई उद्योगको वर्गीकरणमा समावेश गर्न वा कुनै एक वर्गमा समावेश भएको उद्योगलाई कुनै अर्को उपयुक्त वर्गमा रहने गरी व्यवस्था गर्न सक्नेछ।

(५) प्रचलित कानूनबमोजिम दर्ता भएका तोकिएबमोजिमका सहकारी संस्थाले सो संस्थाको स्वामित्व रहने गरी उद्योग दर्ता गर्न चाहेमा यस ऐनबमोजिम उद्योग दर्ता गर्न सकिनेछ।

(६) यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएका उद्योगहरूले यो ऐनबमोजिम वर्गीकरण हुन चाहेमा उद्योग दर्ता गर्ने निकायले तोकिएबमोजिमको प्रक्रिया पूरा गरी वर्गीकरण अद्यावधिक गर्न सक्नेछ।

(७) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी उपदफा (१) वा (२) बमोजिमको वर्गीकरणमा आवश्यक हेरफेर गर्न सक्नेछ।

**१८. उद्योगको स्थिर पूँजीः** (१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थिर पूँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मूल्याङ्कन गरिनेछः-

(क) जमिन तथा जमिनमुनि (अन्डरग्राउण्ड), अन्तरिक्ष, जल वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तैः ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली),

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत् आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपुर्जा,

(छ) परिवहनका साधन,

(ज) पूँजीगत प्रकृतिका कार्यालय सामग्री तथा उपकरण,

(झ) फिक्स्चर तथा फर्निचर,

(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पूँजीको रूपमा मूल्याङ्कन गरिनेछः-

(क) पूँजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण खर्च,

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पूँजीकृत हुने ब्याज खर्च,

(घ) उद्योग सञ्चालन पूर्वको वातावरणीय अध्ययन र अनुसन्धान खर्च।

**१९. <u>प्रदेश प्राथमिकता प्राप्त उद्योगः</u>** (१) यस ऐनको अनुसूची-८ मा उल्लिखित उद्योगहरूलाई प्रदेश प्राथमिकता प्राप्त उद्योग मानिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय औद्योगिक व्यवसाय ऐनमा उल्लेख भएको राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग प्रदेशको पनि प्राथमिकता प्राप्त उद्योग हुनेछ।

## परिच्छेद-४
## <u>औद्योगिक तथा लगानी प्रवर्धन बोर्डसम्बन्धी व्यवस्था</u>

**२०. <u>बोर्डको गठनः</u>** (१) प्रदेशमा उद्योग विकास र औद्योगिकीकरणका लागि आवश्यक सहजीकरण, समीक्षा, नीतिगत पृष्ठपोषण तथा उद्योगको स्थापना, लगानी अभिवृद्धि, प्रवर्धन, संरक्षण र विस्तार गरी औद्योगिकरणलाई तीव्रता दिने सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्न देहायबमोजिमको एक औद्योगिक तथा लगानी प्रवर्धन बोर्ड गठन गरिएको छः-

(क) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(ख) सदस्य, प्रदेश योजना आयोग (उद्योग हेर्ने) -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय-सदस्य

(घ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(ङ) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य

(च) सचिव, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय -सदस्य

(छ) सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ज) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(झ) प्रमुख, नेपाल राष्ट्र बैंक प्रदेशस्तरको कार्यालय -सदस्य

(ञ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेश -सदस्य

(ट) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ, कर्णाली प्रदेश -सदस्य

(ठ) अध्यक्ष, महिला उद्यमी महासंघ, कर्णाली प्रदेश -सदस्य

(ड) उद्योग क्षेत्रका विज्ञहरूमध्येबाट कम्तीमा एक जना महिला उद्यमीसहित मन्त्रालयबाट मनोनीत तीन जना -सदस्य

(ढ) चेम्बर अफ कमर्शको एकजना प्रतिनिधि -सदस्य

(ण) निर्देशक, निर्देशनालय -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयमा मन्त्री र राज्यमन्त्री दुवै नियुक्त भएको अवस्थामा राज्यमन्त्री बोर्डको सदस्यको रूपमा रहनेछ।

(३) बोर्डले आवश्यक देखेमा विषयसँग सम्बन्धित विषयको विज्ञ, प्रदेश सरकारको कुनै पदाधिकारी वा अधिकृत कर्मचारीलाई बोर्डको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(४) बोर्डको बैठक कम्तीमा छ महिनाको एक पटक र आवश्यकताअनुसार जुनसुकै बखत बस्न सक्नेछ।

(५) बोर्डको सदस्य-सचिवले बोर्डको अध्यक्षसँगको परामर्शमा बोर्डको बैठकमा पेश हुने कार्यसूची निर्धारण गरी सोको जानकारी बोर्डको बैठक बस्नुभन्दा दुई दिन अगावै सबै सदस्यलाई उपलब्ध गराउनुपर्नेछ।

(६) बोर्डले गरेका निर्णयहरू सदस्य-सचिवले प्रमाणित गरी राख्नुपर्नेछ।

(७) बोर्डको सचिवालय निर्देशनालयमा रहनेछ।

(८) बोर्डको बैठकसम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरेबमोजिम हुनेछ।

२१. **<u>बोर्डको काम, कर्तव्य र अधिकारः</u>** (१) यस ऐनमा अन्यत्र तोकिएका काम, कर्तब्य र अधिकारका अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रदेशको समग्र औद्योगिक प्रवर्धनको सम्बन्धमा नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न प्रदेश सरकारसमक्ष सिफारिस गर्ने,

(ख) औद्योगिक प्रदूषण नियन्त्रणसम्बन्धी नीतिको कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने,

(ग) प्रदेशको औद्योगिक विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक कदम चाल्न प्रदेश सरकारसमक्ष सुझाव तथा सिफारिस गर्ने,

(घ) प्रदेशमा दर्ता भएका उद्योग व्यवसायीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्गदर्शन गर्ने,

(ङ) प्रदेशभित्रका औद्योगिक क्षेत्रमा स्वदेशी लगानी अभिवृद्धि गर्ने सन्दर्भमा आवश्यकताअनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने, गराउने,

(च) प्रदेशभित्र सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने, गराउने,

(छ) औद्योगिक व्यवसाय विकास र विस्तारका लागि प्रदेश तथा स्थानीय तहहरूबीच समन्वय गर्नुपर्ने विषयमा आवश्यक मार्गदर्शन दिने र समन्वयको आवश्यक व्यवस्था मिलाउने,

(ज) एकल बिन्दु सेवा केन्द्रमा प्राप्त हुने सेवा सुविधाको सम्बन्धमा उद्योग हेर्ने संघीय मन्त्रालयमार्फत संघीय बोर्डसँग समन्वय गर्ने,

(झ) प्रदेशमा दर्ता भएका उद्योगको प्रवर्धनको सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने वा गराउने,

(ञ) औद्योगिक तथा लगानी प्रवर्धनका लागि आवश्यक देखेका अन्य विषयमा सुझाव तथा सिफारिस गर्ने।

(२) बोर्डले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये केही अधिकार प्रदेश सरकारको कुनै निकाय वा अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) बोर्डले आफूले गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र मन्त्रालयसमक्ष पेश गर्नुपर्नेछ। मन्त्रालयले यस्तो प्रतिवेदन आफ्नो वेबसाइटमा प्रकाशन गर्नेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग व्यावसायमा प्रत्यक्ष असर पर्ने गरी कुनै नीति तर्जुमा गर्दा वा त्यसमा परिवर्तन गर्दा बोर्डसँग परामर्श लिनुपर्नेछ।

२२. **<u>जिल्ला उद्योग प्रवर्धन विकास समितिः</u>** (१) जिल्लास्तरमा लगानी प्रवर्धन तथा उद्योग स्थापनालाई प्रश्रय दिन देहायबमोजिमको जिल्ला उद्योग प्रवर्धन विकास समितिको गठन गरिनेछः-

(क) जिल्ला समन्वय समिति प्रमुख वा उपप्रमुख -संयोजक

(ख) जिल्लाका सबै स्थानीय तहका प्रमुख वा उपप्रमुख -सदस्य

(ग) जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष वा उपाध्यक्ष -सदस्य

(घ) जिल्ला घरेलु तथा साना उद्योग महासंघको अध्यक्ष वा उपाध्यक्ष -सदस्य

(ङ) जिल्ला लघु उद्यमी समूह/संघको अध्यक्ष वा उपाध्यक्ष -सदस्य

(च) सरकारी स्वामित्वको बैंक तथा वित्तीय संस्थाको जिल्लास्थित शाखाको प्रमुखवा उपप्रमुख -सदस्य

(छ) उद्योगसम्बन्धी विषय हेर्ने कार्यालयको प्रमुख -सदस्य-सचिव

(२) समन्वय समितिले सम्बन्धित क्षेत्रका बढीमा दुई जना विज्ञलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको सचिवालय जिल्लास्थित उद्योगसम्बन्धी विषय हेर्ने कार्यालयमा रहनेछ।

(४) समितिको वैठक सञ्चालनसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

२३. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) जिल्लामा औद्योगिक तथा लगानी प्रवर्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण सम्बन्धी नीतिगत निर्णयका लागि प्रदेश सरकारसमक्ष सिफारिस गर्ने,

(ख) उद्योग सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) जिल्लाको समग्र औद्योगिकरण सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्यप्रणालीको नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न मन्त्रालय समक्ष सुझाव तथा सिफारिस गर्ने,

(घ) जिल्लाको औद्योगिक विकास तथा उद्यमशीलता विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक कदम चाल्न प्रदेश सरकारसमक्ष सुझाव तथा सिफारिस गर्ने,

(ङ) जिल्लास्थित विभिन्न स्थानीय तहमा औद्योगिक विकास गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

(च) औद्योगिक लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्बन्धमा प्रदेश सरकारसमक्ष सिफारिस र सुझाव दिने,

(छ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यतापूर्ण सहकार्यमा

प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक सहजीकरण गर्ने,

(ज) जिल्ला तथा स्थानीय स्तरमा औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्र पहिचान गरी सिफारिस गर्ने,

(झ) औद्योगिक विकासको लागि सहजीकरण, समीक्षा तथा समन्वय सम्बन्धी तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

२४. **बोर्ड वा समितिको सदस्यले निर्णय प्रक्रियामा भाग लिन नहुने:** (१) बोर्ड वा समितिको बैठकमा निर्णयको लागि पेश हुने कुनै कार्यसूचीको सम्वन्धमा बोर्ड वा समितिको कुनै सदस्यको निजी सरोकार वा स्वार्थ रहे त्यस्तो कार्यसूचीका सम्बन्धमा हुने निर्णय प्रक्रियामा निजले भाग लिन पाउने छैन।

(२) उपदफा (१) बमोजिमको अवस्था आई परेमा सम्बन्धित सदस्यले सदस्य-सचिव मार्फत बोर्ड वा समितिलाई जानकारी गराउनुपर्नेछ।

(३) उपदफा (१) विपरीत हुने गरी निर्णय भएको देखिएमा त्यस्तो निर्णय स्वतः बदर हुनेछ।

२५. **गोपनीयता कायम राख्नुपर्ने:** (१) बोर्ड वा समितिको कामको सिलसिलामा आफ्नो जानकारीमा आएको कुनै सूचना अनाधिकृत तवरले अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा कसैको लाभ, हित वा फाइदाको लागि प्रयोग गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) विपरीत बोर्ड वा समितिको अध्यक्ष, सदस्य, सदस्य-सचिव, बैठकमा आमन्त्रित व्यक्ति वा कर्मचारीले कुनै काम गरेमा निजले पदीय आचरण पालना नगरेको मानिनेछ।

## परिच्छेद-५
## उद्योगलाई प्रदान गरिने सहुलियतसम्बन्धी व्यवस्था

**२६. थप सुविधा तथा सहुलियतः** (१) उद्योगलाई प्रदान गरिने छुट, सुविधा तथा सहुलियत प्रचलित कानून र औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित संघीय कानूनबमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित सुविधा तथा सहुलियतका अलावा प्रदेशबाट उद्योगहरूले पाउने थप सुविधा तथा सहुलियत देहायबमोजिम हुनेछः-

(क) वन पैदावारमा आधारित उद्योगलाई कबुलियत वा लिजमा आवश्यक शर्त तोकी कुनै खास क्षेत्रको वन प्रचलित कानूनबमोजिम भोगाधिकार उपलब्ध गराउन प्रदेश सरकारले नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्नेछ,

(ख) उद्योगले आफ्नो प्रयोजनको लागि उत्पादन गरेको विद्युत् बढी भई विक्री गर्न चाहेमा विक्री गरिने विद्युत्को परिमाणमा आपसी सहमतिबाट कायम भएको दरमा प्रचलित कानूनबमोजिम बिक्री गर्न प्रदेश सरकारले नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्नेछ,

(ग) निर्यातमूलक उद्योग, विशेष आर्थिक क्षेत्र, औद्योगिक कलष्टर, औद्योगिक क्षेत्र वा उद्योग ग्राममा स्थापना हुने तोकिएबमोजिमका उद्योगलाई प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ,

(घ) प्रदेश प्राथमिकता प्राप्त उद्योग वा स्वदेशी कच्चा पदार्थ, श्रम र सीपको अधिकतम उपयोग वा नेपालभित्रै प्रविधि

वा वस्तुको आविष्कार गरी स्थापना भएका उद्योगहरूको लागि बोर्डको सिफारिसमा प्रचलित कानूनको अधीनमा रही प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत दिन सक्नेछ,

(ङ) सहकारी, लघु उद्यम, घरेलु र साना उद्योगलाई बीउ पूँजी (सिड क्यापिटल) को रूपमा प्रदेश सरकारले मापदण्ड वा कार्यविधि बनाई सोहीबमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ,

(च) सुर्तीजन्य र मदिराजन्य उद्योगबाहेक दफा १७ को उपदफा (२) बमोजिमको उत्पादनमूलक उद्योग, कृषि तथा वन पैदावारमा आधारित उद्योगलाई प्रदेश सरकारले तोकिएबमोजिम प्रोत्साहन, छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन सक्नेछ,

(छ) लघु, घरेलु तथा साना उद्योगले आफ्नो उद्योगको क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने मेसिनरी, यन्त्र, उपकरणजस्ता नवीन प्रविधि आयात गर्दा लाग्ने भन्सार महसुलमा छुट दिन प्रदेश सरकारले नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्नेछ,

(ज) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी उद्योगले जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क, सहुलियत दरमा ऋण उपलब्ध गराउने, अनुदान, पूर्वाधार निर्माणलगायतका कार्यमा सहयोग उपलब्ध गराउन सक्नेछ।

२७. **<u>जग्गासम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐन वा प्रचलित कानूनबमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानूनबमोजिम आफैंले खरिद गर्नुपर्नेछ।

तर तोकिएबमोजिमका उद्योग सञ्चालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा खरिद गर्न वा सरकारी स्वामित्व भएको जग्गा उपलब्ध गराइदिन अनुरोध गरेमा उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्नेछ।

(२) जग्गा उपलब्ध गराउन समन्वय र सहजीकरण गर्ने प्रक्रिया तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२८. **<u>उद्योगको राष्ट्रियकरण वा अधिग्रहणः</u>** (१) यस ऐनबमोजिम दर्ता भएको कुनै पनि उद्योगको राष्ट्रियकरण गरिने छैन।

(२) कुनै पनि उद्योगलाई सार्वजनिक प्रयोजनको लागि बाहेक प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अधिग्रहण गरिने छैन। सार्वजनिक प्रयोजनको लागि अधिग्रहण गर्नु पर्दा प्रचलित कानूनबमोजिमको उचित प्रक्रिया पूरा गर्नुपर्नेछ।

२९. **<u>रुग्ण उद्योगसम्बन्धी व्यवस्थाः</u>** (१) रुग्ण उद्योगको पहिचान र वर्गीकरणसम्बन्धी व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम पहिचान र वर्गीकरण भएका उद्योगलाई प्रचलित कानून र तोकिएबमोजिमका सुविधा प्रदेश सरकारले उपलब्ध गराउन सक्नेछ।

३०. **<u>औद्योगिक सुरक्षासम्बन्धी व्यवस्थाः</u>** यस ऐन वा प्रचलित कानूनबमोजिम स्थापना भएका तोकिएबमोजिमका उद्योगका लागि आवश्यकता अनुसार प्रदेश सरकारले तोकिएबमोजिम औद्योगिक सुरक्षा उपलब्ध गराउनेछ।

३१. **<u>प्रोत्साहन, छुट, सुविधा वा सहुलियतको दुरूपयोग गर्न नहुनेः</u>** (१) यस ऐनबमोजिम वा प्रचलित कानूनबमोजिम उद्योगले प्राप्त गर्ने प्रोत्साहन, छुट, सुविधा वा सहुलियत जुन प्रयोजनका लागि दिइएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्नेछ।

(२) कुनै उद्योगले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत हुने कुनै कार्य गरेमा त्यस्तो उद्योगलाई यस परिच्छेद बमोजिमको प्रोत्साहन, छुट, सुविधा वा सहुलियत प्रदान गरिने छैन।

## परिच्छेद-६

## <u>सजाय र पुनरावेदनसम्बन्धी व्यवस्था</u>

३२. **<u>सजायः</u>** (१) कसैले दफा ३ बमोजिम उद्योग दर्ता नगराई उद्योग सञ्चालन गरेको पाइएमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले त्यस्तो उद्योगलाई तत्काल बन्द गर्न लगाई देहायबमोजिमको जरिवाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा पाँच हजार रुपैयाँ,

(ख) घरेलु र साना उद्योगको हकमा पच्चीस हजार रुपैयाँ,

(ग) मझौला उद्योगको हकमा पचास हजार रुपैयाँ,

(घ) ठूला उद्योगको हकमा एक लाख रुपैयाँ।

(२) कुनै उद्योगले आफ्नो उद्देश्य विपरीत कार्य गरेमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले त्यस्तो उद्योगलाई देहायबमोजिमको जरिवाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा दुई हजार रुपैयाँसम्म जरिवाना गर्ने,

(ख) घरेलु र साना उद्योगको हकमा पचास हजार रुपैयाँसम्म जरिवाना गर्ने,

(ग) मझौला उद्योगको हकमा एक लाख रुपैयाँसम्म जरिवाना गर्ने,

(घ) ठूला उद्योगको हकमा पाँच लाख रुपैयाँसम्म जरिवाना गर्ने।

(३) कुनै उद्योगले दफा ८ बमोजिम तोकिएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी नदिएमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले देहायबमोजिमको जरिवाना गर्नेछः-

(क) लघु उद्यमको हकमा प्रत्येक छ महिनाको लागि दुई हजार रुपैयाँ

(ख) घरेलु र साना उद्योगको हकमा प्रत्येक छ महिनाको लागि दश हजार रुपैयाँ,

(ग) मझौला र ठूला उद्योगको हकमा प्रत्येक छ महिनाको लागि पच्चीस हजार रुपैयाँ।

(४) कुनै उद्योगले दफा १० बमोजिम स्वीकृति नलिई उद्योगको स्थानान्तरण गरेमा वा दफा ११ बमोजिम स्वीकृति नलिई पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन गरेमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले देहायको कुनै जरिवाना गर्नेछः-

(क) लघु उद्यमको हकमा पाँच हजार रुपैयाँ,

(ख) घरेलु र साना उद्योगको हकमा पच्चीस हजारदेखि पचास हजार रुपैयाँसम्म,

(ग) मझौला र ठूला उद्योगको हकमा एक लाखदेखि तीन लाख रुपैयाँसम्म।

(५) कुनै उद्योगले दफा १२ बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई देहायबमोजिमको जरिवाना गर्न सक्नेछः-

(क) लघु उद्यमलाई एक हजार रुपैयाँ,

(ख) घरेलु र साना उद्योगलाई पाँच हजार रुपैयाँ,

(ग) मझौला उद्योगलाई दश हजार रुपैयाँ,

(घ) ठूला उद्योगलाई पच्चीस हजार रुपैयाँ।

(६) कुनै उद्योगले दफा ३१ विपरीत हुने गरी कुनै कार्य गरेमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले त्यस्तो उद्योगलाई उपलब्ध गराएको प्रोत्साहन, छुट, सुविधा वा सहुलियत जुनसुकै बखत रोक्का गर्न, त्यस्तो प्रोत्साहन, छुट, सुविधा वा सहुलियत बराबरको रकम असुल गर्न वा सो बराबरको रकम जरिवाना गर्न सक्नेछ।

(७) कुनै उद्योगले दफा ४१ बमोजिम व्यावसायिक सामाजिक जिम्मेवारी बहन नगरेमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले त्यस्तो उद्योगको वार्षिक खुद मुनाफाको एक दशमलव पाँच प्रतिशतले हुन आउने रकम जरिवाना गर्न सक्नेछ। त्यस्तो जिम्मेवारी एक आर्थिक वर्षभन्दा बढी अवधिमा बहन नगर्ने उद्योगलाई प्रतिवर्ष वार्षिक खुद मुनाफाको शून्य दशमलव पाँच प्रतिशतका दरले थप जरिवाना गर्नेछ।

(८) कुनै उद्योगले यो ऐन वा यस ऐनअन्तर्गत वनेको नियमावलीबमोजिम पालना गर्नुपर्ने शर्त वा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले समय-समयमा दिएको निर्देशन पालना नगरेमा त्यस्तो उद्योगलाई उद्योग दर्ता गर्ने निकायले देहायबमोजिम जरिवाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा पाँच हजार रुपैयाँसम्म,

(ख) घरेलु तथा साना उद्योगको हकमा पचास हजार देखि एक लाख पचास हजार रुपैयाँसम्म,

(ग) मझौला उद्योगको हकमा एक लाख पचास हजारदेखि तीन लाख रुपैयाँसम्म,

(घ) ठूला उद्योगको हकमा दुई लाख पचास हजारदेखि तीन लाख रुपैयाँसम्म।

(९) यस दफामा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गर्ने उद्योगलाई उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले देहायबमोजिमको जरिवाना गर्न सक्नेछः-

(क) लघु उद्यम भए पन्ध्र हजार रुपैयाँसम्म,

(ख) घरेलु तथा साना उद्योग भए पन्ध्र हजारदेखि तीस हजार रुपैयाँसम्म,

(ग) मझौला उद्योगको हकमा तीस हजारदेखि पचास हजार रुपैयाँसम्म,

(घ) ठूला उद्योग भए पचास हजारदेखि एक लाख रुपैयाँसम्म।

**३३. <u>सरकारी बाँकीसरह असूल गरिनेः</u>** यस ऐनबमोजिम लागेको जरिवाना रकम प्रचलित कानूनबमोजिम सरकारी बाँकीसरह असूलउपर गरिनेछ।

**३४. <u>सफाइ पेश गर्ने मौका दिइनेः</u>** यस परिच्छेदबमोजिम कुनै उद्योगलाई सजाय गर्दा सफाइ पेश गर्ने मनासिब माफिकको मौका दिनुपर्नेछ।

**३५. <u>पुनरावेदनसम्बन्धी व्यवस्थाः</u>** यस परिच्छेदबमोजिम भएको सजायको आदेशउपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन लाग्नेछ।

## परिच्छेद-७

## <u>विविध</u>

**३६. <u>विशेष आर्थिक क्षेत्रसम्बन्धी व्यवस्थाः</u>** औद्योगिक क्रियाकलापलाई सघन रूपमा सञ्चालन गर्नका लागि आर्थिक क्षेत्र, अन्तरदेशीय आर्थिक क्षेत्र, निर्यात प्रवर्धन क्षेत्र, निर्यात प्रशोधन क्षेत्र, विशेष आर्थिक क्षेत्र, विशेष

व्यापारिक क्षेत्र, पर्यटकीय वा अन्य कुनै क्षेत्रसम्बन्धी व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ।

**३७. <u>प्रदेश औद्योगिक तथा लगानी प्रवर्धन कोष:</u>** (१) प्रदेश सरकारले प्रदेशको औद्योगिक लगानी प्रवर्धन तथा संरक्षणका लागि एक औद्योगिक तथा लगानी प्रवर्धन कोष स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम,

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम लिनुअघि नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको रकम देहायको कार्यमा खर्च गर्न सकिनेछ:-

(क) लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योग विकास,

(ख) प्रविधि विकास,

(ग) औद्योगिक प्रवर्धन,

(घ) महिला उद्यमशीलता विकास,

(ङ) लघु उद्यम, घरेलु तथा साना उद्योगहरुलाई वित्तीय संस्थाबाट लिने ऋणको ब्याजमा अनुदान,

(च) रुग्ण उद्योगको पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन।

(५) कोषको रकम उपदफा (४) बमोजिमको कार्यमा खर्च गर्दा कोषको स्वीकृत वार्षिक कार्यक्रमको अधीनमा रही लगानी तथा खर्च गर्नुपर्नेछ।

(६) कोषको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३८. **<u>औद्योगिक जनशक्तिः</u>** (१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय स्तरको पत्रिकामा विज्ञापन प्रकाशन गर्दा पनि उद्योगको लागि चाहिने कुनै खास सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकमध्येबाट उपलब्ध हुन नसकेमा वा उच्च व्यवस्थापन तहको पदमा उपदफा (३) बमोजिम निर्देशनालयको सिफारिसमा श्रमसम्बन्धी प्रचलित कानूनबमोजिम श्रम स्वीकृति लिई बढीमा पाँच वर्षसम्मको लागि त्यस्तो उद्योगले विदेशी नागरिक नियुक्त गर्न सक्नेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि उद्योग दर्ता गर्ने निकायले सिफारिस गर्दा त्यस्तो उद्योगले माग गरेबमोजिमको सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्न प्रयास गरेको, त्यस्तो सीप वा दक्षता भएको जनशक्ति उद्योगलाई आवश्यक भएको र त्यस्तो जनशक्ति नेपालमा उपलब्ध हुन नसकेको यकिन गरी श्रम विभागमा श्रम स्वीकृतिको लागि सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम नियुक्त गरिएको विदेशी नागरिक विशिष्ट प्रकारको प्राविधिक भई त्यस्तो जनशक्ति नेपालभित्र उपलब्ध हुन नसक्ने भएमा उपदफा (३) बमोजिम स्वीकृति लिई त्यस्तो जनशक्तिलाई थप दुई वर्षसम्मको लागि पुनः नियुक्त गर्न सकिनेछ।

(५) उपदफा (२) बमोजिम कुनै उद्योगमा विदेशी नागरिक नियुक्त भएमा निजले प्राप्त गरेको पारिश्रमिकको सत्तरी प्रतिशत रकम परिवर्त्य विदेशी मुद्रामा नेपाल बाहिर लैजान पाउनेछ।

(६) उद्योगमा कार्यरत श्रमिकले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा बाधा अवरोध पुग्ने गरी कुनै प्रकारका गतिविधि

गर्न पाउने छैनन्। उद्योगमा कार्यरत श्रमिकले आफ्ना मागहरू प्रचलित श्रमसम्बन्धी कानूनले निर्धारण गरेको प्रक्रिया पूरा गरी शान्तिपूर्ण ढङ्गले व्यवस्थापनसमक्ष राखी आपसी समझदारीमा समाधान गर्नुपर्नेछ।

(७) उद्योगमा काम गर्ने श्रमिक र उद्योगवीच उत्पन्न व्यक्तिगत वा सामूहिक विवादको समाधान श्रमसम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ।

(८) श्रमिकको कारणबाट उद्योग सञ्चालन तथा त्यसको उत्पादनमा बाधा वा अवरोध पुग्ने गरी कुनै प्रकारका गतिविधि भई उद्योग बन्द भएमा त्यसरी उद्योग बन्द गर्ने वा काम नगर्ने श्रमिक तथा कर्मचारीलाई त्यसरी काम नगरेको अवधिभरको पारिश्रमिक उपलब्ध गराउन सम्बन्धित उद्योग वा प्रतिष्ठान बाध्य हुने छैन।

३९. **करार गरी उत्पादन गर्न सक्नेः** (१) प्रचलित कानूनबमोजिम दर्ता भई सञ्चालनमा रहेको कुनै उद्योगले त्यस्तो उद्योगको उत्पादनको मुख्य उत्पादनबाहेक आफ्नो उत्पादनको कुनै भाग वा उद्योगलाई आवश्यक पर्ने सहायक वस्तु वा सेवा अन्य उद्योगसँग करार वा उपकरार गरी उत्पादन गर्न सक्नेछ।

(२) कुनै निर्यातमूलक उद्योगको लागि तोकिएबमोजिमको मापदण्ड पूरा गरी उपदफा (१) बमोजिम करार वा उपकरारका आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरिदिएमा त्यस्तो उद्योगलाई पनि तोकिएबमोजिमको प्रोत्साहन, छुट, सुविधा र सहुलियत उपलब्ध गराउन सकिनेछ।

(३) करार वा उपकरार गरी उत्पादन गर्न सकिने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४०. **दोहोरो सुविधा प्रदान नगरिने:** (१) यस ऐन वा प्रचलित कानूनबमोजिम प्रदेश सरकारले कुनै उद्योगलाई सेवा, सुविधा वा सहुलियत प्रदान गर्दा दोहोरो पर्ने गरी कुनै सेवा, सुविधा वा सहुलियत प्रदान गर्ने छैन।

(२) प्रदेश सरकारले यस ऐनबमोजिम कुनै उद्योगलाई प्रदान गरेको सेवा, सुविधा वा सहुलियतको जानकारी निर्देशनालयलाई दिनुपर्नेछ।

४१. **व्यावसायिक सामाजिक जिम्मेवारीसम्बन्धी व्यवस्था:** (१) वार्षिक पन्ध्र करोड रुपैयाँभन्दा बढी कारोबार हुने मझौला, ठूला तथा घरेलु उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनको लागि प्रत्येक आर्थिक वर्षमा वार्षिक खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्याउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम छुट्याइएको रकम वार्षिक योजना तथा कार्यक्रम बनाई तोकिएबमोजिमका क्षेत्रमा खर्च गर्नुपर्नेछ।

(३) उद्योगले उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षमा सम्पन्न गरेको कार्यक्रम र त्यस्तो कार्यक्रममा खर्च गरेको रकमको विवरण आर्थिक वर्ष व्यतीत भएको छ महिनाभित्र सम्बन्धित उद्योग दर्ता गर्ने निकायसमक्ष पेश गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिम व्यावसायिक सामाजिक जिम्मेवारीका लागि छुट्याइएको रकम आयकर प्रयोजनार्थ खर्च कट्टी गर्न पाइनेछ।

४२. **उद्योग ग्राम, औद्योगिक क्लष्टर, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र वा औद्योगिक करिडोर घोषणा गर्न सक्ने:** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको प्रदेशको कुनै भाग वा स्थानलाई मापदण्ड बनाई उद्योग ग्राम, औद्योगिक क्लष्टर, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र वा औद्योगिक करिडोर घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएका उद्योग ग्राम, औद्योगिक क्लष्टर, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र वा औद्योगिक करिडोर यो ऐन तथा प्रचलित कानूनबमोजिम अन्य उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराइनेछ।

४३. **भवन बनाउन वा बस्ती बसाउन नहुनेः** (१) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने उद्योग ग्राम, औद्योगिक कल्ष्टर र विशेष आर्थिक क्षेत्रको प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्र र दूरीभित्र कुनै पनि किसिमको आवासीय भवन वा अन्य भवन बनाउन वा बस्ती बसाउन हुँदैन।

(२) उपदफा (१) बमोजिम तोकिएको क्षेत्र र दूरीभित्र रहेको कसैको निजी जग्गामा आवासीय भवन वा अन्य भवन वा वस्ती बसाउन नदिएको कारणबाट हानि नोक्सानी पुग्न जाने भएमा प्रदेश सरकारले तोकिएको म्यादभित्र तोकिएबमोजिमको प्रक्रिया पूरा गरी सम्बन्धित व्यक्तिलाई मनासिब क्षतिपूर्ति दिनुपर्नेछ।

४४. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः** उद्योग दर्ता गर्ने निकायले यस ऐनबमोजिम उद्योग प्रशासनसम्बन्धी तोकिएबमोजिमका काम कारबाहीलाई सरल र सहज बनाउन विद्युतीय कारोबारसम्बन्धी प्रचलित कानूनबमोजिम विद्युतीय माध्यमबाट सम्पादन गर्न सकिने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

४५. **स्वचालित स्वीकृति प्रक्रियासम्बन्धी व्यवस्था गर्न सक्नेः** (१) प्रदेश सरकारले उद्योग प्रशासनसम्बन्धी प्रक्रियालाई सरल, सहज र अनुमानयोग्य बनाउन यस ऐन तथा प्रचलित अन्य कानूनबमोजिम उद्योग दर्तादेखि खारेजीसम्मका प्रक्रियासम्बन्धी सेवाहरू, उद्योगको किसिम, उद्योगको प्रकृति वा लगानीको सीमा लगायतका विषयहरू तोकी स्वचालित मार्गबाट कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वचालित स्वीकृति प्रक्रियासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

४६. **<u>अख्तियारनामा दिन सकिनेः</u>** (१) यस ऐनबमोजिम कुनै उद्योग वा उद्योगमा स्वामित्व भएको व्यक्तिले आफूले गर्नुपर्ने केही वा सबै काम गर्नको निमित्त कुनै व्यक्तिलाई अख्तियारनामा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको अख्तियारनामा बमोजिम काम गर्न त्यस्तो अख्तियारनामाको प्रतिलिपि नोटरी पब्लिकद्वारा प्रमाणित गराई उद्योग दर्ता गर्ने निकायमा उपलब्ध गराउनुपर्नेछ। उद्योग दर्ता गर्ने निकायले आवश्यक ठानेमा त्यस्तो अख्तियारनामाको सक्कल हेर्न सक्नेछ।

४७. **<u>म्याद थप वा पुनः दर्तासम्बन्धी व्यवस्थाः</u>** (१) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानूनबमोजिम उद्योग दर्ता भई उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने म्याद समाप्त भई उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेका उद्योगहरू वा यसअघि म्याद थप भई थपिएको म्यादभित्र समेत उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार गर्न नसकी म्याद गुजारेका उद्योगले निवेदन दिन पाउने गरी एक पटकका लागि यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र म्याद थपका लागि उद्योग दर्ता गर्ने निकायसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग दर्ता गर्ने निकायले म्याद थप गर्नुपर्ने मनासिब कारण देखेमा यस ऐनबमोजिमको प्रक्रिया पूरा गरी देहायबमोजिमको विलम्ब शुल्क लिई म्याद थप गर्न सक्नेछः

(क) लघु उद्यमको हकमा प्रतिवर्ष पच्चीस सय रुपैयाँका दरले,

(ख) घरेलु तथा साना उद्योगको हकमा प्रतिवर्ष सात हजार पाँच सय रुपैयाँका दरले,

(ग) मझौला उद्योगको हकमा प्रतिवर्ष पच्चीस हजार रुपैयाँका दरले,

(घ) ठूला उद्योगको हकमा प्रतिवर्ष पचहत्तर हजार रुपैयाँका दरले।

(३) उपदफा (२) बमोजिम कुनै उद्योगको म्याद थपसम्बन्धी निर्णयको जानकारी सम्बन्धित निवेदकलाई निर्णय भएको सात कार्य दिनभित्र दिनुपर्नेछ।

४८. **<u>एकल बिन्दु सेवा केन्द्रको स्थापना</u>**: (१) यस ऐन तथा प्रचलित अन्य कानूनबमोजिम उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र उद्योगको लागि आवश्यक पर्ने अन्य सेवा समयमै सरल र सहज रूपमा एकै थलोबाट उपलब्ध गराउने सम्बन्धमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी एकल बिन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ।

(२) एकल बिन्दु सेवा केन्द्रको स्थापना तथा सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४९. **<u>स्थानीय तहले उद्योग प्रशासनसम्बन्धी कार्य गर्न सक्नेः</u>** (१) यस ऐनबमोजिम स्थानीय तहले तीन लाख रुपैंयासम्मको स्थिर पूँजी भएका लघु उद्यम तथा घरेलु उद्योग दर्ता, प्रशासन तथा नियमनसम्बन्धी कार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता तथा नवीकरण भएका उद्योगहरूको विवरण अद्यावधिक गरी स्थानीय तहले निर्देशनालयलाई पठाउनुपर्नेछ।

(३) स्थानीय तहले गर्ने उद्योग प्रशासनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**५०. <u>अधिकार प्रत्यायोजन:</u>** (१) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावलीबमोजिम बोर्डलाई प्राप्त अधिकारमध्ये केही अधिकार बोर्डले आवश्यकताअनुसार मन्त्रालयको सचिव, निर्देशनालयको निर्देशक वा प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) यो ऐन वा यस ऐनअन्तर्गत वनेको नियमावलीबमोजिम निर्देशनालयलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकताअनुसार प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ।

**५१. <u>बाधा अड्काउ फुकाउने अधिकार:</u>** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**५२. <u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने:</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकताअनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ।

**५३. <u>यसै ऐनबमोजिम हुने:</u>** यस ऐनमा लेखिएको कुरामा यसै ऐनबमोजिम र अन्यमा प्रचलित कानूनबमोजिम हुनेछ।

**५४. <u>निवेदन दिन सक्ने:</u>** (१) यस ऐनबमोजिम निर्णय गर्नुपर्ने वा कार्य सम्पन्न गर्न तोकिएको अवधिभित्र कार्य सम्पन्न नभएमा मर्का पर्ने पक्षले मन्त्रालयसमक्ष उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा मन्त्रालयले तोकिएबमोजिम आवश्यक जाँचवुझ गरी उपयुक्त निर्णय गर्नेछ।

(३) उपदफा (२) बमोजिमको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको पैतीस दिनभित्र सम्बन्धित उच्च अदालत समक्ष पुनरावेदन दिन सक्नेछ।

५५. **<u>नियम बनाउने अधिकार:</u>** यस ऐनलाई कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

५६. **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने:</u>** मन्त्रालयले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमावलीको अधीनमा रही उद्योग प्रशासनसम्बन्धी काम कारबाहीलाई सरल र सहज बनाउन आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

५७. **<u>बचाउ:</u>** यो ऐन लागू हुनुअघि प्रचलित कानूनबमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिने छ।

## अनुसूची-१

(दफा १७ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

### घरेलु उद्योग

१. हात वा खुट्टाले चलाउने र अर्धस्वचालित तान (ह्याण्ड लुम, पेडल लुम, सेमी अटोमेटिक लुम), कपडा बेर्ने (र्‍यापिङ्ग), परम्परागत प्रविधिबाट गरिने रङ्गाइ, छपाइ, सिलाइ (तयारी पोशाक बाहेक) र बुनाइ,

२. ऊन र रेशममा आधारित हाते बुनाइका राडी, पाखी, गलैंचा, पस्मिना, पोशाक, हाते कागज र सोमा आधारित वस्तु,

३. परम्परागत कलामा आधारित वस्तु,

४. परम्परागत मूर्तिकला,

५. तामा, पित्तल, ढलौट, काँस र जर्मनसिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,

६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालोजस्ता परम्परागत औजारहरू

७. सुन वा चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरू (बहुमूल्य, अर्ध बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत)

८. स्वदेशमा उपलब्ध किमती, अर्ध किमती तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण टय्यानिङ्ग/ छालाबाट हस्त निर्मित वस्तुहरू,

९. जुट, सवाई घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,

१०. पत्थरकला (ढुङ्गा कुँदेर बनाइएका सामानहरू)

११. पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला,

१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना

१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

१४. काठ, हाड तथा सिङ्ग, माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरू, सेरामिक्स तथा माटाका भाँडाकुँडा,

१५. हातले छाप्ने ईँटा उद्योग।

# अनुसूची-२

(दफा १७ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

## **ऊर्जामूलक उद्योग**

१. जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्याँस, वायोमास वा अन्य स्रोतहरूबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो ऊर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन उपकरण निर्माण गर्ने उद्योग,

२. प्रदेशभित्रको विद्युत प्रसारण लाइन,

३. विद्युत वितरण प्रणाली,

४. बायो ग्याँसमा आधारित ऊर्जा,

५. चिनी उद्योगको सह-उत्पादनको रूपमा उत्पादन हुने विद्युतीय ऊर्जा,

६. ऊर्जाको सम्भाव्यता अध्ययन गर्ने।

## अनुसूची-३
(दफा १७ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित

**कृषि तथा वन पैदावारमा आधारित उद्योग**

१. फलफूल खेती वा फलफूल प्रशोधन,
२. खाद्यवस्तुको उत्पादन र प्रशोधन तथा भण्डारण,
३. पशुपालन, पंक्षीपालन (अष्ट्रिचसमेत), पशुपंक्षी प्रजनन, चल्ला काड्ने व्यवसाय र मासु उत्पादन तथा प्रशोधन,
४. दुध उत्पादन तथा दुग्ध पदार्थ प्रशोधन (दूधजन्य परिकार उत्पादन समेत),
५. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ,
६. कृषि उपज प्रमुख कच्चा पदार्थ हुने पशुपंक्षीको दाना उत्पादन उद्योग,
७. रेशम खेती तथा रेशम प्रशोधन,
८. चिया बगान, चिया प्रशोधन,
९. कफी खेती, कफी प्रशोधन,
१०. जडीबुटी खेती, जडीबुटी प्रशोधन,
११. तरकारी बीउ बिजन उत्पादन,
१२. तरकारी खेती, तरकारी प्रशोधन,
१३. हरित गृह (ग्रिन हाउस) स्थापना र सञ्चालन,
१४. मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),
१५. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादनसमेत),
१६. नर्सरी व्यवसाय, वनस्पति उद्यान स्थापना, संरक्षण तथा व्यवस्थापन, वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चरसमेत),
१७. रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन,
१८. शीत भण्डार, कृषि बजार सञ्चालन तथा व्यवस्थापन,

१९. सामुदायिक, निजी वन तथा कृषि वनको स्थापना र व्यवस्थापन, अन्य गैर काष्ठजन्य वन पैदावार,

२०. नगदेबालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, टिमुर, अल्लो, सनपाट, चिउरी, सजीवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन, मसला बाली, दलहन आदि तथा तिनको बीउ उत्पादन),

२१. बेत, बाँस खेती, बेत बाँस तथा अन्य प्राकृतिक रेशाजन्य उत्पादनहरू,

२२. बीउबिजन प्रशोधन,

२३. सःमिल, फर्निचरलगायतका काष्ठ उद्योग,

२४. पार्केटिङ, सिजनिङ्ग, ट्रिटमेन्ट प्लान्ट, प्लाइउड, कम्पोजिट, बोर्ड जस्ता काष्ठजन्य उद्योग,

२५. कागज, रेजिनलगायतका अन्य गैरकाष्ठजन्य वन पैदावारमा आधारित उद्योग,

२६. च्याउ, नयाँ प्रविधिद्वारा बिरुवा उत्पादन गर्ने (टिस्यूकल्चर),

२७. कपास खेती, कपास र कपासको बिउ उत्पादन तथा प्रशोधन गर्ने।

## अनुसूची-४

(दफा १७ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित

## पूर्वाधार उद्योग

१. सडक, पुल, सुरुङ्ग,
२. रोपवे, रेलवे, ट्राम, ट्रलिबस, मोनोरेल र स्लाईडिङ्गकार,
३. हवाई धावन मार्ग/विमानस्थल,
४. औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स,
५. सभा सम्मेलन केन्द्र,
६. खानेपानी आपूर्ति तथा वितरण,
७. सिँचाइ पूर्वाधार,
८. खेलकूद गृह, रङ्गशाला,
९. सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह,
१०. निर्यात प्रशोधन क्षेत्र,
११. विशेष आर्थिक क्षेत्र,
१२. कार्गो कम्प्लेक्स,
१३. प्रदूषित पानी प्रशोधन उद्योग (वेष्ट वाटर ट्रिटमेन्ट प्लान्ट),
१४. टेलिफोन टावर, अप्टिकल फाइबर नेटवर्क, भू-उपग्रह, भू-उपग्रह प्रसारण केन्द्र,
१५. घर तथा आवास भवन,
१६. फिल्म सिटि निर्माण, फिल्म स्टुडियो निर्माण,
१७. व्यापारिक कम्प्लेक्स,
१८. निजी वेयर हाउस,
१९. इन्धन तथा ग्यास आपूर्तिको पाइप लाइन जडानको पूर्वाधारको निर्माण, व्यवस्था तथा सञ्चालन,

२०. ऊर्जा घर तथा ऊर्जा प्रशारण लाइनको पूर्वाधार निर्माण व्यवस्था तथा सञ्चालन।

## अनुसूची-५
(दफा १७ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित

**पर्यटन उद्योग**

१. पर्यटक आवास, मोटेल, होटेल, रिसोर्ट, बार तथा रेष्टुँरा, पार्टी प्यालेस,
२. ट्राभल एजेन्सी, टुर अपरेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज, स्पा,
३. साहसिक पर्यटन, ट्रेकिङ्ग, स्किइङ्ग, प्यारागलाइडिङ्ग, वाटर न्याफ्टिङ्ग, हट एयर व्यालुनिङ्ग, क्यानोइङ, प्यारासेलिङ्ग, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ्ग, हिमाल आरोहण, जिपफ्लायर, अल्ट्रालाइट, स्काइवाइकिङ्ग, स्काइड्राइभिङ्ग र यस्तै प्रकारका अन्य साहसिक खेल,
४. केवलकारको निर्माण गरी सञ्चालन गर्ने उद्योग,
५. ग्रामीण पर्यटन, होमस्टे, पर्यावरणीय पर्यटन, कृषि पर्यटन,
६. गल्फ, कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा, साइक्लिङ्ग,
७. साँस्कृतिक, धार्मिक, सभा सम्मेलन, खेलकूद पर्यटन,
८. मनोरञ्जन पार्क, वाटर पार्क,
९. वन्यजन्तु आरक्ष,
१०. सङ्ग्रहालय।

## अनुसूची-६

(दफा १७ को उपदफा (२) को खण्ड (छ) सँग सम्बन्धित

**सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग**

**खण्ड (क)**

**सूचना प्रविधि उद्योगः**

१. टेक्नोलोजी पार्क,

२. आई. टी पार्क,

३. बायोटेक पार्क,

४. सफ्टवेयर विकास,

५. कम्प्युटर तथा सोसँग सम्बन्धित सेवाहरू,

६. तथ्याङ्क प्रशोधन,

७. साइबर क्याफे,

८. डिजिटल म्यापिङ्ग,

९. बिजिनेस प्रोसेस आउटसोर्सिङ्ग (वि.पि.ओ.), नलेज प्रोसेस आउटसोर्सिङ्ग (के.पि.ओ.)

१०. डाटा सेन्टर, डाटा माइनिङ्ग, क्लाउड कम्प्युटिङ्ग,

११. डिजिटल सिग्नेचर सर्टिफाइङ्ग एजेन्सी

१२. वेब पोर्टल, वेब डिजाइन सेवा, वेब होस्टिङ्ग, अनलाइन वर्गीकृत विज्ञापन सेवा।

**खण्ड (ख)**

**सञ्चार प्रविधिमा आधारित उद्योगः**

१. इन्टरनेट सर्बिस प्रोभाइडर्स (आई.एस.पी.),

२. टेलिफोन, मोबाइल फोन, मोबाइल स्याटलाइट फोन अपरेटर सेवा,

३. टेलिपोर्ट सेवा,

४. भू-उपग्रह (स्याटलाइट) स्थापना एवं सञ्चालन, भू-उपग्रह प्रसारण केन्द्र स्थापना, भिस्याट सेवा,

५. ब्रोडव्याण्ड पूर्वाधार, टेलिकम टावर, अप्टिकल नेटवर्क, स्याटलाइट नेटवर्क,

६. सामाजिक सञ्जाल, अनलाइन म्यासेज, भिडियो कल, कन्फरेन्स।

**खण्ड (ग)**

**<u>प्रसारण प्रविधिमा आधारित उद्योगः</u>**

१. एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा,

२. डिजिटल भू-सतही टेलिभिजन, स्याटलाइट टेलिभिजन, केबुल टेलिभिजन,

३. आइ.पि. टेलिभिजन, अनलाइन सेवा,

४. डिजिटल केबुल टेलिभिजन, नेटवर्क, डाइरेक्ट टु होम (डि.टि.एच.) स्याटलाइट सेवा, एम.एम.डि.एस नेटवर्क, डिजिटल टेलिभिजन (डि.डि.टिभी) नेटवर्क,

५. रेकर्डिङ्ग स्टुडियो, प्रसारण स्टुडियो,

६. छापा सञ्चार (प्रिन्ट मिडिया) उद्योग, श्रव्य दृश्य (अडियो भिजुअल) सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

७. चलचित्र वा वृत्तचित्र उत्पादन,

# अनुसूची-७

(दफा १७ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित

## सेवामूलक उद्योग

१. यान्त्रिक कार्यशाला (वर्कशप),
२. छापाखाना तथा छपाइसम्बन्धी सेवा,
३. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, इन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रतिष्ठान, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरू,
४. जिनिङ्ग तथा बेलिङ्ग व्यवसाय,
५. प्रदर्शनी सेवा,
६. साँस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,
७. निर्माण व्यवसाय,
८. सार्वजनिक यातायात व्यवसाय,
९. फोटोग्राफी,
१०. अस्पताल,
११. नर्सिङ होम, क्लिनिक, पोलिक्लिनिक, पुनर्स्थापना गृह सञ्चालन, फिजियोथेरापी क्लिनिक, आयुर्वेद तथा अन्य वैकल्पिक अस्पताल,
१२. शारीरिक व्यायाम, योग ध्यान तथा अभ्यास केन्द्र सञ्चालन,
१३. शिक्षण एवं प्रशिक्षण संस्था,
१४. पुस्तकालय, अभिलेखालय तथा सङ्ग्रहालय सेवा,
१५. प्रयोगशाला,
१६. हवाई यातायात सेवा,
१७. खेलकूद सेवा, स्वीमिङ्ग पूल,
१८. निर्माण भैसकेका शीत भण्डार सञ्चालन,
१९. हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत,
२०. फोहोरमैला सङ्कलन तथा सरसफाइ, फोहोरमैला पुनः प्रशोधन,

२१. घरजग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,
२२. निर्माणसम्बन्धी भारी उपकरण (हेभी इक्वीपमेन्ट) भाडा, मर्मत तथा सञ्चालन,
२३. पशु चिकित्सा सेवा,
२४. ब्याट्री रिचार्जिङ्ग,
२५. स्वास्थ्य परीक्षण (एक्स रे, सिटी स्क्यान, एम.आर.आई, अल्ट्रासाउन्ड जस्ता सेवाहरू) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,
२६. निर्माण भइसकेका पूर्वाधारहरूको सञ्चालन गर्ने (जस्तैः सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, इन्धन तथा इन्धनजन्य ग्याँस आपूर्तिसम्बन्धी पाइप लाइन, गोदामघर तथा भण्डारण, विमानस्थल, बसपार्क रङ्गशाला, स्पोर्ट्स कम्प्लेक्स, रोपवे, सडक, सिँचाई, विद्युत प्रसारण, विद्युत गृह, रेलवे सेवा, कार्गो कम्प्लेक्स इनल्याण्ड क्लियरेन्स डिपो (आई.सि.डि.) जस्ता सेवा सञ्चालन गर्ने) व्यवसायहरू,
२७. खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य,
२८. कपडा तथा धागो रङ्गाइ, साइजिङ्ग र कपडा छपाइ (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक),
२९. ढुवानी तथा कार्गो व्यवसाय वा सेवा,
३०. भन्सार एजेन्ट सेवा,
३१. प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जि. ग्याँस रिफिलिङ्ग र सवारी ग्याँस रिफिलिङ्ग गर्ने स्टेशन समेत),
३२. कुरियर सेवा,
३३. ड्राइक्लिनिङ्ग व्यवसाय,
३४. ब्युटी पार्लर,
३५. आन्तरिक सजावट (इन्डेटियर डेकोरेशन),
३६. सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,
३७. प्रकाशन सेवा,

३८. विज्ञापन सेवा,

३९. विज्ञापन सामग्री तयार गर्ने सेवा,

४०. आम सञ्चार सेवा,

४१. टेलिभिजनबाट प्रशारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलिफिल्म उत्पादन तथा प्रसारण,

४२. माटो परीक्षण (स्वाइल टेष्टिङ्ग) सेवा,

४३. पानी प्रशोधन, ढुवानी तथा वितरण सेवा,

४४. स्वास्थ्य (हेल्थ) क्लव,

४५. प्राणीशास्त्रसम्बन्धी (जुलोजिकल), भूशास्त्रसम्बन्धी (जियोलोजिकल), जीवप्रविधि (बायोटेक) सम्बन्धी बगैंचा (पार्क) सञ्चालन,

४६. व्यवसाय संवर्धन सेवा (बिजिनेस इन्क्युवेसन सर्भिस)

४७. व्यापारिक परिसर (ट्रेडिङ्ग बिजिनेस कम्प्लेक्स) सञ्चालन,

४८. वैदेशिक रोजगार सेवा,

४९. सिनेमा हल (मल्टिप्लेक्ससमेत),

५०. थिएटर (मल्टिप्लेक्ससमेत),

५१. सिलाइ बुनाई (बुटिकसमेत),

५२. विद्युत सर्वेक्षण,

५३. खनिज अध्ययन अनुसन्धान,

५४. अनुसन्धान तथा विकास सेवा,

५५. सरसफाइ सेवा,

५६. थोक तथा खुद्रा व्यवसाय सेवा,

५७. विद्युतीय व्यापार (इ-कमर्श), विद्युतीय माध्यम (अनलाइन वा सफ्टवेयर वा एप्स वा यस्तै अन्य प्रकारको माध्यम) को प्रयोग गरी सर्वसाधारणलाई सेवा उपलब्ध गराउने उद्योग व्यवसाय,

५८. मेशिनरी उपकरण भाडामा उपलब्ध गराउने (लिजिङ्ग) सेवा,

५९. प्रशोधन वा प्रक्रिया नगण्य रूपमा हुने कट टु लेन्थ सिट, फोटो फिल्म स्लिटिङ्ग, फोटो, पेपर स्लिटिङ्ग, टिस्यु पेपर स्लिटिङ्ग, बल वियरिङ्ग एसेम्बली तथा वल्क रूपमा तयारी सामान आयात गरी रिप्याकिङ्ग गर्ने जस्ता सेवा व्यवसायहरू,

६०. कपडा तथा यार्न डाइङ्ग, यार्न साइजिङ र कपडामा प्रिन्टिङ्ग गर्ने व्यवसाय (कपडा बुन्ने उद्योगले आफ्नैं प्रयोजनको लागि गरेकोमा बाहेक),

६१. व्यावसायिक रूपमा गरिने पशु चिकित्शा सेवा,

६२. सर्भिस अपार्टमेन्ट,

६३. फुड कोर्ट, क्याटरिङ्ग, घुम्ती खाद्य स्टल,

६४. उपकरण मर्मत तथा जडान, रेडी मिक्स कंक्रिट, निर्यात गृह, प्रविधि तथा आविष्कार केन्द्र, सुविधायुक्त कार्यालयस्थल प्रदान गर्ने सेवा।

## अनुसूची-८

(दफा १९ सँग सम्बन्धित

**<u>प्रदेश प्राथमिकता प्राप्त उद्योग</u>**

१. लघु उद्यम, घरेलु उद्योग, होटल, रेष्टुरेण्ट तथा बार,
२. ऊर्जामूलक उद्योग,
३. कृषि तथा वन पैदावारमा आधारित उद्योग,
४. पूर्वाधार उद्योग,
५. निर्यातमूलक उद्योग,
६. पूर्वाधारसहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यावरणीय पर्यटन, गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा पर्यटन, र्‍याफ्टिङ्ग, सभा सम्मेलन पर्यटन, खेलकूद पर्यटन, धार्मिक पर्यटन, साँस्कृतिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन,
७. खानी तथा खनिजन्य उद्योग, पेट्रोलियम तथा प्राकृतिक ग्याँस तथा इन्धन अन्वेषण तथा उत्पादन,
८. स्वदेशी चुनढुङ्गा प्रयोग गरी क्लिंकर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, स्लेट तथा मार्वल उत्पादन गर्ने उद्योग, वनस्पति रेशामा आधारित तथा कागज, चिनी, रासायिनक मल (मिश्रण बाहेक), प्राङ्गारिक मल, जुत्ता चप्पल, धागो उत्पादनसम्बन्धी, पशुपालन, माछा पालन, कुखुरा पालन र मौरी पालनसम्बन्धी, पुष्प खेती (फ्लोरिकल्चर), धुलो दूध, औषधी उत्पादन, फोहोरमैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन वचत गर्न उपकरण उत्पादन गर्ने उद्योग, प्रदूषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपाङ्गहरूले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषि यन्त्र उपकरण तथा औद्योगिक मेसिनरी बनाउने उद्योग, विद्युत्बाट चल्ने सवारी साधनहरू उत्पादन गर्ने उद्योग, आँखाको कृत्रिम लेन्स उत्पादन गर्ने उद्योग,

९. दुर्गम तथा कम विकसित क्षेत्रमा स्थापना हुने अस्पताल, नर्सिङ होम, पशु अस्पताल एवं चिकित्सालय, स्वास्थ्य परीक्षण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र शिक्षण एवं प्रशिक्षण संस्थाहरू,

१०. सूचना प्रविधि उद्योग,

११. निजी क्षेत्रबाट निर्माण र सञ्चालन हुने औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र उद्योग ग्राममा स्थापना भएका उद्योग,

१२. प्रदेश सरकारले आवश्यक मापदण्ड बनाई उच्च मूल्य र न्यून तौल आयतन (हाई प्राइस लो वेट भोल्युम) भएको पहिचान गरी प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका वस्तु उत्पादन गर्ने उद्योग।

# कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८

प्रमाणीकरण र प्रकाशन मितिः

२०७८/१२/०६

संम्वत् २०७८ सालको ऐन नं. ०४

## प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** कर्णाली प्रदेशका जनताको स्वास्थ्यसम्बन्धी हकलाई सुनिश्चित गर्न र स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरीय एवं प्रभावकारी रूपमा सबैको पहुँच स्थापित गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाई लागू गरेको छ।

परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८" रहेको छ।

(२) यो ऐन प्रदेशभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालिन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न तथा जीवन गुम्न वा अङ्गभङ्ग हुनबाट बचाउन आवश्यकता अनुसार तत्काल दिनुपर्ने प्रारम्भिक स्वास्थ्य सेवा सम्झनु पर्छ।

(ख) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रूपमा निःशुल्क उपलब्ध हुने प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ।

(ग) "गैर सरकारी स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानूनबमोजिम स्विकृति लिई स्थापना भएको मुनाफा वितरण नगर्ने कम्पनी वा सहकारी वा सामुदायिक संस्था वा अन्य गैरसरकारी संस्थाबाट सञ्चालित स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(घ) "जोखिमयुक्त क्षेत्र" भन्नाले कार्यस्थल वा कार्य प्रकृतिका कारण मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने कुनै पनि रसायनिक, भौतिक तथा जलवायु परिवर्तनजन्य, मनोसामाजिक, रोगजन्य जीवाणु, शारीरिक तथा भौगोलिक अवस्था रहेको कार्यक्षेत्रलाई सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य उपचारका बेला स्वास्थ्यकर्मीलाई हुने सम्भाव्य जोखिम समेतलाई जनाउँछ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनबमोजिम बनेका नियम तथा निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(च) "निजी स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानूनबमोजिम स्वीकृति लिई निजी क्षेत्रको लगानी तथा स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्था सम्झनु पर्छ।

(छ) "निदान केन्द्र (डाइग्नोस्टिक सेन्टर)" भन्नाले रेडियो इमेजिङ, प्रयोगशालाबाट गरिने जैविक तथा पराजैविक

जाँचलगायतका निदानात्मक सेवाहरू प्रदान गर्ने स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(ज) "परम्परागत उपचार प्रदायक" भन्नाले परम्परागत रूपमा जडीबुटी, जान्तव र खनिजबाट उपचार प्रदान गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(झ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्ले प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ र सो शब्दले स्वास्थ्यसम्बन्धी विषय हेर्ने गरी तोकिएको मन्त्रालय समेतलाई जनाउनेछ।

(ट) "महाशाखा" भन्नाले प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको स्वास्थ्य सेवा हेर्ने महाशाखालाई सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले स्वास्थ्यका सामाजिक निर्धारकहरूलाई सम्बोधन गरी स्वास्थ्य सेवालाई विकासको मूल प्रवाहमा ल्याउने कार्यमा समन्वय र सुझाव दिन दफा ५१ बमोजिम गठित प्रदेश स्वास्थ्य समन्वय समिति सम्झनु पर्छ।

(ड) "सरकारी स्वास्थ्य संस्था" भन्नाले संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले सम्बन्धित सरकारले कानूनबमोजिम स्थापना गरेको स्वशासित संगठित संस्था मातहतमा सञ्चालित स्वास्थ्य संस्था समेतलाई जनाउनेछ।

(ढ) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा कुनै पनि किसिमको स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ।

(ण) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक,स्वास्थ्यकर्मी वा महिला स्वास्थ्य स्वयंसेविका सम्झनु पर्छ।

(त) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानूनबमोजिम स्वास्थ्यकर्मीको रूपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

(थ) "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमीयोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा, अकुपन्चर, सोवारिग्पा (आम्ची) र मनोसामाजिक परामर्श लगायतका चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक, प्रवर्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक (पालिएटिभ) सेवा सम्झनु पर्छ।

(द) "स्वास्थ्य संस्था" भन्नाले स्वास्थ्य सेवा उपलब्ध गराउने देहायबमोजिमका कुनै स्वास्थ्य संस्थालाई सम्झनु पर्छः-

(१) सम्बन्धित सरकार आफैं वा कानूनबमोजिम स्थापना गरेको स्वशासित संगठित संस्था मातहतमा सञ्चालित अस्पताल, स्वास्थ्य प्रतिष्ठान, शिक्षण अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य क्लिनिक र सामुदायिक स्वास्थ्य इकाई,

(२) आयुर्वेद, होमियोप्याथी, अक्युपञ्चर, युनानी, आम्ची उपचारका अस्पताल वा प्राकृतिक चिकित्सालय वा औषधालय वा स्वास्थ्य केन्द्र,

(३) निजीस्तरबाट सञ्चालित अस्पताल, नर्सिङ होम, क्लिनिक,

(४) सामुदायिक, सहकारी, गुठी (ट्रष्ट) तथा मुनाफा वितरण नगर्ने गरी स्थापना भएको कम्पनी, गैर सरकारी संघ संस्थाबाट सञ्चालित अस्पताल, नर्सिङ होम,

(५) निदान केन्द्र तथा स्वास्थ्य सेवा प्रदान गर्ने तोकिएबमोजिमका अन्य स्वास्थ्य संस्था।

## परिच्छेद-२

## स्वास्थ्य योजना तर्जुमा तथा इजाजतसम्बन्धी व्यवस्था

३. **प्रदेश स्वास्थ्य योजना तर्जुमा गर्ने**: (१) मन्त्रालयले संघीय कानून तथा संघीय स्वास्थ्य योजनाको अधीनमा रही प्रदेश स्वास्थ्य योजना तर्जुमा गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य योजना तर्जुमा गर्दा समितिसँग परामर्श गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम योजना बनाउँदा वार्षिक योजना सहित पाँच वर्षको अवधिको लागि बनाइनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवश्यकताअनुसार जुनसुकै बेला पुनरावलोकन गर्न बाधा पर्ने छैन।

(५) प्रदेश स्वास्थ्य योजनाको आधारमा प्रदेश सरकारले आवश्यकता अनुसार आफैं वा सार्वजनिक निजी साझेदारीको

अवधारणाअनुसार तोकिएबमोजिम स्वास्थ्य संस्था स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाउने छ।

४. **<u>इजाजतपत्र प्राप्त नगरी स्वास्थ्य संस्था सञ्चालन गर्न नहुने:</u>** (१) यो ऐन प्रारम्भ भएपछि कसैले पनि इजाजतपत्र प्राप्त नगरी स्वास्थ्य संस्था सञ्चालन गर्नु हुँदैन।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अगाडिदेखि सञ्चालन भइरहेका प्रदेश सरकारको अधिकार क्षेत्रभित्रका स्वास्थ्य संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र मन्त्रालयबाट र स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने स्वास्थ्य संस्थाले स्थानीय सरकारबाट इजाजतपत्र प्राप्त गर्न निवेदन दिनुपर्नेछ।

५. **<u>स्वास्थ्य संस्थाको पूर्वाधार विकासका लागि आशयपत्र लिनुपर्ने</u>**: (१) स्वास्थ्य संस्था सञ्चालन गर्नका लागि तोकिएको गुणस्तर तथा मापदण्डबमोजिम पूर्वाधार विकास गर्नुभन्दा पहिले सम्बन्धित व्यक्ति वा संस्थाले मन्त्रालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनउपर आवश्यक जाँचबुझ गरी स्वीकृति दिन उपयुक्त देखेमा त्यस्तो व्यक्ति वा संस्थालाई पूर्वाधार विकास गर्न आशयपत्र दिन सकिनेछ।

(३) कुनै कारणवश स्वास्थ्य संस्थाको पूर्वाधार विकास आशयपत्र प्रदान गर्न नसकिने भएमा मन्त्रालयले कारण खुलाई निवेदकलाई सो कुराको लिखित जानकारी दिनुपर्नेछ।

(४) पूर्वाधार विकास आशयपत्रमा नै समयावधि उल्लेख भएकोमा सो अवधिभित्र र समयावधि उल्लेख नभएको भए इजाजत प्राप्त गरेको मितिले दुई वर्षभित्र सम्बन्धित व्यक्ति वा संस्थाले प्राप्त आशयपत्र अनुरूपको पूर्वाधार विकास गरिसक्नु पर्नेछ।

(५) उपदफा (४) मा उल्लेखित समयभित्र पूर्वाधार विकास गर्न नसकेको भनी सम्बन्धित व्यक्ति वा संस्थाले पूर्वाधार विकास आशयपत्र

नवीकरणको लागि निवेदन दिएमा मन्त्रालयले तोकिएको दस्तुर लिई एक वर्षका लागि पूर्वाधार विकास आशयपत्र नवीकरण गर्न सक्नेछ। सो अवधिमा पनि पूर्वाधार विकास नगरेमा आशयपत्र खारेज हुनेछ।

(६) यो ऐनबमोजिम पूर्वाधार विकासको आशयपत्र दिँदा भौतिक संरचनाहरू अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र लैङ्गिकमैत्री हुने व्यवस्था गरी दिनुपर्नेछ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन जारी हुँदा सञ्चालनमा रहेका वा सञ्चालन इजाजत पत्र प्राप्त गरेका स्वास्थ्य संस्थाले नयाँ स्थानमा स्वास्थ्य संस्था सञ्चालन गर्नुपर्ने अवस्थामा बाहेक पूर्वाधार विकास आशयपत्र लिनुपर्ने छैन।

(८) स्वास्थ्य सस्था सञ्चालन गर्न चाहने संस्थाले प्रचलित कानूनबमोजिम वातावरण प्रभाव मूल्याङ्कन गर्नुपर्ने भए सोसमेत गर्नुपर्नेछ।

(९) पूर्वाधार विकास सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

६. **<u>इजाजतपत्र सम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐनको दफा (५) बमोजिम पूर्वाधार विकास गरी सकेपछि सम्बन्धित व्यक्ति वा संस्थाले स्वास्थ्य सेवा सञ्चालन गर्न इजाजतपत्रका लागि तोकिएको दस्तुरसहित मन्त्रालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएको एक महिनाभित्र स्थलगत निरीक्षण गरी निरीक्षण गरेको पन्ध्र दिनभित्र मन्त्रालयले इजाजतपत्र प्रदान गर्नेछ। तर स्वास्थ्य संस्था सञ्चालनका लागि तोकिएको मापदण्ड पूरा भै नसकेको भए इजाजतपत्र प्रदान गरिने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको मापदण्ड पूरा नभएका स्वास्थ्य संस्थाको हकमा निवेदन

दिएको मितिले एक वर्ष भित्रमा मापदण्ड पूरा गर्ने गरी मन्त्रालयले एक महिनाभित्र कार्य योजना पेश गर्न लगाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम पेश हुन आएको कार्य योजना औचित्यपूर्ण लागेमा निवेदन दिएको मितिले बढीमा एक वर्षसम्मको लागि इजाजत लिने म्याद कायम गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र पनि मापदण्ड पूरा नभएमा निवेदन खारेज हुनेछ।

(६) कुनै स्वास्थ्य संस्थाले आफू मातहत सञ्चालन हुने गरी स्वास्थ्य संस्थाको शाखा विस्तार गर्दासमेत यस ऐनबमोजिम मापदण्ड पूरा गरी इजाजत लिनुपर्नेछ।

(७) इजाजतपत्रसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

७. **<u>इजाजतपत्रको नवीकरण:</u>** (१) इजाजतपत्र बढीमा तीन वर्षको अवधिका लागि दिइनेछ र प्रत्येक तीन वर्षमा नवीकरण गर्नुपर्नेछ।

(२) स्वास्थ्य संस्थाको इजाजतपत्रको अवधि सकिनुभन्दा तीन महिना अगावै सम्बन्धित व्यक्ति वा संस्थाले नवीकरणका लागि तोकिएको दस्तुरसहित तोकिएको निकायमा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र नवीकरणका लागि निवेदन दिन नसकेमा निवेदन दिन नसक्नुको कारण खुलाई इजाजतपत्रको म्याद नवीकरण गरी पाउनको लागि तोकिएको निकायमा निवेदन दिन सकिने छ। तर म्याद गुज्रिएको एक वर्षपछि नवीकरणको लागि निवेदन दिन सकिने छैन।

(४) उपदफा (३) बमोजिम तोकिएको अवधि समाप्त भएपछि नवीकरणको लागि निवेदन दिंदा म्याद गुज्रिएको प्रत्येक वर्षको लागि तोकिएबमोजिम थप दस्तुरसमेत बुझाउनुपर्नेछ।

(५) नवीकरणका लागि निवेदन दर्ता भएको मितिले एक महिनाभित्र आवश्यक निरीक्षण गरी तोकिएको मापदण्ड पूरा भएको भए एक महिनाभित्र इजाजतपत्र नवीकरण गरी दिनुपर्नेछ।

(६) इजाजतपत्र नवीकरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

८. **<u>इजाजतपत्रको खारेजी:</u>** (१) देहायको अवस्थामा स्वास्थ्य संस्थाको इजाजत स्वतः खारेज हुनेछः-

(क) दफा (७) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराएमा,

(ख) ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र इजाजतपत्र नलिएमा,

(ग) इजाजतपत्र प्राप्त गरेको एक वर्षसम्म सेवा सञ्चालन नगरेमा।

(२) देहायको अवस्थामा मन्त्रालयले स्वास्थ्य संस्थाको इजाजतपत्र खारेज गर्न सक्नेछः

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र लिएकोमा,

(ख) स्वास्थ्य संस्थाले पालन गर्नुपर्ने तोकिएको मापदण्ड पालना गर्न यस ऐनबमोजिम दिएको समयावधि भित्र पूरा नगरेमा वा सेवाको गुणस्तर कायम नराखेमा वा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावली विपरीत काम गरेमा,

(ग) मन्त्रालयले दिएको निर्देशन पटक-पटक उल्लङ्घन गरेमा।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र खारेज गर्ने निर्णय गर्नुअघि मन्त्रालयले सम्बन्धित स्वास्थ्य संस्थालाई स्पष्टीकरण पेश गर्न सात दिनको मौका दिनुपर्नेछ र सो अवधिभित्र स्पष्टीकरण पेश नगरेमा

वा पेश गरेको स्पष्टीकरण चित्तवुझ्दो नभएमा इजाजत खारेज गर्न सकिनेछ।

(४) मन्त्रालयले इजाजतपत्र खारेज भएको जानकारी स्वास्थ्य संस्था दर्ता रहेको कार्यालय र सम्बन्धित स्वास्थ्य संस्थामा पठाउनुपर्नेछ।

(५) इजाजतपत्र खारेज भएको अवस्थामा त्यस्तो स्वास्थ्य संस्थाबाट सेवा प्रदान गर्न पाइने छैन। तर खारेजीको निर्णय हुँदाका वखत त्यस्तो स्वास्थ्य संस्थामा भर्ना भएका बिरामीको व्यवस्थापन गर्न पन्ध्र दिनको समय दिइनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले एक पटकलाई बढीमा तीस दिनको म्याद दिई सो समयावधिभित्र सुधार गरेमा इजाजत खारेज नहुने गरी शर्तसहितको निर्णय गर्न बाधा पुग्ने छैन।

९. **<u>इजाजतको शुरु प्रक्रिया अपनाउनुपर्नेः</u>** (१) यस ऐनको दफा (८) बमोजिम इजाजतपत्र खारेज भएको स्वास्थ्य संस्थाले खारेज भएको मितिले तीन वर्षसम्म इजाजत पाउने छैन।

(२) उपदफा (१) बमोजिमको अवधि भुक्तान भई स्वास्थ्य संस्थाले पुनः स्वास्थ्य सेवा सञ्चालन गर्न चाहेमा पहिलेको कुनै दस्तुर वा जरिवाना भुक्तान गर्न बाँकी भए सो भुक्तान गरी पुनः इजाजत लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पुनः इजाजत लिंदा स्वास्थ्य संस्थाले दफा (६) बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ।

१०. **<u>स्थानीय तहको कानूनबमोजिम हुनेः</u>** (१) स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने स्वास्थ्य संस्थाको इजाजत, दर्ता, नवीकरण तथा खारेजीसम्बन्धी व्यवस्था स्थानीय कानूनबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्थाको दर्ता, इजाजत, नवीकरण तथा खारेजी सम्बन्धमा कुनै स्थानीय तहमा कानून बनेको रहेनछ भने यसै ऐनबमोजिम कार्य सञ्चालन गर्न बाधा पुगेको मानिने छैन।

११. **सरकारी स्वास्थ्य संस्थासम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐनमा माथि जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी स्वास्थ्य संस्थाले यस ऐनबमोजिम इजाजत पत्र लिन र त्यसलाई नवीकरण गर्नुपर्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी स्वास्थ्य संस्थाले यो ऐन जारी भएपछि यस ऐनबमोजिम पूर्वाधार विकास तथा स्वास्थ्य सेवा प्रदान गर्ने सम्बन्धमा तोकिएको मापदण्ड तथा गुणस्तर पूरा गर्नुपर्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदा कायम रहेका सरकारी स्वास्थ्य संस्थाले तीन वर्षभित्र यो ऐनबमोजिम तोकिएको गुणस्तर तथा मापदण्डको पालना हुने गरी व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद-३

## अस्पताल विकास समितिको गठन, काम, कर्तव्य र अधिकारः

१२. **प्रदेश अस्पताल विकास समितिको गठनः** (१) प्रदेश अस्पताललाई व्यवस्थित रूपमा सञ्चालन गर्न एक प्रदेश अस्पताल विकास समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः-

(क) प्रदेश सरकारबाट मनोनीत व्यक्ति - अध्यक्ष

(ख) नगर प्रमुख/अध्यक्ष, अस्पताल रहेको स्थानीय तह - सदस्य

(ग) निर्देशक, स्वास्थ्य सेवा निर्देशनालय - सदस्य

(घ) प्रदेश सरकारबाट समावेशिताका आधारमा मनोनीत चार जना - सदस्य

(ङ) स्वास्थ्य महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय - सदस्य

(च) नर्सिङ्ग इन्चार्ज, प्रदेश अस्पताल - सदस्य

(छ) अस्पताल रहेको सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(ज) अस्पताल निर्देशक/मेडिकल सुपरिटेन्डेन्ट प्रदेश अस्पताल -सदस्य सचिव

(३) समितिको अध्यक्ष तथा मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष तथा मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा मन्त्रालयलको सिफारिसमा प्रदेश सरकारले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(५) समितिको अध्यक्ष, सदस्य-सचिव र सदस्यहरूको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

(६) समितिको बैठकसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

(७) प्रदेश अस्पताल विकास समितिको कोषसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

१३. <u>**जिल्ला अस्पताल विकास समितिको गठनः**</u> (१) जिल्लास्तरका अस्पताललाई व्यवस्थित रूपमा सञ्चालन गर्न प्रत्येक जिल्लामा जिल्ला अस्पताल विकास समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः-

(क) मन्त्रालयबाट मनोनीत व्यक्ति - अध्यक्ष

(ख) नगर प्रमुख/अध्यक्ष, अस्पताल रहेको स्थानीय तह - सदस्य

(ग) प्रतिनिधि, जिल्ला समन्वय समिति - सदस्य

(घ) मन्त्रालयले मनोनीत गरेको एक जना महिलासहित तीन जना - सदस्य

(ङ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, उद्योग वाणिज्य संघ - सदस्य

(च) प्रमुख, जन स्वास्थ्य शाखा - सदस्य

(छ) प्रमुख, आयुर्वेद शाखा - सदस्य

(ज) नर्सिङ्ग इन्चार्ज, सम्बन्धित अस्पताल - सदस्य

(झ) मेडिकल सुपरिटेन्डेन्ट, सम्बन्धित अस्पताल - सदस्य सचिव

(३) समितिको अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष तथा मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(५) समितिको अध्यक्ष, सदस्य-सचिव र सदस्यहरूको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

(६) समितिको बैठकसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

(७) जिल्ला अस्पताल विकास समितिको कोषसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

१४. **आयुर्वेद अस्पताल/औषधालय विकास समितिको गठनः** (१) आयुर्वेद उपचार पद्धतिलाई प्रवर्द्धन गरी आयुर्वेद अस्पताल/औषधालयको सेवालाई व्यवस्थित तथा प्रभावकारी ढङ्गले सञ्चालन गर्न प्रत्येक आयुर्वेद अस्पताल/औषधालयमा आयुर्वेद अस्पताल/औषधालय व्यवस्थापन समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायबमोजिमका सदस्यहरू रहनेछन्:-

(क) मन्त्रालयबाट मनोनीत व्यक्ति -अध्यक्ष

(ख) नगर प्रमुख/अध्यक्ष, आयुर्वेद अस्पताल/ औषधालय रहेको स्थानीय तह -सदस्य

(ग) प्रतिनिधि, जिल्ला समन्वय समिति -सदस्य

(घ) मन्त्रालयले मनोनीत गरेको महिला एक जना -सदस्य

(ङ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, उद्योग वाणिज्य संघ -सदस्य

(च) प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय/जनस्वास्थ्य शाखा -सदस्य

(छ) प्रमुख, आयुर्वेद औषधालय/अस्पताल -सदस्य सचिव

(३) समितिको अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष तथा मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा

समितिको हित विपरीत कुनै काम गरेमा मन्त्रालयलको सिफारिसमा प्रदेश सरकारले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(५) समितिको अध्यक्ष, सदस्य-सचिव र सदस्यहरूको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

(६) समितिको बैठकसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

(७) आयुर्वेद अस्पताल/ औषधालय विकास समितिको कोषसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

१५. <u>**प्रदेश अस्पताल, जिल्ला अस्पताल र आयुर्वेद अस्पताल/औषधालय विकास समितिको काम, कर्तव्य र अधिकारः**</u> समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रदेश अस्पताल, जिल्ला अस्पताल र आयुर्वेद अस्पताल/औषधालय व्यवस्थापन र सञ्चालन गर्ने,

(ख) प्रदेश अस्पताल, जिल्ला अस्पताल र आयुर्वेद अस्पताल/औषधालय विकासका लागि सरकारको राष्ट्रिय विकास लक्ष्य, स्वास्थ्य नीति र प्रदेशको स्वास्थ्य सेवाको मागको आधारमा अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गर्ने, गराउने,

(ग) प्रदेश अस्पताल, जिल्ला अस्पताल र आयुर्वेद अस्पताल/औषधालय व्यवस्थापन र सञ्चालनको लागि आवश्यक मानवीय स्रोत र साधन जुटाउने,

(घ) प्रदेश अस्पताल, जिल्ला अस्पताल र आयुर्वेद अस्पताल/औषधालयका लागि विनियोजित आर्थिक स्रोत उपलब्धताको आधारमा आवश्यकताको पहिचान गरी बजेट स्वीकृत गर्ने,

(ङ) प्रदेश अस्पताल, जिल्ला अस्पताल र आयुर्वेद अस्पताल/औषधालयको सेवा शुल्क समयसापेक्ष पुनरावलोकन र निर्धारण गर्ने,

(च) प्रदेश अस्पताल, जिल्ला अस्पताल र आयुर्वेद अस्पताल/औषधालय विकास समितिको कोषमा प्राप्त हुने आर्थिक स्रोतबाट अस्पतालको सेवा गुणस्तरीय तथा प्रभावकारी बनाई दिगो विकास गर्ने,

(छ) प्रदेश अस्पताल, जिल्ला अस्पताल र आयुर्वेद अस्पताल/औषधालयको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने,

(ज) नेपाल सरकार र प्रदेश सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहायता प्राप्त गर्ने,

(झ) गरिब तथा असहाय बिरामीहरूको नि:शुल्क तथा सहुलियत दरमा उपचार उपलब्ध गराउने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्न व्यवस्था मिलाउने,

(ञ) अस्पतालमा सञ्चालन हुने फार्मेसीको सञ्चालनलाई व्यवस्थित गर्ने,

(ट) अस्पताललाई आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको आपूर्तिलाई नियमित तथा प्रभावकारी बनाउने,

(ठ) अस्पतालमा एम्बुलेन्स तथा शव वाहनको व्यवस्था मिलाइ सञ्चालन गर्ने,

(ड) प्रदेश अस्पतालले प्रदेशको रिफरल अस्पतालको रुपमा अन्य अस्पताल तथा स्वास्थ्य केन्द्रमा विशेषज्ञ सेवाको लागि सहयोग पुऱ्याउने,

(ढ) समितितर्फका कर्मचारीको व्यवस्थापनका लागि कर्मचारी प्रशासन विनियमावली तथा आर्थिक प्रशासन विनियमावली बनाउने,

(ण) स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक अन्य कार्यहरू गर्ने,

(त) प्रदेश अस्पताल, जिल्ला अस्पताल र आयुर्वेद अस्पताल/औषधालयको वार्षिक प्रतिवेदन प्रदेश सरकारसमक्ष पेश गर्ने,

(थ) आयुर्वेद उपचार विधिको प्रवर्धनका लागि आवश्यक अन्य कार्य गर्ने।

## परिच्छेद-४
## <u>स्वास्थ्य सेवा प्रवाहको व्यवस्था</u>

**१६. <u>आधारभूत स्वास्थ्य सेवा</u>:** (१) नेपालको संविधानबमोजिम प्रदेशका प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा प्रदान गरिनेछ।

(२) उपदफा (१) मा तोकिएको सेवाका अतिरिक्त प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी निःशुल्क प्रदान गरिने स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ।

(३) मन्त्रालयले प्रदेशभित्र रहेका सरकारी, निजी तथा गैर सरकारी स्वास्थ्य संस्थासँग साझेदारी गरी आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ।

**१७. <u>विशेषज्ञ स्वास्थ्य सेवा</u>:** (१) भौगोलिक अवस्था, रोगको प्रकोप र सेवाको प्रकृतिका आधारमा प्रदेश सरकारले प्रदेश स्वास्थ्य योजनाबमोजिम

विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकता अनुसार स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन गर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "विशेषज्ञ स्वास्थ्य सेवा" भन्नाले आधारभूत स्वास्थ्य सेवाबाहेकका अन्य स्वास्थ्य सेवालाई सम्झनुपर्दछ।

(२) विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न मन्त्रालयले प्रदेशभित्र दूर चिकित्सा (टेलिमेडिसिन), घुम्ती शिविर, विद्युतीय स्वास्थ्य (इ-हेल्थ) जस्ता प्रविधि तथा प्रक्रिया अवलम्बन गर्नेछ।

१८. **विशेषज्ञ स्वास्थ्य सेवा शिविर सञ्चालन गर्न अनुमति लिनुपर्नेः** (१) कुनै पनि निजी, गैर सरकारी, सामाजिक वा अन्य संघ संस्थाले मन्त्रालयसँग अनुमति लिई शिविरमार्फत विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम अनुमति लिँदा शिविरमा संलग्न हुने चिकित्सकको आधिकारिकता नाम, संख्या, विशेषज्ञता, शल्यक्रिया वा निदानात्मक उपाय अपनाइने लगायतका विवरण पेश गर्नुपर्नेछ।

१९. **प्रेषण सेवाः** (१) स्वास्थ्य संस्थामा आएका सेवाग्राहीलाई उपयुक्त कारणले सेवा प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध भएको सेवा प्रदान गरी थप सेवाको लागि त्यस्ता सेवाग्राहीलाई सो सेवा प्राप्त हुन सक्ने प्रदेशभित्रको वा बाहिरको स्वास्थ्य संस्थासँग समन्वय गरी प्रेषण गर्नुपर्नेछ।

तर आफ्नो संस्थामा उपयुक्त सेवा र सेवाप्रदायक हुँदाहुँदै अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्न पाइने छैन।

(२) आफ्नो स्वास्थ्य संस्थामा प्रेषण भई आएका सेवाग्राहीलाई प्राथमिकता दिई सेवा दिनु स्वास्थ्य संस्थाको दायित्व हुनेछ र सेवाग्राहीलाई अनावश्यक आर्थिक भार नपर्ने गरी प्रेषण गरी पठाउने स्वास्थ्य संस्थामा गरिएको परीक्षण प्रतिवेदनलाई मान्यता दिनुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुनःपरीक्षण गर्नुपर्ने अवस्था आएमा सोको उपयुक्त आधार र कारण खुलाई पुनःपरीक्षण गर्न बाधा पुग्ने छैन।

(४) प्रेषणसम्बन्धी अन्य प्रक्रिया तोकिएबमोजिम हुनेछ।

२०. **<u>इच्छाइएको स्वास्थ्य संस्थामा प्रेषण गर्न सकिने</u>**: दफा (१९) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको इच्छाबमोजिम निजलाई पायक पर्ने उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नमा बाधा पुग्ने छैन।

२१. **<u>आकस्मिक उपचार सेवा</u>**: (१) प्रदेशका प्रत्येक स्वास्थ्य संस्थाहरूले तोकिएबमोजिम आकस्मिक स्वास्थ्य सेवा दिनुपर्नेछ।

(२) प्रदेशभित्र सञ्चालित अस्पतालले चौबिसै घण्टा र अन्य स्वास्थ्य संस्थाले आफ्नो संस्थामा सम्भव हुने आकस्मिक स्वास्थ्य सेवा तत्कालै सर्वसुलभ रूपमा प्रदान गर्नुपर्नेछ।

(३) प्रदेश सरकारले कुनै पनि दुर्घटना वा महामारी जस्ता आपत्कालीन अवस्थामा घटनास्थल वा सेवा आवश्यक भएको स्थलमा नै गई आकस्मिक उपचारको व्यवस्था मिलाउन सक्नेछ। यसरी उपचारको व्यवस्था मिलाउँदा सम्बन्धित सरकार सम्बद्ध निकाय तथा स्वास्थ्य संस्थासँग समन्वय गर्नुपर्नेछ।

(४) कुनै पनि आकस्मिक अवस्थामा स्वास्थ्य सेवा प्रदान गर्नु सबै स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ।

२२. **<u>प्रदेश आकस्मिक स्वास्थ्य उपचार कोषको स्थापना</u>**: आकस्मिक स्वास्थ्य उपचार कोषको गठन, सञ्चालन तथा व्यवस्थापन तोकिएबमोजिम हुनेछ।

परिच्छेद-५

## स्वास्थ्य प्रणालीसम्बन्धी व्यवस्था

२३. **स्वास्थ्य प्रणाली:** (१) स्थानीय तहका प्रत्येक वडामा कम्तीमा एक सरकारी स्वास्थ्य संस्था, स्थानीय तहमा प्राथमिक तहका अस्पताल तथा प्रदेश स्तरमा द्वितीय तथा तृतीय तहका अस्पतालहरू रहने छन्।

(२) स्वास्थ्य संस्था स्थापना गरिने स्थानको पहिचान तथा तिनको तहगत संरचना तोकिएबमोजिम हुनेछ।

(३) प्रदेश सरकार मातहतमा सञ्चालित सबै स्वास्थ्य संस्था सञ्चालनको लागि प्रदेश सरकारले आवश्यक बजेटको व्यवस्था मिलाउने छ।

(४) प्रदेश तथा स्थानीय सरकारले साझेदारीको योजना बनाई र निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासँग सहकार्य गरी स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछन्।

(५) प्रदेशका अस्पताल तथा स्वास्थ्य संस्थाले वैशाख १ गतेदेखि कार्तिक १५ गतेसम्म तथा माघ १६ गतेदेखि चैत्र मसान्तसम्म बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म र कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म बिहान १० बजेदेखि बेलुका ४ सम्म स्वास्थ्य सेवा प्रवाह गर्नुपर्नेछ। तर अस्पतालले चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा सञ्चालन हुने व्यवस्था गर्नुपर्नेछ।

(६) प्रत्येक स्वास्थ्य संस्थाले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मी, औषधि, उपकरण लगायतका बन्दोबस्ती दुरुस्त हालतमा राख्नुपर्नेछ।

(७) अस्पतालले कानूनबमोजिम इजाजत लिएर रक्त सञ्चार केन्द्र (ब्लड बैंक) स्थापना गर्न सक्नेछन्।

(८) खोपको माध्यमबाट रोगको रोकथाम, नियन्त्रण वा उन्मूलन गरी शिशु, बाल, मातृ तथा अन्य व्यक्तिको मृत्युदर घटाउन तथा खोप सेवाको सुदृढीकरण गरी गुणस्तरीय खोप सेवा प्रदान गर्न स्वास्थ्य संस्थाले मन्त्रालयसँग समन्वय गरी गुणस्तरीय खोप सेवा कार्यक्रम बनाई सञ्चालन गर्नेछ।

२४. **कर्मचारी व्यवस्थाः** (१) सरकारी स्वास्थ्य संस्थामा तोकिएबमोजिम कर्मचारीको व्यवस्था गरिनेछ।

(२) उपदफा (१) बमोजिम कर्मचारी व्यवस्था गर्दा भौगोलिक अवस्थाको आधारमा सबै क्षेत्रमा समुचित रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक कर्मचारीलाई तोकिएबमोजिम व्यवस्थापन गर्नेछ।

(३) गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रदान गर्नको लागि कर्मचारी सेवा शर्तसम्बन्धी विनियम बनाई आवश्यक कर्मचारी नियुक्त गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम कर्मचारी नियुक्त गर्दा वा कर्मचारीसँग रोजगार सम्झौता गर्दा प्रचलित कानूनमा व्यवस्था भएबमोजिम सेवा, शर्त र सुविधाभन्दा न्यून नहुने गरी गर्नुपर्नेछ।

(५) कर्मचारीले आफूले गर्ने कामको आधारमा नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ परिषद् वा अन्य सम्बन्धित परिषद्ले निर्धारण गरेबमोजिमको पेशागत आचरण र निजामती कर्मचारीको हकमा नियुक्त गर्ने कानूनबमोजिमको र निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाका कर्मचारीले संस्थाले निर्धारण गरेको आचरणको पालना गर्नुपर्नेछ।

(६) जोखिमयुक्त क्षेत्रमा काम गर्ने कर्मचारीको नियमित स्वास्थ्य परीक्षण गरी कामको सिलसिलामा कुनै रोगको सङ्क्रमण भएमा निःशुल्क उपचारको व्यवस्था सम्बन्धित सरकारले वा स्वास्थ्य संस्थाले गर्नुपर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "कर्मचारी" भन्नाले पारिश्रमिक लिई शारीरिक वा बौद्धिक श्रम गर्ने चिकित्सक, नर्स, रेडियोलोजिस्ट, ल्याब टेक्निसियन वा प्रशासनिक कर्मचारी वा अन्य जुनसुकै पदनाम दिएको तथा जुनसुकै तहमा कार्यरत रहने गरी सेवामा संलग्न कर्मचारीलाई जनाउँछ।

परिच्छेद-६

## स्वास्थ्य सेवाको पहुँच

२५. **स्वास्थ्य सेवाको पहुँचः** (१) सबै वासिन्दालाई सहज र सुलभ रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने हक हुनेछ।

(२) मन्त्रालयले भौगोलिक तथा अन्य हिसाबले पछाडि परेका स्थान र वर्गका वासिन्दालाई स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न सम्बन्धित स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रदान गर्न विशेष व्यवस्था गर्नेछ।

(३) मन्त्रालयले हिमाली जिल्लामा मौसम परिवर्तन वा अन्य कारणले बसाइसराइ भई अस्थायी बसोबास गर्ने क्षेत्रका वासिन्दालाई आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न स्थानीय सरकारसँग सहकार्य गर्नेछ।

(४) लोपोन्मुख तथा अल्पसंख्यक समुदायको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न मन्त्रालयले विशेष व्यवस्था गर्नेछ।

(५) जोखिमयुक्त क्षेत्रमा काम गर्ने श्रमिकको नियमित स्वास्थ्य परीक्षण र जोखिम न्यूनीकरणको व्यवस्था तोकिएबमोजिम गरिने छ।

२६. **स्वास्थ्य बिमा गरिनेः** (१) कानूनबमोजिम प्रदेशभित्रका सबै नागरिकलाई स्वास्थ्य बिमा प्रणालीमा आबद्ध गर्नको लागि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने छ।

(२) नेपाल सरकारबाट लक्षित वर्गका लागि दिइने योगदान रकमका अतिरिक्त प्रदेश सरकारबाट थप योगदान गरी स्वास्थ्य बिमा गर्ने व्यवस्था मिलाउने छ।

(३) स्वास्थ्य बिमा कार्यक्रम मार्फत प्राप्त हुने सेवामा गुणस्तर कायम गर्न मन्त्रालयले तोकिएबमोजिमको व्यवस्था गर्नेछ।

२७. **<u>महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चितता गरिने</u>**: (१) प्रदेशमा बसोबास गर्ने महिलालाई प्रचलित कानूनबमोजिम प्राप्त सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चितता गरिने छ।

(२) उपदफा (१) बमोजिमको अधिकार कार्यान्वयनको लागि मन्त्रालयले नेपाल सरकार र स्थानीय तहसँग आवश्यक समन्वय गर्नेछ।

२८. **<u>भेदभाव गर्न नपाइने</u>**: (१) स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले स्वास्थ्य उपचार गर्दा सबैलाई सम्मान र आदर व्यवहार गर्नुपर्नेछ। कुनै पनि स्वास्थ्य संस्थाले कसैलाई निजको उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, पेशा, यौनिक वा लैङ्गिक पहिचान, शारीरिक वा एचआईभी सङ्क्रमण, महामारीलगायतको स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा उपचारमा भेदभाव गर्न पाइने छैन।

(२) महिनावारी भएको महिलालाई छुवाछुत गर्न पाइने छैन। महिनावारी भएको कारणले कुनै पनि किशोरी तथा महिलालाई उपचार गर्न वा स्वास्थ्य सेवा दिन वा उपचारमा लैजान वा अन्य आवश्यक सहयोग गर्नबाट कसैलाई पनि वञ्चित गर्न पाइने छैन।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिरामीको स्वास्थ्य अवस्थाको गम्भीरताको आधारमा उपचारको प्राथमिकता निर्धारण गर्न बाधा पुगेको मानिने छैन।

(४) प्रदेशभित्र हुने महिला हिंसा, लैङ्गिक विभेद, छाउपडी तथा अन्य सामाजिक, साँस्कृतिक बाधा अवरोधले स्वास्थ्यमा प्रतिकूल असर पर्न नदिन मन्त्रालयले बहुपक्षीय कार्य योजना बनाई कार्यान्वयन गर्नेछ।

२९. **<u>शिशुको स्तनपान गर्ने अधिकारको सुनिश्चितता गरिनेः</u>** (१) प्रत्येक नवजात शिशुलाई दुई वर्ष  उमेर पूरा नभएसम्म आमाको स्तनपान गर्ने अधिकार हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आमाको मृत्यु भएको वा स्वास्थ्यको कारणबाट स्तनपान गराउन नसकिने अवस्थामा चिकित्सकको परामर्शबमोजिम वैकल्पिक व्यवस्था गर्न कुनै बाधा पर्ने छैन।

(३) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुलगायत बाल आहारको बिक्री वितरणलाई नियमन गरी बच्चाको लागि सुरक्षित एवं पर्याप्त पोषणसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-७

## <u>सेवाको गुणस्तर तथा स्वास्थ्य संस्थाको दायित्व</u>

३०. **<u>मापदण्ड पालना गर्नुपर्नेः</u>** (१) प्रत्येक स्वास्थ्य संस्थाले प्रचलित कानून, यो ऐन र यो ऐनअन्तर्गत बनेको नियमावलीबमोजिम निर्धारण भएको मापदण्ड अनिवार्य रूपमा पालन गर्नुपर्नेछ।

(२) उपदफा (१) मा उल्लेख भएको मापदण्डको अतिरिक्त मन्त्रालयले सम्बन्धित स्वास्थ्य संस्थाका सम्बन्धमा लागू हुने गरी थप मापदण्ड तोकेको रहेछ भने त्यस्तो मापदण्डसमेत पालना गर्नुपर्दछ।

(३) मन्त्रालयले प्रचलित कानूनको अधीनमा रही स्वास्थ्य संस्थाको पूर्वाधार, जनशक्तिको संख्या र योग्यता, उपकरण, यसको

प्रक्रिया तथा प्रविधि र व्यवस्थापन, सुलभ तथा स्तरीय उपचार विधि सम्बन्धमा मापदण्ड निर्धारण गर्न र कार्यान्वयनको कार्ययोजना बनाउन सक्नेछ।

३१. **<u>मापदण्ड तथा गुणस्तर समितिको गठनः</u>** (१) मापदण्ड तथा गुणस्तर निर्धारण तथा कार्यान्वयनको कार्ययोजना बनाउन मन्त्रालयले देहायबमोजिमको मापदण्ड तथा गुणस्तर समिति गठन गर्नेछः-

(क) स्नातकोत्तर गरी न्यूनतम १० वर्ष पेशागत कार्य अनुभव भएका मध्येबाट मन्त्रालयले तोकेको वरिष्ठ चिकित्सक -अध्यक्ष

(ख) मन्त्रालयले तोकेको जनस्वास्थ्य विज्ञ -सदस्य

(ग) प्रदेश स्वास्थ्य निर्देशक -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ।

(४) समितिले प्रचलित कानून तथा प्रदेश स्वास्थ्य योजना अनुरूप हुने गरी प्रदेशको लागि आवश्यक मापदण्ड र गुणस्तर लागू गर्न मन्त्रालयलाई सुझाव पेश गर्नेछ।

३२. **<u>गुणस्तरीय सेवा प्रदान गर्नुपर्नेः</u>** (१) प्रत्येक स्वास्थ्य संस्था वा यसका सञ्चालक वा कर्मचारीले स्वास्थ्य सेवाको गुणस्तरमा प्रतिकूल असर पर्ने कुनै कार्य जानी जानी वा लापर्वाहीपूर्वक गर्न पाइने छैन।

(२) स्वास्थ्य संस्थामा सेवा प्रदान गर्दा वा जडित उपकरणको प्रयोग गर्दा अनुमति प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी वा कर्मचारीबाहेक अन्य व्यक्तिले सञ्चालन गर्ने र रिपोर्ट दिने कार्य गर्न पाइने छैन।

(३) सेवा प्रदायकले उपकरण कार्यस्थलमा दुरुस्त राख्नुपर्नेछ। म्याद नाघेको औषधि, उपकरण तथा वस्तुको प्रयोग गर्न पाइने छैन।

(४) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रदान गर्दा कुनै पनि रोगको सङ्क्रमण नहुने र सङ्क्रमण रोकथाम गर्नका लागि आवश्यक सुरक्षात्मक उपायको अवलम्बन गर्नुपर्नेछ।

(५) प्रत्येक स्वास्थ्य संस्थाले मापदण्ड र गुणस्तरको सुनिश्चिततासम्बन्धी मन्त्रालयले तोकेबमोजिमको मूल्याङ्कन फाराम भरी सोको प्रतिवेदन मन्त्रालयमा प्रत्येक वर्षको आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र पेश गर्नुपर्नेछ।

३३. **स्वास्थ्य संस्था बाहिरबाट प्रदान गरिने सेवाः** (१) कुनै पनि स्वास्थ्य संस्था तथा अनुमति प्राप्त व्यक्तिले संस्था बाहिरबाट सेवा प्रदान गर्दा तोकिएको मापदण्ड पूरा गर्नुपर्नेछ। यसरी सेवा प्रदान गर्दा स्थानीय तहको समन्वयमा गर्नुपर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमका स्वास्थ्य सेवा व्यवस्थित र विस्तार गर्नका लागि कार्ययोजना बनाई लागू गर्न सक्नेछ।

३४. **शुल्क सार्वजनिक गर्नुपर्नेः** (१) स्वास्थ्य सेवा प्रदान गरेबापतको शुल्क प्रचलित कानूनको अधीनमा रही प्रत्येक स्वास्थ्य संस्थाले निर्धारण गर्नुपर्नेछ।

(२) स्वास्थ्य संस्थाले आफूले उपलब्ध गराउने स्वास्थ्य सेवा उपलब्ध गराएबापत लाग्ने शुल्क सर्वसाधारणले देख्न र पढ्न सक्ने गरी सार्वजनिक गर्नुपर्नेछ र सोको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ।

३५. **निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्नेः** (१) स्वास्थ्य संस्थाले आफूसँग उपलब्ध शैयाका दश प्रतिशत शैया गरिब, विपन्न तथा असहाय वर्गलाई निःशुल्क उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भर्ना भएका बिरामीलाई अस्पतालबाट प्रदान गरिने सेवा निःशुल्क प्रदान गर्नुपर्नेछ।

तर औषधि वा अस्पताल बाहिरबाट लिनुपर्ने निदानात्मक सेवाको हकमा यो व्यवस्था बाध्यात्मक हुने छैन।

(३) बिमित बिरामीहरूको उपचारको प्रक्रियालाई सहज बनाउने व्यवस्था मिलाउनुपर्नेछ।

३६. **<u>गोपनियता कायम राख्नुपर्ने</u>:** देहायको अवस्थामाबाहेक कुनै पनि स्वास्थ्य संस्था वा चिकित्सक वा कर्मचारीले बिरामीको रोगको बारेमा बिरामी स्वयम् वा निजलाई स्वास्थ्य संस्थामा ल्याउने बिरामीको संरक्षकबाहेक अन्य कसैलाई खुलासा गर्न पाइने छैनः-

(क) बिरामीले मञ्जुरी दिएमा वा बिरामी अचेत भएकोमा निजलाई अस्पताल ल्याउने व्यक्तिले मञ्जुरी दिएमा,

(ख) बिरामीको स्वास्थ्यको बारेमा खुलासा नगर्दा अन्य कुनै व्यक्तिको जीवन तथा स्वास्थ्यमा प्रतिकूल असर पर्ने भएमा,

(ग) प्रचलित कानूनबमोजिम बिरामीको स्वास्थ्य परीक्षण प्रतिवेदन कुनै अदालत वा अधिकारीसमक्ष पेश गर्नुपर्ने भएमा।

३७. **<u>बिरामीमाथि अनुसन्धान गर्न नहुने</u>:** स्वास्थ्य संस्थाले बिरामीको लिखित मन्जुरीविना निजमाथि उपचारसँग प्रत्यक्ष रूपमा सम्बन्धित परीक्षणबाहेक अन्य अनुसन्धान कार्य गर्न पाउने छैन।

३८. **<u>विज्ञापन गर्न नपाउने</u>:** (१) स्वास्थ्य संस्थाले सञ्चार माध्यमबाट गलत वा भ्रामक सूचना राखी विज्ञापन गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कार्यलाई विज्ञापन मानिने छैनः

(क) स्वास्थ्य संस्थाको ठेगाना, फोन नम्बर, इमेल र आफ्नो विशेषज्ञको विवरण, तिनको विशेषज्ञता तथा सेवासम्बन्धी

सञ्चार माध्यममा प्रसारण गर्ने तथा संस्थाको साईनबोर्डमा उल्लेख गर्ने वा वेबसाइटमा राख्ने,

(ख) आफूले प्रदान गर्ने सेवा, समय तालिका, लाग्ने दस्तुर तथा खर्च र उपचार गर्न लाग्ने समयसमेत खुलाई नागरिक बडापत्र जारी गर्ने,

(ग) गरिब र पछाडि पारिएका वर्गको पहुँच स्थापित गर्ने र सेवाग्राहीले सेवा नपाएको गुनासो व्यवस्थापन गर्ने विधि उल्लेख गरी सूचना प्रवाह गर्ने।

३९. **सेवाग्राहीको सुसूचित सहमति लिनुपर्नेः** प्रत्येक स्वास्थ्य संस्थाले सेवाग्राहीलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदा प्रचलित कानूनबमोजिम सुसूचित सहमति लिनुपर्नेछ।

४०. **सेवाग्राहीलाई जानकारी दिनुपर्नेः** (१) स्वास्थ्य संस्था तथा उपचार प्रदान गर्ने स्वास्थ्यकर्मीले प्रत्येक सेवाग्राहीलाई आफ्नो स्वास्थ्य र उपचारको अवस्था, रोगको निदान प्रक्रिया, उपचार विधि र प्रक्रिया, उपचार विकल्प र उपचार गर्न लाग्ने अनुमानित खर्च तथा सम्भावित परिणाम र उपचार नगराए उत्पन्न हुने सम्भावित जोखिमसमेतका बारेमा बिरामी वा संरक्षकले बुझ्ने गरी जानकारी गराउनुपर्नेछ।

(२) माथि जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना सम्बन्धित सेवाग्राहीलाई दिन नसकिने अवस्थामा बिरामीलाई स्वास्थ्य संस्थामा लिई आउने व्यक्तिलाई जानकारी दिनुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम जानकारी गराउँदा चित्त नबुझेमा वा स्वास्थ्य सेवासम्बन्धी जुनसुकै गुनासो सुन्नका लागि स्वास्थ्य संस्थामा तोकिएबमोजिम गुनासो सुन्ने संयन्त्रको व्यवस्था हुनुपर्ने छ।

४१. **<u>सेवाग्राहीको कर्तव्यः</u>** स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग सेवा लिने सेवाग्राहीको कर्तव्य देहायबमोजिम हुनेछः-

(क) आफ्नो स्वास्थ्यको सम्बन्धमा जानकारी लिने, सचेत रहने, स्वस्थ जीवनशैली अपनाउने र स्वास्थ्य संस्थाबाट दिइने आवश्यक सेवा लिने र संस्थाको नियम पालना गर्ने,

(ख) नेपाल सरकार, प्रादेशिक सरकार तथा स्थानीय सरकारले समय समयमा तोकेबमोजिमका स्वास्थ्यसम्बन्धी कार्यक्रममा समावेश हुने,

(ग) स्वास्थ्यकर्मीलाई आफ्नो स्वास्थ्यको अवस्थासँग सम्बन्धित यथार्थ विवरण उपलब्ध गराई रोग निदान र उपचारमा स्वास्थ्यकर्मीलाई सघाउने र स्वास्थ्यकर्मीले भनेबमोजिमको औषधि सेवन गर्ने तथा अन्य प्रक्रिया अपनाउने,

(घ) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा र सम्मान गर्ने, स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी प्रति कुनै पनि किसिमको हिंसा नगर्ने, आवश्यकता अनुसार रोगको निदान र उपचारसम्बन्धी जानकारी हासिल गरी आवश्यकता अनुसार उपचारमा सहमति जनाउने।

## परिच्छेद-८

## <u>स्वास्थ्य अनुसन्धान, सूचना व्यवस्थापन र अनुगमन</u>

४२. **<u>स्वास्थ्य अनुसन्धानः</u>** (१) मन्त्रालयले स्वास्थ्य सेवासँग सम्बन्धित विषयमा अध्ययन तथा अनुसन्धानसम्बन्धी व्यवस्था गर्न सक्नेछ।

(२) मन्त्रालयले स्वास्थ्य प्रवर्धनका लागि प्रदेशभित्र उपलब्ध औषधिजन्य जडीबुटीको अध्ययन अनुसन्धान गरी त्यसको संरक्षण, विकास, औषधि उत्पादन तथा उपभोग गर्न स्थानीय तह, निजी क्षेत्र तथा अन्य मन्त्रालयसँग बहुपक्षीय सहकार्य गर्नेछ।

(३) मन्त्रालयले स्वास्थ्यसम्बन्धी अनुसन्धानकर्तालाई प्रोत्साहित गर्ने व्यवस्था मिलाउने छ।

४३. **सूचना व्यवस्थापनः** (१) स्वास्थ्य संस्था प्रमुखले स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहीको तोकिएबमोजिमको अभिलेख राखी आफूभन्दा माथिल्लो निकायमा पेश गर्ने र उक्त निकायहरूले एकीकृत गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(२) मन्त्रालयले प्रदेशभित्रका स्वास्थ्य संस्थाले गरेको सेवासम्बन्धी सूचनालाई एकीकृत गरी अभिलेख राख्नेछ र प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गर्नेछ।

४४. **अनुगमन तथा मूल्याङ्कनः** (१) प्रदेश मातहत रहेका सरकारी स्वास्थ्य संस्था तथा प्रदेश सरकारले स्वीकृति प्रदान गरेका निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाको अनुगमन तथा मूल्याङ्कन गर्नको लागि तोकिएबमोजिम मन्त्रालयले निरीक्षक नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षकको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको आधारमा मन्त्रालयले नवीकरण रोक्ने, इजाजतपत्र खारेज गर्ने वा तोकिएबमोजिमको अन्य कारवाही गर्न सक्नेछ।

(३) स्थानीय तहबाट स्वीकृति प्राप्त निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाको नियमन, अनुगमन तथा मूल्याङ्कन तोकिएको मापदण्डको आधारमा सम्बन्धित स्थानीय तहले गर्नेछ।

तर मन्त्रालयबाट तोकिएको निरीक्षकले अनुगमन गर्न बाधा पुगेको मानिने छैन।

(४) प्रदेशभित्रका सबै स्वास्थ्य संस्थाको उपचारको अवस्था, औषधि तथा अन्य उपकरण तथा मानव स्रोतको आपूर्ति अवस्थालाई मन्त्रालयले नियमित अनुगमन गरी आवश्यक सुधारको लागि सिफारिससहितको प्रतिवेदन प्रदेश सरकारलाई पेश गर्नुपर्नेछ।

परिच्छेद-९

## **औषधि तथा उपकरणसम्बन्धी व्यवस्था**

४५. **औषधि तथा उपचार सामग्रीको व्यवस्था**: (१) प्रदेश सरकारअन्तर्गतका सबै अस्पतालले आफ्नै "अस्पताल फार्मेसी" सञ्चालन गरी सेवाग्राहीलाई सुपथ मूल्यमा औषधि तथा उपचार सामग्री उपलब्ध गराउनुपर्नेछ।

(२) स्थानीय तहअन्तर्गतका अस्पताल तथा स्वास्थ्य संस्थाको हकमा भने सम्बन्धित स्थानीय तहले तोकेबमोजिम हुनेछ।

(३) प्रदेशभित्र खपत हुने औषधिको मूल्य नेपाल सरकारले तोकेको आधार मूल्यको अधीनमा रही निर्धारण गरेबमोजिम हुनेछ। यस्तो मूल्य उच्चतम खुद्रा मूल्यभन्दा बढी हुने छैन।

(४) औषधि बिक्रीकर्ताले आफूले बिक्री गरेको औषधि र उपचार सामग्रीको बिल अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ।

(५) औषधिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४६. **औषधिको दुरूपयोग हुन नदिने**: (१) औषधि वा औषधिका साधक पदार्थहरूको अनुचित प्रयोग वा दुरूपयोग हुन नदिन त्यसको उपयोगिता एवं प्रयोगसम्बन्धी झुट्टा वा भ्रमात्मक प्रचार हुन नदिन र जनसुरक्षित, असरयुक्त तथा गुणयुक्त नहुने औषधि उत्पादन, बिक्री वितरण, निकासी, पैठारी सञ्चय र सेवनको नियन्त्रण गर्न अपनाउने कार्यविधि तोकिएबमोजिम हुनेछ।

(२) औषधि वा औषधिका साधक पदार्थहरूको बिक्री वितरण गर्न औषधि पसलको स्वीकृति, नवीकरण र सञ्चालन, अनुगमन र नियमन तोकिएबमोजिम हुनेछ।

४७. **उपकरण तथा एम्बुलेन्सको व्यवस्थाः** (१) प्रदेशमा सञ्चालन हुने अस्पताल तथा स्वास्थ्य संस्थामा तोकिएबमोजिमको मापदण्ड अनुसारका उपकरणको व्यवस्था गर्नुपर्नेछ।

(२) मन्त्रालयले सरकारी स्वास्थ्य संस्थाको स्वास्थ्य उपकरणको मर्मत सम्भार गर्नेसम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(३) आकस्मिक सेवा अनिवार्य भएको अस्पतालमा कम्तीमा १ वटा एम्बुलेन्स हुनुपर्नेछ। एम्बुलेन्स सञ्चालनसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-१०

## जनस्वास्थ्यको संरक्षण, संवर्धन र वातावरणसम्बन्धी व्यवस्था

४८. **जनस्वास्थ्यको संरक्षण र संवर्धन गरिनेः** (१) मन्त्रालयले प्रदेशभित्र खाद्यान्न, मासु, पानीलगायतका उपभोग्य वस्तु उत्पादन, भण्डारण तथा बिक्री वितरणलाई स्वच्छ बनाउने सम्बन्धमा तोकिएबमोजिम मापदण्ड बनाई कार्यान्वयन गर्ने छ।

(२) प्रदेश सरकारले स्वास्थ्यमा प्रतिकूल असर पार्ने मदिरा तथा सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण तथा सेवन गर्ने कार्यलाई निरुत्साहित गर्ने छ र त्यस्ता वस्तुको विज्ञापन सामग्रीको वितरण, प्रचार प्रसार, प्रयोजन तथा होर्डिङ बोर्ड राख्न निषेध गर्नेछ।

(३) जनताको स्वास्थ्य अवस्थालाई बिगार्ने तथा अस्वस्थ बनाउने निर्धारक पक्षलाई आवश्यक सुधार गर्न यसका कारक तथा अन्य सरोकारवाला पक्षसँग प्रदेश सरकारले समन्वय गर्नेछ।

(४) मन्त्रालयले उपदफा (३) को प्रयोजनको लागि पोषण, स्वच्छ खानेपानी, सरसफाइ, आरोग्यता तथा स्वास्थ्य साक्षरतासम्बन्धी मापदण्ड तयार गरी लागू गर्नेछ।

(५) मन्त्रालयले प्रदेशभित्र ध्वनि, वायु, जल तथा वातावरणीय प्रदूषणले जन स्वास्थ्यमा पार्ने प्रभावलाई न्यूनीकरण गर्नका लागि प्रचलित कानूनले तोकको मापदण्ड लागू गर्नेछ।

(६) मन्त्रालयले वातावरणीय प्रदूषण तथा फोहोरमैलाबाट पर्ने प्रतिकूल प्रभाव नियन्त्रणका लागि तोकिएको मापदण्ड लागू गर्नेछ।

४९. **विपद्को समयमा स्वास्थ्य सेवाको व्यवस्थापनः** (१) प्रदेशभित्र हुने विपद्बाट जनताको स्वास्थ्यमा पर्ने प्रभावलाई कम गर्न प्रवर्धनात्मक कार्यक्रमका लागि आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(२) विपद्बाट प्रभावित जनतालाई तत्काल उपचारका लागि स्वास्थ्य संस्थामा जनशक्ति, औषधि तथा उपकरण र स्रोतको व्यवस्था गर्नुपर्नेछ।

(३) विपद्पश्चात तथा विपद्जन्य रोगको प्रकोपलाई नियन्त्रण गर्न तत्काल परिचालित हुने स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, प्रदेश प्रहरी, शिक्षक र सुरक्षाका निकायहरूलाई प्राथमिक उपचार र प्रेषण लगायतको विषयमा आवश्यक तालिम दिइने छ।

(४) विपद्को समयमा प्रदान गर्नुपर्ने सेवाका लागि विकास साझेदार, गैर सरकारी तथा निजी संस्थासँग सहकार्य गरिने छ।

(५) यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**५०. <u>सरसफाइ तथा उचित कार्य वातावरण हुनुपर्ने</u>:** (१) स्वास्थ्य संस्थाको भित्र र बाहिरको वातावरण बिरामी तथा अन्य व्यक्तिको स्वास्थ्यमा प्रतिकूल असर नपर्ने हुनुपर्दछ।

(२) स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाबाट सिर्जित फोहोर मानव स्वास्थ्य र वातावरणलाई हानि नोक्सानी नहुने गरी तोकिएको मापदण्ड अनुरूप व्यवस्थापन गर्नुपर्नेछ।

(३) सरसफाइ तथा उचित कार्य वातावरणसम्बन्धी मापदण्ड तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-११

## <u>प्रदेश स्वास्थ्य समन्वय समिति</u>

**५१. <u>प्रदेश स्वास्थ्य समन्वय समितिः</u>** (१) प्रदेशभित्र बसोवास गर्ने बासिन्दाको स्वास्थ्य स्थिति सुधार गर्न, स्वास्थ्यका विविध सामाजिक निर्धारक तत्त्वलाई सम्बोधन गर्न, स्वास्थ्य सेवालाई विकासको मूल प्रवाहमा ल्याउन र स्वास्थ्य कार्यक्रम निर्माणमा समन्वय र सुझाव दिन एक प्रदेश स्वास्थ्य समन्वय समिति रहनेछ।

(२) प्रदेश स्वास्थ्य समन्वय समितिको गठन देहायबमोजिम हुनेछः

(क) प्रदेश सरकारका सामाजिक विकास मन्त्री -अध्यक्ष

(ख) प्रदेश योजना आयोगका सदस्य (स्वास्थ्य सेवा हेर्ने) -सदस्य

(ग) प्रदेशमा रहेका स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्रमुखहरूमध्ये अध्यक्षले मनोनयन गरेको एक जना -सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय
-सदस्य

(ङ) प्रदेश स्तरीय जिल्ला समन्वय समितिमहासंघ, संघ, नगरपालिका तथा गाउँपालिका महासंघका प्रमुख एक एक जना गरी तीन जना -सदस्य

(च) निर्देशक, प्रदेश स्वास्थ्य निर्देशनालय -सदस्य

(छ) प्रदेश अस्पतालका प्रमुख (मेडिकल सुपरिटेन्डेन्ट) -सदस्य

(ज) प्रदेशका निजी स्वास्थ्य संस्थाका प्रमुखमध्ये अध्यक्षले मनोनीत गरेको एक जना -सदस्य

(झ) प्रदेशका गैर सरकारी स्वास्थ्य संस्थाका प्रमुखमध्ये अध्यक्षले मनोनीत गरेको एक जना
-सदस्य

(ञ) प्रदेशका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीमध्ये अध्यक्षले मनोनयन गरेको एक जना अधिकृतस्तरको महिला कर्मचारी -सदस्य

(ट) अध्यक्ष, प्रदेश स्तरीय उद्योग वाणिज्य संघ
-सदस्य

(ठ) प्रदेश आयुर्वेद अस्पतालका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ड) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य सचिव

(३) समितिले आवश्यकताअनुसार विषय विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(४) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(५) समितिको कार्य सम्पादन गर्न मन्त्रालयको स्वास्थ्य सेवा हेर्ने महाशाखाले समितिको सचिवालयको काम गर्नेछ।

**५२. <u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्ः-

(क) प्रदेश स्वास्थ्य योजना बनाउन प्रदेश मन्त्रालयलाई सुझाव दिने,

(ख) कर्णालीवासीको स्वास्थ्य सुरक्षा र संवर्धन गर्न आवधिक स्वास्थ्य रणनीति निर्माण गर्न मन्त्रालयलाई मार्गदर्शन गर्ने,

(ग) कर्णालीवासीका स्वास्थ्यका बृहत सामाजिक निर्धारकहरूलाई सम्बोधन गर्न कर्णाली प्रदेशमा बन्ने अन्य सबै नीतिहरूमा स्वास्थ्य नीति अवलम्बन गर्ने गराउने,

(घ) कर्णाली प्रदेशको भौगोलिक, सामाजिक र साँस्कृतिक विशिष्टतालाई ध्यानमा राखी स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउन समन्वय गर्ने,

(ङ) स्वास्थ्यसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति, रणनीति र प्रतिबद्धतालाई कर्णालीको हितमा लागू गर्न समन्वय र सहकार्य गर्न मन्त्रालयलाई मार्गदर्शन गर्ने,

(च) स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सामाजिक र भौतिक सुरक्षा गर्न बहुपक्षीय रणनीति निर्माण गर्न मन्त्रालयलाई आवश्यक सुझाव सल्लाह दिने,

(छ) स्वास्थ्य नीतिअनुसार स्वास्थ्यसेवालाई प्रभावकारी बनाउन प्रदेश सरकारका अन्य निकाय, स्थानीय तह, सामुदायिक तथा निजी संस्थाको संस्थागत विकासका लागि नीतिगत सुझाव र मार्गदर्शन उपलब्ध गराउने,

(ज) प्रदेशभित्र अन्तर निकाय समन्वय गर्ने गराउने,

(झ) स्वास्थ्य सेवासँग सम्बन्धित विषयमा अनुसन्धान गर्न गराउन आवश्यक सहयोग उपलब्ध गराउने,

(ञ) प्रदेश सरकारले तोकेको अन्य कार्य गर्ने, गराउने।

## परिच्छेद-१२

## कसुर र सजाय

**५३. कसुर तथा सजायको व्यवस्था** (१) देहायको कसुर गर्ने व्यक्तिलाई देहायबमोजिम सजाय हुनेछः-

(क) यस ऐनबमोजिम सजाय हुने कसुर गरेको अवस्थामा प्रचलित कानूनबमोजिम सजाय हुनेछ।

(ख) खण्ड (क) मा परेका बाहेक यस ऐनअनुसार अन्य कसुर गर्ने व्यक्ति वा संस्थालाई मन्त्रालयले पचास हजारदेखि दुई लाखसम्म जरिवाना गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमावलीको उल्लङ्घन गरेको कारणबाट प्रचलित कानूनबमोजिम सजाय वा इजाजत खारेजी हुने रहेछ भने कानूनबमोजिम थप सजाय गर्न यस दफामा लेखिएको कुनै कुराले बाधा पर्ने छैन।

(३) यस ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमावली पालना नगरेको कारणबाट कसैलाई मर्का परेको रहेछ भने प्रचलित कानूनबमोजिम वास्तविक हानिवापतको क्षतिपूर्ति भराउनुपर्नेछ।

**५४. पुनरावेदन गर्न सक्नेः** यस ऐनबमोजिम मन्त्रालयले इजाजत खारेज गर्ने वा नवीकरण नगर्ने वा अन्य कुनै कारवाही गरेकोमा सो निर्णयमा चित्त नबुझ्ने पक्षले प्रचलित कानूनबमोजिम पुनरावेदन गर्न सक्नेछ।

परिच्छेद-१३

## विविध

**५५. <u>अन्तरप्रदेश समन्वय गर्ने अधिकारः</u>** स्वास्थ्य सेवाको सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहसँग समन्वय गर्ने अधिकार मन्त्रालयलाई हुनेछ।

**५६. <u>स्वास्थ्य संस्था तथा कर्मचारीको सुरक्षाः</u>** (१) मन्त्रालयले स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको कार्यक्षेत्रमा हुने हिंसा रोक्न र सुरक्षा प्रदान गर्न तोकिएबमोजिम व्यवस्था गर्नुपर्नेछ।

(२) स्वास्थ्य सेवालाई नियमित, भरपर्दो, मर्यादित र प्रभावकारी बनाउन स्वास्थ्य उपचारको क्रममा उत्पन्न हुन सक्ने आकस्मिक घटना र आर्थिक दायित्वबाट स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सुरक्षाको व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ।

**५७. <u>अत्यावश्यक सेवा मानिनेः</u>** प्रत्येक स्वास्थ्य संस्था अत्यावश्यक सेवाअन्तर्गत परेको मानिनेछ। प्रचलित कानूनमा अन्यथा लेखिएकोमा बाहेक यस्तो सेवाको सञ्चालनमा कुनै संस्था वा व्यक्तिले कुनै प्रकारले अवरोध सृजना गर्न, बन्द गर्न, हड्ताल गर्न, स्वास्थ्य संस्थाको एम्बुलेन्स वा अन्य सवारी साधनको आवागमनमा रोक लगाउन पाउने छैन।

**५८. <u>प्रदेश मेडिकल बोर्ड गठनः</u>** (१) प्रदेश सरकारबाट प्रदेशको कुनै पनि व्यक्तिलाई उपचार सहयोग उपलब्ध गराउन वा कुनै चिकित्सकीय घटनाको छानबिन गर्न वरिष्ठ चिकित्सकको संयोजकत्वमा तोकिएबमोजिमको एक मेडिकल बोर्ड गठन गरिने छ।

(२) उपदफा (१) बमोजिमको बोर्डको गठन, काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**५९. <u>स्वामित्वमा परिवर्तनः</u>** स्वास्थ्य संस्थाको पचास प्रतिशतभन्दा बढी लगानी गर्ने शेयरवाला वा साझेदारले स्वामित्व हस्तान्तरण गर्दा वा शेयर बिक्री गर्दा मन्त्रालयको सहमति लिनुपर्नेछ।

६०. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

६१. **<u>संघीय र स्थानीय कानूनबमोजिम हुने</u>**: (१) यस ऐनमा समाविष्ट विषयलाई संघीय कानूनले पनि सम्बोधन गरेको रहेछ भने त्यसरी सम्बोधन भएको हकमा संघीय कानूनबमोजिम र बाँकी कुरामा यो ऐनबमोजिम हुनेछ।

(२) यस ऐनमा समाविष्ट विषयलाई प्रदेशभित्रका स्थानीय सरकारले स्थानीय कानून बनाई सम्बोधन गरेको रहेछ भने यो ऐनसँग नबाझिएको हदसम्म स्थानीय कानूनअनुसार कार्य सम्पादन गर्न बाधा पर्ने छैन।

६२. <u>बचाउ</u>: यो ऐन जारी हुनुभन्दा अगाडि अस्पताल तथा स्वास्थ्य संस्था दर्ता नवीकरण सम्बन्धमा भए गरेको काम यसै ऐनबमोजिम भए गरेको मानिने छ।

# प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८

प्रमाणीकरण र प्रकाशन मितिः
२०७८/१२/०६

संम्वत् २०७८ सालको ऐन नं. ०५

## कर्णाली प्रदेशमा व्यापार-व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** प्रदेशभित्र सञ्चालन हुने व्यापार-व्यवसायको दर्ता तथा सञ्चालनसम्बन्धी व्यवस्थालाई सरल, सहज तथा पहुँचयोग्य बनाई व्यापार-व्यवसाय र त्यसबाट हुने कारोवारको व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उनाउ व्यक्ति" भन्नाले साझेदारी फर्मको सम्बन्धमा साझेदार बाहेकका अरु कुनै व्यक्ति सम्झनु पर्छ।

(ख) "एजेन्ट" भन्नाले प्रदेशको भौगोलिक सीमा क्षेत्रभित्र कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी वा संस्थाको एजेन्सी लिई एजेन्टको कामकाज गर्नका निमित्त दफा

५९ बमोजिम नाम दर्ता गरेको व्यक्ति वा फर्म सम्झनु पर्छ।

(ग) "जिम्मेवार व्यक्ति" भन्नाले निजी फर्मको धनी, साझेदारी फर्मको साझेदार, एजेन्ट वा त्यस्तो फर्म वा एजेन्टका तर्फबाट काम गर्ने आधिकारिक व्यक्ति सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ङ) "दर्ता किताब" भन्नाले निजी फर्म, साझेदारी फर्म वा एजेन्टको नाम दर्ता गर्ने प्रयोजनको लागि खडा गरी राखेको किताब सम्झनु पर्छ।

(च) "दर्ताको प्रमाणपत्र" भन्नाले यस ऐनबमोजिम दर्ता भएका फर्म वा एजेन्टले प्राप्त गरेको प्रमाणपत्र सम्झनु पर्छ।

(छ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको उद्योग तथा वाणिज्य सम्बन्धी विषय हेर्ने निर्देशनालय सम्झनु पर्छ ।

(ज) "निरीक्षक" भन्नाले यस ऐनबमोजिम फर्म वा एजेन्टले गर्ने व्यापार-व्यवसाय सम्बन्धी कामको निरीक्षण गर्ने प्रयोजनको दफा ६९ बमोजिम सम्बन्धित निकायले खटाएको व्यक्ति सम्झनु पर्छ।

(झ) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार सम्झनु पर्छ।

(ञ) "निजी फर्म" भन्नाले निजी वा अन्य नामबाट व्यापार-व्यवसाय गर्नको लागि दफा ४ बमोजिम दर्ता भएको एकल स्वामित्वको फर्म सम्झनु पर्छ।

(ट) "फर्म" भन्नाले व्यापार-व्यवसाय गर्ने प्रयोजनको लागि यस ऐनबमोजिम दर्ता भएको निजी फर्म वा साझेदारी फर्म सम्झनु पर्छ।

(ठ) "व्यापार-व्यवसाय" भन्नाले उद्योग, वाणिज्य, पेशा वा वृत्ति गर्नका लागि यस ऐन वा प्रचलित कानूनबमोजिम दर्ता भएको फर्म वा एजेन्टले गर्ने व्यापार-व्यवसाय सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले प्रदेशभित्रको व्यापार-व्यवसायसँग सम्बन्धित विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ढ) "सम्बन्धित निकाय" भन्नाले व्यापार-व्यवसायको दर्ता, नियमन र सहजीकरण गर्नका लागि पूँजीको सीमा अनुसार तोकिएबमोजिमका निकाय सम्झनु पर्छ ।

(ण) "साझेदारी फर्म" भन्नाले दुई वा दुई भन्दा बढी व्यक्तिहरूले एउटै नाम राखी मुनाफा वण्डा लगाउने गरी सबै साझेदारले प्रत्येक साझेदारका लागि वा कुनै साझेदारले सबै साझेदारका लागि सबै कारोबारमा भाग लिन आपसमा सम्झौता गरी दफा १७ बमोजिम दर्ता भएको साझेदारी फर्म सम्झनु पर्छ।

(त) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद -२

## निजी फर्म दर्ता तथा सञ्चालन सम्बन्धी व्यवस्था

३. **दर्ता नगरी निजी फर्म सञ्चालन गर्न नहुनेः** (१) यो ऐन प्रारम्भ भएपछि यो ऐनबमोजिम दर्ता नगराई कसैले पनि निजी फर्म सञ्चालन गर्न र त्यस्तो दर्ता नभएको निजी फर्मको नामबाट कुनै पनि किसिमको व्यापार-व्यवसाय गर्न पाउने छैन।

(२) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम दर्ता भएका फर्मले एक वर्षभित्र सम्बन्धित निकायमा दर्ता अद्यावधिक गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम अद्यावधिक नगरेमा तोकिए बमोजिमको जरिवाना तिरी अद्यावधिक गर्न सकिनेछ।

४. **निजी फर्म दर्ता सम्बन्धी व्यवस्थाः** (१) यस ऐनबमोजिम निजी फर्म दर्ता गर्न चाहने व्यक्तिले देहायका कागजात तथा विवरण र तोकिए बमोजिमको दस्तुर संलग्न राखी तोकिएबमोजिमको ढाँचामा सम्बन्धित निकायसमक्ष दरखास्त दिनुपर्नेछः-

(क) निजी फर्मको नाम,

(ख) निजी फर्मको ठेगाना, सम्पर्क टेलिफोन वा मोबाइल नं. र इमेल ठेगाना,

(ग) व्यापार-व्यवसाय गर्ने ठाउँ एक भन्दा बढी भएमा व्यापार-व्यवसाय गर्ने मुख्य स्थानबाहेक अन्य शाखाको ठेगाना, सम्पर्क टेलिफोन वा मोबाइल नं. र इमेल ठेगाना,

(घ) निजी फर्मको उद्देश्य तथा त्यसले कारोबार गर्ने कारोबारको प्रकृति तथा प्रदान गर्ने सेवा तथा तत्सम्बन्धी विवरण,

(ङ) व्यापार-व्यवसाय तथा तत्सम्बन्धी कारोबार सञ्चालन गर्ने मिति,

(च) निजी फर्मको धनीको नाम, ठेगाना तथा तीनपुस्ते विवरण,

(छ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ज) दर्ताको सम्बन्धमा आवश्यक ठानी सम्बन्धित निकायले मांगेको आवश्यक विवरण,

(झ) तोकिएबमोजिमको अन्य विवरण।

(२) उपदफा (१) बमोजिम कसैको दरखास्त परेमा सम्बन्धित निकायले सात दिनभित्र तोकिएबमोजिम आवश्यक जाँचबुझ गरी फर्म दर्ता गर्न मनासिब देखेमा तोकिएबमोजिमको ढाँचामा दर्ता किताब खडा गरी फर्मको नाम दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिम निजी फर्मको नाम भ्रमपूर्ण, दोहोरो अर्थ लाग्ने तथा पहिले दर्ता भइसकेका अरु फर्मको नाम र प्रचलित कम्पनी ऐनबमोजिम दर्ता भइराखेको लिमिटेड कम्पनीको नाम मिल्ने गरी नाम राखी दर्ता हुने छैन।

(४) उपदफा (२) बमोजिमको फर्मलाई तोकिएको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै व्यक्तिको नाममा समान उद्देश्य भएको एक भन्दा बढी वाणिज्यसम्बन्धी निजी फर्म दर्ता गरिने छैन।

(६) उपदफा (१) बमोजिम दरखास्त जाँचबुझ गर्दा निजी फर्म दर्ता गर्न नसकिने भएमा सम्बन्धित निकायले सोको कारणसहितको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनुपर्नेछ ।

(७) उपदफा (२) बमोजिमको फर्म दर्ताको लगत विद्युतीय स्वरूपमा समेत राख्नुपर्नेछ ।

५. **मुख्य स्थानबाहेक शाखाबाट समेत व्यापार-व्यवसाय हुनसक्ने गरी दर्ता गर्न सकिने:** (१) यस ऐनबमोजिम दर्ता हुने कुनै निजी फर्मले आफ्नो व्यापार-व्यवसाय गर्ने मुख्य स्थानबाहेक अन्य स्थानबाट समेत व्यापार-व्यवसाय सम्बन्धी कारोबार गर्न चाहेमा सम्बन्धित निकायले व्यापार-व्यवसाय गर्न चाहने प्रत्येक शाखाको लागि तोकिएबमोजिमको दस्तुर लिई दर्ता किताबमा सोही व्यहोरा जनाई शाखालाई समेत तोकिएबमोजिम दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम शाखालाई दिइएको दर्ताको प्रमाणपत्र निजी फर्मको दर्ताको प्रमाणपत्रको अवधिसम्म मात्र कायम रहनेछ। शाखाको अस्तित्व निजी फर्मको अस्तित्वभन्दा भिन्न रहने छैन।

६. **महिला, दलित, पिछडिएका वर्ग तथा अपाङ्गता भएका व्यक्तिलाई छुट:** व्यापार-व्यवसाय गर्ने प्रयोजनका लागि यस ऐनबमोजिम निजी फर्म दर्ता गर्न चाहने महिला, दलित, पिछडिएका वर्ग तथा अपाङ्गता भएका व्यक्तिलाई निजी फर्म दर्ता गर्न र सो को नवीकरण गर्नका लागि यस ऐनबमोजिम लाग्ने दस्तुरमा पचास प्रतिशत छुट दिइनेछ।

७. **दर्ताको प्रमाणपत्रको अवधि र नवीकरण:** (१) यो ऐनबमोजिम दर्ता र अद्यावधिक भएका निजी फर्मको प्रमाणपत्रको अवधि र नवीकरणसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(२) यो दफा प्रारम्भ हुनुअघि कुनै कारणवश नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका फर्म भएमा जतिसुकै अवधि व्यतीत भएको भए तापनि एक पटकका लागि यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिएबमोजिमको प्रक्रिया पुऱ्याई नवीकरण गर्न सकिनेछ ।

८. **अनुमति वा इजाजत लिनुपर्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम दर्ता भएको कुनै निजी फर्मले

कुनै व्यवसाय सञ्चालन गर्न प्रचलित कानूनबमोजिम अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र नलिई जिम्मेवार व्यक्तिले त्यस्तो निजी फर्मको नामबाट व्यापार-व्यवसाय सञ्चालन शुरु गर्न सक्ने छैन र यस ऐनबमोजिम निजी फर्म दर्ता भएकै आधारमा त्यस्तो व्यवसाय सञ्चालन गर्न अनुमति वा इजाजत प्राप्त गरेको मानिने छैन।

९. **<u>विवरण हेरफेर गर्नु परेमा स्वीकृति लिनुपर्नेः</u>** दफा ४ को उपदफा (१) बमोजिम पेश गरेको विवरणमा कुनै हेरफेर गर्नुपर्ने भएमा जिम्मेवार व्यक्तिले तोकिएबमोजिम सम्बन्धित निकायको स्वीकृति लिनुपर्नेछ।

१०. **<u>कानूनी मान्यता नपाउनेः</u>** यो ऐन प्रारम्भ भएपछि यो ऐनबमोजिम दर्ता नगरी निजी फर्मको नामबाट गरेको कुनै पनि लेनदेन वा अरु कुनै पनि कारोबारले कानूनी मान्यता पाउने छैन।

११. **<u>सम्बन्धित निकायले विवरण माग गर्न सक्नेः</u>** (१) यो ऐनबमोजिम दर्ता भएको कुनै निजी फर्मसँग सम्बन्धित निकायले आवश्यक विवरण माग गर्न सक्नेछ।

(२) उपपदफा (१) बमोजिम माग गरिएको विवरण तोकिएको समयभित्र पेश गर्नु त्यस्तो निजी फर्मको कर्तव्य हुनेछ।

१२. **<u>निजी फर्म खारेज गर्न सकिनेः</u>** (१) देहायको अवस्थामा सम्बन्धित निकायले निजी फर्म खारेज गर्न सक्नेछः-

(क) तोकिएको अवधिभित्र नवीकरण नगराएमा,

(ख) निजी फर्मको धनीले मनासिव कारण दर्शाई आफ्नो फर्म खारेज गरी पाऊँ भनी सम्बन्धित निकायमा निवेदन दिएमा,

(ग) दफा ४ को उपदफा (४) को विपरीत हुने गरी कुनै कुरा ढाँटी फर्म दर्ता गरेको ठहरिएमा,

(घ) सम्बन्धित निकायले माग गरेको दफा ११ बमोजिमको विवरण तोकिएको अवधिभित्र पेश नगरेमा,

(ङ) उद्योग सम्बन्धी निजी फर्मले सम्बन्धित निकायलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(च) उद्योग सम्बन्धी निजी फर्मले इजाजतको शर्तबमोजिम उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेसिनरी औजार वा उपकरण खरिद गरेको वा उद्योग सञ्चालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्बन्धित निकायमा पेश नगरेमा, वा

(छ) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै कार्य गरेमा।

(२) उपदफा (१) बमोजिम दर्ता खारेज गरिएमा सम्बन्धित निकायले दर्ता किताबमा सोही व्यहोरा जनाई त्यस्तो फर्मको नाम र मान्यता दर्ता किताबबाट तोकिएबमोजिम हटाउनुपर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क), (ग), (घ), (च) वा (छ) वा उपदफा (२) बमोजिम सम्बन्धित निकायले कुनै निजी फर्म खारेज गर्नुअघि त्यस्तो फर्म खारेज गर्नु पर्ने आधार र कारण खुलाई जिम्मेवार व्यक्तिलाई सफाइ पेश गर्ने अवसर दिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम सम्बन्धित निकायबाट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मका धनीको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को निजी फर्म दर्ता गरिने छैन ।

**१३. <u>दर्ताको प्रभाव</u>:**(१) यस ऐनबमोजिम दर्ता किताबमा कुनै निजी फर्मको धनीको रूपमा दर्ता भएको व्यक्तिलाई सो निजी फर्मले गरेको जुनसुकै काम कारोबारको निमित्त सिर्जित हुने एकल असीमित दायित्व व्यहोर्नुपर्ने व्यक्ति मानिनेछ।

(२) निजी फर्मको धनीको मृत्यु पश्चात त्यस्तो निजी फर्मले व्यहोर्नुपर्ने दायित्वप्रति निजको सम्पत्ति वा त्यस्तो निजी फर्मको व्यापार-व्यवसाय वा सो को जायजेथा वा मुनाफाबाट प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै किसिमले कुनै पनि किसिमको लाभ लिने वा सोको दावी गर्ने व्यक्तिबाहेक अरु कुनै पनि व्यक्ति जिम्मेवार हुने छैन।

## परिच्छेद-३

## साझेदारी फर्मको दर्ता र सञ्चालनसम्बन्धी व्यवस्था

**१४. साझेदारी कायम हुनेः** (१) दुई वा दुई भन्दा बढी व्यक्तिहरूले एउटै नाम राखी मुनाफा बण्डा लगाउने गरी कुनै साझेदारले सबै साझेदारका लागि वा सबै साझेदारले प्रत्येक साझेदारका लागि कुनै व्यापार-व्यवसाय सञ्चालन गर्न आपसमा सम्झौता गरेमा तिनीहरूका बीच सो व्यापार-व्यवसाय गर्न साझेदारी कायम भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्ने व्यक्तिहरूलाई एक अर्काको सम्बन्धमा साझेदार भनिनेछ।

(३) साझेदारले सामूहिक रूपमा व्यापार-व्यवसाय सञ्चालन गर्दा साझेदारी फर्मको नामबाट गर्नुपर्नेछ र त्यस्तो फर्म दफा १७ बमोजिम दर्ता गर्नुपर्नेछ।

**१५. संगठित संस्था साझेदार नहुनेः** दफा १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संगठित संस्था साझेदारी फर्मको साझेदार हुन सक्ने छैन।

**१६. एकाघर सगोलको कारोबार साझेदारी भन्न नहुनेः** (१) एकाघर सगोलको व्यापार-व्यवसायलाई साझेदारी मानिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकाघर सगोलका अंशियार एक आपसमा अंश लिई छुट्टिएर बसेको

भएमा आपसमा सम्झौता गरी साझेदारी व्यवसाय सञ्चालन गर्न सक्नेछन् ।

१७. **साझेदारी फर्म दर्तासम्बन्धी व्यवस्थाः** (१) दफा १४ बमोजिम साझेदारी कायम गर्ने सम्झौता भएको एक महिनाभित्र साझेदारहरूले त्यस्तो साझेदारी फर्म दर्ताको लागि देहायका कागजात तथा विवरण र तोकिएको दस्तुरसमेत संलग्न राखी तोकिएको ढाँचामा सम्बन्धित निकायसमक्ष दरखास्त दिनु पर्नेछः-

(क) साझेदारी फर्मको पूरा नाम,

(ख) साझेदारी फर्मको व्यापार-व्यवसाय गर्ने मुख्य ठेगाना, सम्पर्क टेलिफोन वा मोबाइल नं. र इमेल ठेगाना,

(ग) व्यापार-व्यवसाय गर्ने ठाउँ एकभन्दा बढी भएमा व्यापार-व्यवसाय गर्न मुख्य स्थानबाहेक अन्य शाखाको ठेगाना, सम्पर्क टेलिफोन वा मोबाइल नं. र इमेल ठेगाना,

(घ) साझेदारी फर्मले आफ्नो उद्देश्य र कार्यान्वयन गर्न खोजेको व्यवसायको छोटकरी विवरण,

(ङ) प्रत्येक साझेदारको पूरा नाम, थर र निजको स्थायी ठेगाना,

(च) साझेदारको किसिम र प्रत्येक साझेदारले लगानी गरेको पूँजी रकम,

(छ) कुनै साझेदारको अधिकारउपर कुनै बन्देज लगाएको भए सो कुरा,

(ज) साझेदारी फर्मको सञ्चालन वा व्यवस्थापन गर्ने र प्रतिनिधित्व गर्ने साझेदार वा साझेदारहरूको नाम वा जिम्मेवार व्यक्तिको नाम,

(झ) मुनाफा निर्धारण गर्ने तरिका,

(ञ) साझेदारहरू बीच मुनाफा तथा नोक्सान बाँडफाँड गर्ने तरिका,

(ट) साझेदारहरू बीच साझेदारीका सम्बन्धमा भएको सम्झौताको प्रमाणित प्रतिलिपि,

(ठ) दर्ताका सम्बन्धमा आवश्यक ठानी सम्बन्धित निकायले मागेको अन्य कागजात तथा विवरण,

(ड) तोकिएबमोजिमको अन्य विवरण।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा सम्बन्धित निकायले सात दिनभित्र दरखास्तसँग सम्बन्धित विवरण जाँची फर्म दर्ता हुन सक्ने देखिएमा यस तोकिएबमोजिम दर्ता किताब खडा गरी साझेदारी फर्म दर्ता गर्नुपर्नेछ ।

(३) यस दफाबमोजिम साझेदारी व्यवसाय दर्ता नगरी कुनै व्यवसाय सञ्चालन गरेमा त्यस्तो व्यवसायले यस ऐनबमोजिम कानूनी मान्यता प्राप्त गर्ने छैन ।

(४) उपदफा (२) बमोजिम दरखास्त जाँचबुझ गर्दा साझेदारी फर्म दर्ता हुन नसक्ने वा आवश्यक कागजात नपुगेमा सम्बन्धित निकायले सोको कारणसहित पाँच दिनभित्र दरखास्तवालालाई जानकारी दिनुपर्नेछ ।

१८. **दर्ताको प्रमाणपत्र दिनुपर्नेः** (१) यस ऐनबमोजिम सम्बन्धित निकायको दर्ता किताबमा फर्मको नाम दर्ता भै सकेपछि साझेदारहरूको नाममा तोकिएबमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको साझेदारी फर्म दर्ताको लगत विद्युतीय स्वरूपमा समेत राख्नुपर्नेछ ।

१९. **मुख्य स्थानबाहेक शाखाबाट समेत व्यापार-व्यवसाय हुनसक्ने गरी दर्ता गर्न सकिनेः** (१) यस ऐनबमोजिम दर्ता हुने कुनै साझेदारी फर्मले आफ्नो व्यापार-व्यवसाय गर्ने मुख्य स्थानबाहेक अन्य स्थानबाट समेत

व्यापार-व्यवसाय सम्बन्धी कारोबार गर्न चाहेमा सम्बन्धित निकायले व्यापार-व्यवसाय गर्न चाहने प्रत्येक शाखाको लागि तोकिएबमोजिमको दस्तुर लिई दर्ता किताबमा सोही व्यहोरा जनाई शाखालाई समेत तोकिएबमोजिम दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम शाखालाई दिइएको दर्ताको प्रमाणपत्र साझेदारी फर्मको दर्ताको प्रमाणपत्रको अवधिसम्म मात्र कायम रहनेछ। शाखाको अस्तित्व साझेदारी फर्मको अस्तित्वभन्दा भिन्न रहने छैन।

२०. **<u>महिला दलित, पिछडिएको वर्ग तथा अपाङ्गता भएका व्यक्तिलाई छुटः</u>** व्यापार-व्यवसाय गर्ने प्रयोजनको लागि यस ऐनबमोजिम साझेदारी फर्म दर्ता गर्न चाहने महिला, दलित, पिछडिएको वर्ग तथा अपाङ्गता भएका व्यक्तिलाई साझेदारी फर्म दर्ता तथा नवीकरण गर्नको लागि लाग्ने दस्तुरमा पचास प्रतिशत छुट दिइनेछ।

२१. **<u>साझेदारी फर्मको नाम भ्रमपूर्ण हुन नहुनेः</u>** (१) कुनै साझेदारी फर्मको नाम राख्दा दोहोरो अर्थ लाग्ने नभई स्पष्ट अर्थ लाग्ने गरी प्रष्ट नाम राख्नुपर्नेछ ।

(२) कुनै साझेदारी फर्मको नाम राख्दा पहिले दर्ता भैसकेको कुनै फर्म, कम्पनी, रजिष्ट्र्ड, ट्रेडमार्क, पेटेन्ट, डिजाइन वा अन्तर्राष्ट्रिय रूपमा ख्यातिप्राप्त व्यापारिक नाम वा चिन्हसँग मिल्ने वा भ्रम सृजना हुने गरी वा सार्वजनिक हित, नैतिकता, सदाचार, शिष्टाचारको दृष्टिले अनुपयुक्त हुने वा राष्ट्रिय चिन्ह, राष्ट्रिय विभूति, राष्ट्रिय सम्पदा आदिसँग भ्रम सृजना हुने गरी राख्न पाइने छैन ।

(३) उपदफा (२) बमोजिम भ्रमपूर्ण हुने वा अनुपयुक्त हुने नाम राखी कुनै साझेदारी फर्म दर्ता गर्न दफा १७ बमोजिम दरखास्त परेमा सम्बन्धित निकायले त्यस्तो नाम राखी साझेदारी फर्म दर्ता गर्न इन्कार गरी त्यसको जानकारी दरखास्तवालालाई दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम जानकारी प्राप्त भएमा दरखास्तवालाले नाम सच्याई साझेदारी फर्म दर्ता गर्न पुनः दरखास्त दिएमा सम्बन्धित निकायले सच्याइए बमोजिमको साझेदारी फर्म दर्ता गर्नुपर्नेछ।

(५) दर्ता भइसकेको कुनै साझेदारी फर्मको नाम उपदफा (१) बमोजिम भ्रमपूर्ण रहेको भनी सम्बन्धित सरोकारवालाको दरखास्त परेमा सम्बन्धित निकायले तोकिएबमोजिम त्यसको छानबिन गर्नेछ र त्यसरी छानबिन गर्दा त्यस्तो फर्मको नाम भ्रमपूर्ण रहेको देखिएमा त्यस्तो नाम परिवर्तन गर्न जिम्मेवार व्यक्तिलाई आदेश दिन सक्नेछ।

२२. **अनुमति वा इजाजत लिनुपर्नेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम दर्ता भएको कुनै साझेदारी फर्मले कुनै व्यवसाय सञ्चालन गर्न प्रचलित कानूनबमोजिम कुनै अधिकारी वा निकायको अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र नलिई जिम्मेवार व्यक्तिले साझेदारी फर्मको नामबाट व्यापार-व्यवसाय सञ्चालन गर्न सक्ने छैन ।

(२) यस ऐनबमोजिम साझेदारी फर्म दर्ता भएकै आधारमा त्यस्तो व्यापार-व्यवसाय सञ्चालन गर्न अनुमति वा इजाजत प्राप्त गरेको मानिने छैन।

२३. **यस ऐनबमोजिम व्यापार-व्यवसाय गर्नुपर्नेः** (१) यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएका साझेदारी फर्मले यस ऐनबमोजिम व्यापार-व्यवसाय सञ्चालन गर्नको लागि यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र यस ऐनबमोजिम साझेदारहरूका बीच भएको सम्झौतामा परिवर्तन गरी स्वीकृतिका लागि सम्बन्धितमा निकायसमक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता पेश भएकोमा सम्बन्धित निकायले सात दिनभित्र त्यस्तो सम्झौता स्वीकृत गरी सम्बन्धित साझेदारी फर्मलाई सो को जानकारी गराउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृति प्राप्त नगरेसम्म त्यस्तो साझेदारी फर्मले यस ऐनबमोजिम कुनै व्यापार-व्यवसाय सञ्चालन गर्न सक्ने छैन।

२४. **विवरणमा हेरफेर गर्नुपरेमा स्वीकृति लिनुपर्नेः** (१) साझेदारी फर्म दर्ता गर्नको लागि दफा १७ बमोजिम पेश गरेको दरखास्त, सो साथ संलग्न विवरण तथा कागजात र सम्झौतामा पछि कुनै हेरफेर गर्नुपरेमा सो कुरा जनाई जिम्मेवार व्यक्तिले सम्बन्धित निकायमा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण हेरफेर गर्न सम्बन्धित निकायबाट स्वीकृति प्राप्त भएपछि मात्र त्यस्तो विवरण हेरफेर भएको मानिनेछ।

२५. **नवीकरण गर्नुपर्नेः** (१) यस ऐनबमोजिम दर्ता भएको साझेदारी फर्म नवीकरणको लागि तोकिएबमोजिमको समयमा तोकिएबमोजिमको दस्तुर संलग्न राखी तोकिएको ढाँचामा सम्बन्धित निकायमा दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा सम्बन्धित निकायले त्यस्तो साझेदारी फर्मको दर्ता किताब, दर्ता लगत र दर्ता प्रमाणपत्रमा नवीकरणको व्यहोरा जनाउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम साझेदारी फर्म नवीकरण नगराई सोही नामबाट कुनै साझेदारी फर्म सञ्चालन गर्न सकिने छैन।

(४) साझेदारी फर्म नवीकरण गर्नको लागि तोकिएको आर्थिक विवरणसहित लेखा परीक्षण प्रतिवेदनसमेत पेश गर्नुपर्नेछ।

(५) यस दफाबमोजिम तोकिएको अवधिमा साझेदारी फर्म नवीकरण नगरेमा वा दफा २६ बमोजिम तोकिएको विवरण पेश नगरेमा त्यस्तो व्यवसायले प्रत्येक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको दोब्बर दस्तुर बराबरको विलम्ब दस्तुर तिरी आवश्यक

विवरण संलग्न राखी नवीकरण गर्नुपर्ने मिति व्यतीत भएको पाँच वर्ष भित्र साझेदारी फर्म नवीकरणका लागि दरखास्त दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम दरखास्त दिएमा सम्बन्धित निकायले त्यस्तो साझेदारी फर्म नवीकरण गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमको अवधिभित्र पनि नवीकरण नगराएको साझेदारी फर्मको दर्ता स्वतः रद्द भएको मानिनेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुअघि कुनै कारणवस नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका साझेदारी फर्म भए जतिसुकै अवधि व्यतीत भएको भए तापनि एक पटकका लागि यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिएबमोजिम नवीकरण गर्न सकिनेछ।

२६. **सम्बन्धित निकायमा विवरण पेश गर्नुपर्नेः** (१) साझेदारी फर्मले तोकिएको ढाँचामा प्रत्येक वर्ष आर्थिक विवरण र लेखा परीक्षण गराई वार्षिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको रकम भन्दा कम रकमको कारोबार गर्ने साझेदारी फर्मले सम्बन्धित निकायमा वार्षिक आर्थिक विवरण मात्र पेश गर्न सक्नेछ।

२७. **साझेदारी फर्म खारेज गर्न सक्नेः** (१) देहायको अवस्थामा यस ऐनबमोजिम दर्ता भएको साझेदारी फर्म सम्बन्धित निकायले खारेज गर्न सक्नेछः-

(क) कुनै साझेदारी फर्मले दफा २५ को अधीनमा रही तोकिएको अवधिभित्र नवीकरण नगराएमा,

(ख) साझेदारहरूले मनासिब कारण दर्शाई साझेदारी फर्म खारेज गरी पाउँ भनी सम्बन्धित निकायमा निवेदन दिएमा,

(ग) कुनै साझेदारी फर्मले यस ऐनबमोजिम पेश गर्नुपर्ने विवरण सम्बन्धित निकायमा पेश नगरेमा,

(घ) कुनै साझेदारी फर्मले फर्म दर्ता हुँदा पेश गरेको सम्झौतामा उल्लिखित उद्देश्य भन्दा फरक उद्देश्यको व्यापार-व्यवसाय सञ्चालन गरेमा,

(ङ) उद्योग सम्बन्धित साझेदारी फर्मले कार्य सञ्चालन गरी सम्बन्धित निकायलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(च) उद्योग सम्बन्धी साझेदारी फर्मले नवीकरण गर्ने म्याद समाप्त भएको मितिले तोकिएको अवधिभित्र नवीकरण नगराएमा वा नवीकरण गराए पनि इजाजतको शर्तअनुसार उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेशिनरी औजार, उपकरणको खरीद वा उद्योग सञ्चालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्बन्धित निकायमा नदिएमा, वा

(छ) साझेदारी फर्म वा जिम्मेवार व्यक्तिले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै काम गरेमा।

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम सम्बन्धित निकायबाट साझेदारी फर्म खारेज गर्नुअघि सम्बन्धित साझेदारी फर्मलाई सफाइ पेश गर्न उचित अवसर दिनुपर्नेछ।

(३) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम सम्बन्धित निकायबाट खारेज भएका साझेदारी फर्मका साझेदारहरू कसैको नाममा पनि एक वर्षसम्म सोही उद्देश्य भएको अर्को फर्म दर्ता गरिने छैन।

(४) उपदफा (१) बमोजिम साझेदारी फर्म खारेज गरिएमा सम्बन्धित निकायले दर्ता किताबमा सोही व्यहोरा जनाई त्यस्तो फर्मको नाम र मान्यता दर्ता किताबबाट हटाउनुपर्नेछ।

## परिच्छेद-४
## साझेदारहरूको आपसी सम्बन्ध

२८. **साझेदारहरूको आपसी सम्बन्धः** (१) साझेदारहरूको आपसमा भएको सम्झौताबमोजिम साझेदारीहरूमा हक र दायित्व कायम हुनेछ। यस्तो सम्झौता लिखित रूपमा भएको हुनुपर्नेछ।

(२) साझेदारीको सम्झौतामा उल्लेख भएका विषयको हकमा सोहीबमोजिम र नलेखिएकोमा यस ऐनबमोजिमको व्यवस्था लागू हुनेछ।

२९. **साझेदारीको दायित्व निर्वाह गर्नेः** कसैले आफ्नो वचन, लिखत वा आचरणबाट जानी जानी कुनै साझेदारी फर्मको साझेदारको रूपमा आफूलाई प्रतिनिधित्व गरेकोमा निजले गरेको प्रतिनिधित्वमा विश्वास गरी कसैले त्यस्तो साझेदारी फर्मलाई ऋण प्रदान गरेकोमा निज त्यस्तो साझेदारीको साझेदार नभए तापनि त्यस्तो ऋण निज आफैले वा फर्म जोसुकैले लिएको भए तापनि त्यस्तो व्यक्तिले त्यस उपरको दायित्व व्यहोर्नुपर्नेछ।

तर त्यसरी विश्वासमा पारी ऋण लिने व्यक्तिको दायित्व उपर प्रतिकूल नहुने गरी त्यस्तो फर्म आफैंले लिएको वा त्यस्तो ऋणबाट कुनै आर्थिक लाभ लिएको हदसम्म सम्बन्धित फर्मले दायित्व व्यहोर्नुपर्नेछ।

३०. **प्रत्येक साझेदार प्रतिनिधि हुनेः** सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक साझेदारी फर्मको प्रत्येक साझेदार त्यस्तो फर्मको व्यवसाय

सञ्चालनको प्रयोजनका लागि त्यस्तो साझेदारीको प्रतिनिधि (एजेन्ट) मानिनेछ।

३१. **<u>साझेदारीमा रहेको जायजेथाः</u>** साझेदारीको जायजेथा देहायबमोजिम हुनेछः-

(क) साझेदारी कारोबार शुरु हुँदाको सम्पूर्ण जायजेथा,

(ख) साझेदारीको लागि वा त्यसको निमित्त वा त्यसको प्रयोजनमा प्राप्त गरेको जायजेथा,

(ग) साझेदारीले कारोबार गरी कमाएको धन, र

(घ) साझेदारीमा चलाएको कारोबारबाट प्राप्त हुन आएको ख्याति (गुड विल)।

**स्पष्टीकरणः** अन्यथा प्रमाणित भएकोमा बाहेक फर्मको रकम लगानी गरी प्राप्त भएको सबै सम्पत्ति र हक फर्मको निमित्त प्राप्त गरेको मानिनेछ।

३२. **<u>साझेदारको मृत्यु भएपछिको दायित्वः</u>** (१) कुनै साझेदारको मृत्यु भएपछि पनि साझेदारी फर्मको व्यवसाय सञ्चालन जारी रहेकोमा त्यस्तो साझेदारको मृत्युपछि भएको कुनै काम, कारबाही वा कारोबारको कारणबाट सृजना भएको दायित्व मृतक साझेदारको हकवालाले व्यहोर्नु पर्ने छैन।

(२) साझेदारको मृत्युपछि हकवालालाई हक हस्तान्तरण गर्ने प्रक्रिया प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम कुनै साझेदारको मृत्युपछि हक हस्तान्तरण गर्न वा साझेदारी विघटन भई सम्पत्ति बाँडफाँड गर्न कुनै साझेदार उपस्थित नहुने वा बेपत्ता भएमा प्रचलित कानूनबमोजिम सूचना जारी गर्ने र म्याद तामेल गर्न सक्नेछ ।

३३. **<u>साझेदारी सम्पत्तिको प्रयोगः</u>** साझेदारी कारोबारको प्रयोगमा बाहेक साझेदारीको सम्पत्ति साझेदारहरूले अरु काममा लगाउन वा लगाउन दिन हुँदैन।

३४. **<u>पूँजी थप्न बाध्य नहुनेः</u>** अरु साझेदारले माग गरे पनि साझेदारीको कबुलियतमा तोकेको अङ्कभन्दा बढी पूँजी थप्न कुनै साझेदारलाई बाध्य गर्न हुँदैन।

३५. **<u>सट्टामा राख्न नपाउनेः</u>** कुनै साझेदारले अन्य साझेदारको मन्जुरीविना अरु कुनै व्यक्तिलाई आफ्नो सट्टामा साझेदार गराउन र राख्न पाउँदैन।

३६. **<u>कारोबारको व्यवस्थापनमा भाग लिन पाउनेः</u>** (१) सम्झौताद्वारा साझेदारी कारोबारको बन्दोबस्तमा भाग लिन नपाउने साझेदारबाहेक अन्य साझेदारले विरोध नगरेसम्म प्रत्येक साझेदारले साझा कारोबारको व्यवस्थापनमा भाग लिन पाउनेछ।

तर सवै साझेदारको मन्जुरी बेगर साझा कारोबारसँग सम्बन्ध नभएको अरु काम साझेदारीको नामबाट गर्न हुँदैन।

(२) साझेदारीको सबै वा कुनै काम सबै साझेदारले वा सो मध्ये कुनै दुई वा दुई भन्दा बढी साझेदारहरूले संयुक्त रूपमा गर्ने सम्झौता भएकोमा कुनै मनासिव माफिकको कारण परी सम्झौताबमोजिम यस्ता सबै साझेदारहरूले सो काम गर्न नसक्ने भएमा निजहरूले आफूमध्ये कसैलाई सो काम गर्न अख्तियारी दिन सक्नेछन्।

३७. **<u>श्रेस्ता हेर्न र नक्कल लिन पाउनेः</u>** साझेदारीको हिसाबकिताबको श्रेस्ता हेर्न चाहेमा प्रत्येक साझेदारले त्यस्तो श्रेस्ता हेर्न पाउनेछन् र नक्कल लिन चाहेमा सो श्रेस्ता जिम्मा लिने साझेदारले सो श्रेस्ताको सक्कलबमोजिमको नक्कल उतारी आफ्नो सहीछाप गरी दिनुपर्नेछ।

३८. **<u>पारिश्रमिक र ब्याजः</u>** (१) साझा कामको व्यवस्थापनको काम गरेवापतको पारिश्रमिक सम्झौतामा तोकिएबमोजिम त्यस्ता काम गर्ने साझेदारले पाउनेछ।

(२) कुनै साझेदारले कबुल गरे भन्दा बढी पूँजी लगाएको भए दश प्रतिशतमा नबढाई लिखतबमोजिमको ब्याज पाउनेछ।

(३) कुनै साझेदारले जानी जानी लापरवाही गरी साझेदारी व्यवसायमा हानी नोक्सानी पुर्‍याएमा त्यसको बिगो निजले व्यहोर्नुपर्नेछ।

३९. **साझेदारले आर्जेको मुनाफा साझेदारी फर्मको हुनेः** साझेदारी फर्मको कुनै कारोबारको सिलसिलामा वा साझेदारी फर्मको धनमालको उपयोग गरी वा त्यस्तो फर्मको कारोबारको सम्बन्धबाट वा सो फर्मको नाममा कुनै साझेदारले नाफा आर्जन गरेमा सो नाफा र त्यसको हिसाब समेत साझेदारी फर्मलाई बुझाउनुपर्नेछ।

४०. **साझेदारले बुझाएको रकम हिसाबमा देखाउनुपर्नेः** दफा ३८ र ४२ बमोजिम कुनै साझेदारले कुनै रकम तिरे बुझाएमा सो रकम साझेदारी फर्मको आर्थिक वर्षको नाफा नोक्सानको हिसाब श्रेस्तामा स्पष्ट देखाउनुपर्नेछ।

४१. **नाफा नोक्सानको बाँडफाँडः** (१) साझेदारहरूमा नाफा नोक्सानको हिसाब बाँडफाँड गर्दा सम्झौतामा व्यवस्था भएकोमा सोहीबमोजिम र नभएकोमा बराबर दरले बण्डा लाग्नेछ।

(२) कुनै साझेदारले साझेदारी खडा गर्दा लगाएको पूँजीमा ब्याज दिने लिने सम्झौता भए सो ब्याज मुनाफाबाट मात्र तिर्नुपर्नेछ।

४२. **मुनाफा पाउन नसक्नेः** (१) कुनै साझेदारले आफ्नो भागको बुझाउनुपर्ने पूँजी साझेदारी फर्मलाई तिरी बुझाई सकेको रहेनछ भने सो बुझाउन पर्ने बाँकी रकम चुक्ता नभएसम्म निजले पाउनुपर्ने मुनाफा बुझिलिन पाउने छैन।

(२) उपदफा (१) मा लेखिएको कुराले कुनै साझेदारले बुझाएको पूँजी रकम बराबर हुन आउने मुनाफाको हिस्सा निजलाई बाँडफाँड गर्न रोक लगाएको मानिने छैन।

## परिच्छेद-५
## साझेदारी फर्म र उनाउ व्यक्तिबीचको सम्बन्ध

४३. **साझेदारी फर्मको दायित्व हुनेः** (१) दफा २९ को अधीनमा रही प्रत्येक साझेदारले साझेदारी फर्मको प्रतिनिधित्व गर्न सक्नेछ र कुनै साझेदारले आफ्नो फर्मको तर्फबाट गरेको कारोबारको सम्बन्धमा सिर्जना भएको दायित्व त्यस्तो फर्मको हुनेछ।

(२) उपदफा (१) बमोजिमको कारोबार गर्दा कुनै साझेदारले जालसाजी गरेमा त्यस्तो साझेदारलाई सो फर्मको प्रतिनिधित्व गर्नबाट वञ्चित गर्न कुनै साझेदारको उजुरी परेमा सम्बन्धित जिल्ला अदालतले निजलाई त्यस्तो फर्मको प्रतिनिधित्व गर्नबाट वञ्चित गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै साझेदारले साझेदारीको प्रतिनिधित्व गर्ने विषयमा निजहरू बीच भएको सम्झौतामा बन्देज लगाउन सकिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम बन्देज लगाएकोमा सो कुराको जानकारी नपाउने उनाउ व्यक्तिले त्यस्तो साझेदारी फर्मसँग गरेको कारोबारको सम्बन्धमा त्यस्तो फर्मले त्यस्तो दायित्वको निर्वाह गर्नुपर्नेछ।

४४. **नयाँ साझेदार जवाफदेही नहुनेः** (१) आफू साझेदार हुनुभन्दा अगाडि भए गरेको साझेदारी कामको सम्बन्धमा नयाँ हुने साझेदार जवाफदेही हुने छैन।

(२) साझेदारीबाट अलग हुने साझेदारलाई निज अलग हुनुअघि फर्मबाट भएको काममा उनाउ व्यक्तिप्रतिको दायित्वबाट उक्त व्यक्तिको लिखित सहमति भएमा उन्मुक्ति प्राप्त हुनेछ।

(३) उनाउ व्यक्तिलाई कुनै साझेदार साझेदारीबाट अलग भएको छ भन्ने जानकारी भएमा अलग हुने साझेदार आफू अलग भइसकेपछि अरु साझेदारले साझेदारी फर्मको नामबाट भए गरेका कामप्रति निज जवाफदेही हुने छैन।

४५. **<u>साझेदारले आफ्नो हक बिक्री गर्न सक्नेः</u>** कुनै साझेदारले साझेदारी फर्ममा रहेको आफ्नो सबै हक अरु कसैलाई बिक्री गरी वा बन्धक राखी वा अरु कुनै प्रकारले दिएमा सो साझेदारले सो अवधिभित्र साझेदारी कारोबारबाट पाउने मुनाफा वा अन्य कुनै रकममा सो व्यक्तिले दाबी गर्न सक्नेछ।

तर त्यस्तो व्यक्ति सो फर्मको साझेदार मानिने छैन र सबै साझेदारहरूको मञ्जुरीविना निजलाई सो फर्मको हिसाबकिताब जाँच्ने अधिकार हुने छैन।

४६. **<u>जवाफदेही हुनेः</u>** आफू साझेदार रहँदा साझेदारी फर्मको निमित्त गरिएका सवै कामउपर संयुक्त वा व्यक्तिगत रूपमा प्रत्येक साझेदार जवाफदेही हुनेछन्।

## परिच्छेद-६

## <u>साझेदारीको विघटन</u>

४७. **<u>साझेदारी विघटन हुनेः</u>** (१) साझेदारहरूको मञ्जुरी वा सम्झौताबमोजिम जुनसुकै बखत साझेदारी विघटन हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम साझेदारी विघटन गर्दा साझेदारहरूले निर्धारण गरेबमोजिम साझेदारीको दायित्व फछ्र्यौट गरी साझेदारी विघटन गर्न सक्नेछन्।

तर साझेदारबीच दायित्व फछ्र्यौट गर्न कुनै विवाद उत्पन्न भएमा प्रचलित कानूनबमोजिम लिक्विडेटर नियुक्ति गर्नुपर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नियुक्त लिक्विडेटरले प्रचलित कानूनबमोजिम साझेदारी फर्मको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गरी त्यसको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ।

४८. **लिखित सूचनाद्वारा विघटन हुने:** (१) कुनै साझेदारी अनिश्चित समयको निमित्त चलाइएको छ भने जुनसुकै साझेदारले अरु साझेदारहरूलाई लिखित सूचना दिई साझेदारी विघटन गराउन सक्नेछ ।

(२) साझेदारहरूको बीचमा अन्यथा मञ्जुरी नभएको भए त्यस्तो सूचनामा लेखिएको मितिदेखि वा मिति नतोकिएको भए सूचना तामेल भएको मितिदेखि साझेदारी विघटन भएको मानिनेछ।

४९. **जुनसुकै बखत साझेदारी विघटन हुन सक्ने:** साझेदारहरूमा जुनसुकै व्यहोराको सम्झौता भएको भए पनि कुनै साझेदारले विशेष कारणवस र खास गरी देहायका परिस्थितिमा साझेदारी विघटन गराउन सक्नेछन्:-

(क) कुनै साझेदार आफूले गरेको सम्झौताबमोजिमको साझेदारी कार्यभार सम्हाल्न असमर्थ भएमा, वा

(ख) अर्को साझेदारले फर्मलाई तिर्न बुझाउनपर्ने रकम नतिरेमा, वा आफूले साझेदारीको हिस्सा अरु साझेदारको मञ्जुरीबेगर कसैलाई हक छाडिदिएमा, वा

(ग) अर्को साझेदारको हक सम्बन्धित जिल्ला अदालतबाट भरी भराउमा परेमा, वा

(घ) अर्को साझेदारले फर्मको कामकारवाहीमा जालसाज वा लापरवाही गरेमा, वा

(ङ) कुनै अर्को साझेदारले कैदको सजाय पाएमा।

५०. **कार्यकाल पछि स्वतः विघटन हुने:** साझेदारहरूका बीच एक आपसमा भएको सम्झौताको अधीनमा रही कुनै साझेदारी सीमित समयको लागि खडा भएकोमा सो अवधि नाघेपछि वा कुनै एक वा एकभन्दा बढी

कामको निमित्त खडा भएकोमा सो काम पूरा भएपछि साझेदारी स्वतः विघटन हुनेछ।

**५१. <u>साझेदारी स्वतः विघटन हुने</u>:** कुनै साझेदारको मृत्यु भएमा वा साहुको ऋण तिर्न नसक्ने भई दामासाहीमा परेमा साझेदारी स्वतः विघटन हुनेछ।

**५२. <u>उनाउ व्यक्ति प्रतिको दायित्व पूरा गर्नुपर्ने</u>:** साझेदारी विघटन भएको कुरा सार्वजनिक नगरिएको कारण त्यस्ता विघटनको जानकारी साझेदारी फर्मसँग सम्बन्धित उनाउ व्यक्तिलाई नभएमा साझेदारी विघटन भए पनि साझेदारी फर्मको नाममा गरेको काम कारवाहीबाट उनाउ व्यक्तिप्रतिको दायित्व सबै साझेदारले पूरा गर्नुपर्नेछ।

तर मृत्यु भएका वा दामासाहीमा परेका साझेदारको जेथाबाट निजको मृत्यु भएमा वा दामासाहीमा परेका मिति पछिको काम कारवाहीबापत तिर्नुपर्ने छैन।

**५३. <u>वारेसद्वारा भाग लिन हुने</u>:** दफा ५१ को अधीनमा रही प्रत्येक साझेदारले आफू वा आफ्नो वारेसद्वारा साझेदारी विघटनको प्रक्रियामा भाग लिन सक्नेछ।

**५४. <u>विघटन भए पछि पनि कायम रहने</u>:** साझेदारी फर्मको विघटनको काम टुङ्ग्याउनलाई जो आवश्यक काम कारवाही र विघटन हुनु पहिले शुरु गरेको अपूरो काम पूरा गर्नलाई साझेदारी विघटन भैसकेपछि पनि साझेदारी फर्मलाई बाध्य गर्न र साझेदारहरूको आपसको हक दायित्व निश्चित गर्ने अधिकार साविकबमोजिम कायम रहनेछ।

**५५. <u>साझेदारी फर्मको हिसाब फछ्र्यौट गर्ने</u>:** साझेदारहरूको बीचमा भएको सम्झौता र दफा ५० को अधीनमा रही विघटन भएका साझेदारी फर्मको हिसाब फछ्र्यौट गर्दा देहायबमोजिम गर्नुपर्नेछः-

(क) साझेदारी फर्मको हितमा बाधा नपर्ने गरी सो फर्मको सम्पूर्ण सम्पत्ति नगदमा परिणत गर्ने,

(ख) पूँजी घटेको समेतको नोक्सानी सबभन्दा पहिले मुनाफाबाट र त्यसबाट नपुगे पूँजीबाट र त्यसबाट पनि नपुगे प्रत्येक साझेदारको घर घरानाबाट असुलउपर गर्नुपर्ने,

(ग) पूँजीको कमी भर्ना गर्ने लगायत साझेदारी फर्मको जेथा देहायका क्रम र तरिकाबाट उपयोग गर्नुपर्नेः-

(१) साझेदारी फर्मले उनाउ व्यक्तिलाई तिर्नुपर्ने ऋण रकम रहेछ भने,

(२) पूँजीबाहेकको साझेदारले दिएको कर्जा दामासाहीले,

(३) साझेदारले बुझाएको पूँजीको दामासाहीले, र

(४) शेष बाँकी जेथाबाट साझेदारहरूको भाग हिस्साबमोजिम मुनाफा बाँड्नमा।

**५६. <u>जायजेथा भाग नलाग्नेः</u>** साझेदारका बीचमा सम्झौता भएको भए पनि साझेदारी फर्मको बाँकी ऋण र दायित्व चुक्ता नगरी साझेदारी बीच जायजेथा बण्डा गर्न हुँदैन।

**५७. <u>सम्बन्धित निकायले लिक्विडेटर नियुक्ति गर्न सक्नेः</u>** (१) साझेदारी फर्मको हिसाबकिताब सम्बन्धमा साझेदारहरूबीच विवाद परेमा सो व्यहोरा उल्लेख गरी कुनै साझेदारले निवेदन दिएमा सम्बन्धित निकायले त्यस्तो फर्मको हिसाब जाँच गर्न लेखापरीक्षक नियुक्त गर्न सक्नेछ।

(२) लेखापरीक्षकले पेश गरेको हिसाबकिताब वा प्रतिवेदनबाट साझेदारी विघटन गर्नुपर्ने देखिए सम्बन्धित निकायले प्रचलित कानूनबमोजिम लिक्विडेटर नियुक्त गर्न सक्नेछ।

(३) दफा ४७ वा यस दफाबमोजिम नियुक्त लिक्विडेटरले आफ्नो कार्य सम्पादन गर्दा प्रचलित कानूनबमोजिम फर्म दामासाहीमा

परेका बखत लिक्विडेटरले कम्पनी खारेज गर्दा प्रयोग गर्न सक्ने अधिकार प्रयोग गर्न सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम नियुक्त लेखापरीक्षक र लिक्विडेटर सम्बन्धित निकाय प्रति उत्तरदायी हुनुपर्नेछ।

**५८.** **<u>साझेदारहरू बीचको विवादः</u>** (१) दफा ४६ मा उल्लेख भएको अवस्थामा बाहेक साझेदारहरू बीच साझेदारीका सम्बन्धमा कुनै विवाद उत्पन्न भई सम्बन्धित निकायमा उजुरी परेमा त्यस्तो निकायले विवाद समाधान गर्न तोकिएबमोजिमको कार्यविधि पूरा गरी आवश्यक आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकायले दिएको आदेशमा चित्त नबुझेमा पैतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सकिनेछ।

## परिच्छेद- ७
## <u>एजेन्सी सम्बन्धमा</u>

**५९.** **<u>एजेन्ट भई काम गर्न नाम दर्ता गराउनुपर्नेः</u>** (१) यो ऐनबमोजिम सम्बन्धित निकायमा एजेन्ट भई काम गर्न एजेन्टको नाम दर्ता गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम एजेन्ट भई काम गर्न चाहने व्यक्तिले एजेन्टमा आफ्नो नाम दर्ता गराउन सम्बन्धित निकायसमक्ष तोकिएबमोजिमका विवरणहरू खुलाई तोकिएको ढाँचामा दरखास्त दिनुपर्नेछ।

**६०.** **<u>एजेन्टको नाम दर्ता गरी दर्ताको प्रमाणपत्र दिनुपर्नेः</u>** (१) दफा ५९ बमोजिम एजेन्टको काम गर्न कसैको दरखास्त पर्न आएमा सम्बन्धित निकायले तोकिएको दस्तुर र धरौटी दाखिल गराई एजेन्टको काम गर्न

तोकिएबमोजिमको दर्ता किताब खडा गरी नाम दर्ता गरी तोकिएबमोजिम दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(२) सम्बन्धित निकायले उपदफा (१) बमोजिम एजेन्टको काम गर्न नाम दर्ता गर्नु अगावै त्यस्तो व्यक्तिसँग तोकिएबमोजिम सम्झौता गर्नुपर्नेछ।

(३) यस ऐनबमोजिम एजेन्टमा नाम दर्ता गर्दा नेपाली नागरिकलाई प्राथमिकता दिनुपर्नेछ।

**६१. फाँटवारी दाखिल गर्नुपर्ने:** प्रत्येक एजेन्टले आएको, बिक्री भएको, मौज्दातमा रहेको मालसामान र त्यसको दर भाउको फाँटवारी तोकिएको ढाँचामा तोकिएको समयमा सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ।

**६२. यो ऐन प्रारम्भ हुनुअघि भई राखेको एजेन्टको मान्यता:** यो ऐन प्रारम्भ हुनुभन्दा अघि नेपाल सरकारबाट एजेन्ट भई काम गर्ने सम्बन्धमा दिई राखेको सबै स्वीकृतिहरू मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको म्यादभित्र नवीकरण गराउनु पर्नेछ। सो म्यादभित्र नवीकरण नभए सो स्वीकृतिहरू कायम रहने छैन।

## परिच्छेद-८
## कसूर तथा सजाय

**६३. कसूर गरेको मानिने:** कसैले देहायका काम गरेमा निजले यस ऐनबमोजिम कसूर गरेको मानिनेछः-

(क) दफा ३ र १७ बमोजिम निजी फर्म वा साझेदारी फर्म दर्ता नगराई व्यापार-व्यवसायको सञ्चालन गरे गराएमा,

(ख) दफा ५८ बमोजिम एजेन्टको काम गर्न नाम दर्ता नगराई व्यापार-व्यवसायसम्बन्धी काम एजेन्टको हैसियतबाट गरे गराएमा,

(ग) नवीकरण गर्नुपर्ने म्यादभित्र नवीकरण नगराई निजी फर्म, साझेदारी फर्म वा एजेन्टको हैसियतमा आफूले गर्दै आएको काम कारोबार गरे गराएमा,

(घ) यो ऐन प्रारम्भ हुनुअघि दर्ता भई गर्दै आएको व्यापार-व्यवसायसम्बन्धी काम यो ऐनबमोजिम अद्यावधिक नगराई सो काम कारोबार गरे गराएमा,

(ङ) निजी फर्म, साझेदारी फर्म वा एजेन्ट दर्ता गर्न पेश गरेको विवरण, कागजात वा सम्झौताका प्रावधानमा सम्बन्धित निकायको स्वीकृति नलिई हेरफेर गरेमा,

(च) जानी जानी प्रचलित कानूनको उल्लङ्घन गरी वा प्रचलित कानून विपरीत व्यापार व्यवसाय सञ्चालन गरे वा गराएमा,

(छ) प्रदेश सरकार, मन्त्रालय, सम्बन्धित निकाय वा निरीक्षकले दिएको आदेश वा निर्देशनको पालना नगरेमा वा सो निर्देशन विपरीत हुने गरी काम गरेमा,

(ज) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम कारोबार गरे गराएमा।

**६४. <u>सजायः</u>** देहायबमोजिमको कसूर गर्नेलाई देहायबमोजिमको सजाय हुनेछः-

(क) दफा ६३ को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई बाह्र हजार पाँच सय रुपैयाँसम्म जरिवाना,

(ख) दफा ६३ को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना,

(ग) दफा ६३ को खण्ड (ग) बमोजिमको कसूर गर्ने निजी फर्म, साझेदारी फर्म वा एजेन्टको दर्ता प्रमाणपत्र रद्द गरी पाँच हजार रुपैयाँसम्म जरिवाना,

(घ) दफा ६३ को खण्ड (घ) बमोजिमको कसूर गर्ने निजी फर्म, साझेदारी फर्म वा एजेन्टको दर्ता रद्द गरी पाँच हजार रुपैयाँसम्म जरिवाना,

(ङ) दफा ६३ को खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई बाह्र हजार पाँच सय जरिवाना गरी पाँच वर्षसम्म त्यस्तो व्यापार-व्यवसाय गर्न दर्ताको प्रमाणपत्र लिनमा रोक लगाउने,

(च) दफा ६३ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी दर्ताको प्रमाणपत्र रद्द गर्ने र पाँच वर्षसम्म व्यापार-व्यवसाय गर्न दर्ताको प्रमाणपत्र लिनमा रोक लगाउने,

(छ) दफा ६३ को खण्ड (छ) बमोजिमको कसूर गर्नेलाई पटकै पिच्छे पाँच हजार रुपैयाँ जरिवाना,

(ज) दफा ६३ को खण्ड (ज) को कसूर गर्नेलाई बाह्र हजार पाँच सय रुपैयाँसम्म जरिवाना गरी दर्ताको प्रमाणपत्र केही समयका लागि निलम्बन वा रद्द गर्ने।

**६५. <u>जरिवाना गर्ने अधिकारः</u>** (१) यस ऐनबमोजिम जरिवाना गर्ने अधिकार सम्बन्धित निकायको प्रमुखलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्दा सरकारी वकिलको राय लिन सकिनेछ।

**६६. <u>पुनरावेदन हेर्ने अधिकारः</u>** यस ऐनबमोजिमको कसूरमा जरिवाना गर्ने अधिकारीले गरेको निर्णय, सम्बन्धित निकायले गरेको निर्णय वा आदेश

उपर चित्त नबुझ्ने पक्षले निर्णय पाएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

परिच्छेद-९

## <u>विविध</u>

६७. **<u>स्थानीय तहमा फर्म दर्ताः</u>** (१) यस ऐनबमोजिम स्थानीय तहले कुल दश लाख रुपैँयासम्मको पूँजी सीमाभित्र रही निजी वा साझेदारी फर्मको दर्ता तथा नवीकरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता तथा नवीकरण भएका फर्महरू सम्बन्धित स्थानीय तहले सम्बन्धित निकायमा अभिलेखको लागि पठाउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमका फर्म दर्ता, नवीकरण र तत्सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

६८. **<u>फर्म अभिलेखीकरण गर्नुपर्नेः</u>** (१) अन्य प्रदेशमा दर्ता भएका निजी तथा साझेदारी फर्मले यस प्रदेशमा कारोवार गर्नका लागि निर्देशालयमा निःशुल्क अभिलेखीकरण गर्नुपर्नेछ।

(२) निर्देशनालयले प्रदेशभर सञ्चालनमा रहेका फर्महरूको विवरण अद्यावधिक गरी विद्युतीय अभिलेखसमेत बनाई राख्नुपर्नेछ।

६९. **<u>निरीक्षक खटाउन सक्नेः</u>** (१) सम्बन्धित निकायले निजी फर्म, साझेदारी फर्म वा एजेन्टले यस ऐन वा प्रचलित कानूनको पालना गरी आफूले सञ्चालन गर्नुपर्ने व्यापार-व्यवसाय सञ्चालन गरे नगरेको कुराको निरीक्षण गर्ने प्रयोजनको लागि आफू मातहतको कुनै कर्मचारीलाई निरीक्षकको काम गर्ने गरी खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम खटाइएका निरीक्षकले आफूलाई खटाइएबमोजिमको निरीक्षण कार्य सम्पन्न गरी सकेपछि सोको प्रतिवेदन सम्बन्धित निकायसमक्ष पेश गर्नुपर्नेछ।

७०. **<u>प्रदेश सरकारको पूर्व स्वीकृति लिनुपर्ने</u>:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन कार्यान्वयन हुँदा प्रदेश सरकारलाई सारभूत रूपमा आर्थिक दायित्व पर्ने विषय भएमा सो विषयमा प्रदेश सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ।

७१. **<u>समिति वा उपसमिति गठन गर्न सक्ने</u>:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न मन्त्रालयले आवश्यकताअनुसार समिति वा उपसमितिहरू गठन गर्न सक्नेछ। यसरी गठन गरिएको समिति वा उपसमितिको कार्यादेश, कार्य अवधि, शर्त तथा सुविधा त्यस्ता समिति वा उपसमिति गठन गर्दाको निर्णयमा तोकिएबमोजिम हुनेछ।

७२. **<u>प्रदेश सरकारले निर्देशन दिन सक्ने</u>:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले प्रदेश सरकारको कुनै मन्त्रालय, निर्देशनालय, कार्यालय वा अन्य सम्बन्धित सरोकारवालालाई आवश्यक निर्देशन दिन सक्नेछ। यसरी प्रदेश सरकारले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

७३. **<u>सम्बन्धित निकायले विवरण सार्वजनिक गर्नुपर्ने</u>:** यस ऐनबमोजिम सम्बन्धित निकायले दर्ता गरेको फर्म र एजेन्टको विवरण सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक गर्नुपर्नेछ।

७४. **<u>सरकारी बाँकी सरह असुलउपर गर्ने</u>:** मन्त्रालयले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका वा कार्यविधिबमोजिम कुनै व्यक्ति, फर्म वा एजेन्टसँग लिनुपर्ने दस्तुर, शुल्क जरिवानाको रकम सरकारी बाँकी सरह असुलउपर गरी लिनुपर्नेछ।

७५. **<u>प्रचलित कानूनबमोजिम हुने</u>:** (१) यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्य कुराका हकमा प्रचलित कानूनबमोजिम हुनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम कसूर मानी कारवाही तथा सजाय हुने कसूरमा अन्य प्रचलित कानूनबमोजिम समेत सजाय हुने रहेछ भने यस ऐनबमोजिम कारवाही र सजाय हुने भएको कारणले प्रचलित कानूनबमोजिम मुद्दा चलाउन वा सजाय गर्न कुनै बाधा परेको मानिने छैन।

७६. **<u>अधिकार प्रत्यायोजनः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकार, मन्त्रालय वा सम्बन्धित निकायले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार कुनै उपयुक्त निकाय, कार्यालय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

७७. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

७८. **<u>निर्देशिका तथा कार्यविधि बनाउन सक्नेः</u>** मन्त्रालयले यो ऐन कार्यान्वयन गर्नका लागि यस ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमका अधीनमा रही आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

७९. **<u>बचाउः</u>** प्रचलित कानूनबमोजिम दर्ता भएको फर्म वा एजेन्टले गरेको व्यापार-व्यवसाय र सोसँग सम्बन्धित सवै काम कारवाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

# कर्णाली प्रदेश वन ऐन, २०७८

प्रमाणीकरण र प्रकाशन मिति:
२०७८/१२/०६

संम्वत् २०७८ सालको ऐन नं. ०६

## कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** प्रदेशभित्रको राष्ट्रिय वनलाई वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वनक्षेत्र कायम गरी राख्न, सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन र धार्मिक वनको संरक्षण, संवर्धन एवं दिगो वन व्यवस्थापनको माध्यमबाट वन पैदावारको सहज आपूर्तिमार्फत वन पैदावारमा आधारित उद्योगहरूको प्रवर्धन, भू-तथा जलाधार संरक्षण, जैविक विविधता तथा जडीबुटी र पर्यापर्यटनको व्यवस्थापनबाट प्रदेशको समृद्धि र स्थानीय समुदायको जीविकोपार्जनमा योगदान पुऱ्याउन र निजी तथा सार्वजनिक जग्गामा वन विकास र प्रवर्धनको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश वन ऐन, २०७८" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "आखेटोपहार" भन्नाले वन्यजन्तुहरूको जीवित वा मृत शरीर वा पहिचान गर्न सकिने अवस्थामा रहेको तिनीहरूको शरीरको कुनै अङ्ग सम्झनु पर्छ र सो शब्दले वन्यजन्तुको कुनै पदार्थ वा त्यस्तो पदार्थको सम्मिश्रणबाट तयार भएको वस्तुसमेतलाई जनाउँछ।

(ख) "अन्तरप्रादेशिक वन" भन्नाले एक भन्दा बढी प्रदेशमा फैलिएको, भौगोलिक तथा प्राकृतिक रूपमा जोडिएको र पारिस्थितिकीय प्रणालीको दृष्टिबाट अन्तरसम्बन्धित राष्ट्रिय वन सम्झनु पर्छ।

(ग) "उपभोक्ता समूह" भन्नाले वनको संरक्षण, संवर्धन, व्यवस्थापन तथा सदुपयोग गर्न यस ऐनबमोजिम गठन भएको उपभोक्ता समूह सम्झनु पर्छ।

(घ) "कार्ययोजना" भन्नाले वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग तथा बिक्री वितरण गर्न तयार गरिएको यस ऐनबमोजिम स्वीकृत वनसम्बन्धी कार्ययोजना सम्झनु पर्छ।

(ङ) "गैरकाष्ठ वन पैदावार" भन्नाले वनमा रहेका वा वनमा उत्पन्न भएका वा वनबाहिर रहेका रुखहरूबाट उत्पादित काठ र दाउराबाहेकका जडीबुटी तथा वन्यजन्तु वा वन्यजन्तुको आखेटोपहारलगायत अन्य सबै जैविक उत्पत्तिका सामान सम्झनु पर्छ।

(च) "प्राणी उद्यान" भन्नाले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु स्रोतको संरक्षण, अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुहरू परस्थानमा प्रदर्शनमा राखी व्यवस्थापन गरिएको स्थान सम्झनु पर्छ र सो शव्दले चिडियाखानालाई समेत जनाउँछ।

(छ) "जलाधार" भन्नाले व्यवस्थापकीय ढङ्गले परिभाषित गरिएको पानीको उत्पत्ति हुने, बग्ने र अन्तिम निकास हुने समग्र पानी ढलो क्षेत्र सम्झनु पर्छ। सो शब्दले कुनै नदी, खोला, खोल्सा आदिलाई निकासको आधार मानी त्यस्तो बहाव सँगसँगैको र सो भन्दा माथिल्लो क्षेत्रसमेतलाई जनाउँछ।

(ज) "जैविक मार्ग" भन्नाले वन्यजन्तुहरू एक बासस्थानबाट अर्को बासस्थानमा आवतजावत गर्ने बाटो सम्झनु पर्छ।

(झ) "टाँचा भन्नाले" काठ वा खडा रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनु पर्छ।

(ञ) "डिभिजन वन कार्यालय" भन्नाले प्रदेश सरकारअन्तर्गतको डिभिजन वन कार्यालय सम्झनु पर्छ।

(ट) "डिभिजनल वन अधिकृत" भन्नाले डिभिजन वन कार्यालयको प्रमुख सम्झनु पर्छ।

(ठ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ड) "धार्मिक वन" भन्नाले दफा ३४ बमोजिम परापूर्वकालदेखिको कुनै धार्मिक स्थल वा त्यसअन्तर्गत रहेको राष्ट्रिय वनको संरक्षण गर्न कुनै धार्मिक निकाय, समुदाय वा समूहलाई सुम्पिएको राष्ट्रिय वनको कुनै निश्चित भाग सम्झनु पर्छ।

(ढ) "निजी वन" भन्नाले प्रचलित कानूनबमोजिम कुनै व्यक्ति वा संस्थाको हक पुग्ने निजी जग्गामा लगाई

वा हुर्काइ संरक्षण गरिएको वन सम्झनु पर्छ। यसमा वन शब्दले गैरकाष्ठजन्य प्रजाति, जडीबुटी र सुगन्धित वनस्पतिसमेतलाई जनाउँछ।

(ण) "निर्देशनालय" भन्नाले मन्त्रालयअन्तर्गतको वनसम्बन्धी विषय हेर्ने निर्देशनालय सम्झनु पर्छ।

(त) "पर्यापर्यटन" भन्नाले वन, वन्यजन्तु, वातावरणलगायत प्राकृतिक र साँस्कृतिक सम्पदामा आधारित प्रकृतिमैत्री पर्यटकीय गतिविधिलाई सम्झनु पर्छ। सो शब्दले पर्यापर्यटनलाई लक्षित गरी सञ्चालन गरिने क्रियाकलापहरूलाई समेत जनाउँछ।

(थ) "प्रचलित संघीय वन ऐन" भन्नाले संघीय सरकारको वन ऐन, २०७६ सम्झनु पर्छ।

(द) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ध) "प्रदेश वन निर्देशक" भन्नाले निर्देशनालयको प्रमुख सम्झनु पर्छ।

(न) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार सम्झनु पर्छ।

(प) "प्रशोधन" भन्नाले कच्चा अपरिष्कृत वन पैदावारको मूल्य अभिवृद्धि गर्न सफा गरेर, सुकाएर, रेसा, धागो, लच्छा वा धूलो बनाएर, पेलेर वा वाष्पीकरण गरेर भौतिक स्वरूप परिवर्तन गरी उपयोगी वस्तु वा पदार्थ वा अवयव उत्पादन गर्ने कार्य सम्झनु पर्छ।

(फ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको वनसम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ब) "राष्ट्रिय वन" भन्नाले प्रदेशभित्र रहेका प्रदेश सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, धार्मिक

वन, कबुलियती वन सम्झनु पर्छ र सो शब्दले वनले घेरिएको वा वनको छेउछाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वनभित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगरसमेतलाई जनाउँछ।

(भ) “वन” भन्नाले पूर्ण वा आंशिक रूपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ।

(म) “वन पैदावार” भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार, वा चट्टान, माटो, नदीजन्य र खनिजजन्य पदार्थ सम्झनु पर्छ।

(य) “वन संवर्धन पद्धति” भन्नाले वनको वृद्धि र विकासका लागि गरिने प्रणाली वा कार्य सम्झनु पर्छ।

(र) “पट्टा” भन्नाले दफा २७ बमोजिमका उद्देश्यका लागि दफा २९ बमोजिम प्रदान गरिएको वनसम्बन्धी पट्टा सम्झनु पर्छ र पट्टावाला भन्नाले पट्टा प्राप्त गर्ने व्यक्ति वा संस्थालाई जनाउँछ।

(ल) “वनक्षेत्र” भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल, तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र सम्झनु पर्छ।

(व) “वातावरणीय अध्ययन प्रतिवेदन” भन्नाले प्रचलित कानूनबमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव

मूल्याङ्कनका सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ।

(श) "वातावरणीय सेवा" भन्नाले वनक्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभ सम्झनु पर्छः-

(१) कार्बन सञ्चिति,

(२) जैविक विविधताको संरक्षण,

(३) जल, जलाधारीय सेवा तथा जलचक्र प्रणाली,

(४) पर्यापर्यटन,

(५) तोकिएबमोजिमका अन्य वस्तु, सेवा तथा लाभ।

(ष) "सब डिभिजन वन कार्यालय" भन्नाले डिभिजन वन कार्यालयअन्तर्गतको वन कार्यालय सम्झनु पर्छ।

(स) "सरकारद्वारा व्यवस्थित वन" भन्नाले दफा १३ बमोजिम प्रदेश सरकारले व्यवस्थापन गरेको राष्ट्रिय वनको कुनै भाग सम्झनु पर्छ।

(ह) "सामुदायिक वन" भन्नाले दफा १६ बमोजिम उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको राष्ट्रिय वनको कुनै भाग सम्झनु पर्छ।

(क्ष) "सिमसार" भन्नाले भूमिगत जलस्रोतबाट वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (स्वाम्प), दलदले जमिन (मार्स), नदीबाट प्रभावित जमिन (रिभराइन फ्लडप्लेन), ताल (लेक), पोखरी (पोण्ड)

र जलभण्डार क्षेत्र (वाटर स्टोरेज एरियाज) समेतलाई जनाउँछ।

(त्र) "संरक्षण भू-परिधि" भन्नाले राष्ट्रिय वनको कुनै भाग र त्यसको वरपर रहेको बस्तीअन्तर्गत पाइने वन, वन्यजन्तु, पुरातात्त्विक, सांस्कृतिक, ऐतिहासिक, जैविक विविधता, वातावरण वा वैज्ञानिक वा अन्य विशेष महत्त्व भएका दफा ५९ बमोजिम घोषणा गरिएको क्षेत्रलाई सम्झनु पर्छ।

(ज्ञ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## राष्ट्रिय वनको सीमा निर्धारण र अन्य व्यवस्था

३. **राष्ट्रिय वनको सीमा निर्धारणः** (१) नेपाल सरकारले प्रदेशभित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको सीमा निर्धारण गरेबमोजिम डिभिजनल वन अधिकृतले प्रचलित संघीय वन ऐनमा भएको व्यवस्थाबमोजिम आफ्नो कार्य क्षेत्रको राष्ट्रिय वनको सिमाना छुट्याई वन सिमाना लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सीमा निर्धारण गरेको वनको तथ्याङ्क, वनक्षेत्रको नक्सा, त्यस क्षेत्रभित्र पाइने वनका किसिम र त्यस्ता वनको अवस्था अद्यावधिक गरी राख्नु पर्नेछ।

४. **जग्गा दर्ता गर्न नहुनेः** (१) राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) मा लेखिएको जग्गा दर्ता गराइएको भए सो दर्ताको नाताले त्यस्तो जग्गा दावी गर्न पाइने छैन र त्यस्तो दर्ता स्वतः बदर भएको मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि कसैले राष्ट्रिय वनभित्रको कुनै भाग दर्ता गराएको रहेछ भने त्यस्तो दर्तासमेत यो ऐन प्रारम्भ भएपछि स्वतः बदर हुनेछ।

(४) उपदफा (२) र (३) बमोजिम दर्ता बदर भएको जग्गाको लगत कट्टा गर्न डिभिजनल वन अधिकृतले मालपोत कार्यालयलाई र करको लगत कट्टा गर्न सम्बन्धित स्थानीय तहलाई तत्काल लेखी पठाउनुपर्नेछ। त्यसरी लेखी आएमा सात दिनभित्र मालपोत कार्यालयले सो जग्गाको लगत र सम्बन्धित स्थानीय तहले करको लगत कट्टा गरी सोको जानकारी सम्बन्धित डिभिजन वन कार्यालयलाई दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम लगत कट्टा भएको विवरण डिभिजन वन कार्यालयले मन्त्रालयमा पठाउनुपर्नेछ।

(६) राष्ट्रिय वनभित्रको जग्गा कसैले दर्ता गरे गराएमा प्रचलित संघीय वन ऐनमा भएको व्यवस्थाबमोजिम सजाय हुनेछ।

५. **राष्ट्रिय वनमा कुनै व्यक्तिलाई हक प्राप्त नहुने:** (१) नेपाल सरकार वा प्रदेश सरकार वा डिभिजनल वन अधिकृतबाट पट्टा, पूर्जी वा प्रमाणपत्र प्राप्त गरी वा अरु कुनै प्रकारको हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्तिलाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन।

(२) उपदफा (१) बमोजिम प्राप्त हक वा सहुलियत नेपाल सरकार वा प्रदेश सरकार वा डिभिजनल वन अधिकृतको आदेशबमोजिम बाहेक अरु कसैलाई बिक्री बन्धक, दान दातव्य वा सट्टा गरी वा अरु कुनै प्रकारले हक छाडी दिनुहुँदैन।

६. **प्रवेश निषेध गर्न सक्ने:** वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा डिभिजनल वन अधिकृतले मन्त्रालयको स्वीकृति लिई राष्ट्रिय वनको कुनै भागमा निश्चित अवधिका लागि सूचना प्रकाशित गरी प्रवेश निषेध गर्न सक्नेछ।

तर डिभिजनल वन अधिकृतले तोकिदिएको बाटोबाट आवत-जावत गर्न यसले कुनै प्रतिबन्ध लगाएको मानिने छैन।

७. **राष्ट्रिय वनको व्यवस्थापन:** (१) नेपाल सरकारले तयार गरेको प्रदेशभित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको रणनीतिक योजनाबमोजिम प्रदेश सरकारले प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण, व्यवस्थापन र सदुपयोगको व्यवस्था गर्नेछ।

(२) उपदफा (१) मा उल्लिखित रणनीतिक योजना प्राप्त नहुँदासम्म प्रदेश सरकार आफैंले तयार गरेको रणनीतिक योजनाबमोजिम प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण, व्यवस्थापन र सदुपयोगको व्यवस्था गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको रणनीतिक योजनाको अधीनमा रही डिभिजनल वन अधिकृतले आफ्नो कार्य क्षेत्रको राष्ट्रिय वनको रणनीतिक योजना तयार गरी मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ।

(४) प्रदेशभित्र रहेको अन्तर प्रादेशिक वनको हकमा नेपाल सरकारले स्वीकृत गरेको रणनीतिक योजना अनुरूप प्रदेश सरकारले अन्तर प्रादेशिक वनको संरक्षण, विकास र सदुपयोग गर्न आवश्यक व्यवस्था गर्नेछ।

(५) अन्तर प्रादेशिक वन व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

८. **वन क्षेत्रभित्र बसोबास वा पुनर्वास नगरिने:** (१) रुख भएको कुनै पनि वनक्षेत्र बसोबास वा पुनर्वासको लागि प्रयोग गरिने छैन।

(२) यो ऐन प्रारम्भ हुनुअघि बसोबास र पुनर्वास गरिएका जग्गाहरूमा त्यस्तो जग्गा प्रदान गर्दाको बखतदेखि नै रहेका रुखहरू प्रदेश सरकारको स्वामित्वमा रहनेछन् र त्यस्ता रुखहरू प्रदेश सरकारले यथासम्भव चाँडो हटाउनु पर्नेछ।

(३) उपदफा (२) मा उल्लिखित रुखहरू यस ऐन विपरीत हटाउनेलाई राष्ट्रिय वनमा कसुर गरेसरह सजाय हुनेछ।

९. **विकास निर्माणका लागि वनक्षेत्र प्रयोग गर्नेसम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकार वा स्थानीय तहले कुनै विकास आयोजना सञ्चालन गर्दा वनक्षेत्रको जग्गा प्रयोग गर्नुबाहेक अन्य कुनै विकल्प नभएको र प्रचलित कानूनबमोजिमको वातावरणीय अध्ययन प्रतिवेदनबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वनक्षेत्रको जग्गा प्राप्त गर्न नेपाल सरकारबाट अनुमति लिनुपर्नेछ।

(२) विकास निर्माणका लागि वनक्षेत्र प्रयोग गर्नेसम्बन्धी अन्य व्यवस्था प्रचलित संघीय वन ऐनमा व्यवस्था भएबमोजिम हुनेछ।

१०. **खनिज कार्यका लागि वनक्षेत्र प्रयोग गर्न सक्नेः** (१) राष्ट्रिय वनभित्र खनिज पदार्थ भए नभएको अन्वेषण गर्नुपर्ने भएमा सम्बन्धित निकायले मन्त्रालयको अनुमति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अन्वेषणबाट सुन, चाँदी, तामा, फलामजस्ता खनिज पदार्थ रहेको पत्ता लागी उत्खनन् गर्नु परेमा वन क्षेत्रको प्रयोगको लागी प्रचलित संघीय वन ऐनबमोजिम नेपाल सरकारको अनुमति लिनुपर्नेछ।

११. **वन पैदावारको बिक्री वितरणः** (१) प्रदेश सरकारले घरकाज, धार्मिक कार्य, विपद् व्यवस्थापन, शव दहन तथा अत्यावश्यक विकास निर्माणलगायतका कार्यमा आवश्यक पर्ने काठ दाउरा आपूर्तिका लागि तोकिएबमोजिम व्यवस्था गर्न सक्नेछ।

(२) प्रदेश सरकारले मापदण्ड निर्धारण गरी तोकिएबमोजिमका वन पैदावारमा आधारित उद्योगलाई तोकिएबमोजिमको परिमाणमा वन पैदावार उपलब्ध गराउन सक्नेछ।

(३) प्रदेश सरकारले तोकिएबमोजिमका काष्ठ तथा गैरकाष्ठ वन पैदावार एक तहको मूल्य अभिवृद्धि नगरी प्रदेश बाहिर निकासी गर्न नपाउने व्यवस्था गर्न सक्नेछ।

(४) वन पैदावारको उपयोग गर्न, हटाउन वा बिक्री वितरण गर्न, ओसारपसार वा निकासी गर्न तोकिएको निकाय वा अधिकारीले तोकिएबमोजिम इजाजत दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम इजाजत दिइने वन पैदावारको मूल्य वा दस्तुर तोकिएबमोजिम हुनेछ।

(६) नरम र कडा प्रकृतिका काठ हुने प्रजातिको सङ्कलन तथा बिक्री वितरणको प्रक्रिया तोकिएबमोजिम हुनेछ।

(७) जडीबुटी प्रजातिको तोकिएको अवधिका लागि तोकिएबमोजिमको सङ्कलन इजाजत दिनुपर्नेछ।

(८) डिभिजन वन कार्यालयले वनक्षेत्रभित्रको नदीजन्य पदार्थ कार्ययोजनाले निर्दिष्ट गरेबमोजिम सङ्कलन तथा बिक्री वितरण गर्न सक्नेछ।

१२. **अध्ययन अनुसन्धानका लागि अनुमति लिनुपर्नेः** (१) राष्ट्रिय वनक्षेत्रभित्र वन, वनस्पति तथा वन्यजन्तुका लागि अध्ययन, अनुसन्धान तथा नमुना सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले अध्ययनको प्रस्ताव सहित अनुमतिको लागि मन्त्रालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएबमोजिमको प्रक्रियाको आधारमा सोही प्रयोजनका लागि निश्चित अवधि तोकी मन्त्रालयले राष्ट्रिय वनको कुनै भाग उपलव्ध गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको उपलव्ध गराइएको वन क्षेत्रको तोकिएको दस्तुर प्रदेश सरकारलाई बुझाउनु पर्नेछ।

परिच्छेद-३

## सरकारद्वारा व्यवस्थित वनसम्बन्धी व्यवस्था

१३. **सरकारद्वारा व्यवस्थित वनको कार्ययोजनाः** (१) डिभिजन वन कार्यालयले रणनीतिक योजनाको अधीनमा रही आफ्नो कार्य क्षेत्रभित्रको राष्ट्रिय वनको कुनै भागलाई सरकारद्वारा व्यवस्थित वनको रूपमा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन गर्न कार्ययोजना तयार गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको कार्ययोजनामा कुनै हेरफेर आवश्यक देखेमा निर्देशनालयले त्यस्तो कार्ययोजना डिभिजन वन कार्यालयमा फिर्ता पठाउन सक्नेछ र डिभिजन वन कार्यालयले आवश्यक हेरफेर गरी आफ्नो रायसहित पठाएपछि सो कार्ययोजना निर्देशनालयले स्वीकृत गर्नेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृत भएको कार्ययोजना डिभिजन वन कार्यालयले कार्यान्वयन गर्नेछ।

१४. **सरकारद्वारा व्यवस्थित वनको वन पैदावारको स्वामित्व र बिक्री वितरणः** (१) सरकारद्वारा व्यवस्थित वनको वन पैदावारमा प्रदेश सरकारको स्वामित्व रहनेछ।

(२) उपदफा (१) बमोजिमको वन पैदावार उपयोग गर्न, हटाउन वा बिक्री वितरण गर्न, निकासी गर्न वा ओसारपसार गर्न

तोकिएको निकाय वा अधिकारीले तोकिएबमोजिम इजाजत दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजत दिइने वन पैदावारको मूल्य वा दस्तुर तोकिए बमोजिम हुनेछ।

१५. **<u>सरकारद्वारा व्यवस्थित वनमा अन्य कार्य गर्न नहुने:</u>** कार्ययोजनाले निर्दिष्ट गरेका कार्य तथा वन विकास कार्यबाहेक सरकारद्वारा व्यवस्थित वनमा अन्य कुनै कार्य गर्न पाइने छैन।

तर मन्त्रालयबाट अनुमति प्राप्त गरी वैज्ञानिक अध्ययन वा अनुसन्धान गर्न यसले बाधा पारेको मानिने छैन।

## परिच्छेद-४
## <u>सामुदायिक वनसम्बन्धी व्यवस्था</u>

१६. **<u>सामुदायिक वन हस्तान्तरण:</u>** (१) दफा २३ बमोजिम दर्ता भएको उपभोक्ता समूहले वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न तथा वन पैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गर्न र बिक्री वितरण गर्न पाउने गरी राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रूपमा व्यवस्थापन गर्न चाहेमा कार्ययोजनासहित डिभिजन वन कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजना डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा स्वीकृत गर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्ययोजना स्वीकृत भएमा डिभिजनल वन अधिकृतले तोकिएबमोजिमको ढाँचामा सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनेछ।

(४) उपदफा (१) को प्रयोजनका लागि डिभिजनल वन अधिकृतले उपभोक्ताहरूलाई परिचालन गरी कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(५) उपदफा (१) बमोजिमको कार्ययोजना तयार गर्दा उपभोक्ता समूहले सम्बन्धित स्थानीय तहसँग आवश्यक परामर्श गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिमको कार्ययोजनाको अवधि बढीमा दश वर्षको हुनेछ।

**१७. <u>कार्ययोजनामा संशोधनः</u>** (१) उपभोक्ता समूहले समूहको चाहना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वन व्यवस्थापनसम्बन्धी कार्ययोजना संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधनको जानकारी डिभिजनल वन अधिकृतलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा डिभिजनल वन अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र उपभोक्ता समूहलाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ।

**१८. <u>वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेः</u>** (१) सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजनाले निर्दिष्ट गरेका वन उद्यम तथा तोकिएबमोजिमका पर्यापर्यटनका कार्यक्रमहरू आफैंले वा स्थानीय तह वा संघसंस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारीमा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले पर्यापर्यटन विकासका भौतिक पूर्वाधार निर्माणका लागि बढीमा पाँच

हेक्टर वा कूल क्षेत्रफलको दश प्रतिशतले हुन आउने क्षेत्रफलमध्ये जुन कम हुन्छ त्यति सामुदायिक वन क्षेत्र प्रयोग गर्न सक्नेछ।

तर त्यस्तो क्षेत्रमा प्रचलित कानून र समूहको कार्ययोजना विपरीत कुनै भौतिक पूर्वाधार निर्माण गरी वनक्षेत्रको भू-उपयोग परिवर्तन गर्न पाइने छैन।

(३) उपदफा (१) बमोजिम साझेदारी गरेको कारणले मात्र उपभोक्ता समूहको उत्तरदायित्व हस्तान्तरण भएको मानिने छैन।

(४) सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालनबाट प्राप्त शुल्कको दश प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

(५) वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१९. **सामुदायिक वन फिर्ता लिन सकिनेः** (१) दफा १६ बमोजिम हस्तान्तरण भएको सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजनाबमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा कार्ययोजना विपरीत काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐनअन्तर्गत बनेका नियम उल्लङ्घन गरेमा डिभिजनल वन अधिकृतले तोकिएबमोजिम त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित उपभोक्ता समूहलाई सफाइ पेश गर्ने मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने समूहले तोकिएबमोजिम प्रदेश वन

निर्देशकसमक्ष उजुर गर्न सक्नेछ र त्यस्तो उजुरीमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

(३) उपदफा (१) बमोजिम फिर्ता लिएको सामुदायिक वन उपदफा (२) बमोजिम डिभिजनल वन अधिकृतले गरेको तत्सम्बन्धी निर्णय बदर भएमा डिभिजनल वन अधिकृतले साविककै उपभोक्ता समूहलाई सामुदायिक वन फिर्ता दिनुपर्नेछ र निर्णय सदर भएमा डिभिजनल वन अधिकृतले दफा २३ बमोजिम उपभोक्ता समूह पुनर्गठन गरी सो सामुदायिक वन पुनः हस्तान्तरण गर्नुपर्नेछ।

२०. **कार्ययोजना विपरीत काम गर्नेलाई हुने सजायः** (१) सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले समूहको विधान र कार्ययोजनाबमोजिम जरिवाना गर्न सक्नेछ र कुनै हानि नोक्सानी भएकोमा बिगोसमेत असुल उपर गर्न सक्नेछ।

तर उपभोक्ता समूहका सदस्य भन्दा बाहिरको व्यक्ति भएमा राष्ट्रिय वनमा कसुर गरेसरह सजाय हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरी भएको हानि नोक्सानीको आधारमा सजाय हुन उपभोक्ता समूहबाट सिफारिस भई आएमा डिभिजनल वन अधिकृतले प्रचलित संघीय वन ऐनबमोजिम कारवाही गर्न सक्नेछ।

२१. **सामुदायिक वनको वनपैदावार बिक्री वितरणः** (१) सामुदायिक वनको कार्ययोजनाबमोजिम प्राप्त हुने वनपैदावारमध्ये समूहले आफ्ना सदस्यलाई बिक्री वितरण गरी खपत नभएको वनपैदावार तोकिएबमोजिम समूहबाहिर बिक्री वितरण गर्न सक्नेछ।

(२) समूहबाहिर बिक्री वितरण गरिएको वनपैदावारहरूको बिक्रीबाट प्राप्त रकमको पन्ध्र प्रतिशत रकम सेवा शुल्कबापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

(३) समूहले आन्तरिक बिक्री वितरण गरिएको वनपैदावारहरूको बिक्रीबाट प्राप्त रकमको एक प्रतिशत रकम सेवा शुल्कबापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

## परिच्छेद-५

## सामुदायिक वन उपभोक्ता समूह गठनसम्बन्धी व्यवस्था

२२. **सामुदायिक वन उपभोक्ता समूहको गठनः** (१) सामूहिक हितका लागि आफ्नो पायक पर्ने कुनै वनको विकास र संरक्षण गर्न तथा वनपैदावारको उपयोग गर्न चाहने सम्बन्धित उपभोक्ताहरूले तोकिएबमोजिम उपभोक्ता समूह गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह गठन गर्न माग भई आएमा डिभिजन वन कार्यालयले उपभोक्ता समूहको पहिचान तथा विधान तयारीको लागि आवश्यक सामाजिक परिचालन गर्न कर्मचारी खटाउन सक्नेछ। त्यसरी खटिएको कर्मचारीले उपभोक्ता समूहले लिन चाहेको वनमा अन्य उपभोक्तासँग कुनै किसिमको विवाद रहेमा सोको समाधान गरी समूह गठन र विधान तयार गर्न सहयोग गर्नुपर्नेछ।

(३) यो ऐन प्रारम्भ हुनुअघि गठन भएका सामुदायिक वन उपभोक्ता समूहहरूको विवरण अद्यावधिक गरी डिभिजन वन कार्यालयले निर्देशनालय र सम्बन्धित स्थानीय तहमा समेत पठाउनुपर्नेछ।

२३. **सामुदायिक वन उपभोक्ता समूहको दर्ताः** (१) दफा २२ बमोजिम गठन गरिएको उपभोक्ता समूह दर्ता गराउन समूहको विधान संलग्न गरी

तोकिएबमोजिमको ढाँचामा डिभिजन वन कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिएबमोजिम दर्ता गरी तोकिएको ढाँचामा उपभोक्ता समूह दर्ताको प्रमाणपत्र दिनुपर्नेछ र सोको जानकारी निर्देशनालय र सम्बन्धित स्थानीय तहमा पठाउनुपर्नेछ।

२४. **सामुदायिक वन उपभोक्ता समूह सङ्गठित संस्था हुने:** (१) दफा २२ बमोजिम गठित सामुदायिक वन उपभोक्ता समूह एक अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, सङ्गठित र समावेशीमूलक संस्था हुनेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) सामुदायिक वन उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ।

तर जमिन तथा उपभोक्ता समूहको भौतिक संरचना बेचबिखन गर्न सक्ने छैन।

(४) सामुदायिक वन उपभोक्ता समूहले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र तोकिएबमोजिम लेखापरीक्षण गराई वार्षिक साधारण सभा सम्पन्न गर्नुपर्नेछ।

२५. **सामुदायिक वन उपभोक्ता समूहको कोष:** (१) सामुदायिक वन उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू जम्मा गरिनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ग) वन पैदावारको बिक्री वितरणबाट प्राप्त रकम,

(घ) जरिवानाबाट प्राप्त रकम,

(ङ) वन उद्यम र पर्यापर्यटन कार्यक्रमबाट आर्जन गरेको रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपभोक्ता समूहको हितको नाममा समूहको कोषको रकम हिनामिना गर्न पाइने छैन।

(४) उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) उपदफा (२) बमोजिम प्राप्त भएको रकमबाट समूहले कम्तीमा पच्चिस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापनमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहका वडाहरूमा समन्वय तथा सह-लगानी गरी समूहको क्षमता विकास, गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा वन उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा खर्च गर्न सकिनेछ।

(७) उपभोक्ता समूहले व्यवस्थापन गरेको वनमा रहेका वन्यजन्तुबाट त्यस्तो समूहका सदस्यको जनधनको क्षति भएमा

उपदफा (१) बमोजिमको कोषबाट प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउन सकिनेछ।

(८) कोषको सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२६. **<u>प्रतिवेदन दिनुपर्ने</u>:** (१) सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्रमा तोकिएबमोजिम सामुदायिक वनको स्थिति खुलाइएको वार्षिक प्रतिवेदन र आर्थिक प्रतिवेदन सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनहरूको आधारमा सम्बन्धित डिभिजन वन कार्यालय र स्थानीय तहले समूहलाई आवश्यक सुझाव तथा निर्देशन दिन सक्नेछन्।

## परिच्छेद-६
## <u>कबुलियती वनसम्बन्धी व्यवस्था</u>

२७. **<u>कबुलियती वन प्रदान गर्ने</u>:** (१) प्रदेश सरकारले देहायका उद्देश्यहरूका लागि हैसियत बिग्रिएको राष्ट्रिय वनको कुनै भाग कबुलियती वनको रूपमा तोकिएबमोजिम सम्झौता गरी प्रचलित कानूनबमोजिम स्थापित संगठित संस्थालाई उपलव्ध गराउन सक्नेछः-

(क) वन पैदावारमा आधारित उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षारोपण गरी वन पैदावारको उत्पादनमा वृद्धि गरी बिक्री वितरण गर्न वा उपयोग गर्न,

(ग) वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली वा पशु फर्म सञ्चालन गर्न,

(घ) वनको संरक्षण र विकास हुने गरी कीट, पतङ्ग तथा वन्यजन्तुको फर्म वा प्राणी उद्यान सञ्चालन गर्न,

(ङ) वनको संरक्षण र विकास हुने गरी पर्यापर्यटन व्यवसाय सञ्चालन गर्न,

(च) गरिबी न्यूनीकरणका लागि वनको संरक्षण विकास गरी आयआर्जनका कार्यक्रम सञ्चालन गर्न।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "हैसियत बिग्रिएको वन" भन्नाले बीस प्रतिशत भन्दा कम छत्र घनत्व (क्राउन कभरेज) भएको वन सम्झनु पर्छ।

(२) उपदफा (१) को खण्ड (क) देखि (ङ) सम्मका उद्देश्यहरूका लागि कबुलियती वन लिन चाहने प्रचलित कानूनबमोजिम स्थापित संगठित संस्था, सहकारी, उद्योग वा समुदायले आफूले कबोल गरेको रकम वार्षिक रूपमा तिर्नुपर्नेछ।

(३) उपदफा (१) मा उल्लिखित खण्ड (क) देखि (ङ) सम्मका उद्देश्यका लागि उपदफा (२) बमोजिमको प्रस्तावकलाई जग्गा उपलब्ध गराउनु अघि नेपाल सरकारको सहमति लिनुपर्नेछ।

२८. **कबुलियती वन प्रदान गर्ने सूचनाः** (१) डिभिजन वन कार्यालयले तयार गरेको रणनीतिक योजनाको अधीनमा रही कबुलियती वन उपलब्ध गराउन सकिने वन क्षेत्रको विषयमा निर्देशनालयले आवश्यक विवरणसहितको सूचना प्रकाशित गर्न सक्नेछ।

(२) कबुलियती वन लिन इच्छुक प्रचलित कानूनबमोजिम स्थापित संगठित संस्था, उद्योग, सहकारी वा समुदायले तोकिएबमोजिमको विवरणसहित प्रदेश वन निर्देशकसमक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा प्रदेश वन निर्देशकले आवश्यक जाँचबुझ गरी प्रतिस्पर्धाको आधारमा कबुलियती वन उपलब्ध गराउन तोकिएबमोजिमको प्रस्ताव माग गरी सूचना प्रकाशित गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको सूचनामा उपदफा (२) बमोजिमका निवेदकलगायत इच्छुक सबैले भाग लिन सक्नेछन्।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रस्तावहरू मूल्याङ्कन गरी निर्देशनालयले मन्त्रालयमार्फत प्रदेश सरकारमा स्वीकृतिको लागि पेश गर्नुपर्नेछ।

२९. **कबुलियती वनको पट्टाः** दफा २७ को उपदफा (३) बमोजिमको सहमति र दफा २८ बमोजिम प्रदेश सरकारबाट स्वीकृति प्राप्त भएमा मन्त्रालयले स्वीकृति प्राप्त भएको मितिले तीस दिनभित्र तोकिएबमोजिम वनसम्बन्धी पट्टा तयार गरी तोकिएको दस्तुर लिई निवेदकलाई सो पट्टासहित कबुलियत वन प्रदान गर्न निर्देशनालयलाई जानकारी दिनेछ र प्रदेश वन निर्देशकले त्यस्तो कबुलियती वनको पट्टा दिनुपर्नेछ।

३०. **कबुलियती वन फिर्ता लिन सकिनेः** (१) दफा २७ बमोजिम प्रदान गरिएको कबुलियती वनमा पट्टावालाले पट्टाबमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यसअन्तर्गत बनेको नियमबमोजिम पालन गर्नुपर्ने कुराहरू पालन नगरेमा प्रदेश वन निर्देशकले कबुलियती वनसम्बन्धी पट्टा खारेज गरी त्यस्तो कबुलियती वन फिर्ता लिने निर्णय गर्न सक्नेछ र हानि नोक्सानी भएको भए बिगोसमेत भराउनेछ।

तर त्यसरी वनसम्बन्धी पट्टा खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित पट्टावालालाई आफ्नो सफाइ पेश गर्न मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश वन निर्देशकले गरेको निर्णयउपर चित्त नबुझ्ने पट्टावालाले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैतिस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

**३१. गरिबी न्यूनीकरणका लागि कबुलियती वन प्रदान गर्ने:** (१) डिभिजनल वन अधिकृतले गरिबीको रेखामुनि रहेका स्थानीय जनताको गरिबी न्यूनीकरण गर्न र वनको संरक्षण र विकास गरी आयआर्जन हुने कार्यक्रम सञ्चालन गर्न तोकिएबमोजिम उपभोक्ता समूह गठन गरी राष्ट्रिय वनको कुनै भाग तोकिएबमोजिम कार्ययोजना तयार गरी कबुलियती वनको रूपमा प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कबुलियती वन प्रदान गर्दा डिभिजनल वन अधिकृतले कबुलियती वनको व्यवस्थापन कार्ययोजना स्वीकृत गरी उपभोक्ता समूहलाई तोकिएबमोजिमको प्रमाणपत्र दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदान गरिएको कबुलियती वनमा कबुलियती वन प्रदान गर्दाका बखत रहेका रुखहरूको स्वामित्व प्रदेश सरकारको हुनेछ। त्यस्ता रुखहरू संरक्षण गरेबापत सोबाट प्राप्त हुने आयको तोकिएबमोजिमको हिस्सा उपभोक्ता समूहलाई दिइनेछ।

(४) उपदफा (१) बमोजिम प्रदान गरिएको कबुलियती वनमा कार्ययोजनाबमोजिम समूहले लगाई हुर्काएका रुख बिरुवाको स्वामित्व उपभोक्ता समूहको हुनेछ र उपभोक्ता समूहले उक्त रुख बिरुवाहरू तोकिएबमोजिम बिक्री वितरण गर्न सक्नेछ।

(५) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम हस्तान्तरण गरिएको कुनै कबुलियती वन समूहले निर्णय गरी कबुलियती वन फिर्ता गर्न निवेदन दिएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी मनासिब ठहरे त्यस्तो कबुलियती वन फिर्ता

लिन सक्नेछ। त्यसरी फिर्ता भएको कबुलियती वनको लगत कट्टा गरी सोक्षेत्र स्वतः राष्ट्रिय वनको रूपमा व्यवस्थापन हुनेछ र त्यस्तो निर्णयको जानकारी निर्देशनालय र मन्त्रालयलाई दिनुपर्नेछ।

३२. **<u>गरिबी न्यूनीकरणका लागि प्रदान गरेको कबुलियती वन फिर्ता लिन सकिनेः</u>** (१) दफा ३१ बमोजिम प्रदान गरिएको कबुलियती वनमा उपभोक्ता समूहले कार्ययोजनामा उल्लेख भए बमोजिमका कार्यहरू सञ्चालन गर्न नसकेमा वा नसकिने भनी फिर्ताका लागि लिखित निवेदन दिएमा वा कार्ययोजना विपरीत कार्यहरू गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमबमोजिम पालन गर्नुपर्ने कुराहरू पालन नगरेमा डिभिजनल वन अधिकृतले त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्न सक्नेछ र हानि नोक्सानी भएको भएमा बिगोसमेत भराउनेछ।

तर त्यसरी दर्ता खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित उपभोक्ता समूहलाई सफाइ पेश गर्न मौका दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णयउपर चित्त नबुझ्ने उपभोक्ता समूहले प्रदेश वन निर्देशकसमक्ष उजुर गर्न सक्नेछ र त्यस्तो उजुरीमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

३३. **<u>कार्ययोजना विपरीत कार्य गर्नेलाई सजायः</u>** दफा २७ र दफा ३१ बमोजिम प्रदान गरिएका कबुलियती वन पट्टावाला वा उपभोक्ता समूह वा कसैले कार्ययोजना विपरीतको कुनै काम गरेमा वा वनमा हानि नोक्सानी पुऱ्याउने कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्ति, संघ संस्था, उपभोक्ता समूह वा समुदायलाई राष्ट्रिय वनमा कसुर गरेसरह सजाय हुनेछ।

परिच्छेद-७

## **धार्मिक वनसम्बन्धी व्यवस्था**

३४. **धार्मिक वन हस्तान्तरण गर्न सकिनेः** (१) परापूर्वकालदेखिको कुनै धार्मिक स्थल वा त्यसअन्तर्गत रहेको राष्ट्रिय वनको संरक्षण गर्न चाहने कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चारकिल्ला, त्यस्तो वनमा गरिने कार्यहरू तथा तोकिएबमोजिमका अन्य विवरणहरू खुलाई डिभिजन वन कार्यालयसमक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी आवश्यक क्षेत्र त्यस्तो धार्मिक निकाय, समूह वा समुदायलाई हस्तान्तरण गरी तोकिएबमोजिमको प्रमाणपत्र दिन सक्नेछ। त्यसरी धार्मिक वन हस्तान्तरण गर्दा परम्परागत उपभोक्ताहरूको हक हितको संरक्षण गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम हस्तान्तरण गरिएको कारणले मात्र त्यस्तो वन त्यस्तो धार्मिक निकाय, समूह वा समुदायको नाममा हक हस्तान्तरण भएको मानिने छैन।

३५. **धार्मिक वनमा रहेको वनपैदावारको उपयोगः** (१) धार्मिक वनमा रहेका वनपैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले व्यापारिक प्रयोजनबाहेकका सोही धार्मिक स्थलमा हुने धार्मिक कार्यमा उपयोग गर्न सक्नेछ।

तर सोही धार्मिक स्थलभित्र हुने धार्मिक कार्यबाहेक अन्यत्र धार्मिक कार्यमै प्रयोग गर्नुपर्ने भएमा मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।

(२) धार्मिक वनभित्र वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने, सार्वजनिक रूपमा हानि नोक्सानी हुने, वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख काट्न वा कुनै पूर्वाधार निर्माणका कार्य गर्न पाइने छैन।

(३) कुनै प्राकृतिक विपत्ति वा अन्य कुनै कारणबाट धार्मिक वनमा रहेका रुखहरू ढलेमा वा सुकेमा वा धार्मिक वन क्षेत्रमा सरकारबाट स्वीकृत आयोजना निर्माण तथा सञ्चालनको लागि रुख हटाउनुपर्ने भएमा डिभिजन वन कार्यालयले त्यस्ता रुखहरू सङ्कलन गरी आएको वनपैदावारमध्ये धार्मिक कार्यलाई आवश्यक पर्ने वनपैदावार छुट्याई बाँकी रहेको वनपैदावार प्रचलित कानूनबमोजिम बिक्री वितरण गर्न सक्नेछ। त्यस्तो बिक्री वितरणबाट प्राप्त रकम प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

(४) धार्मिक निकाय, समूह वा समुदायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्रमा धार्मिक वनको स्थिति खुलाइएको वार्षिक प्रतिवेदन सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ।

**३६. <u>धार्मिक वन फिर्ता लिन सकिनेः</u>** (१) दफा ३४ बमोजिम हस्तान्तरण गरिएको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले दफा ३५ विपरीतको कार्य गरेमा वा धार्मिक वनमा सञ्चालन गर्नु पर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमबमोजिम पालना गर्नुपर्ने कुराहरू पालना नगरेमा डिभिजनल वन अधिकृतले त्यस्तो धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

तर धार्मिक वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई सफाइ पेश गर्ने मौका दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम भएको निर्णयउपर चित्त नबुझ्ने धार्मिक निकाय, समूह वा समुदायले निर्णयको सूचना पाएको मितिले

पैतिस दिनभित्र प्रदेश वन निर्देशकसमक्ष उजुर गर्न सक्नेछ। त्यस्तो उजुरीमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद-८
## दिगो वन व्यवस्थापन र वृक्षारोपणसम्बन्धी व्यवस्था

**३७. दिगो वन व्यवस्थापनः** (१) प्रदेश सरकारले प्रदेशभित्रको वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेशभित्रको दिगो वन व्यवस्थापन गर्न मन्त्रालयले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको दिगो वन व्यवस्थापनका लागि मन्त्रालयले पारिस्थितिकीय, प्राविधिक, आर्थिक र सामाजिक क्षेत्र समेटिएका आधार तथा सूचकहरू निर्धारण गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमका आधार सूचकहरूको अनुगमन तथा पृष्ठपोषण गर्ने कार्य तोकिएबमोजिम हुनेछ।

**३८. काठको मापदण्ड तोक्न सक्नेः** प्रदेश सरकारले प्रदेशभित्रका सरकारी संरचनामा निर्माण सामग्रीको रूपमा उपयोग हुने काठको गुणस्तरसँग सम्बन्धित मापदण्ड तोक्न सक्नेछ।

**३९. वृक्षारोपणसम्बन्धी व्यवस्थाः** (१) डिभिजन वन कार्यालयले वृक्षारोपण गर्न सकिने राष्ट्रिय वनक्षेत्रभित्र रहेका खाली र अन्य बुट्यान क्षेत्र, सार्वजनिक खाली पर्ती जग्गा, नदी उकास जस्ता क्षेत्रहरूको लेखाजोखा गरी तोकिएबमोजिमको विस्तृत वृक्षारोपण योजना तयार गरी निर्देशनालयबाट स्वीकृत गराउनुपर्नेछ। त्यस्ता योजनामा विरुवा उत्पादनको योजनासमेत समावेश हुनुपर्नेछ।

(२) स्थानीय तह र सामुदायिक वनले बहुउपयोगी वृक्षारोपण योजना तयार गरी बहुउपयोगी वृक्षारोपण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। त्यस्ता बहुउपयोगी वृक्षारोपणका कार्यमा प्रदेश सरकारले प्राविधिक तथा अन्य आवश्यक सहयोग गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको वृक्षारोपणको लागि स्थानीय वा रैथाने प्रजातिलाई प्राथमिकता दिनुपर्नेछ।

(४) मन्त्रालयले सहरी वन, पर्व, महोत्सव, उत्सव, सडक तथा नहर किनार, सार्वजनिक क्षेत्र, निजी तथा कृषि वनको वृक्षारोपणसम्बन्धी संहिता जारी गर्न सक्नेछ।

(५) वृक्षारोपणका लागि आवश्यक पर्ने विरुवा वा विभिन्न प्रकारका कटिङ्ग वा बीउ संख्या गणना गर्दा बढीमा पन्ध्र प्रतिशतसम्म विरुवा मर्ने (मोर्टालीटि) दर अनुमान गरी संख्या यकिन गर्न सकिनेछ।

(६) वृक्षारोपणको संरक्षण तथा संवर्धन र व्यवस्था तोकिएबमोजिम हुनेछ।

४०. **<u>वन बिउ सम्बन्धमा:</u>** (१) डिभिजन वन कार्यालयले राष्ट्रिय वनमा पाइने वृक्षारोपणका लागि उपयोगी प्रजाति भएको वनमध्ये उच्च गुणस्तर भएका क्षेत्र पहिचान गरी वन बिउ उत्पादन क्षेत्र तोकिएबमोजिम स्थापना गर्न सक्नेछ।

(२) कुनै उपयोगी प्रजाति प्राकृतिक वासस्थानमा उच्च गुणस्तरीय माउ रुखको संख्या न्यून रहेमा वा लोपोन्मुख वा संकटापन्न अवस्थामा रहेको पाइएमा डिभिजन वन कार्यालयले तोकिएबमोजिम परस्थानमा वन बिउ बगैचा वा वन बिउ उद्यान स्थापना गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम स्थापना भएका बिउ उत्पादन क्षेत्र वा वन बिउ बगैंचा वा उद्यानका बिउको गुणस्तर वृद्धि गर्न सम्बन्धित निकायले मर्मत सम्भार, संवर्धन, बिउ सङ्कलन र वितरण गर्न तोकिएबमोजिम व्यवस्थापन गर्नुपर्नेछ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अघि पहिचान तथा दर्ता भएका वन बिउ उत्पादन क्षेत्र वा वन बिउ बगैंचा यसै ऐनअन्तर्गत भएसरह अभिलेख राखी अद्यावधिक गर्नुपर्नेछ।

४१. **<u>वन डढेलो रोकथाम र नियन्त्रण:</u>** (१) निर्देशनालयले वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि रणनीतिक योजना तयार गरी मन्त्रालयबाट स्वीकृत गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको रणनीतिक योजनाको अधीनमा रही डिभिजन वन कार्यालयले वन डढेलो रोकथाम तथा व्यवस्थापन गर्न वार्षिक योजना तयार गरी निर्देशनालयबाट स्वीकृत गराई कार्यान्वयन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको योजनाको निर्देशनालय वा डिभिजन वन कार्यालय वा सम्बन्धित स्थानीय तहबाट अनुगमन मूल्याङ्कन गरी आवश्यक भए परिमार्जन र अद्यावधिक गरी मन्त्रालयबाट स्वीकृत गराई लागू गर्नुपर्नेछ।

(४) डिभिजन वन कार्यालयले उपदफा (२) र (३) बमोजिम पहिचान गरिएका वन डढेलोको अति जोखिम क्षेत्रहरूको नक्साङ्कन एवं चारकिल्ला तोकी सम्बन्धित स्थानीय तह र उपभोक्ता समूहसँगको सहकार्यमा वन डढेलो रोकथामका लागि पूर्व सावधानी अपनाउनु पर्ने विषय र सो क्षेत्रमा निषेध गरिएका कार्यहरू उल्लेख गरी सार्वजनिक सूचना जारी गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको सूचना पालना गर्नु सबैको कर्तव्य हुनेछ। कुनै व्यक्ति वा संस्थाले निषेध गरिएका कार्यहरू गरेमा प्रचलित संघीय वन ऐनबमोजिम सजाय हुनेछ।

(६) वन डढेलो नियन्त्रणको सिलसिलामा खटिएका सुरक्षाकर्मी, कर्मचारी, वा उपभोक्तालाई क्षति पुग्न गएमा क्षतिको मूल्याङ्कन गरी तोकिएबमोजिमको राहत उपलब्ध गराइनेछ।

(७) वन डढेलो रोकथाम, नियन्त्रण तथा पुनर्स्थापनासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४२. **<u>वन कामदारको सुरक्षाः</u>** (१) यस ऐनबमोजिम वनक्षेत्रमा काम गर्न अनुमति प्राप्त रोजगारदाता व्यक्ति, संस्था, उपभोक्ता समूह वा निकायले त्यससम्बन्धी काम गर्ने दक्ष वा अदक्ष कामदारहरूको न्यूनतम सुरक्षाको व्यवस्था गर्नुपर्नेछ।

(२) वनमा काम गर्ने कामदारको सुरक्षासम्बन्धी मापदण्ड मन्त्रालयले तोकेबमोजिम हुनेछ।

(३) सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले उपदफा (२) बमोजिमको सुरक्षा मापदण्डको पालना भए नभएको अनुगमन गर्नुपर्नेछ।

(४) कार्यस्थलमा कामदारको कुनै किसिमको क्षति हुन गएमा वन क्षेत्रमा काम गर्न अनुमति प्राप्त रोजगारदाता व्यक्ति, संस्था, समूह वा निकायले प्रचलित कानूनबमोजिमको क्षतिपूर्ति उपलब्ध गराउनुपर्नेछ।

(५) वनमा काम गर्ने कामदारको बिमालगायतको सुरक्षासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-९

## <u>जडीबुटी तथा गैरकाष्ठ वन पैदावारसम्बन्धी व्यवस्था</u>

४३. **<u>जडीबुटी विकास तथा अनुसन्धान केन्द्र स्थापना गर्न सकिनेः</u>** (१) प्रदेश सरकारले देहायको उद्देश्यका लागि एक जडीबुटी विकास तथा अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछः-

(क) गैरकाष्ठ, औषधीजन्य र सुगन्धित तेलजन्य पैदावारको उत्पादनको गुणस्तर र परिमाणमा वृद्धि गरी प्रदेशको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने,

(ख) गैरकाष्ठ उत्पादन गर्ने वन वा वनस्पति, औषधीजन्य तथा सुगन्धित वनस्पति तथा वन स्रोतको प्रवर्धन, विकास, प्रदर्शनी स्थल र सूचना प्रणालीको स्थापना, विकसित विधि तथा प्रविधिको हस्तान्तरण एवं विस्तारमा योगदान गर्ने,

(ग) गैरकाष्ठ, औषधीजन्य र सुगन्धित वनस्पति तथा वन स्रोतको जैविक प्रविधि उपयोग गरी वंशाणुगत सुधार गर्न, अध्ययन, अनुसन्धान, बाली विकास गरी निजी सार्वजनिक क्षेत्रमा व्यावसायिक खेती प्रवर्धन गर्ने,

(घ) उत्पादित पैदावारको सारतत्त्वको गुण र गुणस्तरको विश्लेषण गरी मूल्य अभिवृद्धि गर्न, कर्णाली ब्राण्डको विकास एवं उद्योगको प्रवर्धन गर्ने,

(ङ) प्रयोगशालाको सञ्चालन र औद्योगिक उत्पादनको प्रमाणीकरण गर्ने गरी स्वदेश तथा विदेशमा बजारीकरणको प्रवर्धन गर्ने,

(च) उपभोक्ता समूहले व्यवस्थापन गरेका वनमा जडीबुटी विकास तथा अनुसन्धान गरी बजारीकरणमा सहजीकरण वा सहयोग गर्ने,

(२) उपदफा (१) बमोजिमको केन्द्रको गठन र सञ्चालन प्रदेश सरकारले तोकेबमोजिम हुनेछ।

४४. **<u>प्राङ्गारिक प्रमाणीकरणको व्यवस्थापनः</u>** दफा ४३ बमोजिमको अनुसन्धान केन्द्रले निर्यात प्रवर्धन गर्न जडीबुटीको प्राङ्गारिक उत्पादन प्रमाणीकरणको लागि आवश्यक व्यवस्थापन गर्न सक्नेछ।

**४५. जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको दिगो व्यवस्थापनः** (१) मन्त्रालयले गैरकाष्ठ, जडीबुटी र सुगन्धित वनस्पतिजन्य पैदावार उत्पादन भइरहेका र सम्भावित वनक्षेत्र तथा पाटनहरूको पहिचान, गैरकाष्ठ, जडीबुटी र सुगन्धित वनस्पति प्रजातिको जीवनचक्र, दिगो उत्पादन हुन सक्ने परिमाण र स्थानीय वा प्रदेशस्तरमा मूल्य अभिवृद्धिको सम्भावनासहितको अध्ययन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका मध्ये व्यावसायिक प्रयोजनका लागि प्रतिस्पर्धात्मक र तुलनात्मक लाभ भएका प्रजातिहरूको उत्पादन, प्रशोधन र बजारीकरणसहितको व्यावसायिक योजना तयार गर्ने तथा जडीबुटीको विशेष क्षेत्र विस्तार गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमका योजनाको कार्यान्वयन प्रदेश सरकार आफैंले वा सार्वजनिक, समुदाय, सहकारी साझेदारी वा सार्वजनिक निजी साझेदारीमा लगानी प्रवर्धन गर्न सक्नेछ।

(४) जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**४६. मूल्य अभिवृद्धिः** (१) मन्त्रालयले स्थानीय वा प्रदेश स्तरमा प्रशोधन गरी मूल्य अभिवृद्धि गर्न सम्भावना भएका गैरकाष्ठ, औषधीजन्य र सुगन्धित तेलजन्य वन पैदावार उत्पादन गर्ने प्रजाति र त्यसका मुख्य उत्पादन र सह उत्पादन तोक्न सक्नेछ। यसरी तोकिएका प्रजातिबाट उत्पादन हुने कच्चा पदार्थ कम्तीमा एक तह प्रशोधन नगरी प्रदेश बाहिर निकासी गर्न पाइने छैन।

(२) गैरकाष्ठ, औषधीजन्य र सुगन्धित तेलजन्य पैदावार उत्पादनमा आधारित उद्योग स्थापना, प्रशोधन, भण्डारण र उद्यम विकासका लागि प्रदेश सरकारले आवश्यक सहुलियत वा सुविधा उपलब्ध गराउन सक्नेछ।

४७. **परम्परागत ज्ञानको संरक्षण र विकासः** (१) प्रदेश सरकारले जडीबुटी प्रजातिको परम्परागत ज्ञान र सीपको अभिलेख सूचीकृत गर्न सक्नेछ र त्यस्ता परम्परागत ज्ञानको आधुनिक प्रविधिमा समायोजन गरी व्यावसायीकरण गर्न सक्नेछ।

(२) परम्परागत ज्ञानको संरक्षण र विकाससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-१०
## जलाधार तथा सिमसार क्षेत्रसम्बन्धी व्यवस्था

४८. **जलाधार क्षेत्रको व्यवस्थापनः** (१) मन्त्रालयले सम्बन्धित स्थानीय तहसँगको समन्वयमा प्रदेशअन्तर्गत रहेका जलाधार क्षेत्रहरूको पहिचान गरी साना, मझौला र ठूला जलाधारमा वर्गीकरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वर्गीकृत जलाधार मध्येबाट महत्त्वपूर्ण पूर्वाधार भएको, पहिरोको जोखिम भएको, कमजोर भौगोलिक अवस्था भएको, पानीको स्रोतहरू सुक्दै गएको र पानीको पुनर्भरणमा उपयोगी भएको, सहरी जलाधार भएको जस्ता आधारमा संवेदनशील जलाधारको एकीकृत जलाधार व्यवस्थापन योजना तयार गर्नुपर्नेछ।

(३) उपदफा (२) स्थानीय तहहरूसँग समन्वय गरी भू-तथा जलाधार व्यवस्थापन कार्यालयले तयार गरी कार्यान्वयन गर्नेछ।

(४) उपदफा (३) बमोजिम तयार भएका योजना स्थानीय तहको समन्वयमा प्रदेश वन निर्देशकले स्वीकृत गर्नेछ र त्यस्तो योजना भू-तथा जलाधार व्यवस्थापन कार्यालय, सम्बन्धित स्थानीय तह वा उपभोक्ता समूहले कार्यान्वयन गर्नुपर्नेछ।

(५) उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश महत्त्वका जलाधारको व्यवस्थापन निर्देशनालयले गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(६) जलाधार क्षेत्रभित्र हुने विकास निर्माणका कार्यक्रमहरू कार्यान्वयन गर्दा जलाधार व्यवस्थापन योजनाले निर्दिष्ट गरेका र अन्य तोकिएका कार्यहरू गर्नुपर्नेछ।

(७) जलाधार व्यवस्थापन योजनासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(८) सामुदायिक वन क्षेत्रमा रहेका जलाधार क्षेत्रहरू सम्बन्धित उपभोक्ता समूहले समेत यसै ऐनबमोजिम व्यवस्थापन गर्नुपर्नेछ।

४९. **पहिरो नियन्त्रणसम्बन्धी व्यवस्थाः** (१) निर्देशनालयले प्रदेशभित्र रहेका पहिरो तथा पहिरो जोखिम क्षेत्रहरूको पहिचान गरी सूचीकृत गर्न सक्नेछ।

(२) पहिरो जोखिम क्षेत्रमा तोकिएबमोजिमका जैविक तथा इन्जिनियरिङ सुधार तथा नियन्त्रणका कार्यहरू सञ्चालन गर्न सकिनेछ।

५०. **सिमसार क्षेत्रको व्यवस्थापनः** (१) प्रदेश सरकारले प्रदेशभित्र रहेका सिमसार क्षेत्रको पहिचान गरी वर्गीकरणसहितको सूची तयार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका सिमसार क्षेत्रमध्ये प्रदेश सरकारले स्थानीय, प्रदेशस्तर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका सिमसारहरूको रूपमा वर्गीकरण गरी विकास, संरक्षण र त्यस्ता सिमसार क्षेत्रमा पर्यापर्यटनका कार्यक्रमसमेत सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका सिमसार क्षेत्रको व्यवस्थापन प्रचलित संघीय ऐनले तोकेकोमा सोहीबमोजिम र नतोकिएको हकमा मन्त्रालयले तोकेबमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमका सिमसार क्षेत्रमध्ये निजी हकभोगको जग्गामा रहेका सिमसारहरूको व्यवस्थापनको लागि डिभिजन वन कार्यालय र सम्बन्धित स्थानीय तहले प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछन्।

(५) प्रदेश सरकारले कुनै सिमसारको निश्चित भागलाई संरक्षित सिमसार क्षेत्रको रूपमा तोक्न सक्नेछ।

(६) सिमसार क्षेत्रको व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-११

## जैविक विविधता तथा वन्यजन्तु संरक्षणसम्बन्धी व्यवस्था

**५१. जैविक विविधता समृद्ध क्षेत्रको पहिचान तथा व्यवस्थापनः** (१) प्रदेश सरकारले प्रदेशभित्र रहेका जैविक विविधता, ऐतिहासिक तथा साँस्कृतिक सम्पदा, वन र संरक्षित क्षेत्र बाहिरका वन्यजन्तु संरक्षणको हिसाबले महत्त्वपूर्ण क्षेत्रको पहिचान गरी तोकिएबमोजिम वर्गीकरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रहरूको व्यवस्थापन यो ऐनबमोजिम तयार हुने सबै खाले कार्ययोजनामा समावेश गर्नुपर्नेछ।

(३) प्रदेश सरकारले जैविक विविधता र यससँग सम्बन्धित परम्परागत ज्ञानको अभिलेख राख्न प्रदेश सरकार मातहतका कुनै निकायलाई जिम्मेवारी तोक्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम तोकिएको निकायले तोकिएबमोजिमको ढाँचामा अभिलेख खडा गरी तोकिएको निकाय वा पदाधिकारीबाट अभिलेख प्रमाणित गरी राख्नुपर्नेछ।

**५२. <u>जैविक मार्ग तोक्न सक्ने:</u>** (१) प्रदेश सरकारले राष्ट्रिय वनक्षेत्रमा वन्यजन्तुको ओहोरदोहोर र वासस्थानको संरक्षण र व्यवस्थापनका लागि राष्ट्रिय वनको कुनै क्षेत्रलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी जैविक मार्ग घोषणा गर्न सक्नेछ।

(२) जैविक मार्गको संरक्षण तथा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**५३. <u>कृषिका लागि हानिकारक वन्यजन्तु घोषणा गर्न सक्ने:</u>** (१) प्रदेश सरकारले कुनै खास क्षेत्रमा तोकिएको अवधिका लागि प्रचलित कानूनबमोजिम संरक्षित भनी तोकिएबाहेकका वन्यजन्तु वा पन्छीलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कृषिका लागि हानीकारक वन्यजन्तु घोषणा गर्न सक्नेछ र त्यसरी घोषणा गरिएका वन्यजन्तु तथा पन्छीहरूलाई सोही सूचनामा तोकिएका शर्त र बन्देजको अधीनमा रही खेत, खला, बारीमा विनाअनुमति लखेट्न, धपाउन, पक्रेको हकमा सम्बन्धित निकायमा बुझाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमका वन्यजन्तुको व्यवस्थापन तोकिएबमोजिम हुनेछ।

**५४. <u>वन्यजन्तुको अध्ययन, अनुसन्धान, प्रजनन तथा पालन गर्न सक्ने:</u>** (१) वन्यजन्तुको संरक्षण, प्रवर्धन र दिगो उपयोगमा सघाउ पुऱ्याउने उद्देश्यले वन्यजन्तुको अध्ययन, अनुसन्धान वा व्यावसायिक रूपमा प्रजनन तथा पालन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएबमोजिम अनुमति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम वन्यजन्तुको प्रजनन तथा पालनको लागि आवश्यक पर्ने बिउ प्राणी(सिड एनिमल) तोकिएबमोजिम उपलव्ध गराउन सकिनेछ।

(३) उपदफा (१) बमोजिम अनुमति प्राप्त गरी व्यावसायिक रूपमा उत्पादन गरिएका वन्यजन्तु वा तिनका अङ्ग वा अङ्गबाट तयार गरिएको वस्तु तोकिएबमोजिम उपयोग, बिक्री वितरण वा निकासी गर्न सकिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएबमोजिमका वन्यजन्तुलाई तोकिएबमोजिमको अवस्थामा प्रदेशभित्र वा बाहिर ओसारपसार गर्न पाइने छैन।

**५५. वन्यजन्तु सिकार गर्न अनुमति दिन सक्नेः** (१) प्रचलित कानूनबमोजिम संरक्षित भनी तोकिएका बाहेकका वन्यजन्तुहरूलाई प्रदेश सरकारले कोटा निर्धारण गरी तोकिएबमोजिम सिकार गर्न अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**५६. वन्यजन्तुबाट हुने क्षतिबापत राहत दिइनेः** (१) प्रदेशभित्र संरक्षित क्षेत्रबाहेकको क्षेत्रमा तोकिएका वन्यजन्तुको कारणले कसैको जनधनको क्षति भएमा त्यस्तो क्षतिबापत पीडितलाई तोकिएबमोजिम राहत उपलब्ध गराइनेछ।

(२) डिभिजन वन कार्यालयले मानव वन्यजन्तु द्वन्द्व न्यून गर्नका लागि स्थानीय तहसँगको सहकार्यमा वा आफैंले समस्याग्रस्त वन्यजन्तुसँगको समस्या पहिचान गरी वासस्थानमा सुधार र व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ।

**५७. चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न सकिनेः** (१) कुनै स्थानीय तहले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन, वंशाणु स्रोत संरक्षण तथा अध्ययन, अनुसन्धान तथा उद्धार गरिएका वन्यजन्तुहरूको संरक्षण र

व्यवस्थापन गर्ने प्रयोजनका लागि स्थानीय स्तरमा चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न चाहेमा प्रदेश सरकारले त्यस्तो अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न चाहनेले तोकिएको मापदण्ड पूरा गर्नुपर्नेछ र त्यस्ता उद्यानले समस्याग्रस्त असहाय, नरभक्षी, घाइते, टुहुरा र उद्धार गरिएका वन्यजन्तुको संरक्षणका लागि आश्रय स्थलको व्यवस्था गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम सञ्चालन गरिने चिडियाखाना वा प्राणी उद्यान स्थानीय तह आफैंले वा कुनै संस्था, निकाय वा स्थानीय समुदायसँग सहकार्य गरी व्यवस्थापन गर्न सक्नेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्तरको प्राणी उद्यान प्रदेश सरकारले सञ्चालन गर्न बाधा पुग्ने छैन।

(५) प्राणी उद्यान सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

५८. **<u>वन उद्यान घोषित गर्न सक्नेः</u>** (१) प्रदेश सरकारले वन, वनस्पति, लोपोन्मुख वनस्पति प्रजातिको स्वःस्थान एवं परस्थानमा संरक्षण व्यवस्थापन गरी संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन, वंशाणु स्रोत संरक्षण तथा अध्ययनस्थलको रूपमा राष्ट्रिय वनको कुनै क्षेत्रलाई वन वा वनस्पति उद्यान घोषित गर्न सक्नेछ।

(२) वन उद्यानसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

५९. **<u>संरक्षित भू-परिधि घोषणा गर्न सक्नेः</u>** (१) प्रदेश सरकारले राष्ट्रिय वनको कुनै भाग र त्यसको वरपर रहेको बस्तीअन्तर्गत पाइने वन, वन्यजन्तु, पुरातात्त्विक, साँस्कृतिक, ऐतिहासिक, जैविक विविधता, वातावरण वा वैज्ञानिक वा अन्य विशेष महत्त्व भएका क्षेत्रलाई संरक्षित भू-परिधिको रूपमा घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संरक्षित भू-परिधि घोषणाको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

६०. **<u>संरक्षित भू-परिधिको व्यवस्थापनः</u>** (१) दफा ५९ बमोजिम घोषित संरक्षित भू-परिधिको व्यवस्थापन त्यस क्षेत्रअन्तर्गतका सम्बन्धित स्थानीय तह, अन्य व्यवस्थापन प्रणालीअन्तर्गतका उपभोक्ता समूह, स्थानीय समुदाय र सम्बन्धित भू-तथा जलाधार व्यवस्थापन कार्यालयको सहभागितामा गठित संरक्षित भू-परिधि व्यवस्थापन परिषद्मार्फत गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम गठित संरक्षित भू-परिधि व्यवस्थापन परिषद् एक समावेशी प्रतिनिधिमूलक संस्था हुनेछ र जसमा देहायका अध्यक्ष तथा सदस्यहरू रहनेछन्ः-

(क) सम्बन्धित स्थानीय तहको प्रमुख वा निजले तोकेको उपप्रमुख -अध्यक्ष

(ख) स्थानीय समुदायबाट एक जना दलित, एक जना आदिवासी/जनजाति सहित चार जना सदस्य -सदस्य

(ग) विद्यमान उपभोक्ता समूहबाट एक जना महिला सहित दुई जना -सदस्य

(घ) भू-तथा जलाधार कार्यालयको अधिकृत स्तरको एक जना प्रतिनिधी -सदस्य

(ङ) सम्बन्धित डिभिजन वन कार्यालयले तोकेको अधिकृत प्रतिनिधि -सदस्य-सचिव

(३) परिषद्को सञ्चालन विधि परिषद् आफैंले तयार गरी प्रदेश वन निर्देशकबाट स्वीकृत गराउनु पर्नेछ।

६१. **<u>संरक्षित भू-परिधि व्यवस्थापन परिषद्को काम, कर्तव्य र अधिकारः</u>** दफा ६० बमोजिम गठित संरक्षित भू-परिधि व्यवस्थापन परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) परिषद्को सञ्चालन विधि तयार गर्ने,

(ख) संरक्षित भू-परिधि व्यवस्थापन कार्ययोजना तयार गर्ने,

(ग) संरक्षित भू-परिधि व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्ने,

(घ) वार्षिक प्रतिवेदन तयार गर्ने,

(ङ) प्रदेश र स्थानीय तहसँग समन्वय गरी संरक्षण क्षेत्र विकासको लागि स्रोत साधन जुटाउने,

(च) पर्यापर्यटन प्रवर्धनका कार्य गर्ने,

(छ) संरक्षित भू-परिधिको विकासका लागि अन्य आवश्यक कार्य गर्ने।

६२. **<u>संरक्षित भू-परिधि क्षेत्रको कार्ययोजनाः</u>** (१) संरक्षित भू-परिधि व्यवस्थापन परिषद्ले संरक्षित भू-परिधिमा गरिने कार्यहरूको व्यवस्थापनका लागि डिभिजन वन कार्यालय तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालयको प्राविधिक सहयोग र सम्बन्धित स्थानीय तहसँगको परामर्शमा तोकिएबमोजिमको कार्ययोजना तयार गरी निर्देशनालयमार्फत मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको कार्य योजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा मन्त्रालयले निर्देशनालयमा फिर्ता पठाउन सक्नेछ र निर्देशनालयले आवश्यक हेरफेर गरी आफ्नो रायसहित पठाएपछि सो कार्ययोजना मन्त्रालयले स्वीकृत गर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्ययोजना स्वीकृत गर्दा मन्त्रालयले पर्यापर्यटन तथा प्राकृतिक र संस्कृति सम्पदाको संरक्षणका लागि विशेष व्यवस्थाहरू तोक्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजना डिभिजन वन कार्यालय तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालयको सहयोगमा संरक्षित भू-परिधि व्यवस्थापन परिषद्ले लागू गर्नेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षित भू-परिधिभित्र रहेका अन्य व्यवस्थापन प्रणालीअन्तर्गतका वनको व्यवस्थापन उपदफा (१) को कार्ययोजना अनुरूप नै गर्नुपर्नेछ।

६३. **संरक्षित भू-परिधि व्यवस्थापन परिषद्को कोषः** (१) संरक्षित भू-परिधि व्यवस्थापन परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम जम्मा गरिनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यका रकम,

(ग) वन पैदावारको बिक्री वितरणबाट प्राप्त रकम,

(घ) पर्यापर्यटन कार्यक्रमबाट प्राप्त रकम,

(ङ) जरिवानाबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम प्राप्त रकमको बाँडफाँड प्रचलित कानूनबमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको कुल सञ्चित रकम मध्ये पचास प्रतिशत रकम परिषद्ले संरक्षित भू-परिधि क्षेत्रको विकासमा खर्च गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम खर्च गरी कोषमा बाँकी रहेको रकम परिषद्ले प्रशासनिक र अन्य विकास कार्यमा खर्च गर्न सक्नेछ।

(६) कोष सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-१२
## निजी तथा सार्वजनिक जग्गामा वन विकाससम्बन्धी व्यवस्था

६४. **निजी वनसम्बन्धी व्यवस्थाः** (१) निजी वनको धनीले आफ्नो हक भोगको जग्गामा इच्छाअनुसार वनको विकास, गैरकाष्ठ वन प्रजातिको विकास र व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ।

(२) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिससहित सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी सम्बन्धित स्थानीय तहले निजी वन दर्ता गरी सोको लगत राखी तोकिएबमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम निजी वन दर्ता गरेको जानकारी स्थानीय तहले सम्बन्धित डिभिजन वन कार्यालयलाई गराउनुपर्नेछ।

(५) यो ऐन लागु हुनु भन्दा अघि डिभिजन वन कार्यालयमा दर्ता भएका निजी वनको विवरण डिभिजन वन कार्यालयले सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनुपर्नेछ।

(६) यो ऐन प्रारम्भ हुनुभन्दा अघि दर्ता भएका निजी वन धनीले आफूले प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपिसहित सम्बन्धित स्थानीय तहमा निवेदन दिन सक्नेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो लगत अद्यावधिक गरी राख्नुपर्नेछ।

(७) निजी वनको वन पैदावार उपयोगको सम्बन्धमा कुनै विवाद परेमा सम्बन्धित स्थानीय तहको निर्णयबमोजिम हुनेछ।

(८) कसैले आफ्नो निजी वनको नाममा राष्ट्रिय वन हानि नोक्सानी गरेमा वा वनक्षेत्र अनाधिकृत रूपमा कब्जा गरेमा राष्ट्रिय वनमा कसुर गरे सरह सजाय हुनेछ।

(९) यस ऐनबमोजिमका निजी वन राष्ट्रियकरण गरिने छैन।

६५. <u>**निजी वनको व्यवस्थापनः**</u> (१) निजी वनको धनीले वन व्यवस्थापनको लागि सहयोग माग गरेमा सम्बन्धित सव डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) निजी वनमा कुनै व्यक्ति, संस्था वा समुदायले तोकिएको मापदण्डको अधीनमा रही कृषि वन, जडीबुटी खेती तथा वन्यजन्तु पालन र प्रजननसमेत गर्न सक्नेछ।

(३) निजी वन धनीले औषधीजन्य, सुगन्धित वा बहुउपयोगी र आर्थिक दृष्टिले तुलनात्मक लाभ भएका प्रजातिहरूको वृक्षारोपण गर्न चाहेमा तोकिएबमोजिमका सुविधा उपलब्ध गराइनेछ।

(४) यस ऐन बमोजिम दर्ता भएका निजी वनको विकास र प्रवर्धनका लागि प्रदेश सरकारले तोकिएबमोजिमका सुविधा उपलब्ध गराउन सक्नेछ।

६६. <u>**निजी वनको वन पैदावार ओसारपसारः**</u> (१) घरायसी प्रयोजनका लागि निजी वन रहेको स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावार ओसारपसार गर्नुपर्ने भएमा जुन स्थानीय तहबाट सङ्कलन तथा ओसारपसार गर्नुपर्ने हो सोही स्थानीय तहबाट अनुमति लिनुपर्नेछ र घरायसी प्रयोजनको लागि एक जिल्लाबाट अर्को जिल्लामा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नु परेमा जुन जिल्लाबाट सङ्कलन तथा

ओसारपसार गर्ने हो सो जिल्लाको सम्बन्धित डिभिजन वन कार्यालयबाट अनुमति लिनुपर्नेछ।

(२) व्यावसायिक प्रयोजनको लागि निजी वनमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार निजी वन रहेकै स्थानीय तहमा गर्नु परेमा सम्बन्धित स्थानीय तहबाट अनुमति लिनुपर्नेछ र स्थानीय तहले त्यस्तो अनुमतिको जानकारी सम्बन्धित डिभिजन वन कार्यालयलाइ दिनुपर्नेछ। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावारको ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयबाट अनुमति लिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम व्यावसायिक प्रयोजनका लागि जडीबुटी ओसारपसार गर्दा तोकिएका प्रजातिको मन्त्रालयले एक तह प्रशोधनको व्यवस्था लागु गर्न सक्नेछ।

६७. **सार्वजनिक जग्गामा वन विकाससम्बन्धी व्यवस्था:** (१) स्थानीय तहले यस ऐनबमोजिम  सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक वा अन्य सहयोग उपलब्ध गराउनुपर्नेछ।

(३) स्थानीय तहले स्थानीय समुदायसँगको सहकार्यमा सार्वजनिक जग्गामा वनको विकास र व्यवस्थापन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम व्यवस्थापन गरेको सार्वजनिक वनबाट प्राप्त हुने लाभको बाँडफाँड सम्बन्धित स्थानीय तहको कानूनले तोकेबमोजिम हुनेछ।

(५) सार्वजनिक वनबाट प्राप्त हुने वन पैदावार एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयबाट अनुमति लिनुपर्नेछ।

६८. **<u>सार्वजनिक जग्गाका रुख हटाउनेसम्बन्धी व्यवस्थाः</u>** (१) सडक, नहर र बाटो किनारमा लगाइएका तथा बाटोमा छहारी पर्ने रुखहरू र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरू तोकिएबमोजिमको कार्यविधि पूरा गरी काटन वा हटाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम रुखहरू काटिए वा हटाइएकोमा उचित वृक्षारोपणको अनिवार्य व्यवस्था मिलाउनुपर्नेछ।

६९. **<u>सहरी वनको स्थापना, विकास र व्यवस्थापनः</u>** (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक, विद्यालय, धार्मिकस्थल तथा पार्क जस्ता स्थानमा रहेका जग्गा उपयोग गरी सहरी वनको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिने सहरी वन स्थानीय तहले तोकेबमोजिम अन्य संघ संस्था वा निजी क्षेत्रसँगको साझेदारीमा विकास र व्यवस्थापन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम स्थापना भएका सहरी वन विकासको लागि आवश्यक प्राविधिक तथा तोकिएबमोजिमका अन्य सहयोग डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले उपलब्ध गराउनुपर्नेछ।

(४) कुनै व्यक्ति वा संस्थाले आफ्नो स्वामित्वमा रहेको खाली जग्गा करार गरी निश्चित अवधिको लागि सहरी वन विकासको प्रयोजनार्थ सम्बन्धित स्थानीय तह वा तोकिएको संघ संस्थालाई उपलब्ध गराउन सक्नेछ र यसरी स्थापना भएको सहरी वन कायम

रहेसम्म स्थानीय तहले सम्बन्धित जग्गा धनीलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउन सक्नेछ।

(५) सहरी वनबाट उत्पादित वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्दा सम्बन्धित स्थानीय तहको क्षेत्रभित्र भए स्थानीय तहको कानूनले तोकेबमोजिम र स्थानीय तह बाहिर ओसारपसार गर्नुपर्ने भएमा सम्बन्धित डिभिजन वन कार्यालयको अनुमति लिनुपर्नेछ।

## परिच्छेद-१३

## बेवारिसी वा दरिया बुर्दी काठसम्बन्धी व्यवस्था

७०. **हकको प्रमाण नपुग भएसम्म काठ प्रदेश सरकारको ठहर्नेः** (१) बगाई ल्याएको वा किनारा लागेको वा अड्केको वा डुबेको सबै काठ टाँचा निशानाहरू लागेको वा टाँचा निशाना खुर्केको वा बदलेको वा उडेको वा कुनै तरहबाट मेटिएको काठ र टाँचा निशाना नलागेका काठहरू कसैले आफ्नो हकको प्रमाण नपुऱ्याएसम्म प्रदेश सरकारको सम्पत्ति ठहरिनेछ।

(२) उपदफा (१) बमोजिमका काठहरू डिभिजनल वन अधिकृतले कुनै सुरक्षित स्थानमा घाटगद्दी गराउन सक्नेछ।

७१. **बेवारिसी वा दरिया बुर्दी काठको सूचनाः** दफा ७० बमोजिम बेवारिसी वा दरिया बुर्दी काठ घाटगद्दीमा जम्मा भएपछि त्यस्तो काठको पूरा विवरण र लगतसहितको हकदाबी गर्नेसम्बन्धी सूचना डिभिजनल वन अधिकृतले डिभिजन वन कार्यालय, सम्बन्धित सब डिभिजन कार्यालय र

सम्बन्धित स्थानीय तहको कार्यालयमा टाँस गर्नुपर्नेछ र त्यस्तो काठमा हकदाबी गर्नेले पन्ध्र दिनभित्र आफ्नो हकदाबीको सबुत प्रमाणसहितको दरखास्त सम्बन्धित डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ।

७२. **<u>हकदाबी उपर कारवाही:</u>** (१) दफा ७१ बमोजिम कसैको दरखास्त पर्न आएमा डिभिजनल वन अधिकृतले आवश्यक तहकिकात गरी गराई दरखास्तवालाको हकदाबी पुगे नपुगेको निर्णय गरी त्यसको सूचना सम्बन्धित दरखास्तवालालाई दिनुपर्नेछ र कसैको हकदाबी पुगेको ठहरेमा त्यस्तो काठ जम्मा गर्न र डिपोमा ल्याउन लागेको खर्च निजबाट असुलउपर गरी काठ निजलाई नै सुम्पिदिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले हकदाबी नपुगेको भनी गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णयको सूचना पाएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित प्रदेश वन निर्देशकसमक्ष उजुर गर्न सक्नेछ।

(३) कुनै काठमा कसैको हकदाबी अस्वीकार गरेको वा त्यस्तो काठ रोकेको वा हराएबाट हुन गएको नोक्सानीको हर्जाना प्रदेश सरकार वा सम्बन्धित डिभिजनल वन अधिकृतबाट दाबी गर्न पाइने छैन।

तर प्रचलित कानूनबमोजिमको प्रक्रिया पूरा गरी ओसारपसार गरिएको काठ जफत गर्ने वा रोक्ने सम्बन्धित निकायको मातहतबाट हराएमा वा नोक्सानी भएमा सम्बन्धित अधिकारीले क्षतिपूर्ति तिर्नुपर्नेछ।

(४) कसैको हकदाबी नपुगेका बेवारिसी वा दरिया बुर्दी काठहरू डिभिजनल वन अधिकृतले तोकिएबमोजिम बिक्री वितरण गर्न सक्नेछ।

परिच्छेद-१४

## <u>कसुर तथा दण्ड सजाय अनुसन्धानसम्बन्धी व्यवस्था</u>

**७३. <u>कसुर तथा दण्ड सजाय अनुसन्धानसम्बन्धी व्यवस्था</u>**: (१) यस ऐनबमोजिम वा प्रचलित संघीय वन ऐनबमोजिमको कसुर भए गरेमा प्रचलित संघीय वन ऐनमा व्यवस्था भएबमोजिम दण्ड सजाय हुनेछ।

(२) यस ऐनबमोजिम भए गरेका कसुरमा अनुसन्धान प्रचलित संघीय वन ऐन नियमावली तथा कार्यविधिबमोजिम हुनेछ।

(३) यस ऐनबमोजिम वा प्रचलित संघीय वन ऐनबमोजिम एक वर्षसम्म कैद सजाय हुने कसुरसम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको प्रदेश सरकारको कर्मचारीले गर्नेछ।

(४) प्रदेश सरकारले यो ऐनबमोजिम वा प्रचलित संघीय वन ऐनबमोजिमको कसुर अपराधमा वरामद भएको कुनै वनस्पति तथा वनस्पति स्रोतलाई शैक्षिक तथा वैज्ञानिक अध्ययन, अनुसन्धान वा औषधीजन्य प्रयोग वा धार्मिक कार्यका लागि सार्वजनिक संस्था वा निकायलाई उपलब्ध गराउन वा नष्ट गर्न सक्नेछ।

परिच्छेद-१५

## <u>विविध</u>

**७४. <u>वातावरणीय सेवाको व्यवस्थापन</u>:** वनबाट प्राप्त हुने वातावरणीय सेवाको व्यवस्थापन, उपयोग तथा लाभांशसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

**७५. <u>प्राविधिक सहयोग उपलब्ध गराउने</u>**: कुनै उपभोक्ता समूह, पट्टावाला, धार्मिक निकाय, समूह वा समुदाय वा निजी वनको धनीले वन विकास र संरक्षणको लागि कुनै प्राविधिक सहयोग माग गरेमा डिभिजन वन कार्यालयले त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

७६. **<u>वन पैदावारमा आधारित उद्योगको दूरी सम्बन्धमाः</u>** वन पैदावारमा आधारित उद्योग र वनक्षेत्र बीचको दूरी तोकिएबमोजिम हुनेछ।

७७. **<u>वन पैदावारमा आधारित उद्योगले जानकारी गराउनुपर्नेः</u>** कच्चा पदार्थको रूपमा वन पैदावार प्रयोग गर्ने उद्योगले उद्योग सञ्चालन गर्नुपूर्व सम्बन्धित डिभिजन वन कार्यालयमा व्यावसायिक सम्भाव्यता तथा उत्पादन गर्ने वस्तु र सेवाको बारेमा जानकारी गराउनुपर्नेछ।

तर प्रचलित औद्योगिक व्यवसायसम्बन्धी कानूनबमोजिम स्थापना भई सञ्चालनमा रहेका लघु उद्यम र घरेलु उद्योगको हकमा यो दफा लागू हुने छैन।

७८. **<u>प्रतिबन्ध लगाउन सक्नेः</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी जैविक विविधता र वातावरण संरक्षणको प्रयोजनको लागि तोकिएको वन पैदावारको प्रदेशभित्र सङ्कलन, कटान, उपभोग, ओसारपसार, बिक्री वितरण वा प्रदेशबाहिर निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ।

७९. **<u>असल नियतले काम गरेकोमा बचाउः</u>** यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन।

८०. **<u>अनुगमन तथा मूल्याङ्कनः</u>** (१) मन्त्रालयले यो ऐनबमोजिम हुने वनको संरक्षण, विकास र उपयोग सम्बन्धमा समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ र त्यस्तो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

(२) निर्देशनालयले प्रदेशभित्रको वन व्यवस्थापनका सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी मन्त्रालयसमक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

(३) डिभिजनल वन अधिकृतले आफ्नो कार्य क्षेत्रभित्र भएका वन विकास र व्यवस्थापनसम्बन्धी क्रियाकलापहरूको अनुगमन तथा मूल्याङ्कन गरी निर्देशनालय तथा मन्त्रालयसमक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

(४) अनुगमन तथा मूल्याङ्कनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

८१. **<u>सुराकीलाई पुरस्कार दिने:</u>** यस ऐनबमोजिम कसुर हुन लागेको सुराक दिने वा अपराधी पक्राउ गर्न सहयोग गर्ने संस्था वा व्यक्तिलाई कसुरदारलाई हुने जरिवानाको दश प्रतिशत रकम पुरस्कार स्वरूप दिइनेछ।

तर सुराकीको सुरक्षाको निम्ति सुराकीको पहिचान गोप्य राख्नुपर्नेछ।

८२. **<u>राहतसम्बन्धी व्यवस्था:</u>** वन संरक्षण, व्यवस्थापन तथा विकाससम्बन्धी कुनै कामको सिलसिलामा कुनै उपभोक्ता, श्रमिक वा कर्मचारी घाइते भएमा वा मृत्यु भएमा तोकिएबमोजिम राहत दिइनेछ।

८३. **<u>अधिकार प्रत्यायोजन:</u>** कुनै निकाय वा अधिकारीले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकार आफू मातहतका कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

८४. **<u>नियम बनाउने अधिकार:</u>** यस ऐनको अधीनमा रही प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

८५. **<u>कार्यविधि र निर्देशिका बनाउन सक्ने:</u>** यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

८६. **<u>प्रचलित कानूनबमोजिम हुने:</u>** यो ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्यमा प्रचलित कानूनबमोजिम हुनेछ।

८७. **<u>बचाउ:</u>** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि संघीय वन ऐन, २०४९ र उक्त ऐनबमोजिम बनाइएका नियमबमोजिम प्रदेश सरकार र मन्त्रालय र अन्तर्गतका कार्यालयद्वारा गरिएका काम कारवाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

(२) प्रचलित संघीय कानूनबमोजिम भएका र प्रदेशअन्तर्गत कार्य सम्पादन गर्ने गरी हस्तान्तरण भई आएका कार्यहरूको हकमा यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

# प्रदेश पर्यटन ऐन, २०७८

प्रमाणीकरण र प्रकाशन मितिः

२०७८/१२/०६

संम्वत् २०७८ सालको ऐन नं. ०७

## प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** प्रदेशभित्रका पर्यटन क्षेत्रको प्रवर्धन र विकासका लागि पर्यटकीय सेवाहरूको व्यवस्थापन गरी स्वदेशी तथा विदेशी पर्यटकको सुविधा तथा हित र प्रदेशको आर्थिक विकासका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश पर्यटन ऐन, २०७८" रहेको छ।

(२) यो ऐन प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरेको मितिदेखि प्रदेशभर लागू हुने गरी प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आन्तरिक पर्यटक" भन्नाले नेपालको एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने नेपाली नागरिक सम्झनु पर्छ।

(ख) "ट्राभल एजेन्सी" भन्नाले पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई भ्रमण, बसोबास तथा आधुनिक सवारीको साधन उपलब्ध भएका स्थानहरूमा

दृष्यावलोकन सम्बन्धी प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ।

(ग) "ट्रेकिङ्ग एजेन्सी" भन्नाले पर्यटक वा अन्य व्यक्तिहरूलाई विविध प्राकृतिक एवम् सांस्कृतिक दृष्यावलोकन गराउने उद्देश्यले शुल्क लिई साधारणतया आधुनिक सवारीको साधन उपलब्ध नभएका स्थानहरूमा यात्रा गराउने प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ङ) "पथप्रदर्शक" भन्नाले पारिश्रमिक लिई पर्यटकको साथ गई पथ प्रदर्शनका लागि काम गर्न यस ऐनबमोजिम इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

(च) "पर्वतारोहण" भन्नाले प्रदेशभित्र रहेका हिमश्रृङ्खलाको कुनै निश्चित चुलीमा पुग्ने उद्देश्य लिई कुनै दलले त्यस्तो चुलीको आरोहण गर्ने कार्य सम्झनु पर्छ।

(छ) "पर्यटक" भन्नाले विदेशी मुलुकबाट भ्रमणका लागि नेपालमा आउने गैर नेपाली नागरिक सम्झनु पर्छ।

(ज) "प्रचलित कानून" भन्नाले संघीय संसदबाट पारित भई नेपालको समग्र भूभागमा लागू हुने गरी जारी भएको ऐन तथा प्रदेश सरकारले बनाएको नियमावली समेत सम्झनु पर्छ।

(झ) "प्रदेश" भन्नाले कर्णाली प्रदेशलाई सम्झनु पर्छ।

(ञ) "प्रदेश सरकार" भन्नाले कर्णाली सरकारलाई सम्झनु पर्छ।

(ट) "पैदल मार्ग" भन्नाले प्राकृतिक रूपमा रहेका र विकास गरिएका पैदल हिँड्ने मार्गलाई सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले पर्यटनसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई सम्झनु पर्छ।

(ड) "व्यक्ति" भन्नाले यस ऐनको हकमा प्राकृतिक तथा कानूनी व्यक्ति दुवैलाई सम्झनु पर्छ।

(ढ) "सूचीकृत" भन्नाले नेपाल सरकारबाट दर्ता भई इजाजत पाएका र प्रदेश सरकारबाट समेत सो काम गर्न अनुमति पाई सूचीकृत भएका पर्यटनको क्षेत्रमा काम गर्ने व्यक्ति तथा संस्था सम्झनु पर्छ।

(ण) "होमस्टे" भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले आफ्नै घर वा समुदायमा निजी वा सामूहिक रूपमा सञ्चालन गरिएको घर वा सेवा सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसम्बन्धी व्यवस्था</u>

**३. <u>इजाजतपत्र लिनुपर्ने</u>:** (१) प्रदेशभित्र ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने व्यक्तिले सोको लागि यस ऐनबमोजिम इजाजत लिनुपर्नेछ।

(२) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत लिन चाहने व्यक्तिले तोकिएको विवरण खुलाई मन्त्रालय वा तोकिएको निकाय वा अधिकारीसमक्ष दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको दरखास्त प्राप्त भएपछि मन्त्रालय वा तोकिएको निकाय वा अधिकारीले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई ट्राभल वा ट्रेकिङ्गको काम गर्न सक्षम देखेमा

तोकिएको दस्तुर लिई तोकिएबमोजिम इजाजतपत्र जारी गर्नेछ। यसरी जारी गरिएको इजाजतपत्र तोकिएको अवधिभित्र तोकिएबमोजिम नवीकरण गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजतपत्र प्रदान गर्नका लागि मन्त्रालय वा तोकिएको अधिकारीले थप विवरण वा थप कागजपत्र आवश्यक देखेमा पन्ध्र दिनको समय दिई त्यस्तो विवरण वा कागजपत्र पेश गर्न सम्बन्धित दरखास्तवालालाई आदेश दिन सक्नेछ र दरखास्तवालाले तोकिएको समयमा बुझाउनुपर्ने विवरण वा कागजात बुझाउनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम थप विवरण तथा कागजात पेश भएकोमा कागजात जाँचवुझ गरी इजाजत दिने वा नदिने विषयमा कारण र आधार खुलाई निर्णय गरी निर्णय गरेको मितिले सात दिनभित्र दरखास्तवालालाई त्यस्तो निर्णयको लिखित जानकारी दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको निर्णयको जानकारी पाउने व्यक्तिले त्यस्तो निर्णय चित्त नबुझेमा तीस दिनभित्र तोकिएको अधिकारीको निर्णय भए मन्त्रालयसमक्ष र मन्त्रालयको निर्णय भए प्रदेश सरकारसमक्ष लिखित निवेदन दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिमको निवेदन प्राप्त भएमा मन्त्रालय वा प्रदेश सरकारले सामान्यतः तीस दिनभित्र आवश्यक निर्णय गर्नुपर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

४. **ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरणः** (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण तोकिएबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम वर्गीकृत ट्राभल वा ट्रेकिङ्ग एजेन्सीलाई प्रदेश सरकारले तोकेबमोजिमको सुविधा दिन सक्नेछ।

५. **अयोग्यताः** दफा ३ बमोजिमको इजाजतपत्र देहायको व्यक्तिलाई दिइने छैनः-

(क) करारसम्बन्धी कानूनबमोजिम करार गर्न योग्यता नभएको,

(ख) दामासाहीमा परेको,

(ग) दफा ९ बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत खारेज भएकोमा सो मितिले दुई वर्षको अवधि भुक्तान भइनसकेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएको व्यक्ति,

(ङ) सरकारवादी फौजदारी कसूरमा अदालतमा मुद्दा विचाराधीन रहेको,

(च) कालो सूचीमा परेको अवधिभर।

६. **ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले शुल्क बारेको सूचना दिनुपर्नेः** (१) यस ऐनबमोजिम इजाजत प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले आफूले उपलब्ध गराएको सेवा सुविधाबापत पर्यटकबाट लिइने शुल्क विवरणको अग्रीम जानकारी मन्त्रालयलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको दर मन्त्रालयले तोकेबमोजिम प्रकाशन गरी प्रचार गर्नुपर्नेछ।

७. **परिवर्त्य विदेशी मुद्रामा बिल भुक्तानी गर्नुपर्नेः** (१) यस ऐनबमोजिम ट्राभल एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीले पर्यटकलाई सेवा उपलब्ध गराउँदा संघीय सरकारले तोकेको परिवर्त्य विदेशी मुद्रामा बिल भुक्तानी तोकिएबमोजिम गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेशभित्र वा बाहिर आर्जन गरेको सबै विदेशी मुद्राको कारोबार नेपाल राष्ट्र बैंकमार्फत गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम कारोबार भए वा नभएको कुरा मन्त्रालयले जाँचबुझ गर्न सक्नेछ।

८. **इजाजतपत्र निलम्बन गर्न सक्ने**: (१) देहायको अवस्थामा मन्त्रालयले ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत बढीमा ६ महिना अवधिसम्मको लागि निलम्बन गर्न सक्नेछ।

(क) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको कुनै कुरा उल्लङ्घन गरेमा,वा

(ख) दफा ५ बमोजिम अयोग्य भएमा, वा

(ग) प्रदेश सरकार वा मन्त्रालयलाई दिनुपर्ने जानकारी वा सूचना नदिएमा वा गलत सूचना दिएमा।

(२) उपदफा (१) बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सञ्चालन इजाजत निलम्बन गर्नुअघि आफ्नो सफाइ पेश गर्नको लागि सम्बन्धित ट्राभल वा ट्रेकिङ्ग एजेन्सीलाई पन्ध्र दिनको म्याद दिनुपर्नेछ।

९. **इजाजत खारेज गर्न सक्ने**: (१) दफा ८ बमोजिम निलम्बन भएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले निलम्बनको अवधि समाप्त भएपछि पुनः सोही प्रकृतिको कार्य गरेमा मन्त्रालयले त्यस्तो ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र तोकिएबमोजिम खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) अनुसार तोकिएबमोजिमको प्रक्रिया पूरा गरी इजाजतपत्र खारेज गर्नुअघि सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्ति वा फर्म वा कम्पनीलाई १५ दिनको म्याद दिई स्पष्टीकरण पेश गर्ने मौका दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र इजाजत प्राप्त गर्ने व्यक्ति वा फर्म वा कम्पनीले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा मन्त्रालयले त्यस्तो ट्राभल वा ट्रेकिङ्ग एजेन्सीलाई दिएको इजाजतपत्र खारेज गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको मन्त्रालयले इजाजतपत्र खारेज गरेमा सम्बन्धित व्यक्तिले खारेजीको जानकारी पाएको मितिले तीस दिनभित्र प्रदेश सरकारसमक्ष उजुरी दिन सक्नेछ।

१०. **<u>सञ्चालन भइरहेको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले इजाजत लिनुपर्ने</u>**: (१) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम अनुमति वा इजाजत प्राप्त गरी ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सञ्चालन गरिरहेका व्यक्तिले पनि तोकिएको अवधिभित्र तोकिएको विवरण खुलाई यो ऐनबमोजिमको अनुमति लिनको लागि तोकिएको निकाय वा अधिकारीसमक्ष तोकिएबमोजिम दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्तउपर सामान्यतः तीस दिनभित्र निर्णय गर्नुपर्नेछ।

११. **<u>दण्ड जरिवाना</u>**: (१) यस ऐनबमोजिम इजाजत नलिई कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सञ्चालन गरेमा मन्त्रालयले तोकेको अधिकारीले त्यस्तो एजेन्सी वा कारोबार बन्द गर्न लगाई निजलाई एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(२) दफा ६ बमोजिमको शुल्कसम्बन्धी सूचना प्रकाशन नगर्नेलाई मन्त्रालयले तोकेको अधिकारीले पहिलो पटक कसूर गरेको भए पचास हजार रुपैयाँ र दोस्रो पटकदेखि पटकैपिच्छे एक लाख रुपैयाँ जरिवाना गर्न सक्नेछ।

(३) दफा ८ बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत निलम्बन भएको अवस्थामा कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सीसम्बन्धी काम गरेमा निजलाई पचास हजार रुपैयाँसम्म जरिवाना गरी मन्त्रालयले तोकेको अधिकारीले त्यस्तो व्यक्तिले पाएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतसमेत खारेज गर्न सक्नेछ।

(४) यस दफाबमोजिमको आदेशमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले सम्बन्धित उच्च अदालतसमक्ष पैतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

परिच्छेद-३

## पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारसम्बन्धी व्यवस्था

**१२. पर्यटक स्तरको रूपमा दर्ता गराउन सकिने**: (१) कुनै व्यक्तिले आफ्नो होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारलाई पर्यटक स्तरमा दर्ता गराउन चाहेमा वा प्रचलित कानूनबमोजिम दर्ता भएको त्यस्तो व्यवसाय प्रदेशभित्र सञ्चालन गर्न चाहेमा मन्त्रालयसमक्ष तोकिएबमोजिम दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता गराउन वा सञ्चालन गर्न चाहेको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार तोकिएको सुविधायुक्त भएको पाइएमा पर्यटक स्तरमा दर्ता वा सूचीकरण गरिनेछ।

(३) उपदफा (२) बमोजिम होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार दर्ता गर्दा लाग्ने दस्तुर तोकिएबमोजिम हुनेछ।

**१३. स्तर निर्धारण समिति**: (१) होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारलाई दर्ता वा नवीकरण वा वर्गीकरण गर्ने सम्बन्धमा परामर्श दिनको लागि प्रदेश सरकारले एक स्तर निर्धारण समिति गठन गर्न सक्नेछ। स्तर निर्धारण समिति प्राविधिक समिति हुने र सो समितिमा पदाधिकारी नियमावलीमा तोकिएबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा रहने अध्यक्ष र सदस्यको योग्यता तथा संख्या प्रदेश सरकारले तोकेबमोजिम हुनेछ।

(३) स्तर निर्धारण समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

**१४. निरीक्षण, परीक्षण तथा अनुगमन गर्ने अधिकार**: (१) मन्त्रालयले दफा १२ बमोजिम दर्ता भएको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको नियमित वा आकस्मिक परीक्षण वा निरीक्षण वा अनुगमन गर्न वा

गराउन र त्यसमा प्रयोग गरिने खाद्य पदार्थ र अन्य सुविधा तथा चीजवस्तु परीक्षण गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको गुणस्तर तथा मापदण्ड निरीक्षण वा परीक्षण गर्दा तोकिएबमोजिमको स्तरको नपाइएमा मन्त्रालयले त्यस्तो होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारलाई तोकिएको स्तर कायम गर्न मनासिब म्याद दिनेछ।

(३) उपदफा (२) बमोजिम म्याद दिंदा पनि तोकिएको स्तर कायम गर्न नसकेमा मन्त्रालयले दफा १३ बमोजिमको स्तर निर्धारण समितिको परामर्श लिई त्यस्तो होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको इजाजत निलम्बन गर्न वा तल्लोस्तरको उपयुक्त वर्गीकरण गर्न सक्नेछ। त्यसरी निलम्बन वा तल्लो स्तरको वर्गीकरणमा तोक्नु अघि सोको आधार र कारण खुलाई सफाइ पेश गर्ने उचित मौका दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजत निलम्बन भएको वा तल्लो स्तरको वर्गीकरणमा तोकिएको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको साबिकको तोकिएको स्तर कायम गरिपाउन निवेदन दिएमा प्रदेश सरकारले जाँचबुझ गरी साबिकको स्तर कायम भएको देखिन आएमा त्यस्तो होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारलाई साबिकको स्तरको वर्गीकरणमा कायम गर्न वा इजाजत निलम्बन गरिएकोमा निलम्बन फुकुवा गर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजत निलम्बन गरिएकोमा त्यसरी निलम्बन गरिएको मितिले एक वर्षसम्म साबिकमा तोकिएको स्तर कायम गर्न नसक्ने होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको हकमा प्रदेश सरकारले दफा १२ बमोजिमको दर्ता खारेज गर्न सक्नेछ।

**१५. <u>मूल्यको सूची प्रकाशन गर्नुपर्ने</u>**ः दफा १२ बमोजिम दर्ता भएको प्रत्येक होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारले आफ्नो दर वा मूल्यको सूचना मन्त्रालयसमक्ष पठाउनुपर्नेछ र मन्त्रालयले तोकेबमोजिम प्रकाशन गरी सार्वजनिक गर्नुपर्नेछ।

**१६. <u>होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारउपर बन्देज</u>**ः (१) दफा १२ बमोजिम दर्ता नभएको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारले देहायको कुनै काम गर्न पाउने छैन।

(क) पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइन बोर्ड, विज्ञापन वा कारोवारमा प्रयोग गर्न, वा

(ख) पर्यटकको बसोबास वा खानपिनको प्रबन्ध गर्नको निमित्त कुनै पर्यटक वा ट्राभल एजेन्सीसँग बिनाअनुमति सोझै विदेशमा सम्पर्क राख्न वा विज्ञापन गर्न।

(२) दफा १२ बमोजिम दर्ता भएको होटलले दर्ता भएको स्तरभन्दा माथिल्लो स्तरको भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइन बोर्ड वा कारोबारमा प्रयोग गर्नु हुँदैन।

**१७. <u>सञ्चालन भइरहेको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारले इजाजत लिनुपर्ने</u>**ः (१) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम अनुमति वा इजाजत प्राप्त गरी कुनै होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार सञ्चालन गर्ने व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र तोकिएबमोजिमको विवरण खुलाई यो ऐनबमोजिमको इजाजत लिन मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय वा अधिकारीसमक्ष तोकिएबमोजिम दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको इजाजतसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

**१८. <u>दण्ड जरिवाना</u>:** (१) यस ऐनबमोजिम दर्ता नगराई वा इजाजत नलिई वा पर्यटक स्तरको नभएकोलाई पर्यटक स्तरको हो भनी कुनै होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार सञ्चालन गरेमा वा दफा १६ को उपदफा (१) उल्लङ्घन गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा वा पर्यटकसँग सम्पर्क राखेमा सङ्घीय ऐनबमोजिम सजाय हुनेछ।

(२) दफा १६ को उपदफा (२) उल्लङ्घन गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा मन्त्रालयले त्यस्तो होटलको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ।

(३) यस ऐनबमोजिम मन्त्रालय वा तोकिएको निकायबाट खटिएका कर्मचारीलाई होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार निरीक्षण वा अनुगमन गर्न वा त्यसमा प्रयोग गरिने कुनै पनि खाद्य सामग्री परीक्षण गर्न कसैले बाधा विरोध गरेमा त्यस्तो व्यक्तिलाई मन्त्रालयले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम मन्त्रालयले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित उच्च अदालतसमक्ष पैंतीस दिनभित्र पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद-४

## <u>पथप्रदर्शक सम्बन्धी व्यवस्था</u>

**१९. <u>पथप्रदर्शकको काम गर्न इजाजतपत्र लिनुपर्ने</u>:** (१) यो ऐनबमोजिम पथप्रदर्शकको काम गर्न चाहने व्यक्तिले इजाजतपत्र लिनुपर्नेछ।

(२) पथप्रदर्शकको काम गर्न चाहने व्यक्तिले तोकिएको अधिकारीसमक्ष तोकिएबमोजिम दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको दरखास्त दिने व्यक्तिलाई तोकिएको अधिकारीले तोकिएबमोजिमको ढाँचामा इजाजतपत्र दिनेछ।

२०. **<u>अयोग्यता</u>:** देहायको व्यक्तिलाई पथप्रदर्शकको इजाजतपत्र दिइने छैनः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएको,

(ख) कुनै मानसिक वा सरुवा रोग लागेको,

(ग) दफा २४ को खण्ड (क) वा (ग) बमोजिम पथप्रदर्शकको इजाजतपत्र खारेज भई सो मितिले तीन वर्षको अवधि भुक्तान भई नसकेको।

२१. **<u>इजाजतपत्रको म्याद</u>**: (१) पथप्रदर्शकको इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ।

(२) पथप्रदर्शकको इजाजतपत्रको नवीकरण, नवीकरण दस्तुर र नवीकरण गर्ने अधिकारी तोकिएबमोजिम हुनेछ।

२२. **<u>इजाजतपत्र हराएमा अर्को इजाजतपत्र लिन सकिने</u>**: (१) कुनै पथप्रदर्शकले प्राप्त गरेको इजाजतपत्र हराएमा तोकिएको म्यादभित्र तोकिएको अधिकारीसमक्ष अर्को इजाजतपत्रका लागि दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अधिकारीले तोकिएबमोजिम इजाजतपत्रको प्रतिलिपि दिन सक्नेछ।

२३. **<u>पथप्रदर्शकले गर्न नहुने कामहरू</u>**: पथप्रदर्शकले देहायको कुनै काम गर्नु हुँदैन।

(क) आफूले पथप्रदर्शन गरेको पर्यटकलाई कुनै मालसामान खरीद गर्ने वा अरू कुनै सेवा उपलब्ध गर्ने काममा मद्दत गर्दा सो कामसँग सम्बन्धित बिक्रेता वा अरू कुनै व्यक्तिसँग नगदी वा अरू कुनै चीज वस्तु माग्न वा लिन,

(ख) आफूलाई पथप्रदर्शक बनाउन कुनै पर्यटकलाई बाध्य पार्न,

(ग) आफ्नो इजाजतपत्र अरूलाई दिई पथप्रदर्शकको काम गर्न लगाउन।

२४. **इजाजतपत्र खारेज गर्न सकिने**: (१) देहायको कुनै अवस्थामा तोकिएको अधिकारीले कुनै पथप्रदर्शकको इजाजतपत्र खारेज गर्न सक्नेछ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएमा,

(ख) दफा २० को खण्ड (ख) बमोजिम अयोग्य भएमा,

(ग) दफा २३ को विपरीत कार्य गरेमा।

(२) उपदफा (१) बमोजिम कुनै पथप्रदर्शकको इजाजतपत्र खारेज गर्नुपूर्व निजलाई सफाइ पेश गर्ने मौका दिनुपर्नेछ र यसरी मौका दिंदा कम्तीमा पन्ध्र दिनको म्याद दिनुपर्नेछ।

२५. **दण्ड सजाय**: (१) देहायको कसूर गर्ने व्यक्तिलाई मन्त्रालयले तोकेको अधिकारीले सङ्घीय ऐनबमोजिम सजाय गर्न सक्नेछ।

(क) दफा १९ बमोजिम इजाजतपत्र प्राप्त नगरी पथप्रदर्शकको काम गरेमा,

(ख) दफा २१ बमोजिम इजाजतपत्र नवीकरण नगरी पथप्रदर्शकको काम गरेमा।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक कुनै पथप्रदर्शकले यो ऐन वा यस ऐनअन्तर्गत जारी भएको नियम वा आदेशको पालना नगरेमा मन्त्रालयले तोकेको अधिकारीले सङ्घीय ऐनबमोजिम जरिवाना गर्न सक्नेछ।

(३) यस दफाबमोजिम मन्त्रालयले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतसमक्ष पुनरावेदन गर्न सक्नेछ।

परिच्छेद-५

## अन्य पर्यटन व्यवसायसम्बन्धी व्यवस्था

२६. **अन्य पर्यटन व्यवसायसम्बन्धी व्यवस्थाः** (१) पदयात्रा, जलयात्रा (र्‍याफ्टिङ्ग), ग्लाइडिङ, बेलुनिङ, जंगल सफारी, क्याम्पिङ, हाईकिङ, बर्ड वाचिङ, स्काइङ, केवल कार, रक क्लाइम्बिङ, ग्रिन फिसिङ, क्याच एण्ड रिलिज, साहसिक पर्यटन, खेल पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन र तोकिएका अन्य पर्यटन व्यवसायको दर्ता गर्ने, इजाजत लिने, नवीकरण गर्ने, सञ्चालन गर्ने, इजाजत निलम्बन गर्ने तथा दर्ता खारेज गर्नेसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लेख भएका पर्यटनसम्बन्धी क्रियाकलापहरूमध्ये तोकिएका क्रियाकलापहरू गर्न पर्यटकले तोकिएको दस्तुर तिरी प्रचलित कानूनले तोकिएबमोजिम अनुमति लिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारबाट दर्ता गरिएका वा इजाजत लिएका पर्यटन व्यवसायीले प्रदेश सरकारअन्तर्गतको तोकिएको निकायमा सूचीकृत भई तोकिएबमोजिम काम गर्न पाउनेछन्।

२७. **दण्ड सजायः** (१) दफा २६ बमोजिमको पर्यटन व्यवसाय गर्ने व्यक्तिले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा मन्त्रालयले दिएको निर्देशन वा आदेश उल्लङ्घन गरेमा त्यस्तो व्यक्तिलाई मन्त्रालयले तोकेको अधिकारीले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(२) कुनै पर्यटकले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम अनुमति नलिई दफा २६ को उपदफा (२) बमोजिम तोकिएका पर्यटनसम्बन्धी क्रियाकलाप गरेमा वा त्यस्तो अनुमति प्राप्त पर्यटकले यो ऐन वा यसअन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा

निजलाई मन्त्रालयले तोकेको अधिकारीले पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-६
## विविध

२८. **पर्वतारोहण सम्बन्धी व्यवस्थाः** (१) कुनै पर्वतारोही दलले प्रचलित कानूनबमोजिम अनुमति प्राप्त नगरी कुनै हिमालचुली आरोहण पर्वतारोहण गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम कर्णाली प्रदेशमा पर्वतारोहण गर्ने पर्वतारोही वा ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले तोकिएबमोजिमको अनुमति वा सहमति नलिई पर्वतारोहण गरेमा मन्त्रालयले तोकेको अधिकारीले प्रचलित कानूनबमोजिम जरिवाना गर्नेछ।

(३) पर्वतारोहणसम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र तोकिएबमोजिम हुनेछ।

२९. **सांस्कृतिक, ऐतिहासिक पर्यटन प्रवर्धन र संग्रहालय व्यवस्थापनः** (१) प्रदेश सरकारले आफैं वा अन्य संघसंस्था वा निकायमार्फत तोकिएबमोजिम पुरातात्त्विक, सांस्कृतिक वा ऐतिहासिक महत्त्वका स्थान वा वस्तुहरूको संरक्षणका साथै पर्यटन प्रवर्धन गर्न संग्रहालयको व्यवस्थापन गर्न गराउन सक्नेछ।

(२) पुरातात्त्विक, सांस्कृतिक र ऐतिहासिक पर्यटन प्रवर्धनसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

३०. **सांस्कृतिक समूहसम्बन्धी व्यवस्थाः** (१) कुनै आदिवासी, जनजाति, समुदाय वा संस्थाले परम्परागत कला संस्कृतिको जगेर्ना गर्दै पर्यटन

प्रवर्धन गर्न चाहेमा तोकिएबमोजिम सांस्कृतिक समूह गठन गरी मन्त्रालयमा पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सांस्कृतिक समूहसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३१. **आन्तरिक पर्यटकसम्बन्धी विशेष व्यवस्था**ः (१) प्रदेश सरकारले आन्तरिक पर्यटन प्रवर्धनका लागि निजी क्षेत्रसँगको सहकार्य तथा समन्वयमा विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनमा उल्लिखित कुनै व्यवस्था आन्तरिक पर्यटकहरूको सम्बन्धमा लागू नहुने गरी तोकिदिन सक्नेछ।

३२. **पर्यटकीय क्षेत्र घोषणासम्बन्धी व्यवस्था**ः (१) प्रदेश सरकारले प्रदेशभित्र कुनै पनि एक स्थानीय तहको कुनै पनि स्थान वा एक भन्दा बढी स्थानीय तहको खास क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित पर्यटकीय क्षेत्रमा प्रदेश सरकारले कुनै चिजवस्तु लिन, बिक्रीवितरण गर्न तथा कुनै क्रियाकलाप नगर्न नगराउन आदेश जारी गर्न सक्नेछ।

३३. **होम स्टे सञ्चालनसम्बन्धी व्यवस्था**ः (१) कसैले होम स्टे सञ्चालन गर्न चाहेमा त्यस्तो व्यक्ति वा समुदायले तोकिएबमोजिम दर्ता गराई सञ्चालन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता र सञ्चालन हुने होम स्टेको नियमनसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

३४. **पर्यटकीय क्षेत्रको पूर्वाधार विकास**ः (१) प्रदेश सरकारले पर्यटकीय क्षेत्रलाई आकर्षक एवं सुविधायुक्त बनाउन गुरुयोजना बनाई आवश्यक पूर्वाधारको विकास गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पूर्वाधार विकास गर्दा प्रदेश सरकार आफैंले लगानी गर्न वा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा वा निजी क्षेत्रको मात्रै लगानी, व्यवस्थापन र त्यस्तो पूर्वाधारको विकास एवं संरक्षण र सञ्चालन गर्न आवश्यक निर्णय गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको पूर्वाधार विकासलगायत अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(४) पर्यटकीय क्षेत्रको विकास र प्रवर्धनका लागि प्रदेश सरकारले प्रदेश गौरवका आयोजनाहरू सञ्चालन गर्न सक्नेछ।

**३५. पर्यटक प्रहरीसम्बन्धी व्यवस्थाः** (१) पर्यटकीय क्षेत्र र स्वदेशी तथा विदेशी पर्यटकको सुरक्षासम्बन्धी कार्य गर्न प्रदेश सरकारले नेपाल प्रहरी वा प्रदेश प्रहरीसँग समन्वय गरी पर्यटक प्रहरीको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटक प्रहरीको नियुक्ति, सेवा तथा सुविधा प्रचलित कानूनबमोजिम हुनेछ।

(३) यस दफाबमोजिम व्यवस्था भएका पर्यटक प्रहरीको परिचालन र व्यवस्थापनसम्बन्धी कार्य मन्त्रालयबाट हुनेछ।

**३६. अरुलाई काम गर्न दिन नहुनेः** ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्ति वा होटल वा लज वा दफा २६ बमोजिमको अन्य पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिले आफ्नो व्यवसाय अरुलाई बन्धक दिन वा अरु कुनै किसिमले आफ्नो व्यवसायको नामबाट अरु कसैलाई काम गर्न दिन हुँदैन।

तर, यस ऐनबमोजिम इजाजत लिई सञ्चालन गरेको पर्यटन व्यवसायले कुनै बैंक तथा वित्तीय संस्थासँग कारोबार गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

**३७. <u>प्रतिवेदन वा विवरण पेश गर्ने, गराउनेसम्बन्धी व्यवस्था</u>**ः (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सी व्यवसाय गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा दफा १२ बमोजिम होटल, लज वा यस ऐनबमोजिमको पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिले तोकिएबमोजिम आवधिक प्रतिवेदन मन्त्रालयसमक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक मन्त्रालयले समय-समयमा ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्ति वा यस ऐनबमोजिम इजाजत प्राप्त होटल, लज वा दफा २६ बमोजिमको अन्य पर्यटन व्यवसाय दर्ता गरी व्यवसाय सञ्चालन गर्ने, गराउने व्यक्तिसँग आवश्यक देखिएका विवरणसमेत माग गर्न सक्नेछ।

(३) मन्त्रालय वा तोकिएको अधिकारीले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी वा होटल वा लज वा यस ऐनबमोजिम सञ्चालन गरिएको पर्यटन व्यवसायको कार्यालय वा त्यसको काम कारवाही हुने ठाउँ निरीक्षण गर्न, गराउन र त्यसको हिसाब-किताब तथा अन्य अभिलेख जाँच्न जँचाउन सक्नेछ।

**३८. <u>विवरणमा हेरफेर भएमा सूचना दिनुपर्ने</u>**ः ट्राभल वा ट्रेकिङ्ग एजेन्सी दर्ता वा इजाजतपत्रको लागि वा होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय दर्ताको लागि दरखास्त दिँदा खुलाएको विवरणमा कुनै हेरफेर गरिएमा सो गरेको पन्ध्र दिनभित्र उक्त कुराको सूचना पर्यटन व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्तिले मन्त्रालय वा तोकिएको अधिकारीसमक्ष दिनुपर्नेछ।

**३९. <u>व्यवसाय बन्द गर्नु परेमा सूचना दिनुपर्ने</u>**ः(१) यस ऐनबमोजिम इजाजत प्राप्त व्यक्ति वा संस्थाले आफ्नो व्यवसाय बन्द गरेमा बन्द गरेको मितिले पन्ध्र दिनभित्र सोको सूचना मन्त्रालय वा तोकिएको अधिकारीसमक्ष दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम बन्द भएको व्यवसाय सञ्चालकले प्रदेश सरकारलाई बुझाउनुपर्ने आर्थिक दायित्व बाँकी भएमा सोको पाँच प्रतिशत थप रकमसमेत प्रदेश सरकारले असूलउपर गर्नेछ।

४०. **बोर्ड वा समिति गठन गर्ने अधिकारः** (१) प्रदेश सरकारले पर्यटकीय क्षेत्रहरूको पहिचान, विकास, प्रवर्धन, प्रचार-प्रसार तथा व्यवस्थापनसम्बन्धी कार्य गर्न तथा प्रदेश सरकारलाई नीतिगत सुझाव दिन एक पर्यटन प्रवर्धन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका सदस्य रहनेछन्ः

(क) मन्त्रालयको सचिव -अध्यक्ष

(ख) होटल व्यवसायी मध्येबाट प्रदेश सरकारले मनोनयन गरेको एकजना -सदस्य

(ग) पर्यटन व्यवसायी मध्येबाट प्रदेश सरकारले मनोनयन गरेको एकजना-सदस्य

(घ) उद्योग वाणिज्य संघबाट प्रदेश सरकारले मनोनयन गरेको एकजना -सदस्य

(ङ) प्रदेश सरकारले तोकेको आर्थिक मामिला तथा योजना मन्त्रालयकोउपसचिव वा नवौं वा दशौं तहको अधिकृत एकजना -सदस्य

(च) प्रदेश सरकारले मनोनयन गरेको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको उपसचिव वा नवौं वा दशौं तहको कर्मचारी एकजना -सदस्य

(छ) प्रदेश सरकारले मनोनयन गरेको पर्यटन प्रवर्धनसम्बन्धी विज्ञ एकजना -सदस्य

(ज) समितिको कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम गठित समितिले आवश्यकता अनुसार विषयविज्ञ आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम प्रदेश सरकारबाट मनोनित पदाधिकारीहरूको पदावधि ४ वर्षको हुनेछ।

(५) उपदफा (२) बमोजिमको समितिको वैठकको कार्यविधि तोकिएबमोजिम हुनेछ।

(६) उपदफा (२) बमोजिमको समितिको दैनिक कार्य सञ्चालनको लागि मन्त्रालयले मन्त्रालय मातहतका कर्मचारी खटाउनेछ।

(७) उपदफा (२) बमोजिमको समितिको कार्य सञ्चालनको लागि एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्ः

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट चन्दा वा सहायता स्वरुप प्राप्त रकम,

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा व्यक्तिबाट ऋण वा अनुदान स्वरूप प्राप्त रकम,

(घ) समितिले उपलब्ध गराएको सेवा वापत प्राप्त रकम, वा

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(८) उपदफा (७) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु पूर्व समितिले प्रदेश सरकारमार्फत नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ।

(९) उपदफा (७) बमोजिमको कोषमा रहने रकम प्रदेशभित्रको कुनै बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ।

(१०) समितिको नामबाट गरिने सबै खर्च उपदफा (७) बमोजिमको कोषबाट व्यहोरिने छ।

(११) उपदफा (७) बमोजिमको कोषको रकम कर्मचारी नियुक्त गरी खर्च गर्न पाइने छैन।

(१२) उपदफा (७) बमोजिमको कोषको खाता सञ्चालन कार्यकारी निर्देशक र समितिको लेखासम्बन्धी काम गर्ने कर्मचारीको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिनेछ।

(१३) उपदफा (२) बमोजिमको समितिको वैठक भत्ता तथा सुविधा कर्णाली प्रदेश सरकारको प्रचलित खर्च मापदण्ड निर्देशिकाले तोकेबमोजिमको मापदण्डका आधारमा हुनेछ साथै कार्यकारी निर्देशकबाहेक अन्य सदस्यको मासिक पारिश्रमिक हुने छैन।

४१. **समितिको लेखामान तथा लेखापरीक्षणः** दफा ४० को उपदफा (२) बमोजिमको समितिको कोषको लेखामान तथा लेखापरीक्षण देहायबमोजिम गरिनेछः

(क) आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको ढाँचाबमोजिम राखिनेछ,

(ख) समितिको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ,

(ग) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ,

(घ) प्रदेश सरकारले समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत निरीक्षण गर्न, गराउन सक्नेछ।

४२. **कार्यकारी निर्देशकको योग्यताः** (१) कार्यकारी निर्देशक नियुक्त हुनको लागि देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछः-

(क) पर्यटन वा वाणिज्य वा व्यवस्थापनसम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर गरेको,

(ख) पर्यटन प्रवर्धनसम्बन्धी कम्तीमा ५ वर्ष कार्यअनुभव भएको,

(ग) कम्तीमा ३० वर्ष उमेर पुगेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) बैंकिङ कसूरमा कालो सूचीमा नपरेको।

तर, उपदफा (१) को खण्ड (क) मा उल्लेखित योग्यतामध्ये पर्यटनसम्बन्धी विषयमा स्नातकोत्तर गरेको उम्मेदवारलाई विशेष प्राथमिकता दिइनेछ।

(२) कार्यकारी निर्देशकको सेवा अवधि ४ वर्षको हुनेछ।

४३. **<u>कार्यकारी निर्देशक पदमुक्त हुने अवस्थाः</u>** (१) कार्यकारी निर्देशक देहायको अवस्थामा पदमुक्त हुनेछः-

(क) फौजदारी अभियोग लागि सजाय पाएमा,

(ख) मन्त्रालयसमक्ष राजीनामा दिएमा,

(ग) गैर नेपाली नागरिक प्रमाणित भएमा,

(घ) बैंक वा वित्तीय संस्थाबाट ऋण नतिरी कालो सूचीमा परेमा,

(ङ) मृत्यु भएमा,

(च) कार्यसम्पादन र कार्यक्षमता कमजोर देखिएमा।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम कार्यकारी निर्देशकलाई पद मुक्त गर्नुपर्ने भएमा मन्त्रालयले निजलाई मनासिब सफाई पेश गर्ने अवसर दिई स्पष्टीकरण माग गर्ने र निजको स्पष्टीकरण मनासिब नदेखिएमा पदमुक्त गर्नुपर्नेछ।

(३) कार्यकारी निर्देशकको सुविधा उपसचिव वा दशौं तहको अधिकृतको सुरु तलब स्केल बराबर हुनेछ।

(४) कार्यकारी निर्देशकको छनौटको विधि र प्रक्रिया तोकिएबमोजिम हुनेछ।

४४. **<u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u>**

(क) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने,

(ख) समितिको प्रशासकीय तथा लेखासम्बन्धी र अन्य काम कारवाहीलाई व्यवस्थित गर्ने, गराउने,

(ग) समितिको कोषको आय-व्यय पारदर्शी र मितव्ययी रूपमा खर्च गर्ने तथा दफा ४१ बमोजिम लेखामान राख्ने,

(घ) यस ऐनबमोजिम बनेको नियम र नियमबमोजिम बनेको कार्यविधि वा निर्देशिकाबमोजिम तोकिएका अन्य काम गर्ने।

४५. **<u>पर्यटन प्रवर्धन समितिको काम, कर्तव्य र अधिकारः</u>** पर्यटन प्रवर्धन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) पर्यटन विकासको लागि प्राकृतिक, सामाजिक, सांस्कृतिक र वातावरणीय पक्ष तथा जैविक विविधताको संरक्षण र संवर्धन गर्न अवलम्वन गर्नुपर्ने आधार, योजना, उपलब्धी, कार्यान्वयन हुने समयावधि, स्रोत, लागत अनुमान सहितको प्रस्ताव तयार गरी नीति निर्धारणमा सहयोग गर्ने,

(ख) सम्भाव्य पर्यटकीय स्थलको पहिचान गरी पर्यटन विकासको लागि विभिन्न योजना तयार गरी पर्यटन प्रवर्धन पूर्वाधार कार्यक्रम कार्यान्वयन गर्ने,

(ग) पर्यटकीय सेवालाई सर्वसुलभ तथा गुणस्तरीय बनाउने सम्वन्धमा आवश्यक योजना बनाई कार्यान्वयन गर्ने,

(घ) पर्यटन व्यवसायको दिगो विकास र विस्तार गर्न कर्णाली प्रदेशलाई एक पर्यटकीय गन्तव्यको रूपमा पहिचान गराउनेसम्बन्धी आवश्यक कार्य गर्ने,

(ङ) साहसिक पर्यटन, आध्यात्मिक केन्द्र तथा स्वास्थ्य, वन्यजन्तु, कृषि, खेलकूद, पर्वतारोहण, मनोरञ्जनात्मक तथा सांस्कृतिक पर्यटन जस्ता पर्यटकीय गतिविधिहरूको योजना बनाई कार्यान्वयन गर्ने,

(च) पर्यटनसम्बन्धी रोजगारमूलक तालिम तथा सीप विकास कार्यक्रम सञ्चालन गरी युवा, महिला, आदिवासी, जनजाति, दलित, पिछडिएको सीमान्तकृत तथा बेरोजगार जनशक्तिलाई रोजगार सिर्जना तथा जीवनस्तर उत्थान गर्ने कार्यक्रम सञ्चालन गर्ने,

(छ) पर्यटनसम्बन्धी क्रियाकलाप सञ्चालन गर्दा कर्णाली प्रदेशको सांस्कृतिक, वातावरणीय सौन्दर्य तथा जैविक विविधतामा पर्न सक्ने असरलाई न्यूनीकरण गर्न आवश्यक उपायसहित प्रदेशभित्रका ताल, पोखरी, नदी, खोलाको संरक्षण तथा प्रदूषण हुन नदिन आवश्यक योजना तयार गरी कार्यान्वयन गर्ने वा गराउने,

(ज) सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको विवरण सङ्कलन गरी कला र संस्कृतिको संरक्षण, संवर्धन गर्ने सम्बन्धित योजनासहितको कार्यक्रम सञ्चालन गर्ने,

(झ) कर्णाली प्रदेशमा मुलुकका अन्य प्रदेशका नागरिकहरूको भ्रमणलाई समेत प्रोत्साहन गर्ने गरी

आन्तरिक पर्यटन वृद्धि गर्न आवश्यक गुरुयोजना तयार गरी सोहीबमोजिमका कार्यक्रम सञ्चालन गर्ने,

(ञ) कर्णाली प्रदेशमा सम्भाव्य पदयात्रास्थल पहिचान गरी स्वदेशी तथा विदेशी पर्यटकलाई पदयात्राका साथै नदीमा जलयात्रा (र्‍याफ्टिङ्ग) को सम्भाव्यताको आधारमा पूर्वाधार विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(ट) पर्यटन विकासको लागि प्रदेश सरकार र नेपाल सरकारको अनुमति लिई सरकारी तथा गैर सरकारी संस्थाहरू बीच आवश्यक समन्वय गर्ने वा गराउने,

(ठ) प्रदेश सरकारबाट निर्णय भएबमोजिम पर्यटन प्रवर्धन गर्ने सम्बन्धित तोकिएका आवश्यक काम गर्ने वा गराउने।

४६. **निर्देशन दिने अधिकार**ः (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सी वा होटल, लज, रेस्टुराँ तथा रिजर्ट वा बार वा यस ऐनबमोजिम दर्ता भएको कुनै पर्यटन व्यवसाय गर्ने व्यक्ति वा अन्य समितिसमेतलाई प्रदेश सरकारले आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

४७. **सजाय र उजुरी**ः (१) देहायको कुनै काम गर्ने व्यक्तिलाई मन्त्रालय वा तोकिएको अधिकारीले पच्चीस हजारदेखि एक लाख पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(क) यस ऐनबमोजिम पेश गर्नुपर्ने प्रतिवेदन तोकिएबमोजिम पेश नगरेमा वा कार्यालय वा अभिलेख निरीक्षण गर्न वा जाँच्न वा अनुगमन गर्न

खटिएको कर्मचारीलाई निरीक्षण गर्न वा जाँच्न वा अनुगमन गर्न बाधा विरोध गरेमा,

(ख) यस ऐनबमोजिम निषेध गरिएको कुनै काम गरेमा,

(ग) यस ऐनबमोजिम दिनुपर्ने सूचना वा जानकारी वा विवरण पेश नगरेमा,

(घ) यस ऐनबमोजिमको निर्देशनको पालना नगरेमा।

(२) उपदफा (१) बमोजिम मन्त्रालय वा तोकिएको अधिकारीले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले सङ्घीय ऐनबमोजिम पुनरावेदन गर्न सक्नेछ।

४८. **<u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>**ः (१) यस ऐनबमोजिम प्रदेश सरकारलाई प्राप्त अधिकारमध्ये केही अधिकार मन्त्रालयलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐनबमोजिम मन्त्रालयलाई प्राप्त अधिकारमध्ये केही अधिकार कुनै सरकारी निकाय, स्थानीय तह वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४९. **<u>नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्ने</u>**ः यो ऐनको उद्देश्य पूर्ती गर्न प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

५०. **<u>बचाउ</u>**ः (१) प्रचलित कानूनबमोजिम पर्यटन उद्योग व्यवसाय सञ्चालन गर्ने गरी नेपाल सरकारले इजाजत दिएका संस्थाहरूले यो ऐन लागू भैसकेपछि प्रदेश क्षेत्रभित्र समेत काम गर्ने गरी अनुमतिको कारवाही प्रारम्भ गरिसकेको अवस्थामा यो ऐन जारी हुनुभन्दा पूर्व गरेका कामहरूलाई निरन्तरता दिन सक्नेछन्।

(२) यो ऐन जारी हुनुपूर्व प्रचलित कानूनअन्तर्गत ट्राभल एजेन्सी तथा पथप्रदर्शकले पाएको इजाजतपत्रलाई प्रदेशभित्र समेत काम गर्न

पाउने गरी अनुमति लिएमा सो अनुमतिपत्र यसै ऐनबमोजिम पाएको मानिनेछ।

(३) यो ऐन जारी हुनुपूर्व प्रचलित कानूनअन्तर्गत पर्यटक स्तरको होटल भनी दर्ता भएको होटल यसै ऐनअन्तर्गत दर्ता भएको मानिनेछ।

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत
फोन नं. : ०८३-५२५७५०, ५२३०४५
Email : moialkarnali@gmail.com
Website : http://moial.karnali.gov.np